# अग्निपरीक्षा

(अर्थात् आगोद्वारा शुद्धबनाउनेको भट्टामा विश्वासीहरूको कठोर परीक्षा)


लेखक

ग्याभिन आन्थोनी

**अनुवादकः भजुराम श्रेष्ठ**



<u>यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालयः</u>

१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: क्लिफोर्ड गोल्डस्टाईन
goldsteinc@gc.adventist.org

उप-सम्पादक: लिन्डेल ब्रावर चिओमेन्टी
सह-सम्पादकः लारी एस. ग्रे
प्रकाशक अधिकृत: सोराया होमियानी पारिश
चित्र लेखन र योजनाकार: लार्स जस्टिनिन् र देभर दिजाईन
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**

पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुबादको लागि आधिकारिक अनुमती प्रदान
रन वाट्स, अध्यक्ष, दक्षिण एशिया डीभिजन

<u>स्थानीय प्रकाशक</u>
नेपाल फिल्ड अभ सेभेन्थ-डे एडभेन्टिस्ट



प्रतिलिपि अधिकार (**Copyright**) जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च,
सावथ स्कुल विभाग



प्रथम संस्करण:: २०६३ (ई.सं. २००७)


(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नु होला)

अनुवादकको अनुरोधः पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुतीहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

विषय सूची पृष्ठ


१. गोठालोको हातमा अग्निपरीक्षा गर्ने लठ्ठी
२. आउनेवाला अग्निपरीक्षा
३. चराको पिँजडा
४. सुनारको अनुहार हेर्दा
५. अधिकतम तापक्रमको अग्निज्वाला
६. सारा सामर्थ्य र बललाई जुटाएर संघर्षमा लागि रहनु
७. अबिनाशी तर आशा
८. उद्देश्यलाई दृष्टिगत गरी अगाडी बढ्नु
९. प्रसंशा र भक्तिको जीवन
१०. अग्निपरीक्षामा सहनशिल र नम्र हुनु
११. अग्निपरीक्षामा धैर्यता
१२. वीउ जस्तै मर्नु
१३. अग्निज्वालामा येशू

-----------------------------------------------------------------------------------------------

# अस्थाई पाना

सुझावः त्रैमासिक अध्ययन अक्टोबर २९-डिसेम्वर २८, २००७ ई.सं अर्थात् असौज १२-पौष १३, २०६४ पछि यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तिथी तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शाबथमा सिकाउनु होला।)

१. गोठालोको हातमा धातु पगाल्ने भट्टा----असौज १२-१८, सेप्टेम्बर २९-अक्टोबर ५
२. आउने अग्निपरीक्षाहरू------------------- असौज १९-२४, अक्टोबर६-१२
३. चराको पिँजडा------------------------------असौज २६-कार्तिक २, अक्टोबर १३-१९
४ सुनारको अनुहारमा दृष्टिगत -------------कार्तिक ३-९, अक्टोबर २०-२६
५. अतिशय तापमा------------------------कार्तिक १०-१६, अक्टोबर २७-नभेम्बर २
६. भएभरको सामर्थ्यसँग कसरत----कार्तिक १७-२३, नभेम्बर ३-९
७. अबिनाशी तर निरन्तर कुदाइ----कार्तिक २४-३०, नभेम्बर १०-१६
८. अदृष्यको दर्शन्--------------------मङ्सिर १-७, नभेम्बर १७-२३
९. प्रसंशाको जीवन---------------- मङ्सिर ८-१४, नभेम्बर २४-३०
१०.अग्निपरीक्षामा सहनशिल हुनु---- मङ्सिर १५-२१, डिसेम्बर १-७
११.आगोको भट्टामा प्रतिक्षा गरेर बस्नु-- मङ्सिर २२-२८, डिसेम्बर ८-१४
१२.वीउ जस्तै मर्नु------------------------ मङ्सिर २९-पौष ६, डिसेम्बर १५-२१
१३.प्रभु येशूको अग्निपरीक्षा -----------पौष ७-१३, डिसेम्बर २२-२९

# प्रस्तावना

## क्रुसमा टाँगिनुभएको सृष्टिकर्ता

"सबै थोक उहाँले बनाउनु भयो। बनिएको कुनै थोक पनि उहाँ विना बनिएन" युहन्ना १:३

"सबै थोक" बनाउने उहाँ येशू नै हुनुहुन्थ्यो, यद्यपि धर्मशास्त्र बाइबलमा उहाँ "रूनु भयो" भनेर उल्लेख गरिएको छ (युहन्ना ११:३५)। सनातनका परमेश्वर तथा सृष्टिकर्ता रूनु भयो रे? यतिमात्र कहाँ हो र? अझ येशूलाई मानिसहरूले घृणा गरे, हेपे र बहिष्कार गरे। सबै दुःख कष्टहरूमा परिचित हुनुभएको र वेदनाको मानिस उहाँ हुनुहुन्थ्यो (यशैया ५३:३)। सृष्टिकर्ता परमेश्वर, वेदनाले लादिनुभएको, सबैबाट घृणित् र वहिष्कार गरिनुभएको, यो कसरी हुन सक्दछ? एक फेरा उहाँले यो चित्कार गर्नुभयो, "मेरो परमेश्वर, मेरो परमेश्वर, तपाईंले मलाई किन त्याग्नु भयो?" मत्ती २७:४६।

यी सबै कुरा कसरी हुन सक्दछन्? यो भयो किनभने हाम्रा सृष्टिकर्ता येशू हाम्रो उद्धारकर्ता पनि हुनुहुन्थ्यो। उहाँ यस्तो परमेश्वर हुनु भयो जो रोमी राज्यले दिने निर्मम् सजायँ क्रुसमा टाँगिन रोज्नुभयो-उहाँ सृष्टिकर्ता परमेश्वर भएतापनि मानव शरीर धारण गर्नुभयो, व्यक्ति जीवनमा होस् वा सार्वजनिकरूपमा होस्, उहाँले मानवीय दुःख कष्ट भोग्नु भयो। (उहाँ प्रथम मानव हुनु भएर कुनै सिद्ध काम गर्नु भएर भगवान, महात्मा, जगतगुरू, स्वामी आदिका पगरी लगाउनु भएको होइन, तर सनातनका परमेश्वर नै मानव चोला धारण गर्नुभएको थियो। तसर्थ उहाँ कुनै तिर्थस्थलमा चहारेर, विभिन्न धर्म शास्त्रहरूको अध्ययन गरेर, विभिन्न धर्म गुरूहरू वा भगवान भनाउँदाहरू पछि लागेर वा उनीहरूका चेला बनेर परमेश्वर कहलाइएको होइन वा उहाँले उक्त स्थान ओगट्न पुग्नु भएको होइन)

यसरी हाम्रो सृष्टिकर्ता जसमा हामी रहन्छौं, चल्दछौं र हाम्रो समस्त जीवन उहाँमा पाउँछौं (प्रेरित १७:२८), उहाँले मानव चोला धारण गर्न भएर यस्तो किसिमको महासंकष्ट भोग्नु भयो जुन हामी मध्ये कसैले पनि भोग्न सक्दैन। हो हामी दुःख पाउँछौं, सन्ताप भोग्छौं आफ्नै कारणले तर क्रुसमा उहाँले हाम्रो शोक सुर्ता, विपत र वेदना बोक्नु भयो (यशैया ५३:४)-मानव जीवनले पाउनु पर्ने सम्पुर्ण कष्ट उहाँले क्रुसमा उठाएर लग्नु भयो। सम्पुर्ण जगतको इतिहासमा यो अति महाश्चर्य र अद्भुत कार्य हो।

उपरोक्त पृष्ठभूमिमा (जो मरुभूमिको आकाश जस्तै हामीलाई ढाकी रहनु भएको क्रुसमा टाँगिनु भएको परमेश्वर) हाम्रो समझ भन्दा बाहिरका यस्ता कुराहरू यस अध्ययनमा बुझ्न कोशिष गर्नेछौं, ती हुन् हाम्रो दुःख कष्ट, येशूका विश्वासीहरूको अग्निपरीक्षा र आफ्ना जीवन येशूमा अर्पण गर्दा आइपर्ने सतावट र कष्टहरू। हामीसँग सबै वा धेरै उत्तरहरू छन् भनेर दावी त गर्दैनौं तर परमेश्वर प्रेमिलो हुनुहुन्छ (१ युहन्ना ४:८) भनेर दावी गरिरहेका छौं र यी सबै कष्टको बाबजुद पनि परमेश्वरमाथि हामी भरोसा राख्न सक्दछौं। जतिसुकै कष्ट वा अग्निपरीक्षा भोग्नु परेतापनि तीबाट हामी अनुग्रह र शिष्टमा बढ्ने अवसर प्राप्त गर्दछौं।

यस अध्ययनमा परमेश्वरको वचनलाई गौण गरेर पढ्न खोज्ने छौं र कसरी अरू भौतिक जीवन धारण गरेका तर विश्वासमा चम्किएकाहरूले हताश निराश, विश्वासघात, खिन्नता, क्षति, अन्याय र दुरव्यबहारको सामना गर्नु परेको थियो (शायद तपाईं पनि कुनै न कुनैरूपमा यस अवस्थामा गुजारिरहनु भएको होला)। ती विश्वासका बीरहरूले अग्निपरीक्षाको कसरी सामना गरे? तिनीहरूले के सिके? तिनीहरूबाट के अतुलनीय उदाहरणहरू हामी सिक्न सक्दछौ?

जव ती विश्वासी बीरहरूका जीवन कहानी हेर्नेछौं, तिनीहरूमा उनीहरूका अनुभवहरू, उनीहरूका संघर्षहरू, विश्वासको कारण अग्निपरीक्षाहरू (यसमा कति हामी पनि सहभागी नभएको होइन होला) आदिलाई छोएर मात्र हेर्नेछौं। तर तिनीहरूका जीवनका कष्टहरू क्रुसको पृष्ठभूमिको विपरितमा हेर्नुपर्दछ। कुनै पनि मानिस जुनसुकै महाकष्टको भुमरीमा परेतापनि हाम्रो सृष्टिकर्ता र उद्धारकर्ता येशूले सवभन्दा बढि र अत्यासलाग्दो जीवन जस्तो अरूले खपेको थिएन न त खप्ने नै छ।

हाम्रो परमेश्वर भुक्तभोगी हुनुहुन्छ। मुस्किलले इसाई भन्न चाहने प्रसिद्ध उपन्यासकार अलबर्ट केमुसले क्रुसको कार्यन्वनता र कष्ट भोग्नु भएको परमेश्वरको बारेमा यसरी व्यक्त गर्दछन्: “मानव इतिहासमा गोलगथाको रात अत्यन्त महत्वपुर्ण मानिन्छ किनभने त्यो यस्तो छाँयाको रूपमा प्रस्तुत गरिएको थियो जहाँ परम्परागत अधिकारलाई परमेश्वरले एकातिर पन्छाउनु भएर, नैराश्यता समेत सहेर अन्तिम घडिसम्म यातनामय मृत्युको कचौरा पिउनु भयो। "अल्बर्ट कामुस, *द रिबेल,* (न्यु योर्क, भिन्टाज इन्टरनाशनल, १९९१), पृ. ३३ अर्थात् एलेन जि ह्वाईटले क्रुसको बारेमा यसरी आफ्नो उद्‌गार व्यक्त गर्दछिन्: “हामी कष्टप्रति कतिको असंवेदनशील हुने गरेकाछौ भनेर क्रुसले उजागर गरिदिएको छ। सुरूदेखी नै पापको जन्मले गर्दा परमेश्वरको हृदयमा कस्तो वेदना ल्यायो भनेर देखाउने क्रुस नै हो।" एडुकेशन, पृ. २६३।

हाम्रो यो अध्ययन थियोदेसीलाई प्रमाणित गर्न खोजेको छैन। थियोदेसीको अर्थ पापको सम्मुखमा परमेश्वरले आफ्नो न्याय कसरी देखाउनु हुन्छ भन्ने धार्मिक तर्क हो। तर अगाडी भनेकै थियौं यी अध्ययन यस संसारमा हुने जानाजान र अन्जान दुःख कष्टलाई सामना गर्न सहयोग पुराउने आधार हुन्। हामीलाई थाहा छ यस संसारमा पाप गर्न सास फेर्न जस्तै सजिलो छ। दुःख कष्ट, पिर मर्का, वेदना, खति वा नोक्सान भयो भन्दैमा परमेश्वरले हामीलाई त्याग्नु भएको छैन भनेर यस अध्ययनमा देखाउन खोज्नेछौं। उपरोक्त अनुभवहरू विश्वासीहरूमा पनि हुने भएकोले ती पतित् संसारका साझा समस्या हुन् भनेर थाहा पाउनु पर्दछ।

विश्वास नगर्ने र हामीमा केवल यो फरक छ, येशूद्वारा लक्ष्यरहित र अनर्थ वा सार्थकहिन् जीवनमा अर्थ र लक्ष्य प्राप्त गर्न सक्दछौं भनेर हामीलाई आशा प्रदान गरीएको छ। कतिपय अकल्पनिय कुराहरू हामीमा आइपरेतापनि परमेश्वरले दिनुभएको यो वाचालाई आत्मसात् गर्नुपर्दछः “परमेश्वरलाई प्रेम गर्नेहरूलाई सबै थोक भलाईकै लागि हुँदछ।" रोमी ८:२८।सर्व सृष्तिकर्ता परमेश्वरले पनि सर्वदुःख भोग्नु भएकोले उहाँलाई हामीले प्रेम गर्दछौं।

यस अध्ययनका मूल लेखक ग्याभिन आन्थोनी हुन्। उहाँ श्री लंकामा मिशिनरीका परिवारमा हुर्कनु भएको थियो। उहाँ विलायतमा पादरी काम गर्नुभएको थियो र यस अध्ययन रचेको समयमा आइसलाण्ड महादेशको कन्फरेन्समा अध्यक्ष हुनु भएको थियो।

अध्याय १

# गोठालोको हातमा अग्निपरीक्षा गर्ने लठ्ठी

यस अध्ययनको लागि पढ्नुहोस्: भजनसंग्रह २३, रोमी १२:१८-२१

**स्मरण गर्नु पर्ने पद: "उहाँले मेरो प्राणलाई पुनर्जिवीत पार्नुहुन्छ; उहाँको नाउँको खातिर मलाई धार्मिकताको बाटोमा डोऱ्याउनुहुन्छ।" भजन २३:९**

आफ्नो कोठाको ढोकामा अढेस लागिरहेको बेलामा सोफी चिप्लेर लडिन्। बरबर आँसु खसाल्दै उनी रूँदै थिइन्, "कसरी उनले यस्तो गर्न सकिन्? कसरी! सोफीले भर्खर एक पत्र पाइन् जसले उनको हृदय छिया छिया भएको थियो। एक जना साथी भनी ठानेको व्यक्ति जसलाई आदर र भरोसा गर्दथिइन्, उसले उनको बिरूद्धमा उनको वेईज्जत गर्न नराम्रो हल्ला फैलाउँदै थियो जसले गर्दा उनको काममा नकारात्मक असर पार्न सक्थ्यो। केही क्षण पछि उनी बाइबललाई लिएर आफ्नो ओछ्यानमा पल्टिन् र त्यसलाई पल्टाउन थालिन्। अचानक उनको आँखा आफुले जानेका पदहरूमा पर्न थाल्यो: "उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ; उहाँको नाउँको खातिर मलाई धर्मको बाटाहरूमा डोहऱ्याउनु हुन्छ।हो, मृत्युको छाँयामा हिँड्नु परेतापनि अधर्मदेखी दराउनेछैन, किनभने तपाईं मेरो साथमा हुनुहुन्छ; तपाईंको लौरो र लट्टीले मलाई सान्त्वना दिँदछन्। " भजन २३:३।

"यो कसरी हुन सक्दछ र !" भनेर वाल्ल परिन्। तर यस पदको तर्कबाट भाग्न सकिनन्। भजनका गोठालाले आफ्ना भेंडाहरूलाई धर्मको मार्गमा दोहऱ्याउँदै थिए, तर ती यस्ता मार्गहरू थिए जुन मृत्युको छहारीको खाल्डोमा घुमाउँदै लैजान्थ्यो। साथीको वेदनापूर्ण धोका जुन अन्धकारको खाल्डो भइरहेको छ, के यो परमेश्वरले उनलाई धार्मिकतामा तालिम दिन खोजी रहनुभएको छ?

हामी आत्मिकरूपमा अघि बढ्न चाहन्छौ भने कुन समय हामीलाई चाहिन्छ? सजिलो समय वा गाह्रो समय?

## १. शुभ यात्राको लागि पथ प्रदर्शक: गोठालो

"परमप्रभु परमेश्वर मेरो गोठालो हुनुहुन्छ; अर्थात् मलाई केही कुराको अभाव हुँदैन (अर्थात् मलाई केही चाहनाको आवश्यक हुँदैन )" भजन २३:१

एउटा कक्षामा केही बालबालिकाहरूलाई परमेश्वरको चित्र कोर भनेर शिक्षकले अऱ्हाएको थियो। सबैले आफ्नो आफ्नो ज्ञान अनुसार परमेश्वरको चित्र बनाए र हरेकले त्यस चित्रमा कुनै न कुनै ठाँउमा मुटु पनि कोरे। जब तिनीहरूलाई परमेश्वरको चित्रमा किन मुटु पनि कोरे भनेर सोद्धा सबैले एक साथ जवाफ दिए, "किनभने परमेश्वर प्रेम हुनुहुन्छ।" परमेश्वरको बखान यसरी सजिलोसँग दिन सकिन्छ।

सबै थोक राम्ररी गइरहेको अवस्थामा परमेश्वरको बारेमा राम्रो धारणा र उहाँको इच्छालाई सकारात्मक परिप्रेक्ष्यमा हेर्नु सरल नै हुन्छ। जब हामी बृद्ध अवस्थामा गुज्रिरहेका हुन्छौं र जीवन जटिल र कठिन हुन्छ परमेश्वरप्रतिको धारणा पनि बदलिरहेको हुन्छन्। परमेश्वरको बारेमा हामीले हेर्ने दृष्टिकोण बदलिन्छन् तर परमेश्वर बदलिनुहुन्न (हिब्रु १३:८, याकुब १:१७)।

पुरानो नियमका बासिन्दाहरूको जीवन पद्धति प्राय: जसो गोठालो जीवन भएको हुनाले भजन २३ मा वर्णन गरिएको परमेश्वरको चित्रणलाई उपयुक्त मानिएको छ। यसमा परमेश्वरले हामीलाई कसरी हेरचाह गर्नुहुन्छ

भनेर बताइएको छ। दुवै पुरानो र नयाँ नियममा परमेश्वरलाई गोठालोको संज्ञाले पुकारेको पाउँछौं। परमेश्वरका यी चित्रण स्मरणीय छन् र यी अपरिवर्तनीय पनि छन्। भजन २३ लाई गौण गरेर हेर्नुभन्दा पहिले विभिन्न बाइबलका लेखकहरूले बाइबलको परिवेशमा गोठालाको काम र चरित्रलाई कसरी बुझिएको छ सो हेरौ।

देहायका पदहरूले गोठालोको चित्रण कसरी गरेका छन्?

यशैया ४०:११, यर्मिया २३:३,४, एजिकियल ३४:१२, युहन्ना १०:१४-१६, १ पत्रुस २:२५।

अव भजन २३ पल्टाउनुहोस्। आफ्ना भेंडाहरूलाई स्याहार गर्न गोठालाहररूले के गर्दछन्?

हेर्नुहोस्ः पद २, ३, ४, ५, ६

तपाईंलाई माया र हेरचाह गर्ने यस्तो गोठालो तपाईंको साथमा हुनुहुन्छ भनेर ज्ञान भएपछि तपाईंलाई कस्तो लाग्छ? कति मानिसहरूमा संघर्षमय र कठिन जीवन गुजारी रहेकोले परमेश्वरप्रतिको धारणा अस्पष्ट र धमिलो हुन सक्दछ, तर यस भजनले देखाएको परमेश्वरको चित्रलाई प्रयोग गरेर त्यस्तो मानिसलाई कसरी आश्वासन् र हौसला दिनुहुन्छ?

## २. यात्रामा निर्दिष्ठ स्थानहरू

"उहाँको नाउँको खातिर मलाई सत्य बाटोमा डोऱ्याउनु हुन्छ।" भजन २३ः३।

तपाईंको अगाडि सत मार्गहरू टाडासम्म फैलिएका, के तपाईं कल्पना गर्नुहुन्छ? त्यसको अन्त तपाईं देख्नुहुन्न तर तपाईं हिंडि रहनुभएको मार्गको अन्तमा घर हुन्छ भनेर थाहा छ र त्यो घर हो परमेश्वरको निवास स्थान्। अली नजिकमा एकाग्र चित्तले हेर्नुहोस्, तपाईं हिंडिरहेको बाटोले तपाईंलाई कहाँ लग्दैछ तपाईंलाई थाहा छ? कुनै ठाउँहरू छर्लङ्ग देख्नुहुन्छ भने कुनै स्थानहरूमा ठुला र खतरापुर्ण अवरोधहरू खडा भएको देख्नु होला। कुनै बाटोहरू आफुले देख्न सकेका क्षेत्रको अन्तमा विलाएको हुन्छ। कुनै बाटोहरू हिंड्न सजिलो होला भने अर्को बाटोहरू पार गर्न कठिन होला। हाम्रो जीवनको यात्रा इस्रायलीहरू मिश्रबाट प्रतिज्ञा गरिएको कनान देशमा यात्रा गरेको जस्तै हो र यस भजनमा त्यहि रूपता हामीलाई देखाएको छ।

भजन २३ मा दाऊदले भैंडा कुन कुन स्थानहरूमा हिंड्छन भनेर देखाएको छ र त्यहि रूपमा परमेश्वरको निर्दिष्ठ वासस्थानमा पुग्न धर्मका मार्गहरूमा हिंड्दा कस्तो स्थानहरूबाट पार भएर जानु पर्दछ?

तर यस्तो कठिन वा अन्धकारपुर्ण मार्गहरूलाई धार्मिकताका मार्गहरू वा सत्य मार्गहरू भनेर वर्णन गरिन्छ? यसको लागि चार कारणहरू छन्। प्रथमतः ती मार्गहरू सत मार्ग हुन् किनभने यसले ठीक निर्दिष्ठ लक्ष्यमा पुऱ्याउँछन्- त्यो हो परमेश्वर गोठालोको घर। दोश्रो ती सत मार्गहरू हुन् किनभने यिनीहरूले सत व्यक्तिसँग हामीलाई तालमेल गराएर राख्दछन्- त्यो गोठालो उहाँ आफै हुनुहुन्छ। तेश्रो, ती मार्गहरू अशल छन् किनभने तिनीहरूले हामीलाई भलाद्मी र सत्य जन बनाउन तालिम दिंदछन् – जसरी गोठालो प्रभु हुनुहुन्छ। चौथो, ती मार्गहरू सत्य छन् किनभने यिनीहरूले हामीलाई सत्यको लागि गवाही दिन सक्ने बनाउँछन्- जव हामी ठीक जन हुन्छौं तव हामी परमेश्वरको महिमा गर्दछौं। ती मार्गहरू सत्य छन्, ठीक छन् वा धार्मिक छन्, चाहे सजिलो होस् वा कठिन होस्।

जब परमेश्वरले हामीलाई डोऱ्याउनु हुन्छ उहाँले निर्दष्ठ स्थानमा पुग्न पुलिन्दा प्रदान गराइदिनु हुने भन्ने प्रश्नमात्र होइन भनेर आत्म ज्ञानमा आउन अति आवश्यक छ। उहाँको अगुवाई भनेको हामीलाई सदासर्वदा

यस संसारमा सुरक्षित राख्ने र हामीलाई नियन्त्रण गरेर यता लाग उता लाग भनिरहने भन्दा अरू धेरै कुराहरू छन्। सम्पूर्ण बाइबलको परिवेशमा हामीले यस्ता धेरै उदाहरणहरू जब परमेश्वरले आफ्ना मानिसहरूलाई अगुवाई गर्नुहुन्छ (चाहे अब्रहामलाई उहाँको प्रतिज्ञाद्वारा डोऱ्याइको होस् वा इस्रायलीहरूलाई आगोको मुस्लो वा बादलमा अगुवाई गरिएको होस्), जव परमेश्वरले डोऱ्याउनु हुन्छ तव उहाँले आफ्ना जनहरूलाई धार्मिक्तामा तालिम दिइरहेको हुन्छ।

तपाईंलाई धर्मात्मा बनाउने परमप्रभु गोठालोको प्राथमिकता हुन्छ भनेर तपाईं कतिको सचेत हुनुहुन्छ? तपाईंको क्लेशकर जीवनद्वारा तपाईंलाई परिवर्तन भइ कसरी येशूको चरित्रलाई प्रतिविम्बत गर्न सक्नुहुन्छ?

## ३ अप्रत्याशित घुमाउरो बाटो -कः घाटी

"अँ, मृत्युको अन्धकारमय घाटीमा भएर जानु परे तापनि कुनै खतरादेखी डराउनेछैन, किनकि तपाईं मेरो साथमा हुनुहुन्छ। तपाईंको लठ्ठी र तपाईंको लहुरोले मलाई सान्त्वना दिन्छन्।" भजन २३:४।

आहा, धर्मात्माको बाटोहरू शितल खोलाको हरियो घाँसै घाँसले विछ्याइएको भए कति उत्तम हुने थियो ! तर दाऊदले परमेश्वरमा आस्था राखेर हिँड्नेहरूको बाटो त्यस्तो हुन्छ भनेर चित्रण गरेको छैनन्। ती जीवनका खाल्डोहरूमा मृत्युका छाँयाहरू पनि ढुकिरहेका हुन्छन् रे ! यस्तो जोखिमपूर्ण बाटोमा को हिंड्न चाहन्छ र? इस्रायलमा वर्षायाममा खोला नालाहरूमा अकस्मात् बाढी आएर दायाँ बायाँका तिरहरू बगाएर लान्छन्। यो अकस्मात् आउने बाढी खतरापूर्ण हुन्थ्यो। फेरि ती खोलाहरू जुन चट्टानहरूको साँघुरो र अध्याँरोस्थान भएर आएकाले मानिसहरूलाई हतपत बाढी कहाँबाट आउँन्छन् भन्ने थाहा हुँदैन। यसकारण दाऊदले वर्णन गरेका मृत्युको छाँया भनेको गहिरो र अन्धकारमय पहाडका खाल्डाहरू हुन् जहाँ खोलाहरू वगेको हुन्छन्।

तपाईं पनि कति पटक यस्तो मृत्युको छाँयामा पर्नु भयो होला, विचार गर्नुहोस्। यो समय कस्तो थियो? तपाईंको साथमा गोठालो हुनुहुन्छ भनेर थाहा पाए पनि के तपाँई डराउनु भएको थियो? यस्तो जोखिम अवस्था गुज्रिरहेको समयमा बाइबलका कुन् पदहरूलाई याद गर्नु भएको छ र ती पदहरू किन महत्व भए सो विचार गर्नुहोस्।

यस्तो घाटीमा भेंडाहरू कसरी पुगे? के ती भेंडाहरू आफै गए वा गोठालाले डोऱ्याएर लगे? यसको स्पष्टिकरण आफै दिनुहोस्।

एलिजाबेथ इलिओट लेख्छिन्, "मृत्युको छाँया भएको खाल्डोमा पाठो कसैले वहकाएको भरमा गएको हुनसक्छ। फेरि ती अन्धकारपूर्ण बाटो पार गर्नु पर्ने पनि आवश्यक थियो, यसले गर्दा उसले नडराउन सिकिरहन्थ्यो। तर यस्तो जोखिम यात्रामा परमप्रभु गोठालो साथैमा नै रहनुहुन्छ।" *क्वेस्ट फर लभ*
(ग्राण्ड रापिडस्, मिशिगनः फ्लेमिङ्ग एच. रिभेल, ई.सं. १९९६) , पृ. २१८।

के तपाईंलाई कसैले फकाएर यस्तो अन्धकार र मृत्युको खाल्डोमा लगेको अनुभव गर्नु भएको छ? यस्तो समयमा परमेश्वरप्रतिको तपाईंको धारणा कस्तो भइरहेको थियो? यस्तो खाल्डोमा तपाईंलाई पर्न दिँदा परमप्रभु गोठालोलाई आफ्नै नाउँमा धक्का पुग्ने प्रवल सम्भावना हुँदाहुँदै पनि त्यो कठिन अनुभव किन पार गर्न दिनुहुन्छ?

## ४. अप्रत्याशित घुमाउरो बाटो -खः बैरीहरूको सामुन्ने भोज

"मेरा बैरीहरूको सामुन्ने तपाईंले मेरो निम्ति भोज तयार पार्नुहुन्छ। तपाईंले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ, मेरो कचौरो भरिएर पोखिन्छ।" भजन २३:५

प्रभुमाथि आस्था राखेर हिँड्यौ भन्दैमा यस धर्तीमा हामीलाई काँडा विनाको गुलाफको फुलमा टेकिरहनेछौं भनेर वचन दिएको छैन। जीवनको यात्रामा कुनै न कुनै तवरले हामीले कतिपय बैरीहरूसँग ठक्कर खाई नै रहेका हुन्छौं। यस्ता व्यक्तिहरूसँग हामीले कसरी सामना गर्ने? के तपाईं कहिलेकाहिँ रातमा छट्पटेर ती मानिसहरूसँग कसरी बदला लिने वा त्यो मानिस कसरी खस्कियोस भनेर चाहना गर्दै रात कटाउनु भएको छ किनभने तिनीहरूले तपाईंको मर्यादा, काम र परमेश्वरको इच्छा अनुसार चल्न चाहने इरादालाई चकनाचूर गर्न चाहन्छन्? यस्ता बैरीहरूलाई कसरी तह लगाउने भन्ने तर्क-वितर्कहरू विषेश गरेर येशूका उपासकहरूलाई कठिन भएर खडा भइरहेको हुन्छ भनी पाउँछौ।

तपाईंको जीवनमा कस्ता बैरीहरू छन्? तपाईंलाई नराम्रो गर्ने र तपाईंको अहित चिताउनेहरूलाई कस्तो व्यवहार गर्नुहुन्छ? तिनीहरूलाई तपाईंले माया गर्नुहुन्छ, यद्यपि तिनीहरू तपाईंप्रति डाहा, ईख र कुभलोको प्रक्षेपास्त्र हानीरहेको हुन्छ। येशूले भन्नु भएको मत्ती ५:४४ को वचन र पावलले भनेको रोमीहरूलाई १२:१८-२१ का वचनहरूलाई कसरी पालना गरिरहनु भएको छ?

दाऊदले भजन २३:५ मा बैरीहरूलाई कस्तो व्यवहार गर्नुपर्छ भनेर रोचक तरिकाले उल्लेख गरेका छन्। तिनीहरूको उपस्थितीलाई वास्ता नगरी उसको लागि परमेश्वरले के गरिरहनुभएको छ, त्यसमा ऊ ध्यान दिँदछ। यस्ता बैरीहरूको सामुन्ने पनि परमेश्वरले उसको लागि रमाइलो भोज तयार गरिरहनुहुन्छ।

दाऊदको संस्कारमा भोजको बेलामा जब कोही आदरणीय पाहुना आउँछन् तब उनको शिरमा पहिले तेलले अभिषेक गर्दछन्, अनि भित्र्याउँछन्। तेलमा जैतुनको तेल र अत्तर मिसाइएको हुन्थ्यो। अनि ती सम्मानित पाहुनालाई खानाहरूको अगाडि बसाल्थे जहाँ भरपूर खाना टिपेर खानसकिन्थ्यो।
भजन २३:५ मा उल्लेखित तीन पदार्थहरू टेबुल अर्थात् खाने स्थान्, तेल र कचौराले हामी अन्धकारको घाटीमा पनि परमेश्वरले हामीलाई हाम्रो आवश्यकता जुटाउनुहुन्छ भनेर कसरी बुझ्न सक्दछौं?

पावलले हामीलाई सम्झाउँछन्, "किनकि हामीहरूको युद्ध शरीर र रगतको विरूद्ध होइन, तर प्रधानताहरूको विरूद्ध, शक्तिहरूका विरूद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरूद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरूद्ध हो।" एफिसी ६:१२। हाम्रा शत्रुहरू देखिने पनि हुन्छन् र नदेखिने पनि हुन्छन्। चाहे हामीलाई मन परोस वा नपरोस हाम्रो वरिपरि ती हुन्छन्। यद्यपि जब हाम्रो गोठालो हाम्रो साथमा हुनुहुन्छ त्यस बेला एउटै पनि दृष्य वा अदृष्य बैरीले उहाँले उपलब्ध गराउनु भएको वस्तुलाई खोसेर लान सक्दैनन्।

तपाईंको विविध जीवनको यात्रामा कति पटक शत्रुहरूको चक्रव्युहमा पर्नुभएको होला, त्यसबेला परमप्रभु गोठालोले कसरी निकास खोलिदिनुभयो सो सोच्नुहोस्। यस्तो कठिन समयमा पनि परमेश्वरले राहत दिनुभएकोमा उहाँ धन्यवादको पात्र कसरी हुनुभएको छ सो मनन् गर्नुहोस।

## ५. जीवनको यात्राको लागि उपलब्ध गराइएका परमेश्वरको निश्चित प्रतिज्ञा

"निश्चय नै तपाईंको भलाई र करुणा मेरो जीवनभरि मपछि लाग्नेछ, र परमप्रभुको घरमा म सदासर्वदै वास गर्नेछु।" भजन २३:६

जब हामी जीवनमा अन्धकारको भँड्खालोमा पर्दछौं वा विभिन्न बैरीहरूले घेरिएका हुन्छौं, तब त्यसबेला हामी एक्लोपनको अनुभव गरेर सबैले हामीलाई त्यागेछ भनेर दिक्क हुनसक्दछौं। परमेश्वर पनि मबाट टाढाडा हुनुभयो किनभने उहाँले यस्तो महाकष्टमा पनि हस्तक्षेप नगर्नुभएको जस्तो लाग्न सक्दछ। यदि परमेश्वर हाम्रो साथमा हुनुभएको भए यस्तो नराम्रो चक्रव्युहमा पर्ने थिएनौं होला पनि भन्दछौं। तर यस्तो परिस्थितीमा दाऊदको दृष्टकोण फरक भएको पाउँछौं।

दाऊदले धेरै दुःख, कष्ट भोग्नु परेको थियो। साऊल राजाले उसलाई आतङ्कारी घोषणा गरेर पुरा राज्यशक्ति उसको पछि लागेको थियो। ऊ जंगल र गुफाहरूमा लुकेर भूमिगत हुनुपरेको थियो। तर यस्तो कठिन समय गुजारिरहेको बेलामा पनि दाऊद दुईवटा कुरामा ऊ ढुक्क छ भनेर भन्दछन्। ती के हुन्? भजन २३:६ को साथमा यी पदहरू पनि हेर्नुहोस् एफिसी १:४, २ पत्रुस १:१०, हिब्रू ११:१३-१५

परमेश्वरको भलाई र कहिल्यै नचुक्ने प्रेम (परमेश्वरले गर्नुभएको आफ्नो वाचाप्रति प्रतिवद्धता) मेरो जीवनभरि पिछा गर्नेछ भनेर त कुनै कुनै बाइबलमा अनूदित गरिएको छ। तथापि सुरूमा प्रयोग गरिएको क्रिया यो भन्दा जोरदार थियो र यस पदलाई परमेश्वरको भलाई र कहिलै नचुक्ने प्रेम, माया सदासर्बदा मलाई पछ्याउनेछ भनेर पढ्नुपर्दछ। (साँच्चै भनौं भने पिछा गरिएको भन्ने क्रिया उत्पति १४:१४, यहोशू १०:१९ र १ सामुयल २५:२९ मा स्पष्टरूपमा देखाउँछन्)

परमेश्वरको भलाई र कहिल्यै नचुक्ने प्रेम र माया तपाईंको पछि पछि लाग्दछ भन्ने भनाई तपाईंको मगजमा कस्तो चित्रण भएर खडा हुन्छ? यसरी हामी प्रति परमेश्वरको हेरचाह देखाउन खोजेकोमा दाऊदले के भन्न खोजेको होला?

जतिसुकै गहिरो घाटीमा परेता पनि वा शत्रुहरू हाम्रो पछि लागे तापनि परमेश्वरको भलाई र कहिल्ये नचुक्ने प्रेमको निश्चयता र जीवनको यात्रामा उहाँको अगुवाइमा प्रश्न उठ्दैनन्। यदि यी विश्वास वा प्रतिवद्धताले ओतप्रोत भएर येशूलाई क्रुसको महाकष्ट सहनसक्नु भयो भने हामी पनि यसलाई हृदयदेखि मान्नुपर्दछ।

समय समयमा हाम्रो विचारधारणाहरूमा धेरै प्रश्नहरू खडा हुन सक्दछन्। यस्ता चिन्ताहरूलाई हटाउन परमेश्वरले के गर्न सक्नुहुन्छ भन्ने कुनै धार्मिक दर्शनहरू वा तर्कहरूलाई दाऊदले प्रयोग गरेनन्। परमेश्वरको सत्यबाटो, आफ्नो व्यक्तिगत विश्वास र परमेश्वरप्रति प्रतिवद्धतालाई पद ६ मा दाऊदले देखाएको पाउँछौं।

परमेश्वरको ज्ञानमा आफ्नै अनुभवद्वारा उहाँको भलाईको निश्चयता र उहाँको कहिल्यै नचुक्ने प्रेम तपाईंको पछि पछि लागेको छ भन्ने प्रमाण के तपाईंले पाउनुभएको छ? बाइबलबाट के प्रमाणहरू जुटाउन सक्नुहुन्छ? कति मानिसहरू परमेश्वरप्रति प्रश्नसूचक भएर बसेका हुन्छन्, यस्तालाई तपाईंले उपरोक्त विश्वास कसरी बाँड्नुहुन्छ? परमेश्वरको भलाई र कहिल्यै नचुक्ने प्रेमको सबुद प्रमाण क्रुस नै हो भनेर तपाईं कसरी प्रतिवद्धता व्यक्त गर्न सक्नुहुन्छ?

## उपसंहारः

अरू जानकारीको लागि पढ्नुहोस्ः एलेन जि ह्वाईटद्वारा लिखित् *टेस्टिमोनिज फर द चर्च,* ठेली ४, पृ. १४३, *द दिजाएर अभ एजेज्,* पृ. ४७६-४८४।

जो मानिसहरू अन्तिम घडिसम्म विजयी हुन्छन्, तिनीहरूको आध्यात्मिक जीवनमा भिषण अन्योल र कष्टहरू आइपर्न सक्छन्। तर तिनीहरूले निराश भएर परमेश्वरप्रतिको विश्वासलाई त्याग्नुहुन्न किनकि यो येशूको पाठशालाको अनुशासनको एक अंश हो। यी कष्टहरू आउन आवश्यक छन् किनभने यिनीहरूले जीवनका खियाहरू र नराम्रो कुराहरूलाई बगाइ दिन्छन्। शत्रुका हमलाहरू, उनीहरूका पिडादायी दोष र हेला र शैतानका विभिन्न अवरोधहरूको सामना गर्दै परमेश्वरका दासले विश्वासमा धरोहर भएर खडा हुनसक्नु पर्दछ। शैतानका कुटिल चालहरूलाई सहन सक्नु पर्दछ। तर तपाईं तल आफ्ना समस्याहरूलाई नहेरी माथितिर आँखा गाडिरहनु भयो भने तपाईं बाटाघाटामा मूर्छा पर्नुहुन्न। तपाईंले छिट्टै येशूले आफ्ना हात तपाईंतिर लम्क्याउनु भएको देख्नुहुन्छ र तपाईंले सरल तरिकाले विश्वाससाथ आफ्नो हात उहाँलाई समात्न दिनुहोस्, अनि उहाँले तपाईंलाई डोऱ्याउनुहुन्छ। जब तपाईं उहाँमाथि भर पर्नुहुन्छ, तपाईं आशावादी हुनुहुनेछ.....यसले गर्दा तपाईंको चरित्रलाई सुन्दर, मजबुत र एकरुपता बनाउन येशूले सहायता गर्नुहुन्छ। यस्तो गरिमामय चरित्रबाट निस्कीरहने प्रकाशलाई शैतानले केही असर पार्न सक्दैन ...परमेश्वरले आफ्नो एक मात्र पुत्र दिनुभएर सबभन्दा उत्तम बरदान हामीलाई दिनुभएको छ। उहाँ चाहनुहुन्छ हामी उचालिउँ, कुलिन चरित्र होऔं र उहाँको आफ्नै

सिद्ध चरित्रले हामीलाई अडाइएर उहाँको स्वर्गीय घरको लागि लायक होस्।"- एलेन जि ह्वाईट, *मेसेजेज् टु योङ्ग पिपुल्स्,* पृ, ६३,६४।

चिन्तन मननः-

क. तपाईंको जीवनमा आइरहने नराम्रा अन्यौलहरू र कष्टहरू येशूका पाठशालामा पाएको अनुशासन हुन् भनेर विश्वासगरेर कति सम्म सचेत हुनुभएको छ?

ख. गोठालोले डोऱ्याइरहेको घाटीमा अनेक विघ्न वाधाहरूको सामना गरिरहेका मानिसहरूलाई आश्वासन् , ढाढस दिएर हामीले कसरी सहायता गर्न सक्दछौं? चर्चको हैशियतले त्यस्ता व्यक्तिहरूको आवश्यकतालाई परिपुर्ति गर्न परमेश्वरले तपाईंलाई कसरी परिचालन गर्न दिनुहुन्छ?

ग. परमेश्वरका भलाई र करूणा कसरी पछि पछि लागे भनेर एक आपसमा छलफल गर्नुहोस् र एक आपसका अनुभवद्वारा सिक्नुहोस्।

घ. प्रभु येशूको अन्तिम दिनहरू जब अग्निपरीक्षामा गइरहनु भएको थियो, त्यस समयलाई ध्यान दिनुहोस्। बाइबलबाट वा अरू श्रोतहरू जस्तै एलेन जि ह्वाईटका पुस्तकहरूबाट ज्ञात भएको अनुसार येशू मानव भएर ती महाकष्टहरू कसरी सहनु भयो सो मनन् गर्नुहोस्। हामी पनि अग्निपरीक्षामा गुज्रिरहेको बेलामा उहाँको उदाहरणिय जीवनबाट हामीले के शिक्षा पाउन सक्दछौं?

# अध्याय २

# आउनेवाला अग्निपरीक्षा

यस अध्यायको लागि पढ्नुहोस्: यर्मिया ९:७-१६, रोमी १:२१-३२, २ कोरन्थी १२:७-१२, १ पत्रुस ४:१२-१९, ५:८-११।

**स्मरण गर्नु पर्ने पदः "प्रिय मित्रहरू हो, तिमीहरूलाई पारख गर्ने अग्निमय परीक्षा तिमीहरूमाथि आइपर्दा केही अनौठो कुरा भएजस्तै तिमीहरू अचम्म वा अनौठो नमान। तर ख्रिष्टका कष्ट-भोगमा सहभागी हुँदा रमाओ, ताकि उहाँको महिमा प्रकट हुन्दा तिमीहरू पनि आनन्दित र हर्षित हुन सक।" १ पत्रुस ४:१२,१३।**

रासायनिक प्रयोगशालामा प्रायजसो विभिन्न पदार्थहरू स-साना भाँडामा राखिन्छन् र अधिकतम् आगोमा तताउँछन्। जब भाँडाहरू तातो हुँदै जान्छन्, त्यस भित्रका पदार्थहरू पनि पग्लिन्छन्, स्याँइय आवाज आउन्छन्, धुँवा जस्तै बाहिर निस्कन्छन् वा चकमक भएर चम्किन्छन्। भाँडामा के राखिएको छ त्यस अनुसार तातो भएपछि तिनका प्रतिक्रिया आफ्नो गुण अनुसार हुन्छन्। ती भाँडाहररू परिष्कारकको भाँडो अर्थात अग्नि कुण्ड वा धातु पगाल्ने भाँडो भनेर कहलाइन्छन्।

यस्तो धातु पगाल्ने भाँडोलाई शव्दकोषमा विभिन्न परिभाषाले वर्णन गर्दछन् (क) कुनै भाँडो जसमा अधिकतम तापद्वारा धातु पगालिन्छन् (ख) कठोर वा कठिन परीक्षा (ग) ठाँउ वा परिस्थिती जहाँ विभिन्न पदार्थहरू वा बलिया धातुहरूको समिश्रण गर्दछन् जसको फलस्वरुप एक आपसको अन्तरक्रियाद्वारा पदार्थ बदलिन्छन् वा अर्कै रुपमा परिवर्तन हुन्छन्।

हाम्रो आत्मिक वा आध्यात्मिक जीवनमा के भइरहेका हुन्छन् भनेर यी विभिन्न परिभाषाहरूले बुझाउन मदत गर्दछन्। हामी अचानक यस्तो चापमा वा कठिन अर्थात कठोर परीक्षामा परेको बेलामा ती परिस्थितीले हामीलाई कुनै न कुनै रूपमा परिवर्तन गराउँछन् वा झन सुरो भएर अगाडी बढाउँछन् वा चरित्रलाई सुधार गर्दै विभिन्न लक्ष्यणले भरिपूर्ण कसरी गराउँछन् भन्ने यस अध्यायमा केही यस्ता कुराहरूमा गहन चिन्तन गर्नेछौं। जब हामी यस्तो जीवनको धातु पगाल्ने भाँडोमा वा अग्नि परीक्षा परिरहेका हुन्छौं, परमेश्वरले के गरिरहनु भएको छ भन्ने कुरामा यसले सचेत गराउँदछ र ती परीक्षाहरू आउँदा कसरी सामना गर्ने भन्ने समझशक्ति पाउँछौं।

यस अध्यायको झलकः हाम्रो जीवनमा कति पटक गहिरो समस्याहरू आइपर्दछन्, ती कठिन वा कठोर समय आउनुको के कारणहरू हुन सक्दछ?

## १. अचम्म मान्नु

""प्रिय मित्रहरू हो, तिमीहरूलाई पारख गर्ने अग्निमय परीक्षा तिमीहरूमाथि आइपर्दा केही अनौठो कुरा भएजस्तै तिमीहरू अचम्म वा अनौठो नमान।" १ पत्रुस ४:१२।

परमेश्वरप्रति भक्ति देखाउँदा देखाउँदै पनि धेरै दुःखदायी कुराहरू अचम्मसँग आइपर्दछन्। नचाहँदा नचाहँदै पनि विभिन्न घट्नाहरू आइ पर्दछन जसले हामीलाई चकित बनाउछन् र जिल्ल पार्दछन्। तपाईं आफ्नो साइडमा हुनुहुन्छ तर एउटा कार तपाईंतिर आउँछ र धक्का दिएर मरणासन्न पारिदिन्छन्। तपाईंले काम गुमाउनुभयो भनेर अचानक पत्र हातमा पर्दछ। चिकित्सा परीक्षणमा अपेक्षा नगरेका दुःखदायी समाचार डाक्टरले तपाईंको हातमा राख्दछन। तपाईंलाई असाध्य मायागर्ने वा माया गर्छ भनि ठान्नेले धोका दिन्छन् र

तपाईं जिल्ल पर्नुहुन्छ। वेदनापूर्ण जीवनले कष्टकर बनाए तापनि आगोमा घ्यू हालेझैं आकस्मिक कुराहरू आएर हाम्रो जीवनलाई तहस नहस पार्न खोज्दछन्।

केही विशेष दुःखदायी परिस्थितिहरू र अग्नि परीक्षाहरू कसरी आउँछन् र ती देखि छक्क पर्नु आवश्यक छैन भनेर यस अध्यायमा हेर्नेछौं।

यो अध्याय सुरु गर्नुभन्दा पहिला पत्रुसले भन्न खोजेको कुरा हेरौं। १ पत्रुस ४:१२ मा प्रयोग गरेका "अचम्म वा अनौठो" भन्ने शब्द ग्रिक वा युनानी भाषामा "पराई, अपरिचित" वा "विरानो" हो। जब इसाई जीवनमा अग्निपरीक्षाहरू आइपर्दछन् र कठोर कठिनाइहरू आइपर्दछन्, ती पराई वा विरानो हुन् भनेर विश्वास गरेर त्यस्तो धारणाको धरापमा नपर्नु भनेर पत्रुसले इसाई जीवनको यथार्थतालाई औंल्याउँछन्। बरू ती परीक्षाहरू कुनै असाधारण नभएर इसाई जीवनमा आइपर्ने साधारण घटनाहरू हुन् र त्यस्तो आउन अपेक्षा गर्नु जरूरी छ भनि मानि लिनुपर्दछन्।

"अग्निपरीक्षा" वा "कठोर जाँच" अर्थात् "आगोद्वारा पार गर्न कष्ट" भन्ने ग्रीक वा युनानी भाषाको "जलिरहनु" वा "जलीरहेको" शव्दबाट लिएको थियो। अर्को स्थानमा यसलाई "आगोको भट्टी" भनेर अनूदित गरिएको छ। परमेश्वरप्रतिको आस्थाको लागि जुन कठोर कष्टको अनुभव गरिन्छ त्यसलाई "पगाल्ने प्रक्रिया" पनि भनिन्छ। साँचो रूपमा इसाई जीवन पालन गर्न अग्निपरीक्षाको प्रक्रिया अपरिहार्य हुन्छ भन्नुमा अत्युक्ति नहोला।

१ पत्रुस ४:१२-१९ पढ्नुहोस्। यसमा पत्रुसको सन्देश के छ?

कति पटक अचानक दुःख र कठिन अवस्था आइपर्दा हामी जिल्ल पर्छौं किनभने येशूलाई विश्वास गरेपछि सबै दुःख हरण हुन्छ भन्ने हाम्रो धारणा छ। तर हामीलाई थाहा छ हरेक कुराको दुई पक्ष हुन्छ- परमेश्वर जो असल हुनुहुन्छ र शैतान जो खराब छ। धेरै जसो हामीलाई असल लागेका कुराहरू परमेश्वरका बाकसमा हाल्छौं र खराब लागेका कुराहरू शैतानको बाकसमा हाल्दछौं। तर जीवन त्यति सरल छैन। हामीहरूले हाम्रो भावहरूलाई कुन चाहिँ परमेश्वरको वा कुनचाहिँ शैतानको बाकसमा थन्क्याउन सकिन्दैनन्। कहिलेकाहिँ परमेश्वरको साथसाथै हिँड्दा चुनौति र कठिनाईको सामना गर्नुपर्दछ। झट्ट हेर्दा शैतानको पछि लाग्दा पारितोषित प्राप्त गरेर ठुलो पुरस्कृत भएको अनुभव गर्न सकिन्छ। महाकष्ट भोगीरहेका धर्मात्मा अयुबको चित्कार पनि यस्तै थियो, "अपराधीहरू, दुष्टहरू किन बाँचेको बाँचै गर्दछन्, बुढो नहुन्जेल टिकिरहन्छन् र उनीहरू शक्तिशाली भएर फुलिरहेका हुन्छन्?" अयुब २१:७।

पत्रुस आफ्नै जीवनलाई हेरेर भनिरहेका थिए येशूको लागि उभिँदा कस्ता खालका कठोर परीक्षाहरू आइपर्न सक्दछन्। तर त्यसको कारण बाहेक अरू कारणहरूले पनि समस्या, दुःख वा अग्निपरीक्षाहरू आइ पर्न सक्दछन्। १ पत्रुस ४:१२-१९ लाई प्रयोग गरेर कठिन समय गुजरिरहेका मित्रहरूलाई अनौठो नमान्नुस भनेर कुशलतापुर्वक कसरी बाख्या गर्नुहुन्छ?

## २ शैतानले ल्याउने अग्निपरीक्षा

"सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस (शैतान) कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिहँझैं खोजिहिँड्छ।" १ पत्रुस ५:८।

उपरोक्त पदलाई गौण गरेर पढ्नुहोस्। यसले हामीलाई के सन्देश दिँदछ? यी अभिव्यक्तहरूलाई कसरी गम्भिररूपमा लिनुभएको छ? तपाईंको जीवनमा के गरिरहनुभएको छ उपरोक्त भनाइलाई गम्भीरतापूर्वक लिनुभएको छ भनेर देखाउँछ?

भोका सिँह कस्तो हुन्छ भनेर कहिल्यै देख्नु भएको छ? ऊ भोकाएको बेलामा उग्ररूप लिँदछ र बाटोमा भेट्टाएको जे पनि पक्रिन्छ र खाइदिन्छ। पत्रुसले भन्दछन् शैतान पनि भोको सिँहझैं भौंतारिरहेको हुन्छन्। जब हामी वरिपरि हेर्दछौं उसले गरेका सर्बनाशहरू प्रत्यक्ष रूपमा परिरहेका करुण दृष्यहरूबाट लुक्न सक्दैनौं।

मृत्यु, हत्या, आतंक, कठोर दुःखहरू, नैतिक मुल्य मान्यताहरू खस्किरहेका, भ्रष्ट भएका र बङ्ग्याइरहेका हाम्रो अगाडि जताततै देख्दछौं। हामी गुफामा गएर लुकेर बसे पनि वा संसारलाई त्यागेर साधुको रूप धारण गरे तापनि शैतानका कार्यहरूबाट भाग्न सक्दैनौं।

१ पत्रुस ५:८-११ पढ्नुहोस्। शैतानको चक्रव्युहलाई येशूका उपासकहरूले कसरी प्रतिकार गर्नुपर्दछ?

दुःख र कष्ट भोगिरहेकालाई परमेश्वरले के गर्छु भनेर वाचा बाँध्नु भएको छ? पद १०

येशूमाथी आस्था राख्नेहरूलाई शैतानले कसरी हमला गर्दछ भनेर जवाफ दिन उपरोक्त वचनहरू पत्रुसले व्यक्त गरेका थिए। हामीले अगाडि नै भन्यौं शैतानले विभिन्न तरिकाले काम गरिरहेका हुन्छ। हो, हामी हाम्रा परम शत्रुको शक्ति र यथार्थतालाई स्वीकार गर्नु पर्दछ र त्यस प्रति सचेत रहनु पर्दछ तर हामी कहिल्यै पनि निराश हुनुहुँदैन। प्रभु येशूले शैतानलाई जितिसक्नु भएको छ, ऊ परास्त भएको शत्रु हो। जबसम्म हामी येशूसँग आबद्ध भएर बस्छौं र उहाँलाई विश्वास र आस्थाले पकडी रहन्छौं शैतानले हामीलाई कहिल्यै पनि हराउन सक्दैन। क्रुसले गर्दा येशूको विजय हाम्रो पनि विजय हुन आउँदछ।

शैतानले विभिन्न तरिकाबाट ल्याउने दुःख कष्टहरूलाई विचार गर्नुहोस्। यस पापी संसारमा जहाँ शैतानको अराजकता र उसको आतंङ्कताले राज्य गरेको छ, त्यहीं रहन हामी बाध्य छौं तर १ पत्रुस ५:८-११ पढेर कसरी वेदना खप्न ढाढस पाउँछौं ?

## ३ पापले ल्याउने अग्निपरीक्षा

"परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहिनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन।" रोमी १:१८।

हामीले जे गरेतापनि त्यसको परिणाम हुँदछ। यदि तपाईं आइस् क्रिम लिएर घाममा उभिनुहुन्छ भने त्यो पग्लिन्छ नै। क्रिया र प्रतिक्रिया सँग-सँगै जाँदछ। कति कुराहरू भिन्न भए कस्तो राम्रो हुने थियो भनेर मरिमेट्न खोज्छौं, अधर्म त जस्ताको त्यस्तै ठिङ्ग उभिरहेको देख्छौं। असल होस् वा खराब होस् यसको परिणाम जसरी भएपनि कटानी गर्छौं। तर यो नठानौं परमेश्वर स्वर्गमा बसिरहनुभएको छ र पापी मानिसहरूलाई कसरी करणी भरणी नर्क बनाउने भनेर सोची रहनु भएको छ, तर पाप आफै त्यसको परिणामको साथमा आउँछन्।

कहिल्यै काहिँ परमेश्वरलाई उछिन्न सक्दछौं भनेर पाप गर्ने बानीले पो हामीलाई समस्या ल्याउँदछ। यो अलिकति पापले केही पनि गर्दैन भन्ने धारणाले हामीले हामीलाई नै धोका दिन्छौं। कुनै पनि पापको फल कहिल्यै बिलाएर जान्दैन। पापले गर्दा स्वर्ग गुमाउने मात्र होइन तर यसले वर्तमानमा पनि दुःख, ब्याधी र विजोग ल्याउँछ भनेर पावलले स्पष्ट पारेका छन्।

१ रोमी १:२१-३२ पढ्नुहोस्। यसमा पावलले मानिस पापमा पर्ने प्रक्रिया र त्यसको फलस्वरूप के हुन्छ भनेर उल्लेख गरिएको छ। प्रार्थनापूर्वक र गौणसाथ यी पदहरू पढ्नुहोस् र उसले भनिरहेका मूल तत्वलाई संक्षिप्तमा व्याख्या गर्नुहोस्, विशेष गरी पाप कुन कदममा अघि बढ्छ र त्यसको परिणाम के हुन्छ भन्नेमा केन्द्रित हुनुहोस्।

केही पदहरू अगाडि पावलले पापको परिणाम भनेको परमेश्वरको क्रोध हो भनेर व्यक्त गरेका छन् (पद १८)। परमेश्वरको क्रोध भनेको यथार्थरूपमा मानिसले रोपेको पापलाई आफैले कटानी गर्न छोड्नुभएको प्रक्रिया हो भनेर यस अंशले व्यक्त गर्न खोजेको हो। येशूका उपासकहरू वा इसाईहरूलाई पनि आफ्नो पापको कारणले भएका दुःखलाई हटाउन तुरन्तै हस्तक्षेप गर्नुहुन्न। धेरै पल्ट हाम्रो कामको प्रतिफलको हामीले नै अनुभव गरौं भनेर परमेश्वर चाहनु हुन्छ। उहाँले यो देखाउन चाहनु हुन्छ पापले कसरी गहिरो रूपमा काम बिगार्दछ र परमेश्वरको अगाडि पाप कस्तो घृणित हुन्छ।

परमेश्वरले हामीलाई दिनुभएको आचार संहिता १० आज्ञाहरूलाई उलंघन गर्दा के हुन्छ भनेर हामी ध्यान दिइरहेका छौं तर उहाँले दिनुभएको स्वास्थ्यका नियम उलंघन गर्दा हुन्छ त? हाम्रो शरीर परमेश्वरको बासस्थान हो। यदि स्वस्थ खाना नखाइ वा व्यायाम नगरी वा अति काम मात्र लादेर बस्यौं भने हामीले हाम्रो

शरीरलाई दुरूपयोग गरिरहेका हुन्छौ। यो पनि परमेश्वरको विरूद्धमा पाप गरेको ठहर्छ। यसरी शरीरलाई हिफाजत नगर्दा वा मोजमज्जा गर्ने नाममा दुरूपयोग गऱ्यौं भने पनि अग्निपरीक्षाको प्रक्रियामा हामी लाग्न सक्दछौं।

तपाईं कै जीवनमा तपाईंले केही नराम्रो गर्दा तुरन्तै त्यसको नतिजा कसरी भोग्नुभएको छ? यसबाट के शिक्षा पाउनु भएको छ? यस्ता नराम्रा कुराहरू नदोहोरियोस भनेर तपाईंले आफ्नो जीवनमा के परिवर्तन ल्याउनु पर्दछ?

## ४. शुद्धताको लागि अग्निपरीक्षाहरू

“यसैकारण सर्वशक्तिमान् परमप्रभु यस्तो भन्नुहुन्छ, ‘हेर, म तिमीहरूलाई खारेर जाँच्नेछु, किनकि मेरो प्रजाकै पापको कारण म अरू के गर्न सक्छु र?’ यर्मिया ९:७

“यदि तपाईंको मनमा चोट पुऱ्याउने वचन परमेश्वरको आत्माले ल्याउँछ भने यो यकिन गर्नुहोस्, उहाँले तपाईंको चरित्रको कुनै यस्तो भाग छन् जुन मरेको चाहनु हुन्छ।" –ओसवाल्ड चेम्बर्स, माइ अतमोस्ट फर हिज हाइयेस्ट (उरिचसभिल, ओहायोः बारबोर एण्ड कम्पनी, इन्क्, ई.सं. १९६३), पृ. २७१।

उपरोक्त कथन र यर्मियामा लिखित पदलाई तपाईंले कसरी लिनु भएको छ? खारिएको जीवन बिताउँदा तपाईंले कस्तो दुःख र पीडा भोग्नुभयो?

यर्मिया ९:७-१६ पढ्नुहोस्। परमेश्वरले भन्नु भयो, यहुदा र यरुशलेमलाई (पद ७) उहाँले “खार्नेछु र जाँच्नेछु" अथवा “पगाल्नेछु।" यो काम गर्न परमेश्वरले दुई कारण देखाउनु भएको छ, ती के हुन्? कसरी खारिने प्रक्रिया हुन्छ? (पद १५,१६)।

परमेश्वरले खार्नुहुने र उहाँको प्रयोगशालामा जाँच्नुहुने प्रक्रिया तीब्र र कठोर हुन सक्छन्। यस खारिने र जाँचिने प्रक्रियालाई अग्निपरीक्षामा परेको महसुस गर्न तीन कारणहरू छन्। प्रथमतः हामीले कष्टको अनुभव किन गर्दछौं भने परमेश्वरले परिस्थितिलाई उपयोग गरेर हाम्रो पापलाई औंल्याउन हुन्छ। माथी उल्लेखित पदभन्दा अलिकति अगाडि यर्मियाले भन्दछः “आगोले भस्म हुने पदार्थलाई भस्म पार्ने खलाँती (लिड वा सिसा) खूब जोरसित फुकिन्छ। तर सफा गर्ने काम व्यर्थमा भइरहन्छ। दुष्टहरूको छनौट भएको छैन।" यर्मिया ६:२९। त्यसैकारण कहिलेकाहिँ कठोर प्रक्रियाको आवश्यक्ता हुन्छ ताकि हाम्रो ध्यान त्यसमा जाओस्। दोश्रो, अहिलेका पापलाई नै प्रत्यक्षरूपमा देखेकाले हामी दुखित र वेदनाको अनुभव गर्दछौं। तेश्रो प्रचलित जनमानस भन्दा फरक ढँगले जीविका परिचालन गर्न चाहेको हुँदा हामी कति पटक विस्मयी, हताश र निराश हुन्छौं। हामीलाई मन पर्ने चिजहरूलाई वा हाम्रो जीवनको भाग भइरहेकोलाई त्यागिरहनु पर्दा हामी गाह्रो र असहजको अनुभव गरिरहेका हुन्छौं।

तपाईंको वर्तमान जीवनमा नै तपाई कति पापाहरूसँग संघर्ष गरिरहनु भएको होला, त्यसको बारे सोच्नुहोस्। यदि आज परमेश्वरले तपाईंलाई खार्नुहुन्छ र जाँच्नुहुन्छ भने उहाँले कुन प्रक्रिया अपनाउनु हुन्छ होला? यो कठोर प्रक्रिया आउनु अगावै तपाईंले आफ्नो जीवनमा के सुधार गर्नु पर्छ? उहाँले इस्रायलीहरूलाई सुन पगाले झैं, पगाल्नु परेको थियो।

## ५ परिपक्व हुन अग्निपरीक्षा

“तर प्रशस्त प्रकाशहरूको (परमेश्वरबाट पाउने दिव्यज्ञानहरू) कारण घमण्डले म बढ्ता नफुलुँ भनेर मलाई सताउन र घमण्डबाट रोक्न शैतानको दूत अर्थात् एउटा काँढा मेरो शरीरमा दिइयो।" २ कोरन्थी १२:७।

बिरुवाको हाँगा काट्नु र छाँट्नुमा धेरै फरक हुन्छ। हामीलाई नचाहिने बिरुवाहरू चटक्कै काटेर फ्याँकि दिन्छौं तर यदि कुनै बिरुवाबाट अधिकतम फलको उपार्जन होस भनेर त्यसलाई हामी छाँट्छौं। दुबै प्रक्रियाहरूको लागि तिखो चक्कु आवश्यकता पर्दछ। छाँटदा यस्तो भाग काटिन्छ जुन भाग बिरुवाको लागि अनावश्यक हुन्छन्। यो निपुण मालीको काम हो। यसलाई आध्यात्मिक परिप्रेक्ष्यमा लिंदा ब्रुस विलकिन्सनले

यसरी लेख्दछ, "के तपाईंले परमेश्वरसँग प्रचुर मात्रामा आशिष् पाउन र उहाँको पुत्र जस्तो बन्न प्रार्थना गर्दै हुनुहुन्छ?

यदि तपाईंको जवाफ, हो भने तपाईले भेंडाको रौं खुइलाउने व्यक्ति वा बिरुवालाई निपुणतासाथ छाँट्ने मालीको चाहना गर्नुभएको हो।"- ब्रश विलकिन्सन, *सिक्रेट अभ भाइन* (सिस्टरस्, अरिगन, मल्टिमाह पब्लिशरस्, इन्क, ई.सं. २००१), पृ. ६०।

पावलले भनेका उनका जीउमा रोपेको काँडा ( २ कोरन्थी १२:७) के रहेछ भनेर विभिन्न अनुमानहरू प्रस्तुत गरेका छन्। कसैले भन्छन् उसले निरन्तर रूपमा बैरीहरूबाट (आफ्नै विश्वासीहरू पनि) हमलाहरू सहनु परिरहेको देखि लिएर राम्रोसँग बोल्न नसक्ने वा भकभके भएका थिए। तर पावलको अन्य पदहररूलाई हेर्दा एलेन जि ह्वाइट भन्नुहुन्छ उसको आँखाको समस्या थियो। (एलेन जि ह्वाइट कमेन्टस्, द एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ. ११०७)। मेरो जीवनको लागि दिएको काँडा पावलले भन्दा अचम्म लाग्न सक्दछ।

पावलले "मलाई दिइएको" अभिव्यक्तलाई तपाईं के भन्नुहुन्छ? कसले उसलाई दियो? यही काँडालाई परमेश्वरले उसकै फायदाको लागि कसरी प्रयोग गर्नुभयो?

पावलले प्रष्टरूपमा भन्छ उसले पाएको काँडा उसकै फायदाको लागि थियो ताकि ऊ धर्मान्धले नफुलोस् (पद ७)। उसले कुनै खास पाप गरेको कारणले ती काँडा उसको जीवनमा घुसारीराखेको थिएन बरु भविष्यमा पाप नगरोस भनेर सचेत गराउन बिल्झ्याएको थियो। पावलले स्वीकार गर्दछन्, उसको स्वभावले पाप गर्नतिर ढल्काउँछ तर काँडा दिएको कारण ऊ सुरक्षित होस्।

२ कोरन्थी १२:७-१२ पढ्नुहोस्। पावलले पाएको काँडालाई उसले कसरी उपयोग गर्दछ? पावलका बोकेका कमजोरीपनले कुनै आत्मिक फायदा भएको के पावलले महसुस गरेको थियो होला? पावलले जुन रूपमा आफूमा बिल्झिएको काँडाप्रति जवाफदेही भएर आफ्ना मनसाय व्यक्त गरे त्यसलाई अनुकरणीय उदाहरण मानेर तपाईले पनि पाउनु भएको काँडालाई कसरी बोकिरहनु हुन्छ?

तपाईंको आध्यात्मिक संबृद्धिको लागि परमेश्वरको अवधारणा तपाईंको भन्दा पनि फरक हुन सक्दछ। धार्मिक जीवनमा बढि फलदायी हुन तपाईंको जीवनको कुन भागलाई सुधार गर्नु पर्दछ, सो सोच्नुहोस्। तपाईंको जीवनमा पाइरहनुभएका छाँटकाँटद्वारा कुन आत्मिक वा अध्यात्मिक गुणहरू फलोस् वा फुलोस भनेर परमेश्वरसँग बरदान माग्न चाहनु हुन्छ?

## उपसंहारः

अरू अध्ययनको लागि पढ्नुहोस्: एलेन जि ह्वाइट, *साइन अभ टाइमस्,* नभेम्वर १८, १९०३, एलेन जि ह्वाइटका कमेन्टस्, *एसडिए बाइबल कमेन्टरी,* ठेली ४, पृ. ११८२, *माइ लाईफ टुडे,* पृ. ९२।

"मानव चरित्रका हृदयहरूलाई पढ्न सक्नुहुने परमेश्वरलाई मानिसहरू आफैलाई भन्दा उनीहरूको बारेमा उहाँलाई बढि जानकारी हुन्छ। कति मानिसहरूमा यस्ता शक्तिहरूको संरचना र सत्यलाई ग्रहण गर्न सदा तत्परता हुन्छ, यदि ठीकसँग मार्गदर्शन पाएमा परमेश्वरको महिमाको लागि उपयोगी हुन्छ भनेर परमेश्वरलाई थाहा हुन्छ। परमेश्वरले यस्ता व्यक्तिहरूलाई विभिन्न परिस्थिति र विविध स्थानहरूमा ढाल्नुहुन्छ जसले गर्दा तिनीहरूले आफ्ना अवगुणहरूलाई प्रत्यक्षरूपमा देखोस् जुन सितिमिति देखापर्दैनन्। परमेश्वरले तिनीहरूलाई ती चरित्रका अवगुणहरूलाई सच्याउन अवसर दिनुहुन्छ जसले गर्दा परमेश्वरको सेवाकार्यको लागि योग्य होओस्। परमेश्वरले धेरै जसो तिनीहरूका निम्ति कष्टका अग्निहरू आउन दिएर तिनीहरूलाई खार्नुहुन्छ जसले गर्दा तिनीहरू शुद्ध होओस्।"-एलेन जि ह्वाइट, *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. ४७१।

चिन्तन मननः-

क. हामी आफैले रोपेका पापको फल कटानी गरिरहनु पर्दा धेरै मुश्किल भएको अनुभव गर्न सक्दछौं। "के अव मलाई परमेश्वरले मलाई माया गर्नुहुन्छ होला" भनेर विभिन्न शंका र उपशंकाहरू पैदा हुनसक्दछन्।

यस्तो नराम्रो जीवन गुजारिरहेको समयमा परमेश्वरले हरेकलाई यस्तो प्रतिज्ञाहरू दिनुभएर भन्नुहुन्छ, "हरेस नखाऊ" र तिनीहरूले हरतरहबाट आश्वासन र हौसला प्रदान गर्दछन्। पावलले लेखेका रोमी ५:१-११ पढ्नुहोस्। जीवनमा आइरहेका जटिल प्रश्नको जवाफ खोज्नेहरूलाई तपाँई के उत्साह प्रदान गर्नसक्नुहुन्छ?

ख. एलेन जि ह्वाईटले भन्नुभएको परमेश्वरले आफ्नै मातहतमा मानिसहरूलाई खार्नुहुन्छ, यस भनाइको तात्पर्य के हो? यो कसरी चल्दछ? आफुले नचिताएको कुनै कुरा भयो भने यसमा परमेश्वरको इच्छा रहेछ भनेर हामी कसरी जान्दछौं? के तपाईंको जीवनमा परमेश्वरकै अगुवाईमा विभिन्न परीक्षाहरूको सामना गर्नुभएको अनुभव गर्नुहुन्छ? यस विषयमा साथीभाइहरूमा छलफल गर्नुहोस्। कोहि व्यक्तिहरू परमेश्वरको इच्छा हो कि भन्ने अन्योलमा परिरहेका होलान्, यस्तालाई कसरी सहायता गर्नुहुन्छ?
ग. शायद अहिले नै कोहि व्यक्ति अग्नि परीक्षामा परिरहेका होलान्, यो किन र कसरी भयो भन्ने कुरामा सरोकार राख्न जरुरी छ वा छैन? अर्थात् के तिनीहरूको यो बीचल्ली किन र कसरी भयो भनेर प्रतिक्रिया दिनुहुन्छ?

घ. एक जना इशाई विश्वासी जवान दक्षिण अमेरिकामा तीतो दुःख वा समय गुजारीरहेक थिए। पछि उनी युरोपमा बसाईसराई गरे र कसैलाई भनेछन्, "मैले मेरो मुर्दा दक्षिण अमेरिका मै छोडेर आएँ।" यसको अर्थ के हो? किन हामीले हाम्रो मुर्दालाई अन्तै छोड्नु पर्दछ? यसको लागि दुःख, कष्ट वा अग्निपरीक्षाको किन खाँचो हुन्छ?
ङ. विश्वासीहरू मिलेर अस्पताल वा कतै यस्तो स्थानहरूमा जानुस् जहाँ तपाईंको सहायता, प्रोत्साहन र न्यानोपनले जुनसुकै अवस्थाले अग्निपरीक्षामा परिरहेकालाई हर्ष ल्याउँदछ।

अध्याय ३

# चराको पिँजडा

यस अध्ययनको लागि पढ्नुहोस्: प्रस्थान १४, १५:२२-२७, १७:१-७, हितोपदेश ३, लुका ४:१-१३, १ पत्रुस १:६-९

**स्मरण गर्नुपर्ने पदः "तिमीहरू यसैमा रमाउँछौ, यद्यपि अहिले थोरै समयको निम्ति भएतापनि तिमीहरूले विभिन्न किसिमका कष्टहरू भोगेर दुःखी हुनु आवश्यक देखिएको छ।" १ पत्रुस १:६**

"उज्यालो दिनमा पिँजडामा थुनिएको चराले उसको मालिकले सिकाउन चाहेको गीत गाउँदैन किनभने उसले धेरै अरू संगीतका आवाजहरू सुनिरहेको हुन्छ। उसले अलिकति यो स्वर, अलिकति अरूको लय मिलाएर गाउन खोज्दछ तर उसको मालिकले सिकाउन चाहेको गीत अलग र पुरै भाकामा गाउन सक्दैन। तर मालिकले पिँजडालाई पुरै मात्रामा छोप्दछ र त्यसलाई यस्तो ठाँउमा राख्दछ जहाँ चराले एउटै गीतमात्र सुनिरहन्छ जुन उसले गाउनु पर्दथ्यो। ऊ अँध्यारोमा त्यो गीत मात्र गाउने गर्दछ जबसम्म उसले त्यो गीत सिक्दैन। अनि त्यसपछि ऊ शुद्ध लयमा मालिकले गाउन लगाएको गीत गाउन सुरु गर्दछ। त्यसपछि मालिकले पिँजडालाई उज्यालोमा ल्याएर कपडा खोलिदिन्छ र उज्यालोमा पनि त्यहि एउटा गीत गाएर बस्दछ जुन मालिकले चाहेको थियो। यस्तै व्यवहार परमेश्वरले आफ्ना जनहररूसँग गर्नुहुन्छ। उहाँले हामीलाई एउटा गीत सिकाउन चाहनुहुन्छ। जब हामी दुःख कष्टको छाँयामा त्यो सिक्दछौं र त्यो पार भएपछि सदासर्बदा त्यो गीत हामी गाइरहनेछौं।"- एलेन जि ह्वाईट, *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. ४७२।

याद गर्नुहोस, चरालाई अंध्यारो कोठामा राख्ने मालिक आफै हुन्।

शैतानले पीडा किन ल्याउँछ भन्ने ज्ञान पाउन सरल त छ नै, तर अन्योल वा पीडादायी अग्निपरीक्षामा हामी परौं भनि अगुवाई गर्न के परमेश्वर आफैं पनि कार्यरत हुनुहुन्छ?

यो अध्यायको झलकः बाइबलमा धेरै यस्ता उदाहरणहरू छन् जहाँ परमेश्वर आफैले उहाँको जनहरूलाई दुःख र कष्ट पार गराउँदै अगुवाई गर्नु भएको थियो। ती अग्नि तपाईंलाई थाहा छ?

## १. भयानक खतराको बाटोबाट प्रतिज्ञा गरेको देशमा लम्किन्दै

"जब फारो उनीहरूको नजिक बढेर आए, इस्रायलीहरूले आफ्ना आँखा उठाएर हेरे, र ओहो, मिश्रीहरू तिनीहरूको पछि पछि आइरहेको देखे र इस्रायलीहरू अति भयभित भए र इस्रायलीहरू रुँदै परमेश्वरलाई पुकारे।" प्रस्थान १४:१०।

के तपाईं यस्तो चक्रव्युहमा पर्नु भएको छ जसले गर्दा तपाईं समाप्त नै भयो भन्ने स्थितिमा पुग्नु भयो? कहिले काँहि त यस्तो कोठामा जाँदा धेरै मजा पनि हुनसक्दछ जहाँ साथीहरू जम्मा भएर एक्कासी "जन्म दिनको शुभकामना" भनेर चिच्च्याउँछन्। अरू समयमा तपाईं अचानक कुनै घट्ना आइपर्दा ठुलो आघात भएको महसुस गर्नुभयो होला। तपाईं स्कूलमा हुँदा कुनै बदमास साथीले तपाईंको टाउकोमा टेकेर हेपे होला वा तपाईंसँग काम गर्ने साथीले आफूले नराम्रो गरेर दोषचाहिँ तपाईंलाई थुपार्‍यो होला।

इस्रायलीहरू मिश्रदेशबाट निस्केपछि कनान देशमा नपुँगुन्जेल, "बादलको खम्बाद्वारा दिनमा परमेश्वर उनीहरूको अघि अघि गएर अगुवाई गर्नुभएको थियो र रातमा आगोको मुस्लोद्वारा बाटो देखाउनु भएको थियो।

यसले गर्दा उनीहरू दिन र रातमा यात्रा गर्न सकेका थिए।" प्रस्थान १३:२१। तिनीहरूको हरेक यात्राको भागमा परमेश्वर आफै सहभागी हुनुभएको थियो। तर हेर्नुहोस्, सबभन्दा पहिला परमेश्वरले तिनीहरूलाई कहाँ डोऱ्याउनुभयो? अगाडि समुद्र, दायाँ बायाँ पहाडहरू र पछि पछि फारोका सैनिकहरू!

प्रस्थान १४ पढ्नुहोस्। परमेश्वरले इस्रायलीहरूलाई यस्तो भयानक परिस्थितीमा किन ल्याउनु भयो?

परमेश्वर बादलको वा आगोको खम्बा भएर अघि अघि जानुहुँदा इस्रायलीहरू सधैं सुखमय र शान्तिमय अनुभव गरेका थिएनन्। न त हामीले पनि परमेश्वरका खम्बाको पछाडि जाँदा सधैं उल्लासमय हुन्छ भन्ने ग्यारेन्टी पाउँछौं। परमेश्वरको धार्मिकताको बाटोमा हिँड्न जुन तालिम हामी लिन्छौं त्यो कठिन हुनसक्छ। यस्तो कठिन बाटोमा हिँड्नु पर्दा स्वभावैले दुष्ट हृदयलाई ( यर्मिया १७:९) सान्हो पनि हुनसक्दछ। यस्तो कठिन परिस्थितिमा हिँड्नु पर्दा हामी परमेश्वरलाई पछ्याई रहेका छौं कि भन्न दुःख र परीक्षाको अनुपस्थिति त होइन तर खुला दिल र मनोस्थितिले परमेश्वरको अगुवाईमा हामी समर्पित भएका छौं कि छैनौं भन्ने मूल ज्ञानको आवश्यक्ता हुन्छ।

यस कठोर अनुभवबाट इस्रायलीहरूले के मूल पाठ सिके? प्रस्थान १४:३१।

परमेश्वरको बहुमुल्य बाचाहरूको बाबजुद पनि उहाँमाथी भरोसा वा आस्था राख्दा कहिले काहिँ किन कठोर अनुभवको सामना गर्नु पर्दछ? तपाईं आफ्नो हृदयलाई छामेर हेर्नुस्, तपाईंले कति पटक यस्ता कठिन परिस्थितिहरूको सामना गर्नु पऱ्यो जसले गर्दा तपाईं परमेश्वरप्रति अरु पक्कारूपमा आस्था र भय वा श्रद्धा राख्न सिक्नु भयो?

## २. तीतो पानी

"सिनै मरुभुमीबाट सारा इस्रायली समूह प्रस्थान गरे। परमेश्वरको निर्देशनअनुसार तिनीहरू एक स्थानबाट अर्को स्थानमा यात्रा गरे। तिनीहरू रेफिडिम भन्ने स्थानमा शिविर खडा गरे, तर मानिसहरूलाई पिउनको लागि त्यहाँ पानी थिएन " प्रस्थान १७:१।

हामीले चाहेको सबै कुरा परमेश्वरबाट पाउँछौ भन्ने निश्चयता त छैन, तर हामीलाई आवश्यक्ता पुरा गराउन के परमेश्वरबाट अपेक्षा गर्न सक्दैनौं र? हाम्रो मनलाई चाहिन्छ भन्ने भावनाको आधारमा मात्र होइन तर आधारभूत आवश्यकताको पनि के उहाँले हेर्नुहुन्न र?

इस्रायलीहरूलाई एउटा कुराको आवश्यकता निश्चय थियो, त्यो थियो पानी। लाल समुद्रबाट बादलद्वारा परमेश्वरले इस्रायलीहरूलाई अगुवाई गर्नुभएपछि तिनीहरू उहाँको पछि पछि तिन दिनसम्म सुक्खा मरुभूमिमा यात्रा गरे। मरुभूमिमा पानी पाउन अति कठिन थियो र त्यसको चरम आवश्यकता पनि थियो। त्यसकारण उनीहरूको नाजुक अवस्था बुझ्न त्यति कठिन थिएन। सुक्खा मरुभूमिमा तिनीहरूले पानी कहाँ पाउने?

तब, परमेश्वरले तिनीहरूलाई कहाँ डोऱ्याउनु भयो त? उहाँको खम्बा अन्तमा गएर माराहमा अडिन्छ जहाँ पानी थियो। तिनीहरू खुशीले हर्षित् भएका थिए। तर जब तिनीहरूले पानी चाखे, तुरन्तै थुक्न पुगे किनभने त्यो पानी तीतो थियो। "अनी मोशाको विरूद्धमा गनगन गरे र भने, 'हामीले के पिउने?'" प्रस्थान १५:२४।

फेरि केही दिनपछि परमेश्वरले त्यहि समस्यामा इस्रायलीहरूलाई पार्नुहुन्छ। यसबेला परमेश्वरको खम्बा एक थोपा पनि पानी नभएको ठाँउमा अडिन्छ। प्रस्थान १७.१

प्रस्थान १५:२२-२७ र १७:१-७ पढ्नुहोस्। माराह र रेफडिममा परमेश्वरले इस्रायलीहरूसामु आफूलाई कसरी प्रकट गर्नुभयो? तिनीहरूले के पाठहरू सिक्नु पर्दथ्यो?

इस्रायलीहरूले रेफिडिममा के प्रसंङ्ग उठाए? प्रस्थान १७:७। आपद परेको बेलामा के तपाईंले पनि परमेश्वरलाई त्यहि प्रश्न गर्नुभएको छ? यदि छ भने, किन? यस्तो प्रश्न गर्दा तपाईंले के महसुस गर्नुभयो? तपाईंको प्रश्नको जवाफ पाएपछि कुन शिक्षा तपाईंले सिक्नुभयो? हामीबाट यस्तो प्रश्न रोक्न कति पटक प्रश्नको जवाफ आउनु पर्दछ?

## ३. मरुभुमीमा महान् विवाद-प्रतिवाद

"येशू पवित्र आत्माले परिपूर्ण भएर यर्दनबाट फर्कनुभयो, र आत्माले उहाँलाई उजाड-स्थानमा लैजानुभयो र चालिस दिनसम्म उजाड-स्थानमा शैतानबाट उहाँ परीक्षित हुनुभयो.." लुका ४:१,२।

लुका ४:१-१३ पढ्नुहोस्। शैतानले ल्याउने अनेक र अनाहक परीक्षामाथी विजय प्राप्त गर्न र पापको परिवन्धमा नपर्न येशूले के साधन उपयोग गर्नुभयो? के ती साधन हामीलाई पनि उपलब्ध छ वा छैन? उपरोक्त पदहरूबाट हामीले कुन बहुमूल्य शिक्षा हासिल गर्न सक्दछौं?

परीक्षाहरू र प्रलोभनहरू धेरै कठोर हुनसक्दछ किनभने ती कुराहरू हामीले चाहेकै ईच्छालाई खोतल्दछ र हाम्रो अति कमजोर अवस्थाको फायदा उठाएर ती प्रलोभनहरू आकर्षक र लोभलाग्दा भएर खडा हुन्छन्।

येशूलाई शैतानले अनेक प्रलोभन देखाएर फसाउन खोजेको कुरा लुका ४ देखी सुरु हुन्छ। उपरोक्त प्रसङ्गले हामीलाई केही कठिन प्रश्नहरू पनि खडा गराउँछ। झट्ट हेर्दा पवित्र आत्माले परीक्षाको लागि येशूलाई डोऱ्याउनुभएको देखिन्छ। परमेश्वरले हामीलाई कहिल्यै पनि परीक्षा वा प्रलोभनमा पार्नुहुन्न भन्ने भनाईलाई खण्डन गरेको जस्तो पनि देखिन्छ (याकुब १:१३)। तर हामीले के हेरिरहेका छौं भने परमेश्वरले हामीलाई अग्निपरीक्षातिर लान रोक्नुहुन्न। लुका ४ मा अचम्म लाग्दो यथार्थता के छ भने पवित्र आत्माले पनि हामीलाई यस्तो परीक्षामा अगुवाई गर्नुहुन्छ जहाँ शैतानको भयानक परीक्षा वा मोहको चक्रव्युहमा फस्न सकिन्छ। यस्तो जटिल परीक्षाको घडीमा हामीलाई अनेक शंका उपशंकाले घेर्न सक्दछ। शायद हामीले परमेश्वरलाई ठीक सँग पछ्याएको छैन होला भनेर हामी पिरोलिन सक्छौं। तर यो सत्य नै हो भन्नु छैन। "प्राय जसो जब हामीले परीक्षासँग सामना गर्छौं त्यसबेला परमेश्वरको आत्माले हामीलाई छोड्नुभयो भनेर सोच्दछौं र उहाँको अगुवाईमा शंका गर्दछौं।लुकामा भनिएको अनुसार परमेश्वर कै आत्माले येशूलाई जंगलमा शैतानबाट परीक्षा गराउन लानुभयो। जब परमेश्वरले हामीलाई परीक्षणको लागि डोऱ्याउनुहुन्छ भने त्यो हाम्रै हितको लागि हो भनेर सोच्नुपर्दछ। जब नसोचेको परीक्षामा वा शैतानको पासोमा येशू पर्नु भयो उहाँले परमेश्वरको प्रतिज्ञाहरूमा शंका गर्नुभएन, न त शैतानको तीरमा पर्दा उहाँ हताश निराश भएर हरेस खानुभयो। हामी पनि परीक्षणको घडीमा हामीलाई नैराश्यताले छोप्न दिनुहुन्न।" एलेन जि ह्वाईट, *द डिजायर अभ् एजेज्*, पृ. १२६,१२७।

कहिले काहिँ अग्निपरीक्षामा हामीलाई खारिनुको सट्टा पोल्न वा जल्न सक्दछ। हामी परीक्षा वा शैतानको पासोमा निमोठिन पुगे पनि हामी हरेस खानु पर्दैन भन्ने आश्वासन प्राप्त छ किनभने येशू पनि यस्तै परीक्षामा अडिग हुनुभएको थियो। येशूले हाम्रो पापको भार बोक्नुभएको शुभ समाचारको कारण, जुनसुकै परीक्षामा पर्दा हामी असफल भएतापनि हामीले पाउनुपर्ने सजायँ येशूले भोग्नुभएको छ जसकारण, येशू आफै पनि हामी भन्दा पनि चर्को अग्निपरीक्षामा पर्नुभएको थियो। तसर्थ परमेश्वरले हामीलाई त्यसै त्याग्नुहुन्न। पापीहरूको सरदारलाई पनि परमेश्वरको महान् प्रेमले गर्दा निराश हुनुपर्ने जरुरी छैन (१ तिमोथी १:१५)।

तपाईं अहिले कुन परीक्षण काल वा शैतानको मोहमा परिरहनुभएको छ? येशूको परीक्षणकाललाई ध्यानमा राखेर उहाँको अनुकरणीय उदाहरणलाई पछ्याउन परमेश्वरसँग बरदान माग्नुहोस्। याद गर्नुहोस्, तपाईं परीक्षा वा शैतानको पासोमा परें भनेर निराश हुनु आवश्यक छैन किनभने तपाईं एकलै हुनुहुन्न, तपाईंको साथमा उद्धारकर्ता येशू पनि हुनुहुन्छ।

## ४. अनन्त सहनशीलता, हामीले रोजेको बाटो

१ पत्रुस १:६,७ पढ्नुहोस्। पत्रुसले यहाँ के भनीरहेका छन्?

कठोर संघर्ष गरिरहेको र एकलो अनुभव गरेका विश्वासीहरूलाई पत्रुसले पत्र लेख्दछन्। यस्ता मानिसहरूलाई उनले लेख्दछन्, "जो परमेश्वरले चुनिएका, संसारको लागि बिरानू र अपरिचित (अर्थात् निर्वासित), पोन्टुस, गलाती, कापाडोसिया, यशिया र बिथानियामा छरेकाहरू।" १ पत्रुस १:१। उसले उल्लेख गरेका स्थानहरू हाल पश्चिमी टर्की भनी चिनिन्छन्। विश्वासीहरू दुःख र कठोर यातनाको सामना गरिरहेकोमा पत्रुस सजग नभएको होइन, किनभने केही पद पछि उनले यसरी व्यक्त गर्दछन्, "सबै किसिमका दुःख र कष्ट भोगेर वेदनाको अनुभव गरिरहेका छौ।" (पद ६)।

ती विश्वासीहरू यस संसारमा निर्वासित र छरपष्ट जीवन विताइरहेका भनेर सम्वोधन गर्दछ, यसको अर्थ के हो र यसले गर्दा झन दुख र कष्ट किन थप्दछन्?

त्यस ताका इसाई हुनु भनेको नौलो थियो। विश्वासीहरूको संख्या थोरै थियो। तिनीहरू जताततै छरिएका थिए र तिनीहरूप्रति धारणा भ्रम भएको कारण सतावटका पराकाष्टा झेल्नु परेको थियो।, ती कष्टहरू फाटफुट, विश्रङ्गल र तिनीहरूको आस्थालाई भताभुङ्ग पार्न आएको होइनन् भनेर पत्रुसले तिनीहरूलाई आश्वासन दिएर भन्छन्। सबै खालका अग्निपरीक्षाबाट पार भएर बस्नु नै परमेश्वरमाथी शुद्ध निष्ठाको लक्ष्य हो।

१ पत्रुस १:६-९ पढ्नुहोस्। ती विभिन्न कष्ट भोगिरहेका विश्वासीहरूलाई पत्रुसले के चरम आश्वासन दिन्दछ? उसका अभिव्यक्ति के हाम्रो लागि पनि उपयोगी छ?

यस संसारमा भोगेका जुनसुकै कठोर कष्ट, असुविधा र अग्निपरीक्षालाई येशूको आगमनमा प्राप्त हुने अनन्त इनामलाई दाँज्न सकिन्न। जुनसुकै कठिनाई हामीले भोगि रहेतापनि, पत्रुसका वचनहरू परमेश्वरले हामीलाई पनि दिएका वचन हुन्। जुनसुकै कठोर र पिडादायी कष्टको सामना गर्नु परेतापनि हाम्रो जीवनको अन्तिम् लक्ष्यदेखि बीचल्ली हुनुहुँदैन। हाम्रो लक्ष्य भनेको नयाँ स्वर्ग र पृथ्वीमा अनन्त जीवन विताउनु हो जहाँ दुःख, पिडा र मृत्यु हुँदैनन्। येशूको मृत्युद्वारा यस्तो महान प्रतिज्ञालाई हामीमा निहित राखिएको हुनाले दुःख कष्टमा हाम्रो विश्वासलाई कदापि बीचल्लीत पार्नुहुन्न बरू तिनीहरू परमेश्वरमाथीको हाम्रो निष्ठा र आस्थालाई मजबुत पार्न र तिखार्नको लागि आएको हो भनेर सम्झनु पर्दछ।

## ५. अग्निपरीक्षा

एक जना युवक थियो जसको काल्पनिक नाउँ कमल भनौं। उसको क्षतविक्षत परिवारले गर्दा ऊ अनेक कुलत, कसँगत, लागु पदार्थको दुर्व्यसन हिंसा भोग्दै जेलको समेत यात्रा गरेर नयाँ जीवनमा प्रवेश गरेको थियो। उसले आफ्नै ठाउँको विश्वासीको दयाले परमेश्वरको बारेमा सुन्यो र येशूलाई आफ्नो हृदय समर्पण गर्‍यो। पहिले त्यही विश्वासीलाई कमलले लुटेको थियो। कमलले समस्याहरू र संघर्षहरू भोगी नरहेको त होइन र साथै विगतका बानीको कारण उसले शारीरिक पिडा पनि खेपिरहेका थियो, तैपनि उसले येशूमा नयाँ जीवन प्राप्त गरेका थियो। उसले पुनर्जन्मको अनुभव गरिरहेका थिए। उसले परमेश्वरलाई औधि

प्रेम गर्न थाल्यो र उहाँका आज्ञाहरूलाई जीवनमा उतार्न कोशिष गऱ्यो (१ युहन्ना ५:१,२)। उसले पास्टर हुने इच्छा गऱ्यो किनभने उसको लागि सबै बाटोहररू खुला भएका थिए। उसलाई यो निश्चय थियो, "मलाई प्रभुले उहाँको सेवाको लागि बोलाउनु भएको छ।" यसमा कुनै शंका नै थिएन।

ऊ कलेजमा अध्ययन गर्न गयो। सुरुमा सबै थोक राम्रै भइरहेको थियो। तर समय वित्दै जाँदा उसले एक पछि अर्को कठिनाइ भोग्नुपऱ्यो र उसको जीवन सपना एक एक गरी भत्किन थाल्यो। उसको आउने पैसा सुक्न थाल्यो, उसका नजिकका साथीहरूले उसलाई धोका दिन थाले र भए नभएका झुठा लाञ्छना लगाएर उसलाई बदनाम गर्न खोजे। फेरि ऊ विरामी पनि हुन थाल्यो। उसलाई केको विरामी भएँ भन्ने पनि थाहा भएन र यसले गर्दा उसको पढाइमा धक्का पुग्न थाल्यो र कलेजबाट निस्कनु पर्ने निश्कर्षमा ऊ पुगेको थियो। आगोमा घ्यू हाले झै उसले स्थानिय बजारमा  सजिलैसँग पाइने लागु पदार्थ लिन पनि ललकारिन थालेको थियो। एक दिन भौंतारिँदै जाँदा दुर्व्यसनीहरूको समूहमा ऊ फेरी परेको थियो। परमेश्वरले उसलाई पढाइ सम्म डोऱ्याउनु भएर यस्तो अवस्थामा किन पुऱ्याइनु भयो भन्ने कुरा उसले बुझ्न सकेन। कमल, यस्तो अन्यौलमा रनभुल्ल हुनु के गलत थियो? यदि थियो भने के उसले पाएको नयाँ जीवन र परमेश्वरसँगको मिठास अनुभव ठूलो गल्ती थियो? उसको विश्वासका आधारभूत तत्वहरू पनि खस्किँदै जान थालेको थियो।

यस्तो चरम संघर्षमा कमल तपाईंकहाँ सल्लाह माग्न आयो भने तपाईं उसलाई के सल्लाह दिनुहुन्छ भनेर कल्पना गर्नुहोस्। त्यसलाई तपाईं के भन्नुहुन्छ? तपाईंको आफ्नै जीवनमा यस्तो के अनुभव गर्नुभएको छ जसले गर्दा उसलाई आश्वासन र हौसला दिन सक्नुहुन्छ? बाइबलका कुन पदहरू प्रयोग गर्नुहुन्छ? उल्लेखित पदहरूलाई प्रयो गर्दा यस्तो परिस्थितिमा कतिको सहयोग हुन्छ? हितोपदेश ३, यर्मिया २९:१३, रोमी ८:२८, २ कोरन्थी १२:९, हिब्रु १३:५।

परमेश्वरलाई विश्वास गर्ने र उहाँलाई भरोसा राख्ने प्रायजसो सबैले कुनै न कनै संकटको सामना गरेको हुन्छ र त्यसबेला परमेश्वरले मलाई छोड्नु भयो कि भन्ने शंकाले छोपेको पनि हुन्छ। यस्तो संकटको परिस्थितिमा परमेश्वरका प्रतिज्ञा वा वाचाहरू, उहाँले अगाडि नै डोऱ्याउनुभएका समयहरूलाई पकडी राख्नु अति जरुरी छ। परमेश्वरमाथी भरोसा र सहनशीलताको लागि प्रार्थना गरि रहनुपर्दछ। परमेश्वरले हामीलाई कहिल्यै त्याग्नुहुन्न बरू उहाँलाई त्याग्न हामी संघर्ष गरिरहेको हुन सक्छौं। यसमा हामीले अधिकतम् सजगता अपनाउनु पर्दछ।

## उपसंहारः-

अरू जानकारीको लागि पढ्नुहोस्: एलेन जि ह्वाईट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. २८१-३०२, *द डिजाएर अभ् एजेज्*, पृ. ११४-१२३।

"जसरी पौराणिक समयमा आफ्ना जनहरूलाई परमेश्वरले रेफिडिममा दोऱ्याउनु भयो, त्यसरी नै हाम्रो परमेश्वर प्रतिको इमान्दारीलाई जाँच्न उहाँले हामीलाई त्यस तर्फ डोऱ्याउन सक्नुहुन्छ। परमेश्वरले सदा आनन्दमय स्थानमा लानुहुन्छ भन्ने छैन। यदि हामीलाई सधैं सुखमय संसारमा मात्र भुलाई दिनुभयो भने हाम्रो आत्मपूर्णताले गर्दा परमेश्वरले नै गरेर हामीलाई भलो भएको हो भन्ने बिर्सन सम्भाव्यता हुन्छ। परमेश्वर हाम्रो जीवनमा प्रकट हुन अति उत्सुक हुनुहुन्छ र हाम्रो लागि साँची राखेको अपार श्रोत निकास गर्न ईच्छुक हुनुहुन्छ। परमेश्वरले हाम्रो जीवनमा संकष्ट, निराश र परीक्षाहरू आउन अनुमति दिनुहुन्छ जसले गर्दा हामी आफैमा कति निरीह छौं भनि स्वीकार गरौं र परमेश्वर हाम्रो साथमा हुनु अपरिहार्य छ भनेर महसुस गरौं। परमेश्वरले सुखा र अग्नि प्रस्तर चट्टानहरूबाट चिसो पानी बगाउन सक्नुहुन्छ। जबसम्म उहाँसँग मुखामुख पर्दैनौं, अहिले जसरी हामीले देखेका छौं र पछि पनि देखिने छौं र जसरी हामी अहिले चिनिएका छौं तर पछि

पनि चिनिने छौं तवसम्म यो तथ्य हामीले थाहा पाउँदैनौ यदि हामीले बालकको जस्तै भरोसा परमेश्वरमा राख्यौ भने उहाँमा ल्याइएका बोझहरू बोक्न उहाँ कति हर्षित र उत्सुक हुनुहुन्थ्यो।"-एलेन जि ह्वाईट, "रेफिदिम" *रिभ्यु एण्ड हेराल्ड,* अप्रिल ७, १९०३।

चिन्तन मननः

क. प्रायजसो विभिन्न परीक्षाहरू वा हामीलाई भड्काउन शैतानले ल्याउने आकर्षित प्रलोभनहरू व्यक्तिगत हुन् भन्दछौं, अवश्यमेवम् यी साँचो हुन्। तर त्यसै बखत् हामीले यो विर्सनुहुन्न, चर्च अर्थात् स्थानिय चर्चको परिवार समुहले पनि समुहगत सामना गर्नु पर्ने परीक्षाहरू देखि हामी अत्यन्त सजग हुनुपर्दछ। विचार गर्नुहोस्, त्यस्ता परीक्षाहरू के होला?

ख. विश्वासी र साथीभाईहरूले अनुभव गरेका अप्रिय स्थानहरूको बारेमा एकआपसमा छलफल गर्नुहोस्। ती स्थानहरू किन अप्रिय भए? त्यस स्थानमा आज जानुभयो भने कुन दृष्टिकोणले त्यसलाई हेर्नुहुन्छ?

ग. परमेश्वरले ल्याउने अग्निपरीक्षाबाट हामीलाई शुद्ध र खारिन ती आउन अनुमति दिनुभयो भन्ने तथ्यलाई अव हामीलाई थाहा भयो। यद्यपी यस्ता कति संकष्टहरू आउँदछन् जसले गर्दा हामीलाई अलमल्ल पार्दछ र सोध्छौं, यसो किन भयो होला? उदाहरणस्वरूप कोहि मानिसको अचानक यातायात दुर्घट्नाबाट मृत्यु, निर्दोष बालकको हत्या, निर्दोष मानिसहरूको जीवन क्षतविक्षत हुने आदि। संभाव्यता उत्तरको लागि एक आपसमा छलफल गर्नुहोस्।

घ. विश्वासीहरू मिलेर एक आपसको लागि प्रार्थना गर्नुहोस्। एक आपसले झेलेका संकष्टहरू, परीक्षाहरू, वेदनाहरूलाई मनन गरेर तिनीहरूको सामना गर्न मद्दत गर्न र विश्वासमा अडिग भएर बस्न शक्ति प्राप्तहोस् भनि एक आपसको लागि प्रार्थना गर्नुहोस्।

ङ. तपाईंको चर्चमा यस्ता कोहि विश्वासी छन् जसले संकष्टको सामना गर्न खोज्दा बाटो विरायर गए? तपाईं येशूका उपासकको हैसियतले त्यसलाई फर्काउन के ठोस कदम चाल्नु सक्नुहुन्छ?

अध्याय ४

# सुनारको अनुहार हेर्दा

यस अध्ययनको लागि पढ्नुहोस्: अयुब २३:१-१०, दानियल १२:१-१०, मत्ती ५:१६, २५:१-१२, १ कोरन्थी ४:९, एफिसी ३:१०, ४:११-१६

**स्मरण गर्नु पर्ने पदः "हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा ऐनामा जस्तै हेर्दै जानेछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बदलिँदै जान्छौं। यो प्रक्रिया परमेश्वरको आत्माबाट कार्यान्वयन गर्नुहुन्छ।" २ कोरन्थी ३:१८।**

एक समुह बालबालिकाहरूलाई एमी कार्मिकाले भारतको परम्परागत रूपमा चलेको बाँडाको पसलमा डुलाउन लगे। त्यहाँ तिनीहरूले कोइलाको थुप्रोमा बाँगिएको छाना छाउने झिंगटी देखे। त्यस झिंगटीको बीचमा नुन, चुक अमिलो फल र ईंटाको धुलो थियो। त्यस समिश्रणले सुनलाई मोहिरिएको थियो। जब आगोले ती समिश्रणलाई जलाइ दिन्थ्यो सुन खारिन्दै शुद्ध हुन्थ्यो। बाँडाले सुनलाई चिम्टाले लिन्थ्यो र यदि सुन खारेको छैन भने अर्को नयाँ समिश्रण राखेर फेरि आगोमा हाल्दथ्यो। तर जब हरेक पटक सुन त्यहाँ राखिन्थ्यो आगोलाई झन चर्को बनाइन्दै लगिन्थ्यो। जब बालबालिकाले सोधे, "सुन शुद्ध भएको छ भनेर तपाईंले कसरी थाहा पाउनुहुन्छ?"। त्यस सुनारले  जवाफ दिए, "यदि मैले मेरो अनुहार सुनमा देख्न सकें भने सुन खारिएको वा शुद्ध भयो भनेर जान्दछु।" –एमी कार्मिकल, लर्निङ्ग फ्रम गड (फोर्ट वाशिङ्गटन्, पेन्सभेल्निया, क्रिश्चियन लिटरेचर क्रुसेड, १९८९), पृ. ५०।

परमेश्वरले हामीलाई शुद्ध गर्न चाहनु हुन्छ, सुन जस्तै खार्न वा परिष्कृत गर्न चाहनुहुन्छ र उहाँको प्रतिमूर्तिमा ढाल्न चाहनुहुन्छ। यो एकदम आश्चर्यपुर्ण लक्ष्य हो। अझ अचम्म त के हो भने हामी पनि येशूको चरित्र धारण गरौं भन्ने परमेश्वर चाहनु हुन्छ, त्यसै कारणले हामी जीवनको अग्नि परीक्षापार गर्न सकौं भनि उहाँ चाहनुहुन्छ किनभने यो बाटो नअपनाइ हामी येशूको स्वभावमा बढ्न सक्दैनौं।

यो अध्यायको झलकः शुद्ध गर्ने प्रक्रियामा दुःख र कष्टको के भूमिका हुन्छ? शैतान र परमेश्वरको बीचमा भएको अन्तरद्वन्दको परिप्रेक्ष्यमा परमेश्वरका उपासकहरूले अग्निपरीक्षा किन पार गर्नु पर्छ भनेर कसरी बुझ्छौं?

### १. "परमेश्वरको प्रतिरूपमा"

"जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई सौभाग्य प्रदान गर्नुभयो र धेरै भाईहरूमध्ये उहाँचाहिँ अग्रगण्य होऊन् भनेर अघिबाटै नियुक्त गर्नुभयो।" रोमी ८:२९।

आदिमा जब हामीलाई परमेश्वरले सृष्टि गर्नुभयो, उहाँले हामीलाई आफ्नै स्वरूपमा सृजनु भएको थियो (उत्पत्ति १:२७), तर पापले गर्दा त्यो स्वरूप भ्रष्ट भयो।

आजको मानव समाजमा मानिसहरूले विभिन्न अधर्म बाटोहरू अपनाएको कारण र उनीहरूको नियतमा भ्रष्टताको संम्मिश्रण भएकोले मानव अनुहार परमेश्वरको स्वरूपबाट कुरुप भएको पाउँछौं। हामी परमेश्वरको प्रतिरूपबाट खस्किएका छौं भनेर कसरी देखाइरहेका हुन्छौं?

यो निर्विवाद छः हामी सबै पापले गर्दा भ्रष्ट भएका छौं (रोमी ३:१०-१९)। यद्यपि परमेश्वर चाहनुहुन्छ हामीमा प्रारम्भिकमा भएको मानव गुणको पुनर्स्थापना होओस्। माथीको पदले यही मनसाय

अभिव्यक्त गर्दछ। परमेश्वरको परियोजनामा यो खुलासा गरिएको छ, जो मानिस पवित्र आत्मालाई समर्पण गर्दछ त्यो मानिस परमेश्वरका पुत्रको स्वरूप बन्न प्रत्याभूति दिइएको छ। (रोमी ८:२९)

अर्को गरिमामय पक्षलाई ध्यान दिनु जरूरी छः "मानवतामा परमेश्वरको वास्तविक प्रतिरूप उतार्ने परमेश्वरको योजना हो। परमेश्वरको चरित्रलाई शुद्धरूपमा चरितार्थ बनाउन परमप्रभु परमेश्वर र येशूको श्रद्धा र सम्मान समावेस भएको हुन्छ।"- एलेन जि ह्वाईट, *द डिजायर अभ् एजेज्,* पृ. ६७१।

उपरोक्त एलेन जि ह्वाईटको कथनलाई तपाईंले कसरी लिनुभएको छ? बाइबलको यी पदहरू पनि हेर्नुहोस्: अयुब १, मत्ती ५:१६, १ कोरन्थी ४:९, एफिसी ३:१०।

सारा जगतको नाट्यशालाको बीचमा हामी छौं भन्ने यथार्थता, येशू भक्तहरू भएको कारणले हामीले विर्सनु हुँदैन। येशू र शैतानको बीचमा भएको महान द्वन्द्ध हाम्रो वरिपरि उजागर भइरहेको छ। अनेक प्रकार र धेरै तरिकाहरूमा यो लडाईं भइरहेको देखिरहेका छौं। कति कुराहरू हामीबाट लुकिए तापनि, येशूका उपासकहरू भएको हैसियतले येशू र शैतानको बीचमा भएको महान विवादमा हामी पनि सामेल भइरहेका हुन्छौं र हाम्रो जीवन पद्धतिबाट येशूको प्रतिष्ठालाई बढावा दिन अग्रिम भूमिका खेल्ने सुवअवसर हामीलाई प्रदान गरिएको छ।

तपाईं एउटा महान रंगशालाको बीचमा खडा भइरहेको कल्पना गर्नुहोस्। उक्त रंगशालाको कुर्सीहरूमा एकातिर परमेश्वरप्रति बफादार भएका जीवहरू र अर्को तिर लुशिफरका पतित जीवहरू तपाईंको जीवनको तमासा हेरर बसिरहेका हुन्छन्। गत २४ घण्टाको दौरानमा जुन भुमिका तपाईंले खेलिरहनुभएको छ, त्यसले तपाईं कुन पक्षका जीवहरूले ताली बजाएर तपाईंलाई हर्सोउल्लाससाथ हौसला दिइरहेका छन्? यस प्रश्नको प्रतिउत्तरले तपाईंको बारेमा आफैले कसरी मुल्याङ्कन गर्नुहुन्छ?

## २. अग्नि ज्वालाको बीचमा पनि आस्थालाई जोगाइ राख्नु

लडाँईको क्षेत्रमा सामेल हुनु एउटा कुरा हो, तर त्यस युद्ध क्षेत्रमा शत्रुहरू ढुकेर बसेको नदेख्नु अर्को विस्मय स्थिति हो। साँच्चीकै भनौं भने येशू भक्तहरूले सामाना गर्नु पर्ने परिस्थिति यस्तै हो। हामीलाई थाहा छ शैतानका अदृष्य शक्तिहरू यत्र तत्र सर्वत्र छन्। हाम्रो जीवनको हरेक पक्षमा त्यस शक्तिका प्रभावहरूको अनुभव गरिरहेका हुन्छौं। यद्यपि हामीले त्यसलाई सामना गर्न अदृष्य परमेश्वरमाथी आस्था र भरोसा राख्दै अघि बढ्नु पर्दछ (हिब्रु ११:२७)।

अयुब २३:१-१० पढ्नुहोस्। अयुबले कुन आधारभूत तत्वसँग संघर्ष गरिरहेको छ? जगतका पर्दा पछाडि के भइरहेको थियो, के उसले देखेको थियो? यसै बखत सारा संकष्टको बाबजुद पनि परमेश्वरमा कसरी भरोसा राख्यो?

अयुबले भयानक पीडा र संकष्ट भोगे, यद्यपि उसले परमेश्वरमाथि भरोसा राख्न छोडेनन्। उसको सारा संसार डुबे तापनि परमेश्वरप्रतिको आस्थामा स्थिर रहन उसले अठोट गरेका थिए। उसको जीवनमा पाएको सुनलाई सुरक्षित राख्ने प्रयासले गर्दा उसको आस्थाले निर्णायक भूमिका खेलेको थियो। भौतिक सुनको तक्मालाई जोगाइ राख्नको लागि ऊ संघर्ष गरेको थिएन। तर उसले त्यस उज्ज्वल भविष्य तिर हेर्दै उसले महसुस गरेको थियो यदि परमेश्वरलाई समाति राख्यो भने उसको विजय सुनिश्चित छ र ऊ सुन जस्तै खारिएर निस्कने छ। जगतको पर्दा पछाडि के भइरहेको छ हामीलाई बताइएको छैन। उसको अदृष्यमा जे भएतापनि ऊ अग्निपरीक्षामा सामेल भएर बस्ने दृढ प्रतिज्ञा गरे।

तपाईंको जीवनमा आउने आगोदेखि के तपाईं डराउनुभएको छ? विभिन्न परिस्थितिले ल्याउने तापक्रमको चापले के तपाईंलाई चिन्तित बनाइएको छ? अयुबले परमेश्वरको तापको बाख्या गर्न सकेका थिएनन्। सायद तपाईं पनि यस्तै परिस्थितिमा हुनुहुन्छ होला। हुन सक्छ नयाँ काम र नयाँ घरमा समायोजन हुन कठिन भइरहेको होला। तपाईंको कार्यालयमा वा परिवारकै सदस्यहरूले तपाईंलाई अन्यापूर्वक खेदो गरिरहेका होलान् र त्यसबाट बच्न अथक प्रयास गरि रहनुभएकै होला। तपाईंले कुनै शरीरको विमार वा आर्थिक कमजोरले कष्ट भोगी रहनुभएको होला। बुझ्नलाई जति कठिन भएतापनि यी दुःख र परीक्षाहरूद्वारा परमेश्वरले तपाईंलाई खार्नुहुन्छ र शुद्ध पारि तपाईंको चरित्रमा उहाँको प्रतिमूर्तिलाई उतार्नुहुन्छ।

सुन हुन चाहनु नै अयुबको लागि प्रेरणादायी थियो। यो त्यस बहुमुल्य उद्देश्य थियो जसले गर्दा उसको आँखाको नजर त्यसमा स्थिर राख्न र संकष्टबाट पार लगाउन सघायो। उसको जीवनबाट निस्किएको चरित्रलाई देखाउने यो अति प्रभावकारी गवाही हो। कष्ट र पिडामा पनि उसले अग्निपरीक्षाले शुद्ध राख्ने प्रक्रियाको यथार्थतालाई बुझेको थियो। ऊ माथि यी संकष्ट र परीक्षा किन आयो, यो बुझेको थिएन, तैपनि यसले उसलाई शुद्ध राख्छ र खारिन्छ भन्ने ज्ञान उसमा थियो।

तपाईंको आफ्नै अनुभवमा संकष्टहरूले तपाईंलाई कसरी खारेको छ वा शुद्ध पारेको छ? दुःख कष्ट बाहेक अरू कुन तवरले तपाईंलाई खारिनु हुन्छ?

## ३. प्रभु येशूका अन्तिम वचनहरू

येशूको मृत्यु हुन लागेको बेलामा उहाँ येरुशलेममा हुनुहुन्थ्यो। मत्तीको पुस्तक अनुसार येशूले अखमिरी चाडको केही घण्टा अगाडि आफ्ना चेलाहरूलाई दृष्टान्तहरूबाट शिक्षा दिनुभएको थियो। ती उपमाहरूमा दस कन्या केटीहरू, भेंडा र बाख्राका पनि थिए। येशूको लागि प्रतिक्षा गर्नेहरू कसरी जीउनु पर्छ भनेर यी कथाहरू मार्ग निर्देशकको रूपमा लिनु पर्दछ। उक्त कथाहरू आजको प्रसँगमा जत्तिकै महत्व कहिल्यै भएको थिएन भने पनि हुन्छ किनभने येशूको आगमनपूर्व हुने चिन्हहरू प्रत्यक्षररूपमा सर्वत्र देखीरहेका छौं।

दस कन्या केटीहरूको रूपकमा (मत्ती २५:१-१२) धेरै टिकाकारहरूले तेल पवित्र आत्माको प्रतिक भनेर औंल्याएका छन्। एलेन जि ह्वाईटले उक्त विचारलाई समर्थन गरेर यो पनि थप्दछिन्, तेल चरित्रको प्रतिक हो र यसलाई हाम्रो लागि कसैले पनि उपलब्ध गराउन सक्दैनन्।

उक्त कन्या केटीहरूको रूपक पढ्नुहोस्। उनीहरूले बोकेका वा बोक्नु पर्ने तेललाई पवित्र आत्माको प्रतिक वा चरित्रलाई धारण गर्नु यी अर्थले कथालाई कसरी बदलन्छन् ? तपाईंको जीवनमा तेल चाहे पवित्र आत्माको प्रतिक होस् वा येशूको चरित्र धारण गर्नेहोस् यस कथाले के आशय व्यक्त गर्दछ?

यदि पवित्र आत्मा भए:

यदि चरित्र भए:

त्यसै गरी मत्ती २५:३१-४६ भेंडा र बाख्राको उखान पढ्नुहोस्। भेंडा र बाख्रा छुट्याउनमा के मापदण्ड अपनाएको पाउँछौं?

राजाले भेंडा र बाख्रालाई उनीहरूको चरित्र र कामको आधारमा अलग गरिएको देखाएको छ। येशूले हाम्रो कामबाट मुक्ति पाइन्छ भनेर यहाँ सिकाउन नखोज्नु भएतापनि मुक्तिको योजनामा सहभागी हुन चरित्रको उत्थान अपरिहार्य छ र येशूबाट उद्धार पाएकाहरूले त्यस उद्धारलाई चरितार्थ देखाउन आफ्नो जीवन पद्धति र चरित्रबाट त्यस उद्धारलाई प्रतिविम्वित् गर्दछन्।

कसैले भनेका छन्, " अँध्यारो र एक्लो भएको बेलामा व्यक्तिले के गर्छ त्यसले उसको चरित्रको प्रतिविम्व गर्दछ।" कसैले नहेरेको बेला वा एक्लै भएको बेला तपाई कस्तो मानिस हुनुहुन्छ? उक्त जवाफले तपाईंको जीवनमा के परिवर्तन गर्नुपर्दछ भनेर देखाउँछ?

## ४. "ज्ञानी वा बुद्धिमानी मानिस"

येशूको दोश्रो आगमनको लागि पर्खिरहने विश्वासीहरूले येशूको चरित्र प्रतिविम्वित गर्नु कत्तिको महत्व हुन्छ भनेर अघिल्लो बुँदामा हेऱ्यौं। येशूको दोश्रो आगमनमा जीवितहरूको चरित्रको महत्व यस बुँदामा केही विस्तृतरूपमा हेर्नेछौं।

दानियल १२:१-१० पढ्नुहोस्। कुन परिवेशमा यो लेखिएको थियो? इतिहासको कुन घडीको लागि यो भविष्यबाणी उल्लेख गरिएको छ? अझ महत्वपूर्ण त, यी पदहरूले त्यस घडीमा बाँचिरहने परमेश्वरको जनको चरित्रलाई कसरी दर्शाएको छ? अधर्मीहरूको चरित्रसँग धर्मीहरूको चरित्रलाई कसरी दाँजेको छ? प्रकाश २२:११ पनि पढ्नुहोस्।

येशूको ठीक आगमन पूर्व यस्तो भयानक संकष्ट हुनेछ जुन इतिहासको कुनै समयमा घटेको थिएन भनेर दानियललाई बताइएको पाउँछौं। त्यस समयमा धर्मी र अधर्मीहरूको चित्रण पद ३ र १० मा हामीलाई देखाएको छ। यो याद गर्नुहोस् अधर्मीहरू कसरी दुष्ट चालामा हिंड्छ भनेर १० पदमा भनेको छ भने पद २ मा धर्मात्माहरू चम्किनेछन् भनेर बताइएको छ। इतिहासको महासंकष्टको समयमा (दानियल १२:१) ती धर्मीहरू शुद्ध, खारिएको र दोष रहित भएर बस्न सकेकोले सायद तिनीहरू चम्केको हुनसक्दछ (पद १०)। अर्को अन्तर के छ भने दुष्टहरूको समझशक्ति गिरेको हुन्छ भने धर्मीहरू बुद्धिमानी हुन्छ र समझशक्तिले भरिपूर्ण हुन्छन्।

के बुझ्दछौं? हिसाब, विज्ञान, समालोचना गर्ने ज्ञान अर्थात मानिसहरूमा कत्तिको ज्ञान वढेको छ भनेर प्रदर्शन गर्ने? हितोपदेशमा भनिएको छ, "परमेश्वरप्रति भय वा श्रद्धा राख्नु नै ज्ञानको सुरु हो।" हितोपदेश १:७। हुनसक्छ यस परिप्रेक्ष्यमा बुद्धिमानीहरू बुद्धिमान र ज्ञानी हुनेछन् किनभने उनीहरूले अन्तिम समयको घट्नाहरू र संकष्टको समय उजागर गरिएको बुझ्न सकेका छन्। परमेश्वरको वचनको अध्ययन गरेको हुनाले जे भइरहेको छ त्यसलाई अनौठो नमानी ती घट्नाहरूलाई लिइरहेको हुन्छ किनभने उनीहरूलाई थाहा छ ती समय आउनेछन्। झन महत्वपूर्ण तथ्य त यो हो संकष्टको समय भनेको शुद्ध र खारिने हो भनेर उनीहरूलाई थाहा छ, तर दुष्टहरू परमेश्वरप्रतिको विरोधाभासमा झन पोख्त भएर निस्कनेछन् र दुष्ट तथा अधर्मी काममा झन अग्रसर हुनेछन्।

हामीलाई दिएको निर्णायक वचनमा यस्ता मानिसहरूको चित्रण गरिएको छ जो अग्निपरीक्षाको प्रक्रियामा शुद्ध र खारिएर पार भएका थिए।

हुन त उपरोक्त पदहरूमा संसारको अन्तमा हुने सन्दर्भलाई चित्रण गरिएको छ, यद्यपि शुद्ध बनाउने र खारिने प्रक्रियाको बारेमा अझ बढि बुझाउने भएकोले बर्तमान समयमा पनि हामीलाई के ती लागु हुन्छ?

## ५. चरित्र र समाज

कसैले यो गीत लेखेर गाएका थिए, "म चट्टान हुँ, म टापु हुँ।" जीवनमा तपाईं पनि यही भावनाले के उकुसमुकुस हुनुभएको थियो? "जो जेसुकै होस्, म एक्लै पनि उभिन सक्छु" भन्ने मनोस्थितिमा के तपाईं पुग्नु भएको थियो? शायद कतिले यसो भनेको सुन्नु भयो होला, "हेर्नुस्, मेरो धर्म वा परमेश्वरसँग हिंड्ने काम

व्यक्तिगत मामला हो। सार्वजिनकरूपमा मेरो आस्थाको बारेमा केही भन्न चाहन्न वा मेरो विश्वाससँग कसैले सरोकार राख्नु आवश्यक छैन।"

एफिसी ४:११-१६ पढ्नुहोस्। पावलले के कुरा औँल्याउन खोजेको छ? के विश्वास भनेको गुफा भित्र राखिने व्यक्तिगत मामिला हो अर्थात् सामुदायिक सरोकारको केन्द्र हो? आफ्नो आस्थालाई सार्वजनिक नगरी लुकाइ राख्नु भनेर के पावलले निर्देशन दिएका छन्? यदि येशूले नै संसारलाई प्रेम गर्नु भएर संसारको बीचमा रहनु भयो भने, के हामी भागेर जंगल वा गुफामा बसेर धर्म कमाउने नाउँमा तपस्या गरी बस्ने?

जब पावलले एफिससका विश्वासीहरूले एफिसी पत्र लेखेका थिए, उसले विश्वासी जनहरूको समुदाय अर्थात् चर्चलाई शरीरसँग दाँजेका थिए। प्रभु येशू शिर हुनुहुन्छ, र बाँकी शरीरका अंगहरू उहाँका आस्थावान र निष्ठावान विश्वासी जनहरू हुन्। पद १३ ले यस्तो समुदायमा जीउनु र रहनुको उद्देश्यलाई उजागर गरेको छ- यसरी येशूलाई शिरोपर गरी विश्वासी समुदाय मिलेर बस्दा प्रभु येशूको पूर्णताको नापको अनुभव गर्न सक्दछौं। हामी सबै स्वर्गीय उँचाइमा पुगौं वा स्वर्गको प्रतिष्ठामा हिडौं भन्ने परमेश्वरको इच्छा हो। यसको लागि एक्लैको प्रयास होइन, हामीलाई एक आपसको सहयोग चाहिन्छ।

समय र परिस्थितिले गर्दा एकलो इसाई जीवन बिताउन सम्भव नभएको त होइन। शताब्दीयौं सम्म धेरै जसो  येशूमा आस्था राख्नेहरूलाई मानिसहरूले खेदो गरे, सताए र हेपेका थिए। इसाई इतिहासमा ४ करोड भन्दा बेसी मानिसहरूले येशूको नाउँमा आफ्नो जीवनलाई आहुती दिए र बर्तमानमा पनि दिइरहेका छन्। येशूको प्रतिष्ठाको लागि एक्लिनुबाट प्रायजसो भाग्न सकिँदैन। प्रभु येशूमा निष्ठावान र आस्थावानहुने पुरुष र स्त्रीहरूले कुनै पनि प्रतिकूल चापको सामना गर्न सक्षम् र तयार छन् भनेर देखाउन सकेकाले परमेश्वरको शक्तिलाई प्रभावशालीरूपमा प्रदर्शन गरेको पाउँछौं। यो यथार्थतालाई स्विकार गरेतापनि पावलले यस परिच्छेदमा एक निर्णायक सत्यलाई जोड दिएको पाउँछौंः येशूको पूर्णता त्यस बखतमात्र प्रत्याभूति भएको अनुभव गर्न सक्दछौं जब हामी एक आपसमा मिलेर सँगती गर्दछौं र येशूलाई केन्द्रविन्दु बनाएर विश्वासी जीवनलाई अघि बढाउन खोज्दछौं।

माथी उल्लेखित पदहरूमा इशाई समुदायले येशूको पूर्णता हासिल गर्नु अघि पावलले प्रथमतः के हुनुपर्दछ भनेर जोड दिन्छ?

व्यक्तिगत वा गोप्यरूपमा येशूको परिपक्वता हासिल गरेर बस्छु भनेर दावि गर्नु र सामुदायिकरूपमा येशूको पूर्णताको प्रदर्शन गर्नुमा के फरक छन्? येशू र शैतानको बीचमा भएको महान विवादको परिप्रेक्ष्यमा उजागर गरिएको ईसाई जीवनको भूमिका किन महत्व छन्?

एक्लो भएको बेलामा वा कुनै नचिनिने मानिसको अगाडि राम्रो भएर बस्नु सजिलो छ तर तपाईंले चिनेको वा मन नपर्ने मानिसको अगाडि राम्रो भएर बस्नु अति गाऱ्हो हुनसक्दछ। यसको अर्थ यो हो, यदि हामीले मन नपर्ने वा हामीलाई मन नपराउनेलाई पनि दया र अनुग्रह देखाउँदा सत्य परमेश्वरको चरित्रलाई अनुकरणीय उदाहरणद्वारा प्रस्तुत गर्न सक्यो भने सार्वजनिक रूपमै जीवित परमेश्वरको महिमा हुन्दछ।

## उपसंहारः

अरू जानकारीको लागिः एलेन जि ह्वाईट, *सनस् एण्ड डटर्स अभ् गडडटर्स अभ् गड,* पृ. १००, *क्राईष्ट अवजेक्ट लेसनस्,* पृ. ४०५-४२१, *द ग्रेट कन्ट्रोभर्सी* पृ. ६१३-६३४।

"मानिसलाई सुम्पिएको अभिभाराहरूमा सुचरित्रको अभिबृद्धि महत्वपूर्ण स्थान् ओगेटेको हुन्छ। चरित्र र स्वभावलाई गहनरूपमा अध्ययन गरेर जान्नु आवश्यकता अहिले जस्तै अरू कहिल्यै भएको थिएन। मानिसहरूले अहिले जस्तो चुनौतीहरू पहिले सामाना गर्नुपरेका थिएनन्। युवा युवतीहरूलाई ललकारेर नाशको भँडखालोमा पुऱ्याउने अनेक किसिमका असिमित प्रलोभनहरू आज खडा भइरहेका छन्।" *एडुकेशन*, पृ, २२५

"दस कन्याको रूपकमा मुर्ख कन्याहरूले तेल मागिरहेको र तिनीहरूको अनुरोधलाई अस्विकार गरेको देखाएको छ। यो त्यस्ता व्यक्तिहरूको प्रतिक हो जसले संकटको समयमा दऱ्हो हुनलाई आफ्नो चरित्रलाई मजबुत बनाई राख्न असफल हुन्छन्। आफ्नो छिमेकीहरूकहाँ गएर झण्डै यसो भनेको जस्तै हो, "मलाई तपाईंको चरित्र दिनुहोस् नत्र म नाश हुनेछु।" बुद्धमतिहरूले मुर्ख युवतीहरूको निभ्न लागेको बत्तीमा तेल दिन सकेको थिएन। चरित्र भनेको अरूलाई हस्तान्तरण गर्न सकिंदैन। यसलाई किनबेच गर्न सकिन्दैन। यसलाई आर्जन गरिन्छ। प्रत्येक मानिसलाई परमेश्वरले काफी समय दिनु भएर धर्मी चरित्र बनाउन अवसर दिनुभएको छ। तर त्यसलाई एक व्यक्तिवाट अर्को व्यक्तिलाई सार्न सकिन्दैन, किनभने हरेक व्यक्तिले चरित्रलाई कठिन परिश्रमद्वारा आर्जन गरेको हुन्छ, उसले महान् सदगुरू येशूबाट शिक्षा सिकेको हुन्छ जसले गर्दा संकट र परीक्षामा पनि धिरजी हुन सक्दछ र आस्थालाई व्यवहारमा ल्याएर असंम्भव पहाडहरू हटाई दिन्छ।"-एलेन जि ह्वाईट, युथ इन्स्ट्रकटर, जनवरी १६, १८९६।

चिन्तनमननः

क. चरित्र निर्माण गर्नु भनेको के हो? तपाईंले कसरी चरित्रलाई निर्माण गर्न सक्नुहुन्छ? तपाईंको व्यक्तिगत जीवन र चर्च समुदायमा चरित्र निर्माण भएको कसरी प्रतक्ष्य वा अप्रतक्ष्य रूपमा देखाउनुहुन्छ?

ख. पाँचौ बुँदामा हामीले हेऱ्यौं ईसाई जीवन भनेको लुकेर होइन तर सामुहिक रूपमा देखाउने कुरा हो। तपाईंको स्थानिय चर्च येशूको शरीर भएर कसरी परिचालन गरिएको छ? सामुदायिकरूपमा तपाईंले येशूको कसरी प्रतिनिधित्व गरिरहनुभएको छ? विश्वासीहरू बीचछलफल गर्नुहोस्।

ग. येशूमा विश्वास राखेर उद्धार पाउँछ भन्ने शिक्षा प्राप्त भएतापनि हाम्रो जीवनमा चरित्र निर्माणको प्रश्नलाई किन महत्वपूर्ण मानिएको छ? यदि येशूको धार्मिकता र उहाँको सिद्ध चरित्रले हामीलाई उद्धार दिन्छ भने हामीले केका लागि असल चरित्र बनाउने?

घ. सुप्रशिद्ध हेलेन केलर बालककाल देखि अन्धी र बहिरी थिइ। उनले चरित्रको बारेमा यसरी व्यक्त गर्दछिन्, "चरित्र भनेको शान्त र सुविस्ता भएको समयमा निर्माण गरिन सक्दैन। संकष्ट र दुःखको अनुभवले मात्र भित्री आत्मालाई मजबुत बनाउन सकिन्छ, दर्शन स्पष्ट हुन्छ र सफलता हासिल गर्न सकिन्छ।"-लिडरशिप, ठेली १७, नम्वर ४। के तपाईं उहाँको कुरामा सहमत हुनुहुन्छ? विस्वासीहरू बीचमा चरित्र, दुःख र महान द्वन्द्धको बारेमा छलफल गर्नुहोस्।

अध्याय ५

# अधिकतम् तापक्रमको अग्निज्वालामा

यस अध्ययनको लागि पढ्नुहोस्ः उत्पति २२, अयुब १ः६-२ः१०, यशैया ४३ः१-७, होशे २ः१-१२, २ कोरन्थी ११ः२३-२९

**स्मरण गर्नु पर्ने पदः “यद्यपि उहाँलाई चकनाचूर र कष्टमा पार्न परमप्रभुले योग्य ठहराउनुभयो, र परमप्रभुले उहाँलाई बेदनामा पार्नुभयो। जब तपाईंले उहाँको प्राणलाई पापको लागि दोषबलिझैं बनाउनुभए पछि उहाँको सन्तानलाई उहाँले देख्नुहुनेछ र परमेश्वरले उहाँको आयु बढाउनुहुनेछ र परमप्रभुको आनन्दता उहाँकै हातमा उन्नती भएर जानेछ।" यशैया ५३ः१०**

जब प्रख्यात इसाई साहित्यकार सी,एस लिविसको श्रीमती मृत्युशैयामा थिइन्, उसले यो लेखे, “परमेश्वरप्रतिको विश्वास हराउँछ भन्ने खतरा देखि म डराएको त होइन (कहिले काहीं हराएको कि भन्ने भावना नआएको त होइन)। सबभन्दा खतरापूर्ण विश्वास त परमेश्वरको बारेमा भयानक नराम्रोकुराहरू सोच्नु हो। परमेश्वर छैन भन्ने निश्कर्ष देखि मलाई त्रास छैन बरु परमेश्वर यस्तै हुनुहुन्दो रहेछ भन्ने भावनाप्रति मलाई डर लाग्दछ।"-ए ग्रीफ अबजर्भद् (न्यु योर्कः हार्परकलन्स् पब्लिशरस्, इन्क,, १९६१) पृ. ६,७।

जब जीवन अति नै कष्टकर हुन्छ कतिले परमेश्वरलाई पूणरूपमा त्यागदछ। तर कसैलाई लिविसलाई जस्तो परमेश्वरको बारेमा नराम्रो कुराहरू खेलाएर उहाँप्रतिको दृष्टिकोण बदलिने खोज्ने प्रवृति अपनाउनसक्छ। प्रश्न त यो हो, जीवनलाई अग्निकुण्डमा जब होमिन्छ त्यो कति तातो हुनुपर्दछ? जब हामीप्रति परमेश्वरको अन्तिम लक्ष्य भनेको उहाँको पुत्रको प्रतिरूपमा हामीलाई ढाल्ने हो (रोमी ८ः२९) तर यस प्रक्रिया पुरा गर्न परमेश्वरले आफ्ना जनहरूलाई कस्तो तातो आगोको ज्वालामा राखेर आफ्नो चरित्रलाई जोखिममा पार्न चाहनुहुन्छ?

यस अध्यायको झलकः परमेश्वरले किन आफुलाई यस्तो जोखिममा पार्नुभयो जसद्वारा उहाँलाई जान्न चाहने र प्रेम गर्न चाहनेले उहाँप्रतिको धारणा भ्रमात्मकतिर लगिन सक्दछ? तपाईंलाई परमेश्वरको पुत्रजस्तै बनाउन पहिला तपाईंलाई तिखार्नुहुन्छ र खार्नुहुन्छ, तर यस प्रक्रियामा तपाईंले परमेश्वरप्रतिको दृष्टिकोणमा परिवर्तन आउन सक्छ भन्ने थाहा हुन्दाहुन्दै पनि परमेश्वरले किन यस प्रक्रियाको लागि इच्छुक हुनुभयो?

### १. अग्निपरीक्षामा अब्राहम

उत्पति २२ पढ्नुहोस्। अचानक कताबाट र कुनै कारण नै नदिइकन आफ्नो एक मात्र छोरालाई होमबलि चढाउनु भनेर अब्राहमलाई परमेश्वरले निर्देशन दिनुभयो। यो वचनबाट अब्राहमलाई कस्तो भयो होला, के तपाईं सोच्नु सक्नुहुन्छ। मानवीय दृष्टिकोणले हेर्ने हो भने पवित्र परमेश्वरले आफ्नो छोरालाई होमबलि चढाउने निर्देशन एकदम विरोधाभासपूर्ण हुन आउँछ। अध्यात्मिक तहमा हेर्ने हो भने अब्राहमले यस हुकुम स्वीकार योग्य भएतापनि त्यही छोराबाट महान वंश खडा हुनेछ भनेर दिनुभएको प्रतिज्ञाप्रति आशंका आउने प्रशस्त ठाउँ ओगटेक्न सक्छ। उसको छोरा विना परमेश्वरले दिनुभएको प्रतिज्ञा चकानाचूर हुनेछ।

परमेश्वरले अब्राहमलाई आफ्नो छोरालाई होमबलि चढाउनु भनेर किन निर्देशन दिनुभयो? अब्राहम त्यस धार्मिक समाजमा रहेको थियो जहाँ नरबलिप्रथा प्रचलनमा थियो। यदि परमेश्वर सर्वज्ञानी हुनुहुन्छ भने यस कठोर आज्ञा बुढो अब्राहमलाई किन दिनुभयो ? यसको के अर्थ छ?

परमेश्वरको निर्देशन र समय जथाभावी हुन्दैनन्। परमेश्वरले अब्राहमलाई यस्तो समयमा यो निर्देशन दिनुभयो जुन बेला उनको हृदयमा गहिरो आघात पुग्दथ्यो, किनभने "परमेश्वरले अब्राहमको लागि भयानक परीक्षा यस्तो समयको लागि जगेरा राख्नुभयो जब बृद्ध जीवनले उसलाई लाडिएको थियो र ऊ विश्राम लिन चाहन्थ्यो।"-एलेन जि ह्वाईट, *पेट्रियार्क एण्ड प्रोफेटस्*, पृ. १४७। के यो परीक्षा जंगी र उन्मत्त परमेश्वरबाट आएको हो? पक्कै पनि होइन।" यस भयानक परीक्षा आउन दिएर जुन अब्राहामले कठोर बेदना त्यस अंधकारमय दिनहरूमा सहनु पर्‍यो, परमेश्वर चाहनुहुन्थ्यो उसले आफ्नै अनुभवद्वारा यो बुझ्न सकोस् भविष्यमा अनन्त परमेश्वरले मानव उद्धारको लागि दिने महान वलिदान दिनुपर्दा परमेश्वर पिताको हृदयमा कस्तो आघात पुग्ने होला।"-पृ.१५४

यो केवल परीक्षामात्र थियो-अब्राहमले आफ्नो छोरालाई मारोस् भन्ने परमेश्वरको कहिल्यै पनि मनसाय थिएन। कहिलेकाहिँ परमेश्वरले अनौठोरूपमा काम गर्नुहुन्छ भनेर यस प्रसँगले हामीलाई महत्वपूर्ण कुरा बताउँछ। परमेश्वरले हामीलाई कहिलेकाहिँ यस्तो काम गर्न अऱ्हाउनुहुन्छ जुन काम सिद्ध होस् भनेर उहाँ चाहनु हुन्न। उहाँले हामीलाई त्यस ठाउँमा जान खटाउनुहुन्छ जहाँ हामी पुगौं भनि उहाँ चाहनुहुन्न। हामीलाई देखाएको निर्दिष्ट स्थानमा पुग्नु भन्दा पनि त्यस स्थानमा पुग्ने प्रक्रियाले हामीलाई कुन ढाँचामा ढाल्न दिन्छौं भन्ने महत्वपूर्ण तथ्य परमेश्वरले हामीले सिकौं भनी चाहनुहुन्छ।

हुन सक्छ यही अब्राहमको अनुभवलाई येशूले सोच्दै हुनुहुन्थ्यो जब यहूदीहरूलाई भन्नुभयो, " तिमीहरूका पितामह अब्राहमले मेरो दिन देख्न हर्षित भएका थिए र उनले देखे र खुशी भए।" (युहन्ना ८:५६)। जुन निर्देशन अब्राहमले पाए त्यसलाई शैतानको आवाज थियो भनेर दिमागबाट हटाएको भए येशूको दिन देख्ने अवसर पाउने थिएन। यो जटिल समय गुजार्न र त्यसबाट शिक्षा लिन अब्राहमले परमेश्वरको आवाजलाई प्रष्टसँग बुझ्न सक्नुको विकल्प अरू केही थिएन।

परमेश्वरको आवाजलाई कसरी चिन्नुहुन्छ? परमेश्वरले तपाईंसँग कुरा गरि रहनुभएको छ भनेर कसरी थाहा पाउने? तपाईंको जीवनमा परमेश्वरका इच्छाहरू उहाँले कसरी संचार गर्नुहुन्छ?

## २. अनुशासनमा नबस्ने इस्रायलीहरू

होशेको जीवन कथाबाट धेरै प्रभावशाली पाठहरू सिक्न सक्दछौं। कुन परिवन्धमा होशे रहेका थिए त्यो अत्यन्त उल्लेखनीय छन्। उनको श्रीमती गोमर घरबाट भाग्छिन् र नाठोहरूबाट छोराछोरी पाउँछिन्। उनी बेश्या भएर अरू नाठो खेलाइ रहेतापनि परमेश्वरले आफ्नो प्रवक्ता होशेलाई पोइला गएकी श्रीमतीलाई घरमा फर्काएर ल्याउनु र प्रशस्त माया देखाउनु भनेर निर्देशन दिनु भएको थियो। यो तथ्य घटना परमेश्वर र इस्रायलीहरूको बारे एक दृष्टान्तको रूपमा प्रस्तुत गरिएको पाउँछौं। कति पटक परमेश्वरले चुन्नभएका इस्रायलीहरूले उहाँलाई त्यागेका थिए र अरू मानव सृष्टिका देवी देवताहरू तिर लागेर आत्मिकरूपमा परपुरुषगमन गरिरहेका थिए, तर परमेश्वरले तिनीहरूलाई अझै माया गर्नुभएको थियो र आफ्नो अनन्तको प्रेम देखाउन चाहनुभएको थियो। यसको लागि परमेश्वरले नै कस्तो प्रक्रिया अपनाउनु भयो, हेर्नुहोस् त ?

होशे २:१-१२ पढ्नुहोस्। इस्रायलीहरूलाई आफुतिर खिँच्न कुन उपाय अपनाउँछु भनेर परमेश्वरले भन्नुभएको थियो? परमेश्वरले कस्तो खालको अनुभवलाई भोग्न चाहनु भएको थियो?

पदः २,३

पदः ५-७

पदः ८,९

पदः १०

जब परमेश्वरले हामीलाई पश्चाताप गराएर उहाँतिर फर्काउनुहुन्छ त्यस बेला हामीलाई दुइ खालका जिज्ञासाहरू खुलासा गरिएको उक्त कथाले बताउँछन्। प्रथमतः परमेश्वरले हाम्रो जीवनमा कस्तो काम गरिरहनुभएको छ सो थाहा नपाएको हुनाले उहाँ प्रति हाम्रो भ्रम पैदा हुनसक्दछ। जब इस्रायलीहरूले कठिन र पीडादायी अनुभव गरिरहेका थिए त्यसबेला उनीहरूको उद्धारको लागि परमेश्वर कार्यरत हुनुभएको थियो भन्ने तथ्य बुझ्न गाऱ्हो भएको होला। हाम्रो बाटो वरिपरि तिखा काँडाहरूले घेराउ गरिरहेको बेला अथवा हामी फुत्कन नस्कने पर्खाल भित्र परेर अब कहाँ जाने (पद ६) भनेर अन्यौलमा पर्दा हामी सोच्न सक्छौं- परमेश्वर कहाँ हुनुहुन्छ? जब हाम्रो आधारभूत आवश्यकता नै गुमाएको हुन्छौ र अरूको अगाडि लाजमर्दो हुँदा त्यस दुःखद समयमा परमपिता हाम्रो साथमा हुनुभएको थियो होला? हामी जुनसुकै भ्रामिक कसरतमा परेतापनि हामी पश्चाताप गरून र उहाँतिर फर्केर आउन भनेर परमेश्वर हरदम कार्यरत हुनुहुन्छ भनेर बाइबलले देखाउन खोजेको यथार्थ सत्य यही हो किनभने परमेश्वरले हामीलाई औधि माया गर्नुहुन्छ।

दोश्रो, जब परमेश्वर कार्यरत हुनुहुन्छ उहाँलाई नबुझेको कारण उहाँ प्रति भ्रमात्मक भावना उब्जने संकट देखापर्न सक्दछ। हुनसक्छ हाम्रो संकटको घडीमा परमेश्वरको हात छ भनेर स्वीकार गर्छौं होला, तर उहाँले के गरिरहनुभएको छ त्यो हामीलाई मन नपर्ने हुनसक्दछ। मनमा चोट लागेर चित्त दुखाइरहेको बेलामा वा कसैले हामीलाई लाजमर्दो अवस्थामा पार्दा परमेश्वर कस्तो निर्दयी हुनुहुन्दो रहेछ भनी दोष दिन कति सजिलो छ। यस्तो संकष्टमा परमेश्वरले किन हस्तक्षेप गर्नुभएन वा हामीलाई वास्ता नै गर्नुभएन भन्ने कुरा खेलाएर सजिलैसँग विश्वासमा आँच ल्याउन सक्दछौं। तर परमेश्वरले प्रेम गर्छु भनेर वाचा गर्नुभएको कारणले हामीलाई नवजीवनको प्रक्रियामा ढाल्न उहाँ हरदम प्रयत्नशिल हुनुहुन्छ।

होशे २:१४-२३ पढ्नुहोस्। यसले हामीप्रति परमेश्वरको स्वभाव कसरी चित्रण गरिएको छ? तपाईंको जीवनको कुनै भागहरू परमेश्वरबाट टाडा हुनगइरहेको छ कि भनेर देखाउन पवित्र आत्मासँग समझशक्ति माग्नुहोस्। यदि अहिले नै पवित्र आत्माले यसरी हिंड्नुपर्छ भनेर देखाउनुभएको छ भने त्यस मार्ग हिंड्नुहोस्, जानाजानी अग्नि परीक्षामा आफूलाई किन पार्नुहुन्छ? सारा जीवनका भागहरूलाई परमेश्वरमा समर्पण गर्नबाट तपाईंलाई कसले रोकिरहको छ?

## ३. उपासनाद्वारा आफुलाई जीवित राख्नु

अयुब १:६-२:१० पढ्नुहोस्। अयुबलाई महासंकष्ट किन आयो?

यहाँ केही अचम्मलाग्दा कुराहरू छन्। स्वर्गदूतहरू परमेश्वरलाई भेट्न आए र शैतान पनि उनीहरूसँग आउँछ। परमेश्वरले शैतानलाई ऊ कहाँ थियो भनेर सोध्नुहुन्छ तर उसले यसरी जवाफ दिन्छ, "पृथ्वीमा यता उति घुमफिर गर्दैछु।" (पद ७)। अनि परमेश्वरले यो जिज्ञासा राख्नुहुन्छः "के तिमीलाई मेरो उपासक अयुबको बारेमा केही सोचेका छौ?" (पद ८)। प्रश्न आफै त्यस्तो असाधारण थिएन तर परमेश्वरले नै सोध्नुभएकोले यो उल्लेखनीय हुनआउँछ। शैतानले अयुबको बारेमा जिज्ञासा राखेको होइन तर परमेश्वरले। परमेश्वरलाई ठीक के हुने हो भनेर थाहा पाएर नै अयुबको बारेमा शैतानको ध्यानार्कषण् गर्नुहुन्छ। तल

पृथ्वीमा अयुबलाई उनको कस्तो अग्नि परीक्षा हुन्छ भनेर रातभर पनि थाहा थिएन। र परमेश्वरले होइन बरू शैतानले अयुबलाई महासंकष्ट ल्याएको हामीलाई स्पष्ट भएको छ। अयुबको सारा सम्पती, सन्तान र उसको आफ्नै शरीरलाई पनि भयानक पिडा ल्याउन परमेश्वरले शैतानलाई अनुमती दिनुभएको स्पष्ट पारेको छ। यदि परमेश्वरले नै अयुबलाई दुःख दिन अनुमती दिनुभएको छ भने शैतान वा परमेश्वरले जसले दुःख दिए पनि यसमा के फरक छ र? परमेश्वरले शैतानलाई अयुबलाई दुःख दिन क्रियाशिल हुनुभएको छ भने त्यस परमेश्वरलाई धर्मी र पवित्र कसरी भन्ने? के यो विशेष परिस्थिति हो वा आज पनि परमेश्वरले हामीलाई यसरी नै व्यवहार गरिरहनुभएको छ?

अयुब १:२०,२१ मा अयुबले आफ्नो महादुःखलाई कसरी प्रतिक्रिया व्यक्त गर्दछ?

यस्तो संकष्टको बेलामा मानिसले दुई किसिमले प्रतिक्रिया अभिव्यक्त गर्न सक्दछन्। यस्तो समयमा रीस र कटु देखाएर परमेश्वर निर्दयी वा उहाँको अस्तित्व छैन भनेर उहाँसँग चिढिन पनि सक्दछौ वा जेसुकै भएतापनि परमेश्वरमा पुरा भरोसा राखेर उहाँलाई बलियोसँग पकडि राख्न पनि सक्दछौं। अयुबले आफ्नो महासंकष्टलाई परमेश्वरमै सुम्पिएर उहाँको साथमा रहेर उपासना गर्दछन्।

अयुब १:२०,२१ मा महादुःख परेको बेलामा अयुबले देखाएको परमेश्वरप्रति भक्ति देखाउन तीन उपायहरू व्यक्त गरेर परमेश्वरको उपासना गरेको पाउँछौं। प्रथमतः अयुबले आफ्नो निरिहलाई सकार्छ र संसारमा उसले आफ्नो भन्नु केही छैन भनेर स्वीकार गर्दछः "आफ्नो आमाको गर्भबाट नाङ्गै आएँ र नाङ्गै जानेछु " (पद २१) दोश्रो अयुबले यो दावि गर्न छोड्दैन " सबै कुरा अझ पनि परमेश्वरकै मातहतमा छन्। परमेश्वरले दिनुभयो र परमेश्वरले खोस्नुभयो" (पद २१)। तेश्रो अयुबले परमेश्वर धर्मी हुनुहुन्छ भनेर आफ्नो प्रतिबद्धता यसरी व्यक्त गर्दछ, "परमेश्वरको नाउँको जय होस् " (पद २१)।

हुनसक्छ, तपाईं पनि दुखमा परिरहनुभएको होला। अयुबको मनस्थितिलाई पछ्याउनु भयो भने तपाईंलाई कसरी मद्दत हुनसक्दछ?

## ४. आशालाई बोकेर जीउनु

"भाई हो, हामीले एशियामा भोगेका दुःखको विषयमा तिमीहरू अजान रहो भन्ने हामी चाहन्दैनौं। किनभने हामी सहन नसक्ने किसिमले यति साह्रो मिचिएका थियौं, कि जीवनदेखि हामीले हरेक खाइसकेका थियौं। हामिलाई त मृत्युदण्ड नै पाएझैं लागेको थियो। हामी आफैमाथि होइन तर मृतकहरूलाई जीवन दिई उठाउनुहुने परमेश्वरमाथि हामी भर परौं भनेर यो हुन आयो।" १ कोरन्थी १:८,९।

परमेश्वरले चुन्नुभएको पावल प्रेरितले अरूले भन्दा धेरै दुःख कष्ट भोग्नु परेको थियो। तर पावल हतास, निराश भएर दबिएन। बरु परमेश्वरलाई प्रशंसा गर्न अझ सुरो भयो। २ कोरन्थीहरूलाई ११:२३-२९ मा उसले कस्तो महा संकष्टहरू भोगेका थिए सो पढ्नुहोस्। त्यसपछि २ कोरन्थीहरूलाई १:३-११ पढ्नुहोस्।

परमेश्वरको करुणा र सान्त्वना हामीले किन पाएकाछौं भनेर पद ४ मा यसरी व्यक्त गर्दछ, "किनभने हामी जस्तै दुःख पाएकाहरूलाई परमेश्वरबाट पाएको सान्त्वना उनीहरूलाई पनि दिन सकौं भनेर हामीले दुःख पाएका हौं।" कति हद सम्म दुःख पनि परमेश्वरको सेवाको लागि परिचालन गरिन्छ? यी दुःखको सम्भाव्यतालाई परमेश्वरको महिमाको लागि उपयोग गर्न हामी कतिको सचेत हुनुपर्दछ?

हामीले चित्त दुःखाएको बेला मानिसहरूको सेवा गरोस् भनेर परमेश्वर चाहनुहुन्छ। (कसैले भनेका छन् "परोपकार नै सबै धर्म हो।" महात्मा गान्धीले भनेका छन्, "मानिसको सेवा गर्नु नै परमेश्वरको सेवा गर्नु हो"

त्यसै गरि मदर तेरेसाले भनेकी थिई, “दुःखी मानिसको अनुहारमा म येशूलाई देख्दछु" )। यसको अर्थ हामीले पनि प्रथमतः त्यहि दुःख भोग्न परमेश्वरले उपेक्षा गर्न सक्नुहुन्छ। अनि हामीले पनि अरूलाई कुनै वैचारिक वा दार्शनिक भाषणबाट होइन हाम्रो आफ्नै अनुभवद्वारा दया, सान्त्वना, सहानुभूति र करुणा दिएर हौसला प्रदान गर्न सक्ने हुन्छौं। यो येशूकै पथ हुन् जुन हामीले अनुसरण गर्नु नितान्त आवश्यक छ (हेर्नुहोस् हिब्रू ४:१५)।

पावलले जुन स्पष्टसँग आफ्नो दुःख कष्टको वर्णन गरे त्यसलाई हामीले “विचरा पावल" भनेर दुःख मनाउ गर्नको लागि होइन। यी वर्णनलाई किन उल्लेख गरिएको छ भने हामी जतिसुकै गहिरो खाल्डोमा पुगे पनि परमेश्वर पिताले हामीमा उहाँको करुणा र सान्त्वना जगाउन उहाँले हस्तक्षेप गर्नुहुन्छ। हामी जीवनदेखि हतास निराश भएर जीवन नै गुमाएतापनि हामी डराउनुपर्दैन किनभने परमेश्वरले हामीले उहाँमाथि पूर्ण भरोसा राखुन् भनेर उहाँले हामीलाई सिकाइरहनुभएको महसुस गर्नुपर्दछ। त्यस परमेश्वरमा पुरा भरोसा र निष्ठा राख्नु पर्दछ किनभने हामीलाई उहाँले मृत्युबाट बौरी उठाउनुहुन्छ" (२ कोरन्थी १:९)।

जब पावलले आफ्नो आँखा सुसमाचार सुनाउन तल्लिन भएर त्यसतिर गाभिएका थिए उसलाई थाहा थियो परमेश्वरले भविष्यमा उनको उद्धार गर्नुहुन्छ। अनेक भयानक कष्ट र दुःखको बेलामा पनि पावल निष्ठावान, आस्थावान र मजबुत भएर बस्नुको तीन कारणहरू २ कोरन्थी १:१० मा दिइएका छन्। प्रथमतः परमेश्वरले प्रमाण गर्नुभएको लेखालेः “उहाँले हामीलाई मृत्युको घण्टा र खतराबाट जोगाउनुभएको थियो र फेरि हाम्रो उद्धार गर्नुहुनेछ" (पद १०)। दोश्रोः मृत्युकै मुखमा पर्नुपरेतापनि परमेश्वरमाथि आफुलाई ध्यानमग्न गरिरहन निर्णायक अठोट थियोः “उहाँ माथि नै हाम्रो आशा राखेका छौं जसले गर्दा हामीलाई निरन्तररूपमा परमेश्वरले उद्धार गरिरहनुहुनेछ "(पद १०)। तेश्रो, परमेश्वरका जनहरुले निरन्तररूपमा उनिहरूको लागि अजर विन्ती गरिरहेको कारणलेः “जसरी तपाईंहरूले हाम्रो निम्ति प्रार्थना गरेर सहायता गरिरहनुभएको छ" (पद ११)।

तपाईं दुःख कष्टमा पर्दा दुःखीत मनले सन्तापलाई बोकेर चकनाचूर भएको मनस्थितिमा रहेर अरूले “बिचरा" भनोस् भनेर सहानुभूति खोज्दै नजानुस् भनेर के पावलको संघर्षले सिकउँदैनन् र ?

## ५. अधिकतम् तापमा

परमेश्वरले आफ्ना जनहरू येशूको चरित्र प्रतिविम्ब गरून् र उहाँ जस्तै शुद्ध होउन् भनेर अग्निपरीक्षाद्वारा कसरी खार्नुहुन्छ भनेर धेरै उदाहरणहरू हेर्‍यौं। यद्यपि कतिपय मानिसहरूले यी उदाहरणहरूलाई हेरेर हतास र निराश भएर परमेश्वर कस्तो कठोर र निर्दयी मालिक हुनुहुन्दो रहेछ भन्ने दृष्टिकोण राख्न सक्दछन्। हुनसक्छ कसैले भन्दछन्, “हामीलाई थाहा छ हाम्रो भलाई होस् भनेर परमेश्वर चाहनुहुन्छ तर यी उदाहरणहरूले हामीलाई परमेश्वरको प्रेम स्याहार, संभार गर्नुहुन्छ भनेर देखाउँदैनन्। बरू झट्ट हेर्दा परमेश्वर आतङ्ककारी जस्तो देखिनुहुन्छ। उहाँले जानी जानी हामीलाई निष्ठुर चक्रव्युहमा पार्नुहुन्छ जसले गर्दा हामी निरिह भएर बस्नु पर्दछ। अर्थात् मानौं गैर येशूका विश्वास अनुसार हामीलाई भाग्यको परिवन्धमा परमेश्वरले पार्नुहुन्छ।"

यस पापै पापले भरेका संसारमा जीइरहन्दा यस्ता कतिपय विषयहरूको सामना गर्नुपर्दछ जुन् केही हदसम्म थोरैमात्र बुझ्न सक्छौं भन्ने यथार्थतालाई हामीले नकार्न सक्दैनौं। जब हामी स्वर्गमा पुग्नेछौं त्यसबेला अहिले नबुझेका कुराहरू धेरै प्रष्ट हुनेछन् (१ कोरन्थी ४:५, १३:१२) तर अहिले जुनसुकै तनाव सहेर भएपनि परमेश्वर हाम्रो साथमा हुनुहुन्छ र हाम्रो हितको लागि तल्लिन् हुनुहुन्छ भन्ने विश्वास र आस्थामा रहनुको विकल्प अरू छैन। हाम्रो जीवन तीतो वा अमिलो भएतापनि त्यसलाई परमेश्वरको अनुग्रहको चिनी राखेर जीवनको उचित स्वाद लिएर बस्नु नै हाम्रो कल्याण हुनेछ। हामी कस्तो तनाव वा जीवनमा संघर्षको सामना गर्नुपर्दछ भनेर यशैयाले स्वीकार गर्दछन्।

यशैया ४३:१-७ पढ्नुहोस्। पद २,३ मा यशैयाले भन्दछ परमेश्वरका जनहरू आगो र पानी भएर जानुपर्नेछ भनेर परमेश्वरले भन्नुभएको छ। हामीलाई आउने भिषण खतराको सामना गर्ने प्रतिकको रूपमा देखाएको हुनसक्छ। हामी मरेपछि होइन जीवितै अवस्थामा  लाल सागर र यर्दन नदी पार गर्नुपर्दछ भनेर जनाउ दिएको होला। सुरूमा भयानक र खतरापूर्ण देखाएतापनि त्यसलाई पार गर्दा नयाँ जीवनको अनुभूति पाउनसक्दछौं। परमेश्वरले आफ्नो जनहरूलाई सुरक्षा प्रदान गर्दै यस्तो खतराबाट नलगी सजिलो बाटोबाट लगोस् भनेर तपाईं अपेक्षा गर्नुहोला। तर भजन २३ का गोठालोले झैं परमेश्वर भन्नुहुन्छ जब कठिन समयहरूको सामना गर्नु पर्दछ परमेश्वरका जनहरू हतास र निराश भएर ढल्नुपर्छ भन्ने छैन किनभने परमेश्वर उनीहरूको साथमा हुनुहुन्छ।

यशैया ४३:१-७ पढ्नुहोस्। जब हामी पानी र आगो पार गर्दै जान्छौं त्यसबेला परमेश्वरले हामीलाई विभिन्न किसिमबाट कसरी सहायता दिनुहुन्छ वा पार गराउन क्षमता दिनुहुन्छ भनेर ढाढस दिनुहुन्छ सो लेख्नुहोस्। यसले तपाईंको दृष्टिकोणमा परमेश्वरलाई कसरी चित्रण गर्नुहुन्छ?  तपाईंको जीवनमा परमेश्वरका कुन वाचाहरूको दावि गर्नुहुन्छ?

परमेश्वरले हामीलाई अग्निपरीक्षा आउन दिने अनुमतिबाट के तीन कुराहरू सिक्दछौं भनेर संक्षेपमा भन्न सक्दछौं। प्रथमतः हामीले सहनुपर्ने आगोको अधिकतम् ज्वालाले हामीलाई होइन तर पापलाई जलाउनको लागि हो। दोश्रो परमेश्वरले ल्याउन दिने अधिकतम् तापले हामीलाई नाजुक बनाउन होइन तर सृष्टिको सुरूमा सृजिएको अनुसार हामी शुद्ध होऔं भनेर खार्नको लागि हो। तेश्रो यी सबै अग्नीपरीक्षा वा कठोर जीवन लिएर यस संसारमा बस्नु परेतापनि परमेश्वरले हामीलाई देखाउने माया र हित निरन्तर भइरहन्छ- हामीलाई जे भएतापनि उहाँले हामीलाई कहिल्यै एक्लो छोड्नुहुन्न।

यी उल्लेखित पदहरूले परमेश्वरलाई कसरी चित्रण गरिएको छ र हाम्रो जीवनमा उहाँ कसरी कार्यरत हुनुहुन्छ भनेर देखाउँछ? भजन १०३:१३,१४, मत्ती २८:२०, १ कोरन्थी १०:१३, १ पत्रुस १:७। तपाईंकै आफ्नो जीवनमा यी पदहरूले देखाएको प्रतिज्ञाहरूलाई कसरी अनुभव गर्न सक्नुभएको छ ?

## उपसंहारः

अरू जानकारीको लागि पढ्नुहोस्: एलेन जि ह्वाईट, *पेट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १४५-१५५, *टेस्टिमोनिज् फर द चर्च, ठेली* ५, पृ. ३१५-३१९।

"परमेश्वरले उहाँको जनहरूलाई दुःखकष्टको ज्वालामा प्रायजसो पार्नुभएको हामी पाएका छौं। अग्नि ज्वालाको तापमा नै ईसाई चरित्रको सुनलाई खारेर कसरहरू निकालिन्छन्। प्रभु येशूले ती निगरानी गर्नुहुन्छ। अमुल्य धातुलाई कसरी शुद्ध गर्नुपर्छ भनेर उहाँलाई थाहा छ जसले गर्दा उहाँको उज्ज्वल प्रेमिलो अनुहार तिनीहरूको चरित्रले प्रतिविम्ब गर्नसक्दछ। परमेश्वरले नजिकै राखेर र दुःखको परीक्षाद्वारा उहाँका सेवकहरूलाई अनुशासनमा राख्नु हुन्छ। कति मानिसहरूमा शक्ति संचय भएको परमेश्वरले पाउनुहुन्छ जसले उहाँको काम अघि बढाउन टेवा मिल्दछ, र यस्ता मानिसहरूलाई परीक्षाद्वारा पार गराउनुहुन्छ। उहाँले यिनीहरूलाई यस्तो स्थितिमा ल्याउनुहुन्छ जसले गर्दा उनीहरूको चरित्रको परीक्षा हुन्छ .....तिनीहरूले आफ्नो कमजोरको महसुस गरेको परमेश्वर चाहनुहुन्छ र उहाँमाथि नै भरोसा राखेको सिकाउन चाहनुहुन्छ। यसरी उहाँको लक्ष्य पुरा हुन्छ। परमेश्वरले तिनीहरूलाई शिक्षित बनाउनुहुन्छ, तालिम दिनुहुन्छ र अनुशासनमा राख्नुहुन्छ अनि तिनीहरूलाई शक्तिसम्पन्न गराएर उहाँको महान सदिच्छा पुरा गर्नुहुन्छ।"- एलेन जि ह्वाईट, *पेट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १२९-१३०।

"यदि परमेश्वरको सदिच्छा अनुसार दुःख कष्ट सहनुपर्छ भने त्यस क्रुसलाई स्वीकार गरौं र तीतो कचौराबाट पिउन नछोडौं, यो सम्झौं त्यो कचौरालाई परमेश्वर पिताकै हातले हाम्रो मुखमा ल्याउनुहुन्छ। रातको अंधकारमा होस् वा दिनको उज्यालोमा होस् परमेश्वरमाथि आस्था र भरोसा राखौं। हामीलाई चाहिने सबै असल कुरा परमेश्वरले दिनुहुन्छ भनेर विश्वास नगर्ने?.....हाम्रो जीवनको अंधकारमा पनि हाम्रो हृदय र आवाजलाई कृतज्ञले भरिएर उहाँलाई महिमा किन नदिने, जब हाम्रो लागि उहाँको प्रेम कलभरी क्रुसमा अभिव्यक्त गर्नुभएको सम्झन्छौं।"-एलेन जि ह्वाईट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ५, पृ. ३१६।

चिन्तनमननः-

क. अब्राहमले जस्तै परीक्षामा पर्दा कस्तो आभास भएको थियो, सो विश्वासीहरू मिलेर छलफल गर्नुहोस् र आफुहरूको अनुभवको सफलता र असफलताले एक आपसलाई कसरी हौसलता प्रदान गर्छ, त्यस्को फायदा उठाउनुहोस्।

ख. येशूको अन्तिम २४ घण्टाको समीक्षा गर्नुहोस्। येशूले कस्तो महान् अग्निपरीक्षा भोग्नुभयो? उहाँले अपनाउनुभएको नितिलाई हामीले कसरी उदाहरणको रूपमा लिएर हाम्रै जीवनको अग्नि परीक्षामा अनुसरण गर्ने?

ग. यस अध्यायमा व्यक्त गरेका हामीले दुःख पायौं भने अरूको दुःख बुझेर उसको सेवा गर्नसक्छौं भन्ने मर्मलाई ध्यान गर्नुहोस्। यो धारणामा यथार्थता भएतापनि यसलाई अपनाउँदा के समस्याहरू आउन सक्छ सो को समीक्षा गर्नुहोस्।

घ. एलेन जि ह्वाईटले लेख्नुभएको अभिव्यक्त हामीले अगाडि हेर्‍यौंः "चाहे रातको अन्धकारमा होस् चाहे दिनको उज्यालोमा होस्, हामीले उहाँमाथी भरोसा राखीरहनु नै हाम्रोलागि कल्याण हुन्छ।" यो भन्न सजिलो छ तर पालन गर्न सजिलो छैन। तर हामी एक आपसको सहयोगद्वारा त्यस्तो खालको आस्था, निष्ठा र भरोसाको अभिवृद्धि गर्न सक्दछौं। खराब समय वा अग्नि परीक्षामा होमिंदा पनि परमेश्वरमाथि भरोसा राख्नु अति जरुरी छ, किन तपाईंलाई थाहा छ?

भाग ६

# सारा सामर्थ्य र बललाई जुटाएर संघर्षमा लागि रहनु

यस अध्ययनको लागि पढ्नुहोस्: उत्पति ३२, मत्ति ५:२९, युहन्ना १६:५-१५, कलस्सी १:२८,२९, १ पत्रुस १:१३।

**स्मरण गर्नुपर्ने पद: "मेरो अन्तस्करणमा उहाँले नै जोडसँग प्रेरणा दिनुभएको शक्ति अनुसार म यसैको निम्ति कठोर परिश्रम गर्दछु।" कलस्सी १:२९**

टेलिभिजनमा एक जना स्त्री र अर्को जना पुरुषलाईसँगै राखेर अन्तरवार्ता लिइरहेको थियो। दुवैले आफ्ना बालकको हत्या भएको अनुभव गरेका थिए। त्यस स्त्रीको छोरालाई बीस वर्ष अघि मारिएको थियो र जसको फलस्वरुप उनको रिस, प्रतिशोधको भावना र विषवमन अति चर्को थियो। तर पुरुष त्यसको ठ्याक्कै उल्टो थियो। केही वर्ष अघि उनको छोरीलाई आतंङ्ककारीहरूले निर्मपपुर्वक हत्या गरेका थिए। उसले ती हत्याराहरूप्रति क्षमाशिल भएर आफ्नो कुरा राखे र भने परमेश्वरले उसको जीवनको बेदनालाई कसरी परिवर्तन गर्नुभयो भनेर वर्णन गरे। जुनसुकै भयानक बेदना वा डाहाले पोलेतापनि त्यो मानिसले आफुलाई एक अनुकरणीय उदाहणको रुपमा प्रस्तुत गरे, जसले यो देखायो जीवनको अति अन्धकारमा पनि परमेश्वरले त्यस आघातलाई चँगाई गर्नसक्नुहुन्छ।

दुबैले एउटै खालका अनुभव गरेका थिए तर दुबैले त्यस कष्टकर अनुभवलाई दुई किसिमले ग्रहण गरे। यो कसरी भयो? ईसाईको जीवनमा आत्मिक परिवर्तन आउन दिएर अग्नि परीक्षालाई पार गर्न कसरी सामर्थ प्रदान गरिन्छ जसले गर्दा जीवनमा आइपर्ने दुष्ट वा खराबले उसलाई नियन्त्रण गरेर उसलाई बीचलित नबनाओस् ?

यस अध्यायको झलकः हामी आफ्नो स्वार्थता र अधर्मी वा पापसँग संघर्ष गरिरहँदा हाम्रो ईच्छाशक्ति वा अभिलाषाहरूको भूमिका के हुन्छ? कसरी हाम्रा भावनाहरूले गर्दा हामीले गर्नुपर्ने उचित निर्णयलाई बाँगिन नदिने वा हामी भावनाको वन्धीमा नपर्ने? अग्नि परीक्षामा पनि कसरी हामी सक्तिसंचय गरेर बस्ने र अमुल्य जीवनलाई हतास निराशको धरापमा पारेर खेर नफाल्ने? हामीले कसरी कठिन समयमा पनि हरेस नखाई सहनशीलताको गुणलाई मजबुत पार्ने?

## १. सत्यको आत्मा

"प्रभु मलाई असल बनाउनुहोस्" भनेर कुनै बेला प्रार्थना गर्नुभएको छ, र त्यसको जवाफ न्युन पाउनुभएको छ? परमेश्वरसँग हामीले उहाँको महान परिवर्तन गर्ने शक्तिको प्रार्थना गर्दछौं तर जीवनमा केही हेरफेर नआएको अनुभव पनि गर्दछौं, यो कसरी सम्भव हुन्छ? हामीलाई यो थाहा छ परमेश्वरसँग असिमित अलौकिक शक्तिहरू छन् र तिनीहरूलाई हाम्रो लागि मुफ्तमा परिचालन गर्न सदा ईच्छुक हुनुहुन्छ। साँच्चिकै यसको फायदा हामी उठाउन चाहन्छौं यद्यपि परमेश्वरले दिनुभएको प्रस्तावको तहमा पुग्न असमर्थ भइरहेका हुन्छौं किनभने हाम्रो जीवनमा परिवर्तनको प्रत्याभूति पाएका छैनौं।

किन त? मानिसलाई बेचैन बनाउने एउटा कारण प्रष्ट छः पवित्र आत्मासँग हाम्रो जीवनलाई परमेश्वरको ईच्छामा रुपान्तर गर्ने असिमित शक्ति भएतापनि त्यसलाई हाम्रो रोजाईहरूले सिमित पार्न सक्दछ। परमेश्वरले हामीले अनुसरण गरेको प्राथमिकतालाई बलजफ्ती हस्तक्षेप गर्नुहुन्न।

युहन्ना १६:५-१५ पढ्नुहोस्। यस अंशमा येशूले पवित्र आत्मालाई सत्यको आत्मा भन्नु भएको छ (पद १३)। येशूको यस धारणाले हाम्रो जीवनमा पवित्र आत्माले कसरी परिचालन गर्न सकिन्छ भनेर बताउँछ?

पवित्र आत्माले हाम्रो पापको यथार्थतालाई औंल्याउनुहुन्छ, तर यो याद गर्नुहोस् उहाँले हामीलाई पश्चाताप गराउन सक्नुहुन्न। परमेश्वरको महान् सत्यतालाई उहाँले देखाउन सक्नुहुन्छ, तर उहाँले हाम्रो इच्छा विपरित उहाँमाथि श्रद्धा राख्न र उहाँको आज्ञाहरू पालन गराउन बलजफत गर्नुहुन्न। यदि परमेश्वरले हामीलाई अलिकति पनि बलजफत गरेर उहाँलाई मान्न खोज्नु भयो भने हाम्रो व्यक्तिगत इच्छाशक्ति वा अभिव्यक्तको स्वतन्त्रता वा स्वतन्त्र वैचारिक अधिकारको हनन् हुन्छ। अनि शैतानले परमेश्वरलाई मानिसको मन र हृदयलाई आफ्नै चतुर्‍याईं साथ परिचालन गर्नुहुन्छ भनेर दोष दिन सक्दछ। परमेश्वर र शैतानको बीचमा भएको महान द्वन्दमा परमेश्वरले चलाकी देखाउनुभयो भनेर आक्षेप लगाउन सक्दछ। जब स्वर्गमा ठुलो बिवाद भयो त्यस समय परमेश्वरले शैतान र स्वर्गदुतहरूलाई आफु न्यायी र असल छु भनेर मानोस भनेर बलजफ्ती गर्नभएनन् न त शैतान र स्वर्गदुतहरूले पछुताउ गरोस भनेर जबरजस्त गर्नुभयो। संसार र परमेश्वरको चरित्रलाई जोखिम पुराउने रूखलाई अदनको बँगैचाको बीचमा स्थापना गर्नु भयो र आदम हवालाई ती रूखको बारेमा यथार्थताको प्रष्ट रूपमा बोध गराउनु भयो तर तर उनीहरूको बिवेकको स्वतन्त्रतामाथि हस्तक्षेप गर्नुभएन। उहाँ चाहनु हुन्थ्यो मानिसले परमेश्वरप्रतिको भक्तिभावको अभिव्यक्त करकापले होइन तर स्वतन्त्र रूपले गरुन्। आज पनि परमेश्वरले त्यस पुर्वज समय भन्दा फरक ढँगले हामीलाई व्यबहार गर्नुहुन्न। यसैकारण परमेश्वरको आत्माले आज पनि परमेश्वर र पापको बारेमा सत्यकुरा उजागर गरेर उहाँले हामीलाई भनिरहनुभएको छ, “जुन दृष्टिकोण मैले प्रस्तुत गरे, अब तिमी के गर्छौ?"

हामी कठोर वा अग्निपरीक्षामा पर्दा पनि त्यही यथार्थता हाम्रो सम्मुख आउँदछ। परमेश्वरको निर्देशनलाई पालन नगर्दा वा पापको लागि पश्चाताप नगर्नाले कहिले काहिँ हामीले दुःख तकलिफलाई निम्त्याउँछौं। यस्तो असमञ्जस र कठोर समय गुजारिरहनु पर्दा हामीले नराम्रो काम गरेको छ भने निरन्तर रूपमा पछुतो मान्नु पर्दछ र परमेश्वरको आज्ञालाई शिरोपर गर्नु पर्दछ जसले गर्दा हाम्रो जीवनमा परमेश्वरको शक्तिले बास गरेर हामीलाई आमूल परिवर्तनको पथमा उहाँले लान सकोस्।

हालसालै सत्यको आत्माले तपाईंलाई केही कुरा बोध गराएको छ? उहाँको आवाजलाई कति ध्यानपूर्वक सुनिरहनुभएको छ? अझ महत्वपूर्ण कुरा त तपाईंले पाउनु भएको स्वतन्त्र इच्छा वा आत्म निर्णयको अधिकारलाई कसरी परिचालन गरिहनुभएको छ?

## २. परमेश्वर र मानिसको संयोग

तपाईंको जीवनमा सब भन्दा महत्वपूर्ण कुनै सफलता हासिल गर्नुभएको छ? तपाईंले जे उपलब्ध गर्नुभयो त्यो विहान उठने बित्तिकै अचानक भएको बीरलै होला। यस जीवनमा कुनै अनमोल लक्ष्य हासिल गर्नु छ भने त्यसको लागि समय र लगनशिलताको आवश्यक पर्दछ। त्यसरि नै येशूमा अनुशासित जीवन बिताउनमा विषेश फरक छैन।

कलस्सी १: २८,२९ पढ्नुहोस्। पावलले भन्दछ परमेश्वर उसमा काम गरिरहनुभएको छ, तापनि परमेश्वरको कामसँग मिलेर जान मानिसको प्रयत्न पनि त्यसमा समावेश भएको हुन्छ भनेर कसरी उसले देखाएको छ? यी पदहरू पनि हेर्नुहोस्: व्यवस्था ४:४, लुका १३:२४, १ कोरन्थी ९:२५, हिब्रु १२:४।

मानिस र परमेश्वर साझा लक्ष्य लिएर कार्यरत गर्दा के हुन सक्छ भनेर पावलले कलस्सी १:२९ मा रोचक अन्तर्दृष्टि प्रस्तुत गर्दछ। उनले भन्दछन् ऊ सँघर्ष गरिरहेको छ-तर परमेश्वरको शक्तिले।

पावलले "परिश्रम" भन्नुको अर्थ "ग्लानी हुने" वा "एकदम नथाकिन्जेल काम गर्नु" भनेर देखाउँछ। यो शव्द प्राय जसो खेलाडीहरूलाई तालिम दिन्दा प्रयोग गरिन्छ। पावलले कठोर परिश्रम वा सँघर्ष गरिरहेको छु भन्दछन्, अरू कुनै भाषामा यसलाई "कष्टकर" भनेर प्रयोग गरेको पाउँछौं। यसरी शाव्दिक चित्रणमा विश्वासी जीवनलाई  जित्नको लागि खेलाडीले कठोर परिश्रमसँग दाँजेको पाउँछौं। तर पावलले उपरोक्त धारणालाई अर्कै पाराले भन्दछ, पावलले आफुसँग भएको भएभरको शक्तिले परिश्रम गरेको होइन तर परमेश्वरले उसलाई दिनुभएको प्रखर उर्जा वा शक्तिले ऊ कार्यरत भइरहेको छ। पावलको सेवाकार्यको लागि हामी साधारण रूपमा यो निश्कर्षमा आउन सक्छौं-उसले जुन परमेश्वरको लागि सेवा गर्नुभएको थियो, अनुशासन र अठोट व्यक्तिगत प्रयासले गर्दछ तर त्यो आफ्नै शक्तिबाट होइन तर परमेश्वरको शक्तिले परिचालन गरेको हुन्छ। यदि येशूको चरित्रलाई हाम्रो जीवनमा उतार्नु छ भने यस्तै सम्वन्धले मात्र उतार्न सकिन्छ।

हामी यस्तो संसारमा गइरहेका छौं कम परिश्रममा धेरै धरै फायदा उठाउन चाहन्छौ र सजिलोसँघ धेरै चाहनाको परिपूर्ति गर्न चाहन्छौं। यस्तै मनस्थिति इसाई जगतमा घुसिरहेका छन्। कतिपय इसाई प्रचारकले यस्तो आश्वासन् दिन्दछ, "यदि तपाईंले विश्वासमात्र गर्नुभयो भने पवित्र आत्मा तपाईंमा अचम्भ र अलौकिक शक्तिले खनिने छ र महान् अदभूत कामहरू गर्न सक्नुहुनेछ।"  तर यो खतरा पूर्ण अर्ध सत्य हुन सक्दछ किनभने यस्तो विश्वासले हामीलाई यस्तो निश्कर्षमा पुऱ्याउँछ, हामी केही नगरी त्यसै बसीरहौं जबसम्म परमेश्वरले उहाँको शक्ति पठाउनुहुन्न। (यस्तो विश्वास गर्दा बाइबलले नमानेका भाग्यको खेल भनेर मानिसलाई अकारिन –चल्नहल्न नदिने-बनाइदिन सक्दछ)।

पावलले भनेको अनुसार शायद तपाईं पनि यस्तै सँघर्ष गर्नुभएको होला, तपाईंलाई कस्तो अनुभव गर्नु भएको छ? तपाईंको हृदयमा परमेश्वरले के लादिनुभएको छ जसले गर्दा तपाईं कठोर परिश्रमको महसुस गरिरहनुभएको छ? कसरी परमेश्वरको सदिच्छामा समर्पित हुन तपाईं सिक्न सक्नुहुन्छ?

### ३. अनुशासित इच्छाशक्ति

हाम्रा इच्छाहरूको शत्रुहरूमा ठुलो शत्रु हाम्रै भावनाहरू हुन्। दिनदिनै हामी यस्ता संस्कारमा जाकिरहेकाछौं जहाँ संचार, बिज्ञापन र विविध मार्गले अनेक किसिमका चित्रहरू र सँगीतहरूको गोलाबारीले हाम्रो चेतनालाई तहस नहस पारिरहेका छन्। यसले गर्दा मानिसहरूमा अनेक किसिमका प्रतिकुल भावनाहरू जस्तै रीस, डर, त्रास, कामुक अभिलाषा आदिले आतंङ्क मचाइरहेका छन्। कतिले त यो महसुस पनि गरेको हुन्दैनन्। कति पटक हामीले भन्छौं "आज बेलुका के खाएर खुसी हुने होला?" "आज के गरे हुन्छ होला?" "यो किनेर मलाई राम्रो होला र?। कुनै पनि निर्णय गर्नु परेमा हाम्रो भावनाहरूलाई घनिष्टरूपमा सरिक गराएका हुन्छौं। भावनाहरू वा आफ्नो स्वतन्त्र चेतनाहरू नराम्रो त होइन तर ती चेतना वा भावनाहरूले ठीक र उत्तम कुराहरूलाई रोज्न सक्छ भन्ने छैन। हाम्रो भावना वा आफ्नै समझशक्तिले हामीलाई धोका दिन सक्दछ ("सबै कुरा भन्दा हाम्रो हृदय धोकेवाज हो" यर्मिया १७:९) र यथार्थतालाई झुठो चित्रण गर्न सक्दछ जसले गर्दा हामी खराब कुराहरूलाई रोज्छौं र आफ्नै बुद्धिले अग्नि परीक्षामा पार्दछौं।

बाइबलमा धेरै यस्ता उदाहरणहरू छन् जसमा मानिसहरूले परमेश्वरका वचनलाई होइन आफ्नै समझशक्तिलाई आधार बनाएर आफ्नो जीवनलाई अघि सारेका थिए। त्यसको फल के भयो त? उदाहरणमा हेर्नुहोस्ः उत्पति ३ः६,२ सामुयल ११ः३,४ गलाती २ः११,१२।

१ पत्रुस १ः१३ पढ्नुहोस्। पत्रुस के कुरामा चिन्तित थिए र उसका पाठकहरूले खासै के गरेको चाहन्छन्?

मगज डुँगा खियाउने काठ जस्तो हो जसले हाम्रो शरीरलाई बसमा राख्दछ भनेर पत्रुसले बुझेका थिए। हाम्रो मगजलाई नियन्त्रणमा नराख्दा अनेक किसिमका हामीतिर बगेका भावनाहरूले नियन्त्रण गर्दछन्। येशू गोठालोको घरमा हामी साँघुरो बाटोबाट गइरहेको कल्पना गरौं। बाटोमा धेरै यस्ता गोरेटोहरू छन् जसले विभिन्न ठाँउमा पुऱ्याउँछन्। कुनै कुनै यी बाटोहरूले यस्ता ठाँउहरूमा पुऱ्याउँछन् जहाँ हामी जान चाहन्नौं। अरू बाटोहरू हेर्दा जाउँ जाउँ जस्तो लाग्दछ किनभने यसले हाम्रो मर्म, भावना, अभिलाषा वा ईच्छालाई छुन्दछन्। यदि ती निर्दिष्ट स्थानमा जाने बाटो बाहेक अरू कुनै बाटो पछ्यायौं भने त्यसबाट फुटकन धेरै मुश्किल हुनसक्दछ।

तपाईंले कुन महत्वपुर्ण निर्णयहरूको सामना गरिरहनुभएको छ? तपाईंले ईमान्दारी पूर्वक आफैलाई सोध्नुहोस्, “के मैले अपनाएका मार्गहरू परमेश्वरको वचनको ख्याल नगरी वा यसलाई उपेक्षा गरी आफ्नै स्वविवेक, भावना, अभिलाषा वा महत्वाकांझामा गइरहेका छन्?"

## ४. आमूल परिवर्तनको लागि प्रतिवद्धता

“यदि तिम्रो दायाँ आँखाले पाप गर्न लगाउँछ भने त्यसलाई निकालेर फेंकिदेउ। तिम्रो सारा शरीर नर्कमा फेंकिनु भन्दा शरीरको एक अंग गुमाउनु उत्तम हुन्छ।" मत्ती ५ः२९

येशूका उपरोक्त वचनलाई ध्यानपूर्वक हेर्नुहोस्। के त्यसलाई आमूल परिवर्तन गराउने क्रान्तिकारी विचारधारा भनेर मान्न सकिन्छ? यदि सकिन्छ भने किन?

आत्मिक जीवनमा आमूल परिवर्तनको लागि क्रान्तिकारी विचारधारालाई अपनाएर बैचारिक र आचरण परिवर्तन ल्याउन धेरै जरुरी छ, यद्यपि यो कार्यकिलाप इसाई जीवनलाई अपठ्यारोमा पार्न होइन तर हामी र हाम्रा संस्कृती र संस्कारहरू परमेश्वरको योजनाबाट बीचलन भएर गएको कारणले हो। कति मानिसहरू अचानक बिउँझिएर अचम्भ मानेर यो आभास प्रकट गर्दछन्, “ओ हो म परमेश्वरबाट यति टाडा किन भएछु?" यसको जवाफ प्राय एउटै हुन आउँछ, “ केवल एक एक खुड्किलामा परमेश्वरको आवाजलाई तिरस्कार गर्दै जान्दा।"

मत्ती ५ः२९,३० पढ्नुहोस्। येशूले यौन दुरूपयोग पापको परिप्रेक्ष्यमा बोलिरहनु भएको थियो। तैपनि यसलाई मूल आधार मानेर अरू पापलाई पनि हेर्न सकिन्छ। र यसैगरि येशूका यी आधारभूत मूल शिद्धान्तहरूलाई अपनाउन सक्यौं भने हामी उहाँमा अघि बढ्न सक्दछौं।

उक्त भनाइमा प्रभु येशूले अति महत्वपूर्ण वचन हामीलाई दिन खोज्नुभएको छ, त्यो के हो? के हामीलाई साँचिक्कै अक्षरसरूपमा हामी अपाङ्ग हुनलाई येशूले उक्साउनु भएको हो र?

शारीरिकरूपमा हाम्रो शरीरलाई अपाङ्ग बनाउनु भनेर निर्देशन दिनुभएको कदापि होइन किनभने उहाँले कति शरीरमा दुःख पाएकाहरूलाई स्वस्थ होस् भनेर चँगाई गर्नुभएको थियो। बरू जुनसुकै मुल्य चुकाएर भएतापनि हाम्रो दिमागले हाम्रो शरीरलाई बसमा राख्नु भएको हो। उपरोक्त पदमा यो पनि ध्यानार्कषण् गराउँछ, हामीले परमेश्वरलाई प्रार्थना र विन्ती गरेर उहाँले हाम्रो पापगर्ने प्रवृतिलाई हाम्रो जीवनबाट तुरन्तै

हटाओस् भनेको छैन। कहिलेकाहिँ परमेश्वरको अनुग्रहले यो नभएको पनि होइन, तर प्रायजसो परमेश्वरले हाम्रो जीवनमा आत्मिक क्रान्ति ल्याइ आमूल परिवर्तन गरि उहाँमा प्रतिवद्धता व्यक्त गरोस् जसले गर्दा कति व्यकिगत आचरणहरू त्याग्नु पर्नेहुन्छ जुन सितिमिति मानिसले गर्न चाहन्नन्। आफुलाई मनपर्ने चिजलाई त्यागे परमेश्वरमा रहनु भनेको कति त कठोर परीक्षा पनि हुनसक्दछ। तर जति हामी ठीक  बाटोमा हिँड्न सत्य कुरालाई रोज्दछौं त्यसले हामीलाई बलियो बनाउँदै लैजान्छन् र हामीलाई पापमा फसाउने प्रवृति कमजोर हुन्दै जान्छन्। हाम्रा वरिपरि हल्लाखल्लाले मन बहलाउन दिएर परमेश्वरलाई दिनुपर्ने ध्यानलाई बिथोल्छ भने कहिलेकाहिँ परमेश्वरले कठोर परीक्षाहरू पनि आउन दिनुहुन्छ। यही कष्ट जीवनमा नै हामीले यो महसुस गर्दछौं हामी परमेश्वरबाट कति टाडा गइसकेका रहेछौं जसरी उडन्ता पुत्रको कथामा यो यथार्थता देखाएको छ। यी कठोर अग्नि परीक्षा, हामीले आफ्नो जीवनमा आमूल परिवर्तनको लागि निर्णय गरोस् भनेर परमेश्वरको उपाय हुनसक्छ ताकि परमेश्वर पिताको योजनामा हामी समावेस हुनसकोस्।

## ५. अनवरत चेष्टाको आवश्यकता

उत्पति ३२ मा याकुबले परमेश्वरसँग कुष्ती खेल्नु भएको वर्णन गरिएको छ। अति निराश भएको बेलामा पनि आफ्नो दृढता त्यागनुहुन्न भनेर उपरोक्त घट्नाले कसरी देखाउँछ? यसको जवाफ पूर्व याकुब कुन परिस्थितिको सामना गरिरहेको थियो सो बिचार गर्नुहोस्।

हामीलाई जे ठीक छ र त्यस अनुसार हाम्रो इच्छा शक्तिलाई ठीकसँग परिचालन गर्न त सक्छौं तर यदि हामीमा दवाव र तनावको बातावरण सृजना भयो भने त्यस समयमा परमेश्वरलाई र उहाँको प्रतिज्ञाहरूलाई आलम्वन गरी राख्न मुश्किल हुनसक्छ। किनभने हामी कमजोर छौं र भयभित हुन्छौं। त्यसैकारण येशूका भक्तजनहरूको एक महत्वपूर्ण सत भनेकै अनवरत चेष्टा नै हो। निराश भएर हताहत हुन गइरहेको बेलामा ती सतले हामीलाई थामि राख्दछ।

अनेक कष्टमय जीवन बिताएर पनि अनवरत चेष्टा गर्न नरोक्ने उदाहरणहरूमा याकुब अत्यन्त उल्लेखनिय उदाहरणमा गनिन्छ। धेरै वर्ष अघि याकुबले आफ्नो दाजु एसावलाई धुर्त भएर ठगेका थिए र पछि आफ्नो बाबुलाई धोका दिएर परिवारको हकदार लिएका थिए (उत्पति २७)। त्यसबेला देखि खुनी रिसदेखि डरले भागी रहेका थिए। भाग्ने क्रममा एक रात परमेश्वरले उसलाई स्वर्ग र पृथ्वी छुने भऱ्याङ्गको दर्शन देखाएर अगुवाई र आशिषको प्रतिज्ञा दिनुभएको थियो (उत्पति २८) तैपनि ऊ मानिसै भएको कारणले एसावदेखि आतङ्कित भएका थिए।परमेश्वरले उसको पापलाई क्षमा दिएर धेरै वर्ष अघि ग्रहण गर्नुभएको आश्वासनको लागि ऊ भोको थियो। ऊ चाहन्थ्यो परमेश्वरको प्रतिज्ञा अझ पनि उसको जीवनमा कायम भएको छ। नदीको छेउमा जीवनको अन्धकारदेखि चिन्तित भइरहेको बेलामा अचानक एक पुरुष देखा परे, जो येशू आफै हुनुहुन्थ्यो, तर चिन्तित याकुबले उहाँलाई चिनेन र बैरि आएको भनि उहाँसँग कुष्टी खेल्न थाले। त्यहि कुष्टाकुष्टिमा उसको तिघ्राको माथिल्लो भागको हाड छुट्टियो जसले गर्दा ऊ भिंड्न सकेन किनभने उसलाई सार्है दर्द भइरहेको थियो। यद्यपि ऊ भिड्न नसके पनि उसले अर्कै उपाय अपनाएर येशूलाई जान दिएको थिएन। उसले असह्य दर्दको बावजुद पनि येशूलाई बलजफ्त पकडि रहेको थियो किनभने उसले प्रण गरेको थियो “जबसम्म मैले आशिषको आश्वासन पाउँदैन तवसम्म मरे पनि छोड्दिन।" अनि येशूले उसलाई भन्नुहुन्छ, “झिसमिसै बिहान भयो, मलाई जान देउ।" (उत्पति ३२:२६)। याकुबले कर गरेको कारण उसले येशूबाट आशिष र आश्वासन पाए अनि याकुबले उहाँलाई छोडे त्यसपछि उहाँ अन्तरध्यान हुनुभयो।

दर्द र कष्टलाई ख्याल नराखी याकुबले येशूलाई पकडी राखेको कारण उसले आशिष पाए। दुःख र कष्टमा पनि परमेश्वरमा झुन्डिरहोस भन्नाले कहिले काहिँ परमेश्वरले हाम्रो हाडलाई छुटयाई पनि दिनुहुन्छ। याकुबले दयनिय चोटलाई खप्नुपरेका थिए  किनभने जब उसले आफ्नो दाजुलाई भेटेको बेलामा ऊ खोच्याउँदै

थियो। झट्ट बाहिरबाट हेर्दा याकुबको कमजोरी देखिन्थ्यो यद्यपि उसको लागि यो भयङ्कर शक्तिको प्रदर्शन थियो।

निराश र परीक्षा आइपरेतापनि परमेश्वरसँग निरन्तर रूपमा दृढ राख्न हाम्रो जीवनमा धेरै चुनौतिहरूले मद्दत गर्दछ। मित्रको रोजाइले, जीवन पद्धतिले, पढ्ने कुराको रोजाइले, स्वस्थ जीवनको आचरणले र आत्मिक जीवनले हामी परमेश्वरको मार्गमा प्रतिबद्धतासाथ लम्किरहेका छौं कि छैनौं भनेर देखाउँदछ।

**उपसहारः** अरू जानकारीको लागि पढ्नुहोस्:- एलेन जि ह्वाईट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १९५-२०३, *स्टेपस् टु क्राईष्ट,* पृ. ४३-४८।

मानिसको चरित्रको एक महत्वपूर्ण भाग स्वतन्त्र ईच्छाशक्तिलाई मानिसले पतन भएको बेलामा शैतानलाई सुम्पिएको थियो। त्यसै समय देखि शैतानले मानिसलाई काबुमा राखेर आफ्नै मनोमानी ढँगले परिचालन गरिरहेको छ जसले गर्दा मानिसको अवस्था अत्यन्त दयनीय र बरबाद भइरहेको छ।"-एलेन जि ह्वाईट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. ५१५।

"परमेश्वरबाट सहयोग पाउन मानिसले आफ्नो कमजोर र अभावको महसुस गर्नुपर्दछ। उसले आफ्नो मनलाई ठूलो परिवर्तनको लागि चाहना गर्नुपर्दछ र त्यसतिर ढल्केर हिँड्नुपर्दछ। उसले प्रार्थना र लगनशिलताको लागि अनवरत प्रयत्नमा अग्रसर भइरहनुपर्दछ। गलत आचरण, आनिवानी र संस्कारलाई टकटक्याइ दिनुपर्दछ। यदि हामी विजयी जीवन जीउन चाहन्छौं भने प्रतिवद्धतासाथ यस्ता गलत पद्धतिलाई सच्याउनु पर्दछ र सत्य सिद्धान्तहरू वा सत आचरणमा हिंड्न प्रण गर्नुपर्दछ। कति मानिसहरू उनीहरूको लक्षित अवस्थामा नपुग्न पनि सक्दछ किनभने तिनीहरू त्यहाँ पुग्न परमेश्वरलाई पर्खिरहेको हुन्छ जब तिनीहरूलाई उच्च स्थितिमा पुग्ने अभिभारा र शक्ति परमेश्वरले उनीहरूलाई नै सुम्पिएको हुन्छ तर तिनीहरूले त्यसको उपभोग गर्न चाहन्दैनन्। कोहि मानिस सक्षम र उपयोगी हुन चाहन्छ भने ऊ मानसिक र नैतिकताको कठोर अनुशासनमा रहेर तालिम पाउनुपर्दछ। अनि परमेश्वरले मानिसको शक्तिसँग समावेस भएर आफ्नो अद्वेत शक्तिलाई परिचालन गरि उसको प्रयत्नलाई मद्दत गर्नुहुन्छ।"- एलेन जि ह्वाईट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. २४८।

**चिन्तनमननः-** "हाम्रो इच्छा शक्तिलाई अदनको बँगेचामा पतन भएको समयमा शैतानलाई सुम्पिएको थियो" भन्ने धारणासँग तपाईं कति सहमत हुनुहुन्छ व बुझ्नुहुन्छ? हाम्रो दृष्टिलाई येशूको चरित्रमा पर्दा हामी कतिका गिरेका छौं भनेर राम्रोसँग बुझ्न सक्दछौं र हामी पतित मानिसको जातलाई परमेश्वरको महान अनुग्रह दिनुभएकोमा कति हर्षित हुनुपर्दछ, के त्यसको महसुस गर्नुभएको छ?

क. गेतसमनीको बँगैचामा येशूको कष्टलाई मनन गर्नुहोस् (मत्ती २६:३६-४३)। परमेश्वरको इच्छासँग बेमैल खाने येशूको इच्छा र भावना कस्तो थियो ? यस उदाहरणबाट के सिक्न सक्दछौं?

ख. हाम्रो संस्कारमा यस्ता कुराहरू छन् जसले हाम्रो प्रतिरक्षालाई छिया छिया पार्न सक्दछ र शैतानले हामीलाई हमला गरि उसको मुठ्ठीमा पार्न सक्दछन्। विश्वासीहरूमा यस विषयलाई लिएर छलफल गरियोस् र यस्तो खतरा देखि चर्चका विश्वासीहरूलाई कसरी सजग गराउने र चाह्यो भने कसरी मद्दत गर्न सकिन्छ भन्ने बाटो खोजोस्।

ग. तपाईंको चर्चमा कुनै यस्तो व्यक्ति छन् जो धेरै समयदेखि आएका छैनन् र परमेश्वरलाई त्याग्न खोजिरहेका छन् वा त्यागिसकेका छन्? व्यक्तिगत वा सामुहिक रूपमा त्यस्तो व्यक्तिलाई येशूमाथिको आस्था नछुटोस् भनी कसरी मद्दत गर्न सक्नुहुन्छ? केही यस्ता व्यवहारिक सुझावहरू छन् जसले परमेश्वरदेखि र जीवनदेखि निराश भएकालाई उकास्न सक्दछन्?

## अध्याय ७

# अविनाशी आशा

यस अध्ययनको लागि पढ्नुहोस्: अयुब ३८-४१, यशैया ४१:८-१४, यर्मिया २९:१-१०, हबकुक १:१-४, हिब्रु १२:१-१३।

**स्मरण गर्नु पर्ने पदः "आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।" रोमी ५:५।**

हँसिलो र उज्यालो अनुहार भएका विश्वासीहरूले चर्च खचाखच भएको छ भने आशाको बारेमा गीत गाउन र प्रवचन दिन धेरै सहज हुन्छ। जब हामी असहज परिस्थिति गुजारेर बसिरहेका छौं भने आशा त्यसरी चम्किरहेको देख्दैनौं। दुःख, तक्लिफ आउँदा र विश्वासीहरूकैबाट नकरात्मक व्यवहार खप्नु पर्दा हामीलाई प्रश्नहरूको ओइरोले सतावट दिन सक्दछ। "हामीमा परमेश्वरको अगुवाई खोइ?" भनेर उहाँको बुद्धिलाई नै शंकाको घेरामा हाल्दछौं।
इसाई साहित्यकार सि.एस.लिविसको पुस्तक, द लायन, द बीचएण्ड वार्डरोबमा काल्पनिक सिँहको बारेमा लेखिएको पाउँछौं। एक जना व्यक्तिले त्यस सिँहलाई भेट्न इच्छुक गरेका थिए तर सोध्छ, "के त्यो सिँहले झम्टिन्दैन?" उसको प्रत्युत्तर यसरी पाउँछ, " त्यसतो डरलाग्दो त छैन तर आइपऱ्यो भने झम्टिन पनि सक्छ तर ऊ असल र भलादमी  सिँह हो।"
परमेश्वरको बारेमा सधैं हामी बुझ्न सक्दैनौं र कहिले काहिँ हामीले अपेक्षा नगरेका कुराहरूको सामना गर्नुपर्दा उहाँ प्रति सशंङ्कित बन्न पुगेतापनि परमेश्वर हाम्रो खिलाफमा हुनुहुन्न भनेर यकिन हुनुपर्दछ। हाम्रो परिधिभन्दा बाहिर के भइरहेको छ सो हामीलाई थाहा नभएको मात्र हो। परमेश्वरलाई बुझ्नु पर्दछ र हामीमाथि उहाँको स्नेह देखावटी होइन भन्ने ज्ञान प्राप्त भयो भने हामीमा शान्ति, आत्मविश्वास र आशा हुन्छ भन्ने विश्वासलाई आत्मसाथ गर्न संघर्ष गरिरहेका हुन्छौं। हाम्रो अवधारणामा परमेश्वरले केही हानी गर्नुहुन्न र उहाँका हामी सुरक्षित छौं भन्ने आस्थाको जागरण हुनुपर्दछ। नत्रभने हामीमा निराशका बादले सजिलैसँग छोप्न सक्दछ।

यस अध्ययनको झलकः यदि परमेश्वरको चरित्रलाई हामीले बुझ्न सक्यौं भने मात्र हामी जुनसुकै अग्नी वा कठोर परीक्षामा पर्दा आशालाई पल्हाइ राख्न सक्दछौं।

### १. बृहत चित्रको परिधि भित्र

हामीलाई दुःख परेको बेला हाम्रो दुःखलाई मात्र सम्झिरहनु धेरै सजिलो छ। तर दुःख परिरहेको बेला म बाहेक अरू पनि समावेस भएको छ भनेर केही हदसम्म देखाउने बृहत चित्रलाई हेर्न सकिन्छ। हेर्नुहोस् प्रकाश १२:७, रोमी ८:२२।
हबकुक १:१-४ पढ्नुहोस्। परमेश्वरका सिद्धवक्ता हबकुकले के सामना गर्नु पऱ्यो? परमेश्वरको आफ्नै सिद्धवक्ताले नराम्रो परिस्थिति भोग्नु पर्दा शायद उहाँले यसो भन्नु भयो भनेर अपेक्षा गर्नुभएको होला, "हबकुक, यो एकदम नराम्रो। म अहिल्यै नै आएर तिमीलाई राहत दिन्छु।" तर परमेश्वरले त्यस्तो आश्वासन दिनुभएन बरु त्यसको ठीक  उल्टो भन्नुभयो। हबकुकलाई अझ नराम्रो आइलाग्छ भनेर उहाँले भन्नुहुन्छ। यो हबकुक १:५-११ मा उल्लेख गरिएको छ, पढ्नुहोस्।
असेरियाका सम्राटले इस्रायलीहरूलाई युद्धबन्धी बनाएर लगेका थिए। तर यो भन्दा खराब व्यहोर्नु पर्नेछ भनेर परमेश्वरले भन्नुहुन्छ।अब बेबिलोनीहरूले यहुदाका जनतालाई बन्धी बनाएर लान्छ भनेर परमेश्वर भन्नुहुन्छ।

हबकुकले त्यो असह्य वेदना खप्न नसकी पद १२-१७ मा उसको क्रन्दन कोर्दछ र अव परमेश्वरले के भन्नुहुनेछ भनेर पर्खन्छ।
बेबिलोनको पतन र नाश हुन्छ भनेर परमेश्वरले छुस्स भन्नुभएको आधारमा हबकुकले कसरी आश्वासन प्राप्त गर्दछ? हेर्नुहोस् हबकुक २:२,३।

बेबिलोनको नाश हुन्छ भनेर हबकुक २ मा परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो। त्यस हबकुक २:३ लाई उदृध गर्दै पावलले हिब्रु १०:३७ त्यो वचन भविष्यबाणी हो जसमा मसिहको आगमनको मनशाय व्यक्त गरिएको छ। जसरी महान बेबलोन शहरको नाश हुन्छ भनेर निश्चित भविष्यबाणी गरिएको छ त्यसै गरी परमेश्वरको बैरि महान बेबिलोनको पनि समाप्त हुन्छ भनेर हामीले पूर्ण आभास प्राप्त गर्दछौं। हेर्नुहोस् प्रकाश १८:२।
वरिपरि दुष्टहरूको घेरामा हुँदा हुँदै र अझ बढि कष्ट हुन्छ भनेर भन्नुभएको परमेश्वरको वचनमा पर्दा हबकुक धरापमा परेको महसुस गरेको थियो। मुक्तिको कथामा हामी पनि यही यथार्थको परिधि भित्र परिरहेका हुन्छौं। हामी शैतान र दुःष्टको घेरामा छौं। बाइबलले अझ भन्छ झन नराम्रो समय आउनेछन्। हबकुकले महान कष्टको सम्पूर्ण चित्रलाई देखेका थिए जसले गर्दा उनले बाँच्ने आधार पाए। जसको फलस्वरूप हबकुकले ३ अध्यायमा असाधारण प्रसंसाको प्रार्थना परमेश्वरलाई चढाउँछ किनभने भविष्यमा परमेश्वरले के गर्नुहुनेछ भन्ने ज्ञानको बोध उसलाई भएको थियो।
हबकुक ३:१६-१९ पढ्नुहोस्। हबकुकले उनको आशाको किरण कसमा भेट्टाए ? हामी परमेश्वरको जन भनेर दावि गर्दछौं र अन्तिम भविष्यबाणीको चित्रहरू खुलासा गरिएको छ, त्यसलाई हामीले कसरी आशाको आधार मानेर जीवनको सार्थकतालाई अग्रसर गराउने ? हबकुकले पाएको आश्वासन वा आसालाई तपाईंले आफ्नै कसरी बनाउन सक्नुहुन्छ?

## २. हाम्रो परमपिता को हुनुहुन्छ?

लेखक वसवाल्डलले परमेश्वरको बारेमा यसरी आफ्नो धारणा राख्दछ, “के तपाईले परमेश्वरलाई, तपाईंले के गर्दै हुनुहुन्छ भनेर सोध्दै हुनुहुन्छ? परमेश्वरले के गर्नुहुन्छ सो उहाँले तपाईंलाई भन्नुहुन्न बरू उहाँ को हुनुहुन्छ भनेर तपाईंको अगाडी प्रकट गर्नुहुन्छ।" –माइ अटमोस्ट फर हिज हाइएस्ट (उहिरिचस्भिल, ओहायोः बारबोर एण्ड कम्पनी, इन्क, १९६३) जनवरी २।

चेम्बरको भनाईको अर्थ के हो?
ठुलो व्यक्तिगत वियोगलाई चित्रण गरेर अयुबको पुस्तक सुरु हुन्छ भनेर हामी सबैलाई थाहा छ। उसको सारा श्रीसम्पती गुमाउँछ आफ्नो सास र पत्नी बाहेक। अयुबको करुणादायी अवस्था देखेर आफ्नी श्रीमतीले असह्य भएर भन्दछिन्, “परमेश्वरले श्राप र मर" (अयुब २:९)। त्यसपछि उसका मित्रहरू आएर झन आगोमा घ्यू थपेर भन्दछ, "तिम्रै पापको कारण यो सबै दुर्गती भयो।" अनि अयुब र साथीहरू बीचवाद प्रतिवाद चल्दछ। ती छलफलमा परमेश्वर मुक भएको देखाएको छ।
अनि अचानक अयुब ३८ मा परमेश्वर देखा पर्नुहुन्छ र बोल्नुहुन्छः “ त्यो को हो, जसले मूर्ख कुराहरू गरेर मेरो सल्लाहलाई धमिल्याउन खोज्छन्?" (पद २)। रोक्दै नरोकी अयुबलाई परमेश्वरले ६० वटा गौण प्रश्नहरू गर्नुहुन्छ। ती जिज्ञासाहरू पढ्न बाइबल पल्टाउनुहोस् र अयुब ३८ र ३९ सरसरती पढ्नुहोस्।
परमेश्वरको प्रश्नको ओइरोले आत्मग्लानी भएर अयुबले जवाफ दिन्दछ, “ म असक्षम् छु, तपाईंको जिज्ञासालाई म कसरी जवाफ दिन सक्छु र? मेरा औंलाहरू मेरो मुखमा राख्दछु। मेले एक फेरा बोलें तपाईंको प्रश्नहरूको जवाफ मसँग छैन- दोश्रो पटक फेरि भन्दछु म केही बोल्दिन।" (अयुब ४०:४,५)। तर परमेश्वर उसँग समाप्त हुनुभएको थिएन। तर परमेश्वरले फेरि सुरु गरेर एक पछि अर्को ठुला प्रश्नहरू राख्नुहुन्छ।

अयुबको अन्तिम प्रतिउत्तर अयुब ४२:१-६ मा पढ्नुहोस्। अयुबलाई परमेश्वरले के भन्न खोजिरहनुभएको थियो र त्यसको प्रभाव अयुबलाई कसरी पऱ्यो?
अयुबका साथीहरूको कुनै पनि किन भन्ने प्रश्नको प्रत्युत्तर परमेश्वरले दिनुभएन। तर परमेश्वरको अतुलनीय महानता सृष्टिको अदभूत कार्यलाई औंल्याएर आफ्नो स्वभावलाई चित्रण गर्नुभएको थियो। यसपछि अयुबलाई परमेश्वरबाट कुनै पनि जवाफको आवश्यकता भएको महसुस भएन। अयुबले खोजेको प्रश्नहरूको वाख्यालाई तेजस्वी परमेश्वरको शक्तिशाली चित्रले ओझेलोमा पारेको थियो।
हुन त अयुबको बृतान्तले आकर्षित विरोधाभासले स्थान लिएको पाउँछौं। हामीले ज्ञानको न्युन अनुभूति पाएको ठाउँबाट आशा र प्रोत्साहनको प्रस्फुट हुनसक्दछ। हाम्रो ज्ञानबाट सबै कुराको जवाफ पाउन चाहना हाम्रो मानविय स्वभाव हो र जब हामीलाई अज्ञानताले निराश वा वैराग पनि बनाउन सक्दछ। त्यसैकारण कहिले काहिँ हाम्रो अज्ञानतालाई विशिष्टरूपमा परमेश्वरले देखाउनु हुन्छ जसले गर्दा हामीले पाउने आत्मसुरक्षा त्यस जीवबाट पाउन् भनेर दिव्यज्ञान प्राप्त गरोस्, जो हामी भन्दा अति महान र ओजस्वी हुनुहुन्छ।
के तपाईंले यस्तो समय गुजारिरहनुभएको छ सो किन भयो भन्ने अलिकति पनि ज्ञान छैन? यदि छ भने परमेश्वरको चरित्र र स्वभावमा ध्यान केन्द्रित गर्नुहोस्। अहिले नबुझेतापनि परमेश्वरमा प्रतिवद्ध रहन यस कदमले कसरी तपाईंलाई ढाढस् प्रदान गर्दछ?

## ३. परम पिता परमेश्वरको सम्मुख

“म परमप्रभु तिम्रो परमेश्वर हुँ, म तिम्रो दाहिने हात समात्छु र तिमीलाई यसो भन्छु, नडरा, म तिमीलाई सहायता गर्नेछु।"- यशैया ४१:१३

कसैले भनेका थिए, “जब परमेश्वर टाढा भएको महसुस भएको बेलामा, अरू सरेको को होला?" जब समस्याले हामीलाई झट्का हान्छ त्यसबेला परमेश्वरले हामीलाई त्यागनु भएको अनुमान गर्दछौं। यथार्थता त यो हो परमेश्वर कहिँ पनि जानु भएको छैन।

जब यहुदीहरू विदेशमा पलायन जीवन बिताइरहेका थिए, त्यस बखत परमेश्वर धेरै टाढा जानु भएको तिनीहरूले महसुस गरेका थिए। यद्यपि भविष्यमा तिनीहरूलाई स्वतन्त्र गर्नुहुनेछ भनेर यशैयाद्वारा परमेश्वरले आश्वासन गर्नुभएको थियो। यरुशलेममा फर्किने प्रक्रिया धेरै बर्ष पछि भएतापनि, तिनीहरूबाट परमेश्वर कहिँ टाढा जानुभएको छैन भन्ने ज्ञान तिनीहरूलाई होस् भनेर परमेश्वर चाहनुहुन्थ्यो। उहाँ चाहनु हुन्थ्यो, यहुदीहरूले उहाँमाथि राख्ने आशामा कुनै कमि नआओस्।

यशैया ४१:८-१४ पढ्नुहोस्। भविष्यमा उद्धारको लागि प्रतिक्षा गरिरहेकाको लागि यी पङ्क्तीमा के आशाका विन्दुहरूलाई पहिचान गर्नुसक्नु भएको छ?

हामी पनि यस संसारमा पलायन भएर बसेका छौं। यो संसार हाम्रो स्वर्ग होइन। (प्रख्यात इसाई धर्मशास्त्री अगष्टिनले भनेका थिए, “यो संसार हाम्रो लागि केवल कोशे ढुँगामात्र हो।") यशैयाले व्यक्त गरेका प्रतिज्ञाहरूमा यस पृथ्विमा भौंतारिएका हामीलाई के आश्वासन् पाउँछौ?

यशैयाको त्यस अभिव्यक्तिमा धेरै शक्तिशाली प्रतिकहरू छन्, ती मध्ये पद १३ उल्लेखनिय छन्। जगतका सर्वोच्च परमेश्वरले आफ्ना जनहरूलाई कुनै किसिमको भय मान्नु आवश्यक छैन भन्नुहुन्छ। किनभने उहाँले नै, “तपाईंको दाहिने हात समातेर डोऱ्याउनुहुन्छ" भनिएको छ। प्रकाशको गति भन्दा खरबौं टाढा रहनुभएका परमेश्वरले यस पृथ्विलाई (जसलाई एक जना बैज्ञानिकले भनेका थिए समुद्रका बालुवामा केवल एक कण), कसरी परिचालन गरिरहनु हुन्छ, सो हाम्रो अनुमान भन्दा बाहिरको कुरा हो। फेरि त्यसमा पनि उहाँका प्रिय जनहरूको नजिकमा रहेर उनीहरूको हातहरू समातेर डोऱ्याउनुहुन्छ भन्दा त परमेश्वरले देखाउनु हुने सदाशयता र स्नेहको अकल्पनिय चित्रण हुन आउँछ।

जब हामी अति अस्तव्यस्त छौं परमेश्वर हाम्रो सम्मुख हुनुहुन्छ भन्ने आभास पाउन मुस्किल हुन सक्दछ। तर जब उहाँ ईम्मानुयल अर्थात "परमेश्वर हामीसँग" भन्ने सत्यतालाई स्विकार गर्‍यौं भने परमेश्वरप्रतिको हाम्रो सारा धारणामा बदलावट आउन सक्दछ। जब परमेश्वरको उपस्थिति हाम्रो साथमा हुनुहुन्छ भने, उहाँको उद्देश्यमा हामी परिचालन हुन्छौं, उहाँको प्रतिज्ञामा सहभागी हुन्छौ र उहाँको स्वररूपमा रूपान्तर हुन शक्ति पनि उहाँले प्रदान गर्नुहुन्छ।

अर्को केही दिनहरूमा एउटा अभ्यास गर्नुहोस्। तपाईंको हरेक पल पलमा जगतका परमेश्वर तपाईंको सम्मुख हुनुहुन्छ र उहाँले तपाईंको हात समातेर डोर्‍याइ रहनुभएको छ र साथै तपाईंलाई सहायता गर्न उत्सुक भइरहनुभएको छ। यसले तपाईंलाई कसरी परिवर्तन गरायो भन्ने लेखाजोखा राख्नुहोस। यसलाई विश्वासीहरूको बीचबाँड्नुहोस्।

## ४. हाम्रो लागि परमेश्वर पिताको परियोजना

सारा मानिस आशाको खोजमा छन्। शान्तिको खोजमा छन्। मानिसबाट पाउने आत्मसम्मानको खोजमा छन्। तर यी कहाँबाट पाउने? हुनसक्छ कसैको लागि यो आशा कुनै मित्रको मुस्कानमा होला, त कसैको लागि आर्थिक समृद्धि वा संरचना होला, तर कसैको लागि स्थाइ स्नेहि दाम्पत्य जीवन। तर स्वभावैरूपमा तपाईंले आशा, भरोसा र ढाढस अर्थात प्रोत्साहनको लागि कता हेर्नुहुन्छ?

परमेश्वरको भविष्यवक्ता यर्मियाले निराशामा भौंतारिएका यहुदीहरूलाई परमेश्वरका वचनद्वारा यर्मियाको पुस्तकमा ढाढस दिएको पाउँछौं। "बेबिलोनको नदीको किरानामा हामी बस्यौं र सियोनलाई सम्झेर धुरु धुरु रोयौं।" भजन १३७:१। तिनीहरूको हृदय छियाछिया भएतापनि किन आशालाई त्यागनुहुन्न भनेर यर्मियाले विभिध कारणहरूद्वार आश्वासन दिन्दछन्।

आफ्ना देश सम्झेर रोइरहेका मानिसहरूलाई यर्मियाले किन धैर्य र आशावादी हुनु पर्छ भन्ने कारणहरू देखाएर ढाढस् दिन्दछ? यर्मिया २९:१-१०।

यर्मियाले यी भागमा तीन वटा आशाका श्रोतहरू देखाएका छन् जुन उल्लेखनीय छन्।

प्रथमतः उहाँका मानिसहरूले आशा त्यागनुहुन्न भनेर परमेश्वरले भन्नुभएको कुरा उल्लेख गरिएको छ किनभने उनीहरूको यो परिस्थितिमा कुनै भाग्यको कारण वा नसोचेको दुष्टताले गर्दा भएको होइन भन्नुहुन्छ। परमेश्वर आफै भन्नुहुन्छ, "मैले नै (यहुदालाई) यरुशलेमबाट बेबिलोनमा बोकेर पलायन गरिदिएँ।" (पद ४)। तिनीहरूको वरिपरि खराब र दुष्टताले घेरे पनि यहुदा कहिल्यै पनि परमेश्वरको हातबाट खस्किएको थिएन।

दोश्रो, परमेश्वरले आफ्ना जनहरू कहिल्यै पनि निराश हुनुहुन्दैन भन्नुहुन्छ किनभने उनीहरूमा अवस्थित् कठिनाईमा पनि परमेश्वरले आफ्नो लक्ष्य पुरा गर्न कार्यरत हुनुहुन्छ। "मैले तिमीहरूलाई निर्वसित गरेको शहरको शान्ति र भलो चिताओः र त्यसको निम्ति परमप्रभुसित प्रार्थना गर। किनभने त्यसको उन्नति भएकोमा नै तिमीहरूको पनि उन्नति हुनेछ।" (पद ७)।

तेश्रो, परमेश्वरले आफ्ना जनहरू कहिल्यै पनि आशालाई त्यागनुहुन्न भन्नुहुन्छ किनभने उहाँले निश्चित समयमा तिनीहरूको निर्वासित जीवनको अन्त गर्नुहुनेछ। "हो, सर्वशक्तिमान् परमप्रभु, इस्रायलका परमेश्वर यसो भन्नुहुन्छः "तिमीहरूका वीचमा हुने तिमीहरूका अगमवक्ताहरू र जोखना हेर्नेहरूले तिमीहरूलाई धोखा नदिऊन्। तिमीहरूको इच्छा अनुसार तिनीहरूले देखेका सपनाका कुराहरूमा ध्यान नदेओ। तिनीहरूले मेरो नाउँमा तिमीहरूलाई पठाएको होइन।" परमप्रभु भन्नुहुन्छ। परमप्रभु यसो भन्नुहुन्छ, "बेबिलोनको निम्ति सत्तरी वर्ष पूरा भएपछि म तिमीहरूकहाँ आउनेछु र तिमीहरूलाई ठाउँमा फर्काएर ल्याउनेछु भनी मेरो कृपालु प्रतिज्ञा म पूरा गर्नेछु।" यर्मिया २९:८-१०।

परमेश्वर वितेका समयका, बर्तमान समयका र भविष्यका सर्वेसर्वा हुनुहुन्छ भनेर स्पष्ट पारेपछि उहाँले अति सुन्दरमय तरिकाले आफ्नो प्रेम र स्नेह उहाँका जनहरूलाई जनाउनुहुन्छ। उहाँको ममता यर्मिया २९:११-१४ मा पढ्नुहोस्।

उपरोक्त ११-१४ पदहरूलाई पढेर आफ्नै व्यक्तिगत शव्दमा उपयोग गर्नुहोस्। "तिमी" भनेको शव्दमा तपाईंको नाउँलाई साट्नुहोस् र परमेश्वरले ती प्रतिज्ञाहरू तपाईंलाई नै दिनुभएको आभास पाउन कोशिष गर्नुहोस्। तपाईं जुनसुकै संघर्षमा अहिले उत्रिरहनु भएतापनि यी वचनहरू आफुलाई नै हो भनेर ज्ञान पाएर ढाढस प्राप्त गर्नुहोस्।

५. हाम्रा परमेश्वर पिता हामीलाई तह लगाउन चाहनुहुन्छ किनभने हामीले अनुशासित र व्यवस्थित जीवन बिताएको उहाँ चाहनुहुन्छ।

हिब्रु १२:५-१३ पढ्नुहोस्। यी पदहरूले हामीलाई के जानकारी दिन्छन् र यस पुस्तकमा अध्ययन गरिरहेको परिप्रेक्ष्यमा यसमा उल्लेखित अभिव्यक्त कसरी उपयुक्त देखिन्छ?

हिब्रु १२:५-१३ मा लेखकले दुःख कष्टहरू अनुशासनको लागि खटाइएको भनेर वाख्या गरेका छन्। एनआइभी अंग्रेजीमा अनुदित बाइबलमा अनुशासन भन्ने शव्द दस पटक उल्लेख गरिएका छन्। युनानी अर्थात् ग्रीक विश्वकोषमा यो शव्दलाई शिक्षालाई जनाउने मूल शव्द थियो। यस भनाईले हामीले यो बुझ्छौं, हामीलाई अनुशासन गर्ने भनेको परमेश्वरले हामीलाई विश्वास र आस्थाको पाठशालामा शिक्षित बनाउने हो। हिब्रु ११ मा यस प्रक्रियालाई पुरानो नियमका पात्रहरूलाई कसरी परिचालन गरियो भनेर वर्णन गरेका छन्।

सम्पूर्ण हिब्रु ११ मा लेखकले परमेश्वरप्रति आस्था र भरोसा राख्नेहरूको चित्रण गरेका छन्। परमेश्वरप्रति तिनीहरूको विश्वास र निष्ठाले गर्दा सबै खालका कष्टलाई सामना गर्दै ती विश्वासका नर र नारीहरू कसरी अघि बढे भनेका छन्। लेखकले अध्याय १२ मा हामीलाई लक्षित गर्दै भनेका छन्, ती विश्वासका लौह नर नारीहरूले प्रतिकूल परिस्थितिमा पनि परमेश्वरप्रतिको श्रद्धा र आस्थालाई जगाई राखेको कारणले हामी पनि विश्वासको संघर्षमा लड्दै अघि जान सक्दछौं र जीवनको सार्थकतालाई पूरा गरी दौडको अन्तिम लक्ष्यमा पुगेर सफलता हासिल गर्न सक्दछौं। तर त्यस लक्ष्यलाई पूरा गर्ने रहस्य एउटै मात्र छ, त्यो हो हाम्रो आँखा येशूमा निरन्तररूपमा केन्द्रित गरिराख्नु। यसले गर्दा हामी जुनसुकै कठोर परीक्षाको सामना गर्नु परेतापनि प्रभु येशूको अनुकरणीय उदाहरणलाई हेरेर ढृढतासाथ होमिन पनि सशक्त हुनसक्दछौं। हिब्रु १२ अध्याय हामीलाई दिएको पढ्ने चश्माहरू जस्तै हो। यी चश्माहरू बिना हाम्रो दृष्टि धमिलो हुनसक्दछ अर्थात् हाम्रो दुःख, कष्टलाई बुझ्ने क्षमतामा अस्पष्ट हुनसक्दछ। हाम्रो अग्नि परीक्षालाई धमिलो बनाइदिने नकरात्मक चाप लाड्ने हाम्रो संस्कार वा वातावरणलाई यी चश्माहरूले ठीक पार्दछन्। यसले गर्दा हामीले सामना गर्नुपर्ने कठिनाईहरूलाई स्पष्टसँग बुझेर बुद्धिमानपूर्वक मुठभेड गर्न सचेत हुनसक्दछौं।

हिब्रु १२:१-१३ मा हाम्रो दृष्टिलाई स्पष्ट पार्ने चश्माहरू उल्लेख गरिएका छन्। विषेश गरी ५-१३ मा ध्यान दिनुहोस्ः ती के हुन्?

*अनुशासनको श्रोत?*

*त्यस अनुशासनप्रति हामीले कसरी प्रतिक्रिया व्यक्त गर्ने*

*त्यस अनुशासनको लक्ष्य के हो?*

हिब्रु १२:१-३ फेरि पढेर यस्तो सूची बनाउनुहोस् जसमा तपाईंको आशाको लागि आफूलाई पहिचान गर्ने तर्कहरू प्रस्तुत होस्। तपाईंले आफ्नै आत्मिक तालिममा शिक्षा पाउन यी आशाजनक प्रतिज्ञाहरूलाई कसरी अनुभव गर्नुभएको छ?

उपसंहारः

अरू जानकारीको लागि पढ्नुहोस्ः एलेन जि ह्वाईट, *एडुकेशन,* पृ. ३०१-३०९, *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. ४७०, ४७१।

“सबै मानिसको जीवनमा यस्ता निराशमय र अति निरुत्साहित अनुभवहरू आउँछ मानौं ऊ शोकै शोकको लागि जन्मिएको हो। यस समय पृथ्वीमा रहने आफ्नो जनको भलो चिताउने परमेश्वरप्रतिको आस्था पनि ओझेलमा परेको हुन्छ। यस्ता आततायी परिस्थितिले मानिसको मनलाई विषण्डित बनाउँछ र बाँच्नु भन्दा मृत्यु नै उसको लागि श्रेय हुन्छ भनेर चिताउँछ। यस्तो बिलखवन्द समयमा परमेश्वरप्रति भएको पकड खुकुलो हुनसक्छ र शंकाको दास हुनसक्छ अनि ऊ अविश्वासको चक्रव्युहमा पर्दछ। यस्तो प्रतिकूल परिस्थितिमा हाम्रो जीवनमा परमेश्वरले आफ्नो हात पसारि रहनुभएको आत्मिक चक्षु ज्ञानले महसुस गर्नु पर्दछ। स्वर्गदूतहरूले हामीलाई हामीबाटै उद्धार गर्न भरमग्दुर प्रयत्न गरिरहेका छन् ननाशिने पहाडमा भन्दा पनि मजबुत जगमा हाम्रो खुट्टा गाडोस् भन्न उक्साईरहेको र नयाँ आस्था, नयाँ जीवन प्रस्फुट भएको होस् भन्ने ती स्वर्गदूतहरूको चाहनालाई हाम्रो दिव्य ज्ञानले बुझ्नु पर्दछ।"-एलेन जि ह्वाईट, *प्रोफेटस् एण्ड किन्गस्,* पृ. १६२।

चिन्तनमननः-

क. “सबै मानिसको जीवनमा यस्ता निराशमय र अति निरुत्साहित अनुभवहरू आउँछ" एलेन जि ह्वाईटले भन्नुभएको छ। यस्तो समयमा एक आपसलाई कसरी हेरिरहेका हुन्छौ? जो कुनै वा आफु पनि यस्तो विस्मय परिस्थितिमा आशाको किरण फलाएर त्यसको दूत कसरी हुनसक्छौं जसले गर्दा एक आपसमा ढाढस र प्रोत्साहन मिल्दछ?

ख. विश्वासीहरू बीच तेश्रो बुँदाको प्रश्नलाई लिएर छलफल गर्नुहोस्। विषम् परिस्थितिमा पनि परमेश्वरको नजिक उपस्थितीलाई लक्षित गर्दा के फरक भएको अनुभव गर्नुभएको छ?

ग. अयुब ३८-४१ सम्म सबैले सुन्ने गरेर पढ्नुहोस्। कस्तो खालको परमेश्वरलाई यी अध्यायहरूले चित्रण गरिएको छ? यसबाट तपाईंलाई के आशा र उत्साह प्रदान गर्दछ? सनातनको परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर प्रमाण दिने सबाथ दिनलाई यी पदहरूले कसरी ठीक सावित गर्दछ? हाम्रो अगाडि परमेश्वरको चरित्र र स्वभावलाई चिरस्थायी दिन यी अध्यायहरूले मद्दत गर्दछ?

ग. आज मानिसहरू उच्च आशा र शान्तिको लागि भोको छन् र त्यसको लागि मानिसहरू अनेक बाद र विबादमा भौंतारिरहेका छन्। तर मानिसलाई परिवर्तन गर्ने आशा र शान्ति त स्वर्गबाट मात्र आउँछन्। यसकारण हामी एक आपसमा शान्ति र उच्च आशाले भरियोस भनि प्रार्थना गर्न सक्दछौं। केही समय निरुत्साह भएको मानिसको लागि प्रार्थना विन्ति गर्नुहोस् जसले गर्दा तिनीहरूमा नयाँ आशा पल्हाउन्। आशा र शान्तिको लागि संघर्ष गर्दा गर्दै थकित भएकोलाई कसरी प्रोत्साहन दिन सक्नुहुन्छ?

घ. हुनसक्छ कुनै विश्वासीहरूको जीवनमा अप्रिय घट्ना वा दुःख आइपर्दा बाँच्ने आशा र परमेश्वरप्रति आस्था गुमाएको अनुभव गरेका होलान्। यदि यस्ता व्यक्ति तपाईंहरूको माझमा छन् र त्यसलाई बाँड्न हिचकिचाउनु हुन्न भने बाँड्नुहोस्। के ले गरेर फेरि परमेश्वरतिर फर्केर आउनु भयो? शंका र निरुत्साहित जीवन विताइरहेको समयमा हौसला होस् भनेर एक आपसलाई कसरी प्रोत्साहन दिन सकिन्छ?

## अध्याय ८

# अद्देश्यलाई दृष्टिगत गरी अगाडि बढ्नु

यस अध्यायको लागि पढ्नुहोस्: यशैया ४०:२७-३१, युहन्ना १४:१-१४, रोमी ८:२८-२९, एफिसी १:१८-२३

**स्मरण गर्नु पर्ने पद: "विश्वासैद्वारा उसले (मोशाले) मिश्र देश छोडे, उसले राजाको क्रोधको डर मानेन किनभने अदृश्य परमेश्वरलाई देखेको हुनाले उनी ढृढ रहे।" हिब्रु ११:२७।**

हिब्रूहरूका निम्ति लेखिएको पुस्तकमा विश्वास वा आस्थाको परिभाषा जहिले पनि चुनौतिको रूपमा प्रस्तुत भएको हामी पाउँछौं। "अब बिश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको ढृढ भरोसा हो। किनकि यसै विश्वासद्वारा प्राचिन मानिसहरूलाई परमेश्वरले ग्रहण गर्नुभयो।" हिब्रू ११:१,२। हामीले प्रत्यक्ष नदेखिएका कुरालाई कसरी विश्वास गर्ने? ठीक्क यही कुरा यस अध्यायको स्मरण गर्नु पर्ने पदमा उल्लेख गरिएको छ: "विश्वासैद्वारा उनले (मोशाले) मिश्र देश छोडे, उसले राजाको क्रोधको डर मानेनन् किनभने अदृश्य परमेश्वरलाई देखेको हुनाले उनी ढृढ रहे।" हिब्रु ११:२७

अदृष्य परमेश्वरलाई हेर भनेर हामीलाई डाकिएको छ, यो त झन चुनौतीपूर्ण छ। विशेष गरेर असल र सजिलो जीवन बिचाइरहेको समयमा मात्र होइन कठिन र प्रतिकूल समयमा पनि अदृष्य परमेश्वरलाई विश्वास गरिरहनु मानवीय हिसावमा त्यति सजिलो छैन। यसको लागि प्रभु येशूको जस्तो निष्ठा, भरोसा, आस्था र विश्वासको आवश्यकता पर्दछ जसले परमेश्वर र परमेश्वरको राज्यको सत्यताले हामीलाई ढाल्दछ। परमेश्वरले हाम्रो हित चिताउने सत्यता, प्रभु येशूको नाउँमा पाउने शक्तिसामर्थ, पुनरूत्थानको शक्ति र परमेश्वरको करूणा जस्ता मूलभूत तथ्यहरूलाई आत्मसाथ गर्दा हामी कुनै पनि अग्नि परीक्षामा परेको बेला र सन्देहको घेराबन्धीमा जाकिएको बेला ढृढ विश्वासमा मजबुत भएर उभिन सक्दछौं।

यस अध्यायको झलक: परमेश्वरको कुन सत्यज्ञानमा परिचित भए हामीलाई जुनसुकै घोर आपद आइपर्दा पनि विश्वासमा नखल्बल्याई मजबुत पारी उभ्याइ राख्न सक्दछ?

### १. परमपिता परमेश्वरको हामीप्रति विलक्षण प्रेम

"यदि परमेश्वरले साँच्चिकै मलाई माया गर्नुहुन्छ भने उहाँले मेरो लागि यो------------------गर्नुहुन्छ ! कति मानिसहरूले यस्ता मनोस्थिति बोकेर परमेश्वरसँग कचकच गरेको पाउँछौं। हामीले हाम्रो परिस्थितिहरूलाई हेर्दछौं र परमेश्वरले हामीलाई साँच्चिकै माया गर्नु भएको छ र भन्ने शंकास्पद भावना प्रकट गर्दछौं किनभने यदि परमेश्वरले हामीलाई त्यस्तो माया गर्नुहुन्छ भने हामीले यस्ता अपठ्याराहरू सामना गर्नुपर्ने थिएन।

यस्तो बेलामा परमेश्वरको गुणलाई शंका किन गर्छन् भनेर देखाउने दुइ तर्कहरू छन्। प्रथमतः हामीले चाहना गरेको एकदम असल छ भनेर हाम्रो मन र चेतनाले देखेर त्यसलाई प्राप्त गर्न बल्दो इच्छा हुँदै हुँदै पनि परमेश्वरले अर्कै सोच्नुभएको छ भन्दा हाम्रो लागि हास्यास्पद हुनसक्दछ। दोश्रो, परमेश्वरको भलोलाई शंका त्यसबेला आउँछ जब हाम्रो चाहना र आस्थामा टकराव हुन्छ। हाम्रो स्वविवेक अर्थात् हामी भन्दा पाकोले भन्छन् कुनै कुरा असल देखिन्छ अथवा त्यसले मनलाई राम्रो बनाउँछ वा सबैले भनेकोले राम्रो छ र चाख्दा स्वादिलो हुन्छ भने त्यो उपयुक्त वा असलै हुनुपर्दछ। र हामीले चाहना गरेको उत्तम कुरालाई नपाउँदा परमेश्वरसँग झोंक चल्नु अस्वाभाविक होइन।

यस्तो रनभुल्ल परेको बेलामा विश्वास वा आस्थाको भूमिका महत्वपूर्ण हुनआउँछ। विश्वासको परिचालन त्यसबेला हुन्छ जब हामी परमेश्वरको भलाईप्रति शंका उब्जने बातावरणमा पर्दछौं।

रोमी ८:२८-२९ को प्रभावशाली पङ्क्तिमा परमेश्वरले हामीलाई कुन भलाईको दृष्टिकोणले हेर्नुहुन्छ भनेर देखाएको छ। यी पदहरू पढेर हाम्रो मनलाई परमेश्वरको भलाईप्रति शंका नगराउन कसरी चनाखो गराउँछ? यी पदहरूको मर्म के तपाईंले बुझ्नु भएको छ?

हाम्रो परिस्थितिले हामीलाई नछोपोस् भनेर रोमी ८:३२ ले महत्वपूर्ण तर्क प्रस्तुत गरेका छन् जसले गर्दा हामी धलमल भएको बेलामा सुरक्षाको प्रत्याभूति दिन्दछ। "हामी ठीक बाटोमा आऔं भनेर परमप्रभुले कुनै पनि उपाय बाँकी राख्नुभएन। हामीहरूकै अवस्थामा रहन आफ्नै पुत्र यस संसारमा पठाउनु भयो र यसले आफुलाई अत्यन्त जोखिममा पार्नुभएको थियो। यस्तो सदाशयी र करूणामयी परमेश्वरले के हाम्रो भलाईको लागि हर्ष र स्वतन्त्रपूर्वक आफुलाई परिचालन गर्न कुनै कमि आउन दिनुहुन्छ होला?" (मेशेज्)। यस्तो परमेश्वरले आफ्नो पुत्र हाम्रो लागि बलि हुन पठाउनु भएर के हाम्रै खिलाफमा कन्जुँस्याइ र कठोर व्यवहार गर्नुहुन्छ होला?

प्रभु येशूको मृत्युले जुन सदाशयता परमेश्वरले हामीलाई देखाउनु भयो, यो नै हाम्रो जीवनमा अति प्रभावशाली छाप हुनुपर्दछ। यस विश्वास र निष्ठाले गर्दा जुनसुकै अग्नि परीक्षामा हामी परेतापनि परमेश्वरप्रति शंका उब्जाउन दिँदैन।

तपाईंको शंका भन्दा पनि परमेश्वरको भलाई र करुणाको सत्यताले शक्तिशाली छाप तपाईंमा हुनु कसरी सम्भव हुन्छ? तपाईंको लागि येशूलाई तपाईंको सट्टामा मर्न किन आउनु भयो भन्ने सत्यलाई केही समय ध्यान दिएर सोच्नुहोस्। उहाँको यस सदाशयता र प्रेमले गर्दा तपाईंलाई हजारौं किसिमले आफ्नो ममतालाई निरन्तर रूप दिने कुरामा ढुक्क हुन सक्नुहुन्छ। यसले तपाईंको विश्वास र आस्थामा कसरी टेवा दिन्छ?

## २. प्रभु येशूको नाउँमा

"मेरो नाउँमा जे मागे पनि म गरिदिनेछु" युहन्ना १४:१४।

येशू अब आफ्ना चेलाहरूसँग रहन धेरै समय थिएन। चेलाहरूलाई प्रोत्साहन् र सहयोग गर्ने स्वर्ग जाँदै हुनुहुन्थ्यो। चेलाहरू अलमल्ल र शक्तिहिन भएको महसुस गरि रहेका थिए। चेलाहरूले प्रत्यक्ष उहाँलाई देख्न नसकिने भए पनि उनीहरूप्रति येशूको माया कतिको छ भनेर देखाउन एकदम उल्लेखनीय कबूल दिनुभएको थियो।

युहन्ना १४:१-४ पढ्नुहोस्। पद १३ र १४ अनुसार यदि हामीले उहाँको नाउँमा पुकारा गऱ्यौं भने येशूले हाम्रो लागि जे पनि गर्छु भन्नु भएको छ। यही प्रतिज्ञाको कारण हामीले प्रार्थना गर्दा अन्तमा, "येशूको नाउँमा, आमेन" भनेर जोड्दछौं। (यसको अर्थ येशूको नाउँमा तथास्तु अर्थात् यस्तै होस् भनेर उच्चारण गरेको हो)।

जब हामीले येशूको यो वचनलाई आत्मसात गर्छौं, यसको अर्थ हामीलाई के हुन आउँछ? यो भावनालाई प्रतिविम्बत गरेर येशूले हामीलाई किन यसरी प्रार्थना गर्नु भनेर निर्देशन दिनुभएको थियो? यस भित्र के यस्ता रहस्यहरू छन् जसले येशूको मर्मलाई बुझाउन खोज्दछन्?

स्वर्गका सबै औजारहरू हाम्रो पक्षमा क्रियाशिल हुन्छ भनेर यकिन हुनुपर्दछ जब हामीले येशूको नाउँ उच्चारण गरेर प्रार्थना गर्दछौं। हाम्रो वरिपरि स्वर्ददूतहरू कार्यरत भएको हामीले प्रत्यक्षरूपमा नदेखौंला। तर स्वर्गको राजसिंहासनगबाट हाम्रो अनुरोधलाई पुरा गर्न येशूको नाउँमा तिनीहरूलाई परिचालन गरेको हुन्छ।

कहिलेकाहिँ येशूको नाउँमा प्रार्थना गर्दछौं र आँखा खोलेर हेर्दा हाम्रो वरिपरि सबैकुरा आश्चर्यपूर्वक परिवर्तन होस् भनेर अपेक्षा गर्दछौं-तर यथार्थमा जस्ताको तस्तै देखिरहेका हुन्छौं। यद्दपि कहिले काहिँ परमेश्वरको शक्ति प्रभावशालिरूपमा प्रदर्शन हुन सक्दछ जसरी येशूले हुरी बतासलाई साम्य पार्नुभएको थियो, तर उहाँको शक्ति शान्त र मौनतामा पनि प्रदर्शन हुनसक्दछ जसरी गेतसमनिको बगैंचामा भएको थियो जसले

गर्दा येशूलाई कठोर यातना सहन सहारा भएको थियो। त्यसैकारण परमेश्वरको जवाफ नाटकिय ढंगले सधै हुन्छ भन्न सकिन्दैन, तर यसको अर्थ यो होइन, परमेश्वर हाम्रो पक्षमा काम गरिरहनुभएको छैन।

युहन्ना १४:१-१४ फेरि पढ्नुहोस्। जब तपाईं येशूका यी कबुलहरू पढ्नुहुन्छ उहाँले सीधा तपाईंसँगै मुखामुख नै भनिरहनु भएको भनेर मानी लिनुहोस्। यी प्रतिज्ञाहरूबाट तपाईंले के आश्वासन र प्रोत्साहन् प्राप्त गर्नसक्नुहुन्छ। यत्तिकै बेला यो पनि आफैलाई सोध्नुहोस्, "प्रभु येशूले भन्नुभएको यो कबूल मेरो जीवनमा पूरा नगराउन के बाधा अर्चनहरू मेरो जीवनमा मैले खडा गरिरहेको छु? मेरो तन्, मन् र धनमा के परिवर्तन ल्याउनुपर्दछ जसले गर्दा उहाँको वचनको प्रत्यभूति मैले पाउन सक्छु?

## ३. पुनरूत्थानमा परमेश्वरको शक्तिपुञ्ज

मानव शक्तिहिनताको समस्यालाई येशूको पुनरूत्थानले समाधान गर्दछ। जब हामी येशूको जीवन, मृत्यु र पुनरूत्थानको मनन् गर्दछौं, यसले गर्दा हामी कानूनीरूपमा परमेश्वरसँग मिलापत्र गरेका हुन्छौं। यो कुनै काल्पनिक वा वनावटी नभएर बाइबलले सिकाएको दिव्य ज्ञान हो।

यद्यपि पुनरूत्थानले मुक्तिको योजनामा अर्को विषेश आयाम पनि थपेको हुन्छ। येशूको पुनरूत्थानले एक दिन हामी पनि चिर निन्द्राबाट बौरी उठ्नेछौं भन्ने यथार्थतालाई प्रदर्शन गर्दछ, तर यो मात्र नभएर यसले प्रभु येशूलाई परमपिता परमेश्वरको दाहिने हातमा रहन दिएर उहाँलाई शक्तिसम्पन्न र अधिकारले सुसज्जित बनाउनु भएको थियो। यही पुनरूत्थानको शक्तिलाई नै हामीलाई परिचालन गर्नुहुन्छ र हामीलाई पनि त्यस शक्ति वा सतलाई उपयोग गर्न अवसर दिनुहुन्छ।

एफिसी १:१८-२३ मा पावलले परमेश्वरको शक्ति अर्थात् बाहुबलको बारेमा वाख्या गर्न खोजिएको छ। यसले येशूको पुनरूत्थानमा कसरी शक्तिपुञ्जको प्रदर्शन भएको थियो भनेर देखाउँछ? यी पदहरूले तपाईंलाई के आशा र भरोसाको अनुभूति पाउनुभएको छ?

एफिसीका मानिसहरूले केही यस्ता कुराहरू बुझुन् जुन परमेश्वरको सहायताले मात्र बुझ्नसक्नुहुन्छ भनेर पावलले प्रार्थना गरिरहेका थिएः क. हामीलाई येशूले बोलाउनुभएको कारणले हामी परिवर्तित जीवनको आशा गर्न सक्दछौं र अजम्मरी जीवन हाम्रो लागि साँची राखेको छ, ख. हाम्रो लागि जुन शक्तिलाई परिचालन गरियो त्यो हामीले बुझ्न सकौं।

त्यो आश्चर्य चकित पार्ने शक्तिलाई पावलले बर्णन गर्न खोज्दछ। जुन शक्तिले येशूलाई पुनरूत्थान गरायो त्यही शक्ति हामीलाई पनि प्राप्त छ भनेर पावलले भन्न खोज्दछ, न कि केवल हामीलाई माटोबाट निकालेर नव जीवन दिन मात्र होइन पिताको दाहिने हातमा बसाल्न पनि।

पावलले यतिमै मात्र रोक्दैन। पुनरूत्थानले येशूलाई खास कुनै शक्ति मात्र दिएको होइन तर त्यस शक्तिले हामीलाई उहाँको अधिनमा राख्न र हामीलाई चाहिने अनन्त जीवनसम्मको लागि चाहिने शक्ति सामर्थ हामीले पाउन सक्दछौं भनेर प्रत्याभूति दिन्दछ।

तपाईंको जीवनमा येशूलाई पुनरूत्थान गर्ने शक्ति कुनकुन क्षेत्रमा आवश्यक छ त्यसको तालिका बनाउनुहोस्। जब तालिका बनाउन सक्दछ तपाईंलाई शक्तिसम्पन्न बनाईदियोस् भनेर परमेश्वरसँग प्रार्थना गर्नुहोस्। त्यसै बखत, तपाईंले आत्मआलोचना गरेर त्यस शक्तिलाई स्वतन्त्रपूर्वक तपाईंको जीवनमा काम गर्न दिन कसरी आफ्नो आचरणलाई सुधारेर अघि बढाउन प्रण गर्नुहुन्छ?

## ४. हाम्रो सबै सुर्ता उहाँले बोक्नुहुन्छ

कसैको घरमा, "चिन्तै गर्नुपर्छ भने किन प्रार्थना गर्ने" भनेर कुनै धातुमा कोरेर झुण्ड्याएको पाउँछौं। यस बाक्यलाई हामीलाई हँसाउन सक्दछ किनभने कति चोटि हाम्रो चिन्ता फिक्रि उहाँलाई सुम्पिनुको सट्टा सकिनसकि आफैले बोक्दछौं।

कसैले एक पटक भनेका थिए जब हाम्रो जीवन फुकाल्नै नसक्ने गरेर हामीले गाँठो पार्दछौ, अनि परमेश्वरलाई दिनु र उहाँले सबै गाँठो फुकालिदिनुहुन्छ। यद्यपि परमेश्वरलाई हाम्रो चिन्तामा समावेस नगराइ हामी नै त्यसमा लोतपोत भएर बस्दछौं र आखिरमा हामीले हाम्रो जीवनको डोरी नै चुँडाल्दछौं। हामी नाजुक अबस्थामा नपुँगुन्जेल परमेश्वरकहाँ पुग्न किन ढिलाई गर्ने?

१ पत्रुस ५:७ पढ्नुहोस्। पत्रुसले भजन ५५:२२ लाई उद्धृत गर्दछ। यसमा हामी सबैलाई अत्यावस्यक आधारभूत सन्देस के छ? मत्ती ६:२५-३३ पनि पढ्नुहोस्।

यसो हेर्दा उपरोक्त पद धेरै सरल देखिन्छ। यसमा कुनै पनि गोप्य वा रहस्यमय कुरा लुकेको छैन र यसको अर्थ यही पदले नै वाख्या गर्दछ। “सबै फिक्री उहाँलाई सुम्पिदेओ" जसको अर्थ आफैमा स्पष्ट छ। तपाईंलाई के ले पिरोलि रहेको छ, त्यसलाई परमेश्वरको अगाडि फ्याँकि दिनु, छोड्नु वा सुम्पिदिनु वा परमेश्वरमा आफ्नो बोझ विसाउनु मानौं अब ती तपाईंबाट चट्टै अलगिएको छ। याद गर्नुहोस् पत्रुसले भन्दछन तपाईंको बोझ अरू जहाँ कतै पनि छोड्ने होइन, तर परमेश्वरमा मात्रै। अन्धकार वा सुन्यतामा हाम्रो चिन्ता हराउन दिने होइन। यसलाई स्वर्गमा विराजमान हुनुहुने परमपिता परमेश्वरको पोल्टामा हाली दिनु पर्दछ किनभने उहाँले हाम्रो समस्यालाई सुल्झाउन प्रतिज्ञा गर्नुभएको छ। यही अभिव्यक्त येशूले पनि मत्तीमा गर्नु भएको थियो। हाम्रो समस्या त यसलाई लिन गाऱ्हो होइन तर यो अति सरल र नपत्याउने खालको भएकोले यी पदहरूलाई आत्मसात गर्न कठिन हुन आउँछ किनभने परमेश्वरको यो वाचा अति असल भएकोले मानविय रूपमा ग्रहण गर्न हिचकिचाउँछन्।

मानिसहरू विभिन्न कारणहरूले पीर र चिन्तामा पर्दछन्। कामले गर्दा पनि चिन्ता हुनसक्दछ। हुनसक्छ तपाईंले अपेक्षा नगरेको व्यक्तिले तपाईंको आलोचना वा गुनासो गरेर तपाईंलाई भत्काउन खोजेकोले पनि चिन्तित बनाउन सक्दछ। “मेरो कोहि छैन, मलाई कसले पनि वास्ता गर्दैन, मलाई कसैले पनि माया गर्दैनन, आफन्त र साथीहरू सबै पराई भैसके" जस्ता विरक्त भावनाहरू तपाईंको मनमा उब्जेर पिरोली रहेको होला। शारीरिक र आर्थिक अस्वस्थ चिन्ताले पनि भारी भइरहेको हुनसक्दछ। परमेश्वर अधिकारमा हराएको भानले पनि आफु एक्लै संघर्ष गरिरहेको महसुस हुन सक्दछ। “के को लागि यी सबै तन्ता र संघर्ष" भनेर त्यागी भएर जोगी हुनलाई अनेक बाणहरूले हानीरहेको हुन सक्दछ। “मेरो अपराध कहिल्यै पनि क्षमा हुन सक्दैनन्। मलाई परमेश्वरले आम माफी दिने केही औचित्य पनि छैन वा मेरो पापको लागि मैले क्षमा पाएँ भन्ने के ग्यारेन्टी छ र" जस्ता हिनताबोधले पनि लादिएको हुनसक्दछ।

जेसुकै फिक्रीले हामीलाई लादेको भएता पनि हामी त्यसलाई किन पक्रिराख्छौं भने त्यसको समाधान अरू कसैले होइन हामीले नै गर्नु पर्दछ र कसैलाई मतलब छैन भन्ने अहँ भावनाले पनि हो। तर पत्रुसले यस्तो भावनालाई पुनःविचार गर्नु भनेर हामीलाई आग्रह गर्दछन्। परमेश्वरले हामीप्रति चासो राख्नुहुन्छ र हेरचाह गर्न उत्सुक हुनु भएकोले हामीमा आइपर्ने सुर्तासँग डराउनु पर्दैन। तर मानवीय हिसावले हामी सोध्छौं, “मेरो दाम्पत्य जीवन खस्किरहेको छ, पारपाचुकेको छाँयाले पिरोलिरहेको छ र मेरो जीवन निरर्थक भएको छ, यस्तो अन्धकारमा छामछुम गरिरहेको बेलामा पनि के परमेश्वरले मेरो सुर्ता गर्नुहुन्छ?" तपाईंको जुनसुकै प्रतिकूल परिस्थितिको चक्रव्युहमा परेतापनि त्यसलाई परिवर्तन वा रूपान्तर गरेर तपाईंको हितमा परिचालन गर्नुहुन्छ भनेर बाइबलले हामीलाई दिक्षा दिँदछ।

तत्कालै तपाईंलाई के ले पिरोली रहेको छ? ती जति न्यायोचित वा कष्टकर भएतापनि के त्यसबाट निकास गराउन परमेश्वरलाई असम्भव हुन्छ र? हुन सक्दछ हाम्रो ठूलो समस्या भनेको नै हाम्रो समस्या परमेश्वरलाई थाहा नै छ भनेर विश्वास गरेता पनि वा उहाँले हाम्रो समस्यालाई सुल्झाउन सहायता गर्नुहुन्छ भनेर जानेतापनि हाम्रै इच्छा अनुसार ती समस्या सुल्झियोस् भनेर चाहना गरेकोले हामी अन्धकारको भुमरीमा भौंतारिरहेका हुन्छौं। उपरोक्त अन्तिम धारणालाई मनन गर्नुहोस् र तपाईंले आफ्नै हृदयलाई छामेर उक्त फन्दामा आफु फसेको छ वा छैन भनेर इमान्दारीपूर्वक सोच्नुहोस्।

## ५. परमेश्वर टाडा वा अदृष्य हुनुभएको महसुस भएको बेलामा पनि परमेश्वरमा आस्था र निष्ठा जगाइ राख्नु

कसैले हामीलाई वास्ता गर्दैन भन्ने आभास अति नमज्जाको हुनसक्छ। तर हामीलाई के भइरहेको छ भनेर परमेश्वरलाई थाहा पनि छैन र वास्ता पनि छैन भन्ने विचारले त झन आपत्तै पार्दछ।

जब यहूदीहरू बेबिलोनमा पलायन भएर बसेका थिए, तिनीहरूको लागि परमेश्वरले त्यस्तो वास्ता गर्नुभएको जस्तो लागेको थिएन। तिनीहरू विदेशमा विस्थापित भएर बसेका थिए र उनीहरूको पापले गर्दा परमेश्वरले त्यागनुभयो भन्ने भान भइरहेको थियो। तर यशैयाले तिनीहरूलाई परमेश्वरबाट पाएको वचन दिएर आश्वासन दिएका थिए। यशैया ४० मा परमेश्वरका प्रवक्ता यशैयाले एकदम करूणा देखाएर हृदयविदारक मीठो वचनद्वारा ती मानिसहरूलाई सम्वोधन गर्दछः "गोठालाले आफ्ना वस्तुहरूलाई स्याहार गरेको झैं परमेश्वरले तिमीहरूलाई माया गर्नुहुन्छ, आफ्ना पाठाहरूलाई उचालेर आफ्नो हृदयको नजिक अँगालोमा बोक्नुहुन्छ। उहाँले स-साना बच्चा भएकाहरूलाई चाहिँ बिस्तारै-बिस्तारै डोऱ्याउनुहुन्छ।" (पद ११)। तर धेरै बर्षसम्म विदेशमा शरणार्थी र दास भएर बस्नु पर्दा उनीहरूले, "हे प्रभु, तपाईं कहाँ हुनुहुन्छ? तपाईंको अस्तित्वको पनि ठेगान छैन र हामीलाई वास्ता गर्नुहुन्छ भन्ने के आधार छ र?" भन्ने हृदयविदारक अभिव्यक्तलाई मानवीय रूपमा अस्वाभाविक मानिदैंन।

यशैया ४०:२७-३१ पढ्नुहोस्। यसमा परमेश्वरको बारेमा यशैयाले कसरी चर्चा गरेका छन्? "परमेश्वरबाट म लुकेको छु, मेरो कामलाई परमेश्वरले वास्ता नै गर्नुहुन्न" (पद २७) भन्ने गुनासोलाई यशैयाले परमेश्वरको चरित्रलाई बर्णन गरेर कसरी जवाफ दिन खोजेका छन्?

परमेश्वरबाट लुकेको आभास पाएका अर्को समूहका मानिसहरू एस्तरका पुस्तकमा हामी पाउन सक्दछौं। यो पुस्तक बाइबलमै समावेश गरिएतापनि यसमा एक पल्ट पनि परमेश्वरको नाउँ उल्लेख गरिएको छैन। यो पुस्तक अपबादकै रूपमा समावेश गरेको भने पनि हुन्छ। यद्यपि यस पुस्तकमा नाटकीय ढंगले आफ्ना मानिसहरूको उद्धार गर्न बदल्न नसकिने राजाको अध्यादेशलाई परमेश्वरले कसरी हस्तक्षेप गर्नुभयो र आफ्ना जनहरूलाई मृत्युदण्डबाट बचाउनु भयो भनेर वर्णन गरिएको छ। यो घट्ना केवल वितेका समयमा परमेश्वरले आफ्ना जनको लागि कसरी हस्तक्षेप गर्नुभयो भनेर मात्र बताउँदैन, भविष्यमा पनि परमेश्वरका जनहरूलाई सतावट दिन र उनीहरूको नाशको लागि कानूनहरू बनाउन राज्यशक्तिहरू लाग्दछन् (प्रकाश १३:१५) भनेर देखाउने एक प्रतिकको रूपमा खडा भएको कथा हो। अत्यन्त नाजुक स्थिति भएको बेलामा परमेश्वरले त्यागनुभयो भनेर निश्कर्ष निकल्नु अकल्पनिय छ त? तर हामी डराउनु पर्दैन ।एस्तरको पुस्तकमा वर्णन गरेको अनुसार आफ्ना चुनिएका जातिलाई जसरी उद्धार गर्नुभयो त्यसरी नै अन्तिम संकटमा उहाँले बचाउनु हुनेछ।

विदेशमा पलायन भएर बसेका जनहरूलाई यशैयाले कसरी परमेश्वरको बारेमा ध्यानार्कषण गराए भनेर पढ्यौं। बर्तमान अवस्थामा परमेश्वर हराउनु भयो र हामीलाई त्यागनुभयो भनेर अनुभव गर्नेहरूलाई तपाईंले कसरी परमेश्वरको बारेमा चर्चा गर्नुहुन्छ? प्रत्यक्ष आँखाको अगाडि जे भइरहेको छ त्यसमा नजर नराखी विश्वासद्वारा अप्रत्यक्ष परमेश्वरमा भरोसा राखी जीवनलाई अघि बढाउनु भनेर कसरी सिकाउनुहुन्छ?

### उपसंहारः-

अरू जानकारीको लागि पढ्नुहोस्, एलेन जि ह्वाइट, *प्रोफेट एण्ड किन्गस्* , पृ. ५९८-६०६।

"जसले माग्दछ उसलाई पवित्र आत्मा दिन्छु भनेर परमेश्वरले कबूल गर्नुभएको छैन र? यो परमेश्वरको आत्मा काल्पनिक नभएर साँच्चिकै होइन र, अर्थात हरेक मानिसको भित्री हृदयद्वारा अगुवाई गर्ने आवाज होइन र ? कोहि कोहि मानिसले परमेश्वरको वचनलाई अक्षरस लिन हिच्किचाउँछन् र भन्छन् यो अनुमानित कुरा मात्र हो। परमेश्वरले अगुवाई गरून भनेर प्रार्थना गर्दछन् तर सिकाइएको अनुसार परमेश्वरको वचनलाई आत्मसात

गर्न डराउँछन्। यदि हामी परमेश्वरको सम्मुख नम्र भएर आउँछौ र दिक्षा लिन उत्सुक हुन्छौं भने उहाँले बोल्नुभएको कबूल पुरा हुनुपर्नेमा हामी किन शंका गर्ने? तपाईंले उहाँमाथि अलिकति पनि शंका गर्नुहुँदैन र उहाँ प्रति अमर्यादित हुनुहुँदैन। जब तपाईं उहाँको इच्छा अनुसार चल्न समर्पित हुनुभयो भने तपाईंमा परमेश्वरले डोऱ्याउनु हुन्छ भन्ने दृढ विश्वास हुनुपर्दछ र उहाँको भरोसा वा चाहना अनुसार हिंड्दा उहाँले आशिष दिनुहुन्छ भनी ढुक्क हुनुपर्दछ। हामीले आफुले आफ्नै भरोसामा पनि कहिले काहिँ छोड्नुहुन्न किनभने आफ्नै बुद्धिमा मात्र हिंड्यौ भने परमेश्वरका सत्य वचनलाई अनर्थमा पनि धकेल्न सक्दछ। चाहे जतिसुकै कष्टको पराकाष्टा भोग्नु परेतापनि परमेश्वरमा भरोसा राख्न सक्नुहोस् र पवित्र आत्माले तपाईंलाई परमेश्वरकै इच्छाअनुसार उचित शिक्षा दिक्षा दिएर उहाँको योजनामा समावेश गराउन सकुन् भनेर आफ्नो प्रार्थनाको बिषय बनाउनुहोस्।"-एलेन जि ह्वाईट, *मानुस्क्रिप्ट रिलिजेज्,* ठेली ६, पृ. २२५।

"जब हामी शंका उपशंका र प्रतिकूल परिस्थिति वा वातावरणसँग भिडन्तमा पर्छौं अनि परमेश्वरप्रति विश्वास र आस्था मजबूत हुन्छ। कुनै पनि अमुल्य हिरा मोतीहरू भन्दा यस्ता कष्टबाट पाएको अनुभव (अति दुर्लभ र) मुल्यबान हुन्छन्।"-एलेन जि ह्वाईट, *टेस्टिमोनिज् फर द चर्च,* ठेली ३, पृ. ५५५।

चिन्तन मननः

क. हामीले नदेखेका कुरालाई विश्वास गर्दछौं र कुनै कुराहरू वास्तविक छन् तर हाम्रो दृष्य भन्दा परै छन् त्यस्ता कुराहरू लिएर विश्वासीहरू बीच छलफल गर्नुहोस्। यस यथार्थताले "अदृष्य परमेश्वरलाई दृष्तिगत गर्नु" भनेको वाक्यलाई कसरी बुझाउन सक्दछ?
ख. चौठो बुँदाको अन्तिम प्रश्नमा छलफल गर्नुहोस्। कति पटक हामी यस्तो परिस्थितिमा परेका हुन्छौं? हामीले चाहेको अनुसार नभएतापनि परमेश्वरकै मार्ग अति उत्तम छ भनेर ठोकुवा गरेर त्यसमा भर पर्न हामीले के प्रतिरक्षा अपनाउनु पर्दछ?
ग. यदि "जब हामी शंका उपशंका र प्रतिकूल परिस्थिति वा वातावरणसँग भिडन्तमा पर्छौं अनि परमेश्वरप्रति विश्वास र आस्था मजबूत हुन्छ" भनेर यसले अत्यन्त महत्वपूर्ण मुल्यबान जीवन पद्धतिमा लाग्न मदत गर्छ किनभने यो "कुनै पनि अमुल्य हिरा मोतीहरू भन्दा यस्ता कष्टबाट पाएको अनुवभ (अति दुर्लभ र) मुल्यबान हुन्छन्।"-यो धारणाले गर्दा हामीमा आइपरेका कुनैपनि द्वन्द्ध वा संघर्षलाई कुन दृष्टिकोणले हेर्न सघाउँछ?
घ. गैर इसाई होस् वा इसाई होस्, तिनीहरूको अन्त्य विभत्स भएको प्रायजसो हामी सबैले देखेको छौं- कमसेकम हाम्रो दृष्टिकोणले तिनीहरूको नाजुक स्थिति भएको आभास हुन्छ। जतिसुकै प्रार्थना र हाम्रो प्रयत्नलाई परिचालन गरेतापनि भयानक स्थिति भोग्न पनि बाध्य हुन्छौं। यस अध्ययनको शिलशिलामा यो यथार्थलाई कसरी जोख्नुहुन्छ र यस्तो विषम् परिस्थितिमा के तपाईंले क्रुसबाट ज्योती छाएको देख्नुभएको छ?

## अध्याय ९

# प्रशंसा र भक्तिको जीवन

यस अध्ययनको लागि पढ्नुहोस्: यहोशू ५:१५-६:२०, २ इतिहास २०:१-३०, भजनसंग्रह १४५, प्रेरित १६:१६-३४, फिलिप्पिहरूलाई ४:४-७

स्मरण गर्नुपर्ने पदः “परमेश्वरमा सधै रमाओ, म फेरि पनि भन्दछुः रमाओ !" फिलिप्पिहरूलाई ४:४।

हामी खुशी भएको बेलामा परमेश्वरमा आनन्द हुनु धेरै सजिलो हुन्छ। तर जब सबै कुरा बिग्रिरहन्छ, कल्पना नै गर्न नसकिने प्रतिकुल परिस्थितिमा जब हामी भित्रेका हुन्छौं, त्यसबेला परमेश्वरलाई सम्झेर रमाइलो मनाउनु त्यति सहज छैन। यद्यपि त्यस्तो असमान्य घडिमा नै परमेश्वरको प्रशंसा गर्नु अति जरुरी हुन आउँछ किनभने परमेश्वरको जयगान गर्दा नै हामी विश्वास र निष्ठामा अडिग गएर बस्न सक्दछौं। यो हाम्रो सहारा हो।

वास्तवमा, अन्धकार परिस्थितिमा परमेश्वरलाई जयध्वनी चढाउँदा हामीलाई परिवर्तन गर्न सक्दछ, हाम्रो परिस्थितिलाई नबदल्न सक्दछ तर हामीलाई बदलाएर हामीले सामना गरेका समस्या, तकलिफ र अग्निपरीक्षालाई ठेस खाने ढुँगा नठानेर चुनौतीको रूपमा लिन सक्ने सार्थवान बनाउँदछ।

परमेश्वरको स्तुति गर्नु भनेको उहाँमाथिको विश्वास र आस्थालाई सक्रिय पार्नु हो। मानव स्वभावमा स्वाभाविक नहुन सक्दछ तर यदि हामीले परमेश्वरको प्रशंसा गर्ने बानी बसाल्यौं भने, यो प्रक्रिया हाम्रो जीवनको अभिन्न भाग हुन सक्दछ। यसमा हामीलाई परिवर्तन गर्ने र विजयी जीवन यापन गर्ने शत प्रदान गर्दछ।

यस अध्ययनको झलकः परमेश्वरमा चढाउने प्रशंसा, जयगान, स्तुति भनेको के हो? कठोर परिस्थितिमा परमेश्वरको प्रशंसा प्रभावशाली आत्मिक अस्त्र-शस्त्र कसरी बन्न सक्दछ? परमेश्वरको स्तुतिले हामीलाई र हाम्रो परिस्थितिलाई कसरी परिवर्तन गर्न सक्दछ?

### १. स्तुति प्रशंसाको संरचना

रुसमा महान लेखक फिओडर डोस्टोयिभस्कीलाई मृत्यु दण्ड दिनको फैसला भएको थियो। तर यो सजाय उनले अपेक्षा नगरेको अन्तिम समयमा कार्यन्वन गरेको थियो। त्यसभन्दा पहिले उनले कारागारमा बर्षौं विताए। आफ्ना जेलयात्राको समयलाई वर्णन गर्दै आफ्ना भावनालाई यसरी व्यक्त गर्दछः “अन्तिम समय सम्म निष्ठावान भएर बस्नु, सारा मानिसहरू वहकाउमा लागेर विभिन्न मार्ग अपनाएर गएतापनि र तपाईंमात्र एक्लैले परमेश्वरमा आस्थावान भएर बस्नु पर्ने बाध्यतालाई नछोड्नुहोस्। यस्तो एक्लोपनमा परमेश्वरलाई प्रशंसा र स्तुतीको भेटी चढाउनुहोस्।"

यो मर्मलाई आत्मसात गरेर पावलले असह्य सतावट र अकल्पित विरोधहरूलाई सामना गर्दै परमेश्वरमा ढृढ भएर बसेको हामीलाई ज्ञात नै छ। पावल आफ्ना देश मध्यएशिया इस्रायलबाट पश्चात्य र विरानो देश रोमको झ्यालखानामा बसिरहेका थिए। तर उनी जीवनदेखि हरेस खाएर उदास वा विरक्त हुन्दैन। बरू फिलिप्पिका विश्वासीहरूलाई प्रोत्साहन दिँदै हौसला पत्र लेखिरहेकम हुन्थे !

फिलिप्पिहरूलाई ४:४-७ पढ्नुहोस्। पावल आफै मृत्यु दण्दको सजायँ भोगरिरहेका बेलामा यस्तो मानवीयरूपमा अस्वाभाविक पत्र कसरी लेख्न सक्यो होला ? परमेश्वरको शान्तिको प्रत्याभूती प्राप्त गरिरहन यी पदहरूमा के मूल तत्वहरूलाई समावेश गरिएको छ?

अनुकूल बातावरण र  हामीले सोचेको वा इच्छा गरेको प्राप्त भइरहेको बेलामा आनन्द र हर्षित हुनु सजिलो हुन्छ। तर पावलले हामीलाई हरदम आनन्द र हर्षित हुनु भनेर प्रोत्साहन दिँदछ। यो उपदेश अनौठो हुन सक्दछ। पावलले भनेको कुरालाई अक्षरसरूपमा लियौं भने दुई गम्भिर झंझटमा फस्न सक्दछौं।

प्रथमतः यदि हामी सधैं आनन्दित हुनु पर्दछ भने आनन्द आउने आधिकारिक परिस्थिति नभएको बेलामा पनि हामी खुशी भएर परमेश्वरको प्रशंसा गरिरहनु पर्दछ। दोश्रो यदि हामी सधैं आनन्द भएर परमेश्वरलाई प्रशंसा गर्दै जीवन विताउनु पर्दछ भने हामीलाई खुशी हुन मन नपरेतापनि आनन्द मुद्रामा रहिरन सिक्नु पर्दछ।

धेरै पल्ट अस्वाभाविक परिस्थितिलाई गुजारिरहेको बेलामा पनि परमेश्वरको प्रशंसा गर भनेर पावलले आह्वान गरिरहेको पाउँदछौं। झट्ट हेर्दा यो मुनासिब देखिन्दैन। तर हामी हेर्ने छौं, यस्तै मुनासिब नदेखेको बेलामा नै हामीले परमेश्वरमा खुशी भएर बस्न आह्वान गरेको छ। अर्थात अर्को शव्दमा भन्ने हो भने परमेश्वरमा भक्तिभावले स्तुति चढाउनु भनेको उहाँमाथि विश्वासको कार्यन्वयन पक्ष हो। जस्तै परमेश्वरमाथिको विश्वास हामीले अपेक्षा गरेको अनुकुल वातावरणसँग सम्वन्ध नभएर परमेश्वरको सत्यताको आधारमा हुन्छ, त्यस्तै परमेश्वरको प्रशंसा गर्नु भनेको हामी खुशी भएको बेलामा मात्र नभएर परमेश्वरको सत्यको ज्ञानमा तल्लिन भएकोले र प्रतिज्ञामा भरोसा राखेको कारणले हो। आश्चर्य त यो छ, यस्तै समयको विश्वास र निष्ठाले नै हाम्रो विचार, मनस्थिति, भावना र परिस्थितिलाई उपयुक्त संरचनामा ढाल्दछ।

पावलले यस पंक्तिमा  परमेश्वरको सत्यतालाई आफूलाई कसरी चिनारी गरिएको छ जसले गर्दा प्रतिकुल समयमा वा इयालखानामा पनि परमेश्वरमा आनन्द बन्न शक्ति सम्पन्न भयो? परमेश्वरको सत्यता र उहाँको यथार्थतालाई आफुले थाहा पाएको अनुसार छोटकरीमा सूची बनाउनुहोस्। ती सूची हेरेर हरेक बुँदामा परमेश्वरलाई धन्यबाद र स्तुति चढाउनुहोस्। यसले तपाईंको भावना र परिस्थितिलाई हेर्ने दृष्टिकोणमा कसरी परिवर्तन ल्याएको पाउनुभएको छ?

## २. प्रार्थनाद्वारा अवरोधका पर्खालहरू भत्काउनु

अंग्रेजीमा एउटा भनाई छः “कुनामा रंग लगाउनु।" तपाईंले पुरा भुँईमा रंग लगाउनु भयो र रंग लगाउँदै आखिरमा तपाईं कुनामा आउनु भयो- अनि कल्पना गर्नुहोस्, तपाईंले भर्खर रंग लगाउनुभएको भुँईमा नटेकी तपाईं निस्कन सक्नुहुन्न। अथवा त्यो भुइँको रंग नसुकेसम्म तपाईं कुनामै बसिरहन बाध्य पनि हुनसक्दछ किनभने ताजा रंगमा तपाईंको पाईटालाको छाप भएको देख्न चाहनुहुन्न।

कहिलेकहिँ हाम्रो आस्थाले गर्दा हामीलाई पनि त्यस्तै कुनामा पार्न खोजेको जस्तो देखिन्छ। हामी यस्तो परिस्थितिमा आइपुग्छौं, मानौं भर्खर रंग लगाएको भुइँमा जस्तै हाम्रो विश्वासले हामीलाई धरापमा पारिरहेको छ। यस्तो परिस्थितिलाई हेरेर हामी किंङकर्तव्यविमूढ हुन्छौ र अनेक प्रश्नका ओइरोहरूले हामीलाई छोप्न सक्दछ- के यस्तो असमंज्य परिस्थितिमा परमेश्वर र हामीले विश्वास गरेको सबै थोकलाई त्याग्ने वा हाम्रो विश्वास र निष्ठाले गर्दा असम्भव असहज परिस्थितिमा पनि आस्थालाई पकडी राख्ने?

यही परिस्थितिमा परमेश्वरले इस्रायलीहरूलाई ल्याउनु भएको थियो। उनीहरू ४० वर्षसम्म मरूभूमिमा भौंतारिए पछि उहाँले खाली र सुन्दर घाँसै घाँस भएको हरियो खर्कमा ल्याउनु भएन। परमेश्वरले उनीहरूलाई यस्तो स्थानमा ल्याउनु भयो जहाँ त्यस सम्पूर्ण ईलाकामा सवभन्दा बलियो किल्लाले घेरेका सहर थियो। अनि तिनीहरू यरिको शहरको वरिपरि ६ दिनसम्म चुपचाप घुम्नु परेको थियो। अनि सातौं दिनमा परमेश्वरले तिनीहरूलाई ठुलो स्वरले चिच्याउनु भन्नु भएको थियो –अनि तिनीहरू यसरी बिगुलहरूसँगै चिच्याउँदा शहरलाई जित्न सकिने हुन्छ।

यहोशु ५:१३-६:२० पढ्नुहोस्। यसमा परमेश्वरले इस्रायलीहरूलाई के सिकाउन खोजी रहनुभएको छ?

याद गर्नु होस्, ठुलो स्वरले चिच्याउँदैमा पर्खालहरू थर्केर भत्किन्छ भनेको होइन। जब परमेश्वरले इस्रायलीहरूलाई चिच्याउनु भनेर निर्देशन दिनुभएको थियो, त्यो त्यहि चिच्याहट थियो जुन दाऊदले भजन ६६ मा लेखेका थिए: "हे सबै पृथ्वी होहे सबै पृथ्वी हो परमेश्वरमा आनन्दसाथ चिच्याउनु ! परमेश्वरको नाउँमा महिमा दिइ गीत गाउ; उहाँको प्रशंसालाई महिमित बनाउ !" (पद १,२)। यो प्रशंसा र स्तुतीको चिच्याइ थियो। जब छ दिनसम्म ती अग्ला र बलियो पर्खालहरूलाई हेरे, तिनीहरूले यो निश्कर्ष निकालेका थिए, "हामीहरूले यस पर्खाललाई भत्काउनु असम्भव छ।"

यस अवधारणाले हिब्रु ११:३० को अर्थ कसरी बुझ्न सक्दछौं?

जब परमेश्वरले हाम्रो जीवनमा केही नयाँ कुरा गर्न चाहनुहुन्छ भने उहाँले हामीलाई यरिकोमा ल्याउन सक्नुहुन्छ किनभने उहाँले हामीलाई यो सिकाउन आवश्यकताको महसुस गर्नुहुन्छ, त्यो हो हाम्रै शक्ति र कौशलताले विजय हासिल गर्न सकिन्दैन। हामीलाई चाहिने सबै बाहुबल हाम्रो शक्तिको परिधिभन्दा बाहिरबाट आउनु आवश्यक छ। त्यसैकारण हाम्रो अगाडि जे भएतापनि वा जुनसुकै असम्भव परिस्थितिको सामना गर्नु परेतापनि हाम्रो काम चाहिँ परमेश्वरको प्रशंसा गर्नु हो- यो नै हामीलाई चाहिने सबै श्रोतको साधन हो। यो नै विश्वास, आस्था र निष्ठाको परिचालन हो।

## ३ स्तुति र प्रशंसाको जीवन

अनुकुल परिस्थितिमा पनि परमेश्वरको प्रशंसा गर्नु हाम्रो लागि स्वाभाविक नहुन सक्दछ। झन प्रतिकुल र असहज परिस्थितिमा त कति गाह्रो होला ? यद्यपि बाइबलमा हामीलाई यसैको लागि आह्वान गरेको पाउँछौं। कुनै निश्चित अनुकुल समयमा मात्र  प्रशसा र स्तुति गर्ने बानीबाट सुधार गरी हामी जहाँ भएतापनि जस्तोसुकै अवस्थामा पनि परमेश्वरलाई स्तुति चढाउने, हाम्रो आचरणको स्वतः भाग हुनुपर्दछ। स्तुति र प्रशंसा कुनै विशेष कार्य नभएर जीवन पद्धतिको प्रमूख भाग हुनुपर्दछ।

भजन १४५ पढ्नुहोस्। परमेश्वरको स्तुति र प्रशंसा गर्नु पर्ने के कारणहरू दाऊदले खुलाएका छन्? यस भजनका वाक्यहरू तपाईंकै जीवनको भाग कसरी बनाउनु हुन्छ?

बिलायतका महान् प्रचारक चार्ल्स हाडन स्पर्जनले *द प्राक्टिस अभ प्रेज* भन्ने पुस्तक लेखेका थिए। यो सम्पुर्ण पुस्तक भजन १४५ को ७ पदमा आधारित छन्। यो छोटो पदमा स्पर्जनले तिन प्रमुख कुराहरू देखाएर हाम्रो जीवनमा परमेश्वरको प्रशंसा किन गर्नु पर्दछ भनेर ध्यानार्कषण् गरेका छन्।

क, जब हामी वरिपरि हेर्दछौं परमेश्वरप्रति सभक्ति स्तुति गर्ने बानी बसाल्छौं। परमेश्वरको महानतालाई हामीले वरिपरि देख्न सकेनौं भने उहाँको स्तुति र प्रशंसा गर्ने औचित्य नहुन सक्दछ। परमेश्वरले सृजना गर्नुभएको सृष्टिमा के यस्ता सुन्दरता छ जसले उहाँलाई प्रशंसा योग्य बनाउँछ? साना बालबालिकाहरूले परमेश्वरमा विश्वास गरि अग्रसर भइरहेकोमा, तपाईंले के यसमा आध्यात्मिक विश्व देख्नु भएको छ जस्ले परमेश्वरलाई स्तुति र प्रशंसा योग्य बनाउँछ?

२. जब हामीले जे देख्छौं त्यो सम्झे भने परमेश्वरप्रति स्तुति र प्रशंसाले विभोर हुन सक्दछ। यदि हामी कृतज्ञ र आनन्दको परिस्थितिमा रहन चाहन्छौं भने त्यसको कारण हामीलाई थाहा पाउनु पर्दछ। परमेश्वरका महानताहरू के छन्, सो सम्झनु पर्दछ। उहाँको सदाशयता, गौरव र सत्यलाई हाम्रो मनबाट चिप्लन दिनु हुन्दैन। कहिलेकहिँ नयाँ रिती वा प्रतिकलाई चिन्हेर परमेश्वरको भलाई र करूणालाई सम्झिरहनु पर्दछ।

ख. जब हामी प्रशंसा र स्तुतिको बारेमा छलफल गर्दछौं यसले उपरोक्त कार्यको लागि बानी बसाल्दछ। स्तुति र प्रशंसा केवल हाम्रो दिमाग खेलाएरमात्र गर्ने कार्य होइन। हाम्रो मुखबाट यो निस्कनु पर्दछ र हाम्रो वरिपरिकोले हामीले परमेश्वरको प्रशंसा गरेको सुन्नु पर्दछ। मौखिक रूपमा परमेश्वरको स्तुति गर्नुको उपादेयता के हो? यसतो प्रशंसाले कस्तो र कसलाई प्रभाव पार्दछ?

कापी र कलम लिएर उपरोक्त तीन बुँदाहरूमा बिचार गरेर केही लेख्नुहोस्। तपाईंको जीवनमा परमेश्वरको स्तुति र प्रशंसा गर्ने बानी बसाल्न के गर्नुपर्दछ?

## ४. साक्षी बोक्नु जब अपराध मानिन्छ तर त्यहि साक्षीले विश्वासमा अरूलाई ढाल्दछ

जसले स्तुति र प्रशंसा सुने, तिनीहरूमा प्रभावशाली असर भएको प्रेरितको पुस्तकमा पाउँछौं। प्रेरित १६:१६-३४ पढ्नुहोस्। प्रभुको लागि साक्षी बोकेकोले पावल र साइलासलाई नाङ्गो पारेर कोर्रा लगाएको थियो र त्यस पछि तिनीहरूलाई झ्यालखानामा जाकिएको थियो। तिनीहरूको घाउमा र रगत पच्छे भएको ढाढमा मलहम लगाईदिने कोहि थिएन। तिनीहरूका खुट्टाहरू काठको ठिङ्गुरोमा राखेर ताल्चा लगाएको थियो र शारीरिक यातनाले तिनीहरू असह्य भइरहेको थिए। तर जब कैदीहरू तिनीहरूको क्रन्दन सुनीरहेको थियो, त्यसैबेला तिनीहरूले प्रार्थना गर्न थाले र गीत गाउन थाले। त्यसबेला अचानक भुँइचालो गयो र झ्यालखाना हल्लियो। जेलको हाकीम जस्ले पावल र सिलासलाई नराम्रोसँग चुटेर जेलमा थुनेको थियो, उसले भन्ठाने अब कैदीहरू सबै भागे। आफ्नो ज्यान खतरामा देखेर उसले आत्महत्या गर्न सुरे। तर पावलले चिच्याएर भने, "आफुलाई नमार्नुहोस्, हामी सबै यहिँ छौं।"

पावलको अनुरोधमा जब त्यस हाकीमले आफ्नो तरवार दापमा हालेर कैदीहरूको निरीक्षण गरे त सबै कैदीहरू त्यहिँ थिए। अनि ऊ "थर थर काँपेर पावल र सिलासको अगाडि घुँडा टेके। तिनीहरूलाई झ्यालखानाबाट निकालेर ल्याएर सोधे, 'गुरुज्युहरू, मैले उद्धार पाउन के गर्नुपर्छ?'" (पद २९,३०)।

झ्यालखानामा जुन घट्ना घट्यो यसले गर्दा उक्त झ्यालखानाको हाकीमले आफुलाई मुक्तिको आवश्यकताको महसुस गऱ्यो, यो किन भयो होला? पावल र सिलासको प्रार्थना र स्तुतिले गर्दा किन कैदीहरू भागेनन् र जेलको हाकिम र उसको सम्पूर्ण परिवारले आफ्नो धर्मलाई परिवर्तन गरेर येशूलाई अँगाले?

हाम्रो प्रार्थना, स्तुति र प्रशंसाले हाम्रो वरिपरि भएकाहरूको अनन्त जीवनको निर्धारण कसरी गर्दो रहेछ सो आश्चर्यपूर्ण छ। यदि पावल र सिलासले अरू कैदीहरू जस्तै गुनासो गरेर, सरापेर र कराएर अंधकारमा बसे भने त्यसबेला के येशूले दिनुहुने मुक्तिलाई कसैले अँगाल्न सक्थे होलान्?

उपरोक्त घट्नापछि झ्यालखानाको हाकिम र परिवारलाई के भयो सो हामीलाई जानकारी छैन। पछि रोमको झ्यालखानामा पावलले लेखेका कुरालाई पढेर तिनीहरूले के भन्थाने होला? पावलले लेखेका थिए, "किनभने ख्रीष्टको निम्ति तिमीहरूलाई यो दिइएको छ, तिमीहरूले उहाँमाथि विश्वास गर्नु मात्र होइन, तर उहाँको खातिर दुःख पनि भोग्नु पर्छ, र त्यहाँ संङ्घर्ष जो तिमीहरूले ममा देख्यौ र मसँग छ भनी अहिले सुन्दछौ, त्यसैमा तिमीहरू लागेका छौ।" फिलिप्पी १:२९,३०। यदि तिनीहरूले पावलको उपरोक्त वचनलाई पढे भने अवश्यमेव तिनीहरूको हृदयमा पावलले पाएको दुःखले गर्दा तिनीहरू कसरी आनन्दित भए भनेर सोचे होलान्। यसले गर्दा उनीहरूको हृदयमा नयाँ उत्साह, उमँग र गीतले भरे होलान्। जुनसुकै मूल्य चुकाउनु परेतापनि तिनीहरू परमेश्वरमा निष्ठावान हुन निश्चय नै प्रतिवद्ध भए होलान्।

तपाईको हृदयबाट निस्केको प्रशंसा र गीतले परमेश्वरको लागि कस्तो प्रभाव पार्न सक्छ, सो सोच्नुहोस्। अरूको अगाडि परमेश्वरलाई प्रशंसा र स्तुति चढाउन नहिचकिचाउनुहोस्। परमेश्वरको भजन गाउन हरमग्दुर प्रयास गर्नु होस् किनभने यसले गर्दा अरूलाई कस्तो सकारात्मक प्रभाव पार्दछ तपाईंलाई तत्काल थाहा नहुन सक्दछ?

## ५. जीवनको सँघर्षमा विजय हासिल गर्न भिर्नु पर्ने हतियार

२ इतिहास २०:१-३० पढ्नुहोस्। स्तुति र प्रशंसा प्रभावशाली हतियार हुन भनेर राजा यहोशापातले पत्ता लगाएको हामी पाउँछौं। शत्रुका बिशाल शैनिकहरू उसको बिरूद्धमा आइरहेको थाहा पाएर उनी तुरन्त आफ्नो शैनिक संरचना तिर नलागि परमेश्वरसँग सोधपुछ गर्न उनले निधो गरे (पद ३)। यहुदाका सारा मानिसहरूलाई उपबास बस्न घोषणा गरे। यहुदाका मानिसहरू उपबास बस्न यरूशलेमामा आए। राजाले

सबैको सामुन्नेमा बिशाल शत्रुको सैन्यको अगाडि आफु निरिह भएको स्वीकार गरे र जनताको माझ परमेश्वरलाई यसरी सम्वोधन गर्दछः "हामीलाई हमला गर्न आउने यस महान् सैन्य बलसँग सामना गर्न हामीमा बलशक्ति छैन। हामीले के गर्ने सो थाहा पनि छैन, तर हामीहरूका दृष्टि तपाईंतिर नै उठाइरहेका छौं।" पद १२।

जब तपाईंको जीवनमा बिशाल सैनिकहरू आक्रमण गर्न आए भने तपाईंको तुरन्त प्रतिक्रिया कस्तो हुन्छ? पद ३-१२ मा राजा यहोशापातले जसरी उपरोक्त महान बिपत्तीबाट उम्कन कदम चाले, के तपाईं पनि त्यसरी नै आफुले खप्न नसकेको संकष्टलाई सामना गर्न उपरोक्त कदम चाल्न शिक्षा पाउनु भएको छ?

जब परमेश्वरको आत्मा एक जना लेवीमाथि आए, तव उनी सुरो भएर यसरी सम्वोधन् गर्दछः "यो लडाँई तपाईंहरूले लड्नु पर्दैन। आफ्नो स्थानमा रहनुहोस्, ढृढ भएर पर्खिबस। परमप्रभुले तपाईंहरूको उद्धारको काम गर्नुभएको तपाईंहरू देख्नु हुनेछ। नडराउनुहोस् र नता आत्तिनुहोस्। भोलि उनीहरूको सामना गर्न तपाईंहरू निस्केर जानुहोस्।किनभने परमप्रभु तपाईंहरूतर्फ हुनुहुनेछ।" (पद १७)। त्यसपछि तिनीहरू परमेश्वरको उपासना गर् र चर्को स्वरले उहाँको स्तुति गाए (पद १९)। परमेश्वर उनीहरूको लागि संग्राम गर्नु हुने भएतापनि तिनीहरू शत्रुको सम्मुख जानु पर्ने भएको थियो।

तर यो कुनै साधारण संग्रामको लागि अग्रसर भएको थिएन। लडाँईमा सँगसँगै लान यहोशापातले परमेश्वरको स्तुति गाउन एक झुन्ड संगीतकारहरूलाई नियुक्त गरे। "तिनीहरूको प्रशंसाको चर्को आवाज सुन्ने बित्तिकै परमप्रभुले यहुदासँग युद्ध गर्न आएका अम्मोनी, र मोआबीहरू सेइर पर्वतका मानिसहरूका विरुद्धमा अलमल्याइ दिनुभयो  र उनीहरू परास्त भए।" (पद २२)। लेखकको अनुसार जब ती यहुदाका मानिसहरूले परमेश्वरको प्रतिज्ञामा भरोसा राखेर उहाँको प्रताप र पवित्रताको प्रशंसा गर्ने बित्तिकै उहाँले हस्तक्षेप गर्नुभयो (पद २१)।

उपरोक्त अध्याय फेरि पढ्नुहोस् र तपाईं परमेश्वरसँगसँगै हिंडीरहनुभएको छ भने यहोशापात र यहुदाका जनताहरूले अपनाएका मूल कार्यशैली विशेष गरेर तनाव र कष्ट भोगीरहेको बेलामा कसरी व्यबहारमा ल्याउन सक्नुहुन्छ?

उपसंहारः-

अरू जानकारीको लागि पढ्नुहोस्: एलेन जि ह्वाइट, *प्रोफेटस् एण्ड किन्गस्,* पृ. १९०-२०३, *पाट्रियार्क एण्ड प्रोफेटस्,* ४८७-४९८।

"त्यसैकारण परमेश्वरको बेजोड प्रशंसा गर्न हाम्रो हृदयलाई शिक्षित बनाऔं। कलभरी क्रुसबाट प्रज्ज्वलित भइरहेको ज्योतीमा रहिरहन र त्यसमा हाम्रो आशालाई केन्द्रित बनाइ राख्न हाम्रो आत्माहरूलाई शिक्षित बनाऔं। हामी स्वर्गका राजाका छोराछोरी हौं भनेर कहिल्यै पनि नबिसौं। हामी सारा जगतको मालिक, सृष्टिकर्ताका छोराहरू र छोरीहरू हौं। परमेश्वरमा शान्तिपूर्वक रहिरहने हाम्रो अवसर हो।" एलेन जि ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ. २५३।

"जब म परमेश्वरको महानताको प्रशंसा गर्छु र उहाँको उपासना गर्दछु, तपाईं पनि मसँग त्यसै गर्नहोस् भनि अनुरोध गर्दछु। जब तपाईं अन्धकारमा जाकिनु भएको जस्तो लाग्छ भने परमेश्वरको प्रशंसा गर्नुहोस्। तपाईं कुनै प्रलोभन, परीक्षा वा कुनै प्रतिकूल बनाउने मोहमा फस्नु भएको छ भने पनि परमेश्वरको स्तुति गाउनु होस्। "परमेश्वरमा सधै आनन्द गर र फेरि पनि भन्दछु आनन्द गर।" भनेर पावल प्रेरितले भन्दछ। के यसले गर्दा तपाईंको परिवारमा अन्धकार र खिन्नता ल्याउँछ र? कदापी ल्याउँदैन बरू सूर्यको चमक ल्याउँदछ। यसो गर्दा तपाईंले महिमित परमेश्वरको गद्दीबाट अनन्त ज्योतीका किरणहरूलाई जम्मा गरेर आफ्ना वरिपरिकाहरूलाई छर्न सक्नुहुन्छ। हामी सबै यस कार्यमा एक साथ लागौं र हाम्रो वरिपरि परमेश्वरको ज्योती फैलाऔं। परमेश्वरको यो ज्योती केवल हाम्रो मार्गमा मात्र नभएर हाम्रो साथमा रहेका सबैलाई बाँडौ र

तिनीहरूलाई परमेश्वरको महिमा र उहाँको स्वर्गमा उचालौं। तिनीहरूलाई संसारको यश, मान र धनसम्पतीलाई भन्दा अनन्त, ननासिने स्वर्गको हकदार बनाउन दोऱ्याउनुहोस्।" एलेन जि ह्वाइट, *टेस्टिमोनिज् फर द चर्च,* ठेली ५९३, ५९४।

चिन्तन मननः

क. इसाईहरूको जीवनमा सामुहिक स्तुतिको के भूमिका हुन्छ? तपाईंको चर्चको सेवा कार्यमा भएको स्तुति र प्रशंसालाई कसरी वर्णन गर्नुहुन्छ? के त्यसले परमेश्वरमा तपाईंलाई जागृती ल्याउँछ? चर्चमा भएको स्तुति र महिमाले के विश्वासीहरूलाई दुःख र सन्ताप परेको बेलामा परमेश्वरप्रति ढृढता हुन सहायक भएको छ? यदि छैन भने के गर्नु पर्दछ?

ख. "अन्धकारमा परे पनि परमेश्वरको प्रशंसा गर्नु" अर्थात् "परीक्षा वा प्रलोभनमा परेको बेलामा पनि प्रशंसा गर्नु" भनेको के हो? यस्तो असहज परिस्थितिमा पनि परमेश्वरको स्तुति र आराधाना गर्दा कसरी सहायक सिद्ध हुन्छ?

ग. विश्वासीहरू बीच परमेश्वरको स्तुति र प्रशंसाले गर्दा जीवनमा कसरी प्रभाव परेको छ सो छलफल गर्नुहोस् वा गवाही दिनुहोस्। एक आपसको अनुभवबाट के सिक्न सकिन्छ?

घ. सँगतीमा कुनै पनि प्रशंसाको भजन चुनेर केही समय पढ्नुहोस्। यसले प्रशंसा र स्तुतिको बारेमा के सिकाउँछ? तपाईंकै जीवनमा परमेश्वरलाई भक्तिपूर्ण प्रशंसा गर्दा तपाईको विश्वासमा के असर भएको अनुभव गर्नुभएको छ?

अध्याय १०

# अग्निपरीक्षामा शहनशिल र नम्र हुनु

यस अध्यायको लागि पढ्नुहोस्: प्रस्थान ३२:१-१४, भजन ६२:१-८, इजकियल २४:१५-२७, मत्ती ५:४३-४८, १ पत्रुस २:१८-२५।

**स्मरण गर्नु पर्ने पदः "धन्य नम्र हुनेहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउने छन्।" मत्ती ५:५।**

बाइबलमा नम्र भन्ने शब्द त्यति धेरै उपयोग गरेको पाइँदैन। मोशाको बारेमा चरित्रण गर्दा वा येशूले डाँडामा दिनुभएको उपदेशमा उल्लेख गरिएको बाहेक बाइबलको अन्त भागमा बीरलै पाइन्छ। यो शब्द धेरै प्रयोग नगरेको कारण बुझ्न त्यति सान्हो पनि छैन। (अंग्रेजीमा meek भनेको शाब्दिक अर्थ केही नेपाली शब्दकोषहरूमा यसरी दिएको छः नुहेको, विनीत कुनै चिज वा विषयमा स्वत्व राखेर घमण्ड नगर्ने, नरम स्वभावको, शिष्ट, विनय, विनयशील, सहनशील, आज्ञाकारी, गुनासो नगर्ने, अहंकार नभएको आदि।) अर्को अर्थमा नम्र हुनुभनेको अन्याय र चोट धिरजसाथ र विना रोष खप्न सक्ने भनेर बाइबलका मनसायले व्यक्त गरेको पाउँछौं। त्यसैकारण यो शब्दलाई धेरै प्रयोग गरेको पाइँदैन। आजको समाज, संस्कार र सभ्यतामा यो गुणलाई आदरणीय दृष्टिकोणले हेर्दैनन्। कहिलेकहिँ बाइबलमा यो शब्दलाई दीन, निर्धन वा संतप्त भनेर अनुबाद गरेको पाइन्छ। कुन संस्कार, संस्कृती वा समाजमा यो आचरणलाई लालयित तरिकाले हेर्दछ र?

तर येशू र उहाँका चेलाहरूले प्रदर्शन गरेको एकदम प्रभावशाली गुणहरूमा अन्यायमा र चोटमा पनि धिरज र विना रोष वहन गर्ने नम्र वा सहनशीलता हुन्। यद्यपि यो आफैमा अन्त्य होइनः जो मानिस दुःख र संकष्ट भोगीरहेका छन् तिनीहरूको लागि आत्मामा दीन धारण एक शक्तिशाली अस्त्र हुनसक्दछ। संकष्टको बेलामा नै हाम्रो हृदयले नम्र हुन सिक्दछ। हाम्रो नम्र स्वभाव र टुक्रिएको जीवन परमेश्वरको लागि शक्तिशाली साक्षीको अवसर हुनसक्दछ।

यस अध्यायको झलकः संकष्ट र नम्रताको बीचमा के पारस्परिक सम्बन्ध छ? हाम्रो आफ्नै नम्रता र टुक्रिएको जीवनले अरूको लागि कसरी उत्साहप्रद साक्षी हुन सक्दछ? येशूका परमभक्तहरूको लागि नम्रता, कसरी दुर्बलता होइन सत सावित हुनसक्दछ?

## १. भाँचेको रोटी र पोखिएको मद्य

इसाई साहित्यका लेखक ओसवाल्ड चेम्बरले भनेका छन्, अरूको लागि "हामी भाँचेको रोटी र पोखेको मद्य हुनुपर्दछ।" उसले भन्न खोजेको के हो?

बाइबलभरि यस्ता मानिसहरूका उदाहरणहरू छन् जो आफु टुक्रिएर अरूको भलाई गरेका छन्। जब कनान देशमा लान इस्रायलीहरूको नेतृत्व गर्दै थिए, मोशाले अनगिन्ती कानेखुशी, गुनासो र आलोचनाहरूको सामना गर्नुपरेको थियो। मिश्र देशको उच्च ओहोदामा पुग्नु अघि योशेफले विश्वासघाट र झ्यालखानाको भुमरीमा पर्नु परेको थियो। परमेश्वरका आफ्ना जनहरूलाई यो परिस्थिति आउन दिनुभयो किनभने यी प्रत्येक कहालीलाग्दो जीवन कसरी उहाँको अनुग्रह र स्नेहको पात्र हुनसक्दछ भनेर उहाँ देखाउन चाहनुहुन्थ्यो। तिनीहरूले गुजार्न सकेको जीवन आफ्नो भलाई मात्र होइन, अरूको हित भएको पनि सावित भएको हामी पाउँछौं। परमेश्वरले यो बाटो बाइबलका बितेका पात्रहरूलाई मात्र नभएर हामीलाई पनि उपभोग गर्न दिएर उहाँले परिचालन गर्न सक्नुहुन्छ। हाम्रो जीवनमा विषम् परिस्थितिको सामना गर्नु पर्दा रीस उठ्नु र चित्त दुख्नु

स्वाभाविक र सजिलो हुनुसक्दछ। तर हामीले यस अध्यायको सुरूमा हेर्‍यौं, नम्रता परमेश्वरले दिनुहुने यस्तो गुण वा बरदान हो जसले गर्दा कुनै पनि बिषम् परिस्थितिलाई धिरज र विना रोष वहन गर्नसक्ने क्षमता वा सत् हुन्।

इजकियल २४:१५-२७ पढ्नुहोस्। यहाँ के भइरहेको छ? इजकियल यस्तो विषम परिस्थितिमा किन जाकिनु पर्‍यो?

पद २४ मा परमेश्वरले भन्नुभयो, "इजकियल तिमीहरूको निम्ति प्रतिक हुनेछ। उसले जे सामना गर्नु पर्‍यो त्यहि तिमीहरूले पनि भोग्नु पर्नेछ। यसले गर्दा तिमीहरूले यो थाहा पाऔ म नै सर्वशक्तिमान, सर्वोच्च परमेश्वर हुँ।" इजकियलको उदाहरणद्वारा इस्रायलीहरूले परमेश्वरको यथार्थतालाई स्विकार गर्न बाध्य हुने बाटो थियो। इजकियलको जीवनको उदाहरणले परमेश्वरले भविष्यबाणी पुरागर्नुहुन्छ भन्ने संदेश उनीहरूले प्रतक्ष देख्ने मौका पाएको थियो। तर इजकियलले आफुलाई परमेश्वरमा समर्पण गरेर उहाँको हातमा टुक्रिन दियो भने मात्र ती इस्रायलीहरूले आफ्नो लागि परमेश्वरको प्रतापको अनुभव गर्न सक्दथ्यो। कसलाई थाहा छ त, यदि हाम्रो जीवन पनि टुक्रियो भने यसले परमेश्वरको महिमा अरूले देख्न सक्ने बनाउँछ?

ढिलो वा चाँडो होस् हाम्रो जीवन टुक्रिने जीवन लिएर आएका हौं। तपाईंको जीवन भाँचिन्दा के अनुभव गर्नु भएको थियो? के तपाईंको पूर्ण भएको आत्मालाई परमेश्वरले अरूको लागि हितकर बनाउन सक्नुहुन्छ होला?

## २. अनुग्रहको लागि पैरवी गर्नु

प्रस्थान ३२:१-१४ पढ्नुहोस्। यहाँ मोशाले के भूमिका खेली रहेक छन्?

(मोशा ४० दिनसम्म परमेश्वरसँग पहाडमा निती निर्देशन लिनुको लागि गायब भएका थिए। मोशाको अनुपस्थितिमा इस्रायलीहरूले उसको दाजु हारुनलाई देवताको मुर्ती बनाइदेउ भनेर कचकच गरे। हारुनले तिनीहरूको कचकच सुन्न नसकेर सबैको गहनाहरू जम्मा गर्न लगाए र त्यसलाई पगालेर सुनको बाच्छाको मुर्ती बनाए र यही तिनीहरूको देवता हो भनेर खडा गराए (प्रस्थान ३२)। यो परमेश्वरको दस आज्ञा मध्ये एउटा प्रमुख आज्ञाको सरासर अवज्ञा गरेको थियो।) जब मानिसहरूले ती बाच्छोलाई पुजा गरेर नाचगानमा लट्ट परिरहेका थिए, तिनीहरूले आस्थाको सिमा नाघेर बाच्छोलाई देवता मानेको देखेर परमेश्वरले तिनीहरूलाई नाश गरेर मोशाको वंशबाट नै नयाँ जाति खडा गरेर महान् राष्ट्र बनाउँछु भनेर मोशालाई आफ्नो आशय प्रकट गर्नुभयो। परमेश्वरको यो भावनालाई हर्ष पूर्वक लिनुको सट्टा तिनीहरूलाई क्षमा देउन् र सदाशय अपनाउन् भनेर परमेश्वरसँग अनुनय-विनय गरे। परमेश्वरले उसको विन्तीभाउलाई स्विकार गर्नुभयो र आफ्नो इच्छालाई रद्द गर्नुभयो।

प्रस्थान ३२:१-१४ मा दुई महत्वपूर्ण तर्कहरू प्रस्तुत गरेको पाउँछौं। प्रथमतः परमेश्वरबाट हटेर गई उहाँको बिद्रोह गर्ने जनहरूलाई खतम गरेर मोशाको वंशबाट नयाँ राष्ट्र सुरू गर्छु भन्ने परमेश्वरको मनशाय मोशाको लागि ठूलो परीक्षा थियो। मोशाले ती पातकी र अटेरी मानिसहरूलाई कस्तो सदाशयता र करूणा देखाउँछ भनेर परमेश्वर हेर्न चाहनु हुन्थ्यो। यसमा मोशा सफल भयो। येशूले जस्तै पापीहरूको लागि परमेश्वरसँग दयाको भीख मागे। यसले एउटा कौतुहल जगाउँछः कहिलेकहिँ परमेश्वरले हामीलाई आफ्ना प्रतिद्वन्दीसँग सामना गर्न दिनु हुन्छ। हुनसक्छ हामी अग्निपरीक्षा वा संकष्टमा परेको होला तर यस परिस्थितिलाई परमेश्वर, हामी आफै पनि र जगत्ले बाटो बिराएकाहरूलाई हामीले कस्तो सदाशय र करूणा देखाउँदो रहेछ भनेर हेरिरहेका हुन्छन्।

इस्रायलीहरूलाई नाश नगर्नुहोस् भनेर मोशाले परमेश्वरलाई कुन कारण देखाएर अनुरोध गरे?

दोश्रो तर्कमा, विरोध र अवज्ञा गर्नेहरूलाई हामीले शदाशय र अनुग्रह देखाउनु पर्दछ भनेर आह्वान गरेको पाइन्छ। मानिस असक्षंम र अयोग्य भएको बेलामा अनुग्रहको अत्यावश्यक हुन्छ। फेरि यस्तै मानिस जो अनुग्रहको अयोग्य भएको देखाउँछ त्यसैबेला हामीले अनुग्रह र सदाशयता उसलाई देखाउन चाहेका पनि हुन्दैनौं। जब मोशाकी दिदी मीरियमले उसको विरोध र आलोचना गर्दा उनी कुष्ट रोगले ग्रसित भएकी थिइ, उसले परमेश्वरको अगाडि रोयर दिदीको रोग निको पारिदिउन् भनेर पुकारा गरे (गन्ती १२)। जब परमेश्वर कोरा र उसका अनुयायीहरूसँग क्रोधित भएर तिनीहरूलाई नाश गर्छु भनेर धम्क्याउनु भएको थियो, मोशा भँइमा घोप्टो परेर तिनीहरूको लागि अभयदान मागे। मोशाले घोप्टो परेर परमेश्वरसँग जीवनको भीक्षा माग्दै हारूनलाई तिनीहरूको लागि तुरन्तै क्षमाको विधी चलाउनु भनेर निर्देशन दिए (गन्ती १६)। मोशा अति नम्र र निस्वार्थी भएको कारणले महान् संकष्टको बेलामा असक्षंम र अयोग्य जनहरूको लागि परमेश्वरसँग दया र अनुग्रहको भीख मागे।

तपाईंको संसर्गमा यस्ता मानिसहरूको बारेमा सोच्नुहोस् जो हाम्रो अनुग्रह र सदाशयताको लागि सक्षम् छैन। तर तपाईं आफ्नो नम्रता र निस्वासर्थीपना देखाएर परमेश्वरको अनुग्रह, करूणा र सदाशयता तिनीहरूलाई कसरी देखाउन प्रयत्न गर्न खोज्नुहुन्छ? (येशूको नजिक रहने रहस्यको ज्ञान तपाईंमा छ भने अरूप्रति तपाईंको आचरण उहाँको जस्तै हुनमा बिकल्प छैन।)

## ३. हामीलाई आघात पुऱ्याउनेहरूप्रति स्नेह र माया देखाउने क्षमता

कसैले एक पटक भनेका थिए, "हाम्रा बैरीहरूप्रति सदाशयता देखाउनु भनेको मोती गाडिएको फोहरलाई माया गर्नु होइन बरू फोहर माटोमा गाडिएको मोतीलाई माया गर्नु हो...हामी स्वाभाविकै मायालु भएकोले परमेश्वरले हामीलाई माया गर्ने होइन, तर उहाँले हामीलाई माया गरेको कारण हामी मायालु भएका हौं। (जो मानिसले परमेश्वरको प्रेमलाई चाखेको छैन उसले न ता माया गर्न जान्छ न त लिन पनि जान्छ)।"

जब तपाईंका बैरीहरू अर्थात् प्रतिद्वन्दीहरू वा तपाईंको अहित चिताउनेहरूलाई हेर्दा के तपाईंले मोती देख्नु हुन्छ अथवा उनीहरूको वरिपरि भएका कसिंगर देख्नुहुन्छ?

मत्ती ५:४३-४८ पढ्नुहोस्। येशूले हाम्रा बैरीहरूलाई माया गर्नु र उनीहरूको लागि प्रार्थना गर्नु भनेर आह्वान गर्नुभएको छ? यसै सन्दर्भमा येशूले प्रकृतिबाट उदाहरण दिनुभएर हामीले हामीलाई अहित चिताउनेलाई माया गर्नु हाम्रो कर्तब्य हो भनेर उल्लेख गर्नु भएको थियो। येशूले उहाँको भक्तहरूलाई के भन्न खोज्नु भएको होला?

हामीलाई अत्यन्त आघात पुराउनेहरूलाई कसरी व्यवहार गर्नुपर्छ भनी पद ४५मा येशूले स्वर्गमा बस्नुहुने उहाँको परमेश्वर पिताको उदाहरण दिएर भन्नुहुन्छ,। येशूले भन्नुहुन्छ उहाँको पिताले धर्मी र अधर्मी दुवैलाई वृष्टि दिनुहुन्छ र घाम झुल्काउनुहुन्छ। यदि परमेश्वरले अन्याय गर्नेलाई पनि वृष्टि दिनुहुन्छ र घाम झुल्काउनुहुन्छ भने त्यस्तोलाई हामीले कस्तो आचरण प्रदर्शन गर्नुपर्छ?

हामीलाई अन्याय र दुःख दिनेप्रति सधैं न्यानो र हँसिलो देखाउनु पर्छ भनेर येशूले भन्न खोज्नुभएको त होइन, यद्यपि यो असम्भव त छैन। मुख्यतः त्यस्ता व्यक्तिहरूप्रति देखाउने माया र विचारशील हुनु भावात्मकमा आधारित नभएर विशेष कार्यशैलीमा भर पर्दछ। (अरूले हामीलाई कस्तो व्यवहार गर्छन् त्यो उसको अधिकार हुनसक्छ तर त्यसलाई कसरी लिने हाम्रो अधिकार हो। हामीहरूले हाम्रो मन मश्तिष्कलाई सकारात्मक स्थितिमा राखीरहँदा हामीले स्वच्छ जीवनको प्रत्याभूति पाइरहेका हुन्छौं )

येशूले उक्त पङ्क्तिलाई यसरी अन्त गर्नुहुन्छ जसले गर्दा प्रायजसो धेरै तर्क र वितर्कका विषय बनेका छन्, "यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ।" (पद ४८)। उपरोक्त सन्दर्भमा यसो अर्थ प्रष्ट छः जो मानिस परमेश्वर जस्तै सिद्ध हुन चाहन्छ, उसले आफ्ना

बैरीहरूलाई माया गर्नु पर्छ जसरी परमेश्वरले गर्नुहुन्छ। परमेश्वरको सम्मुख सिद्ध वा परिपक्व हुनु भनेको हाम्रा प्रतिद्वन्दीलाई माया देखाउने क्षमता हुनु हो। यस्तो सामर्थताको लागि परमेश्वरले प्रदान गर्नुहुने नम्र हृदयमा मात्र आधारित हुनसक्दछ।

नम्रताको परिभाषालाई ध्यानमा राखेर (हामीलाई आघात पुऱ्याउनेलाई धिरज र विना रोष सहने शक्ति), तपाईंले यस्तो शूची बनाउनुहोस जसमा तपाईंको जीवनमा गुम्सिरहेका अनेक भावहरू, रोषहरू र अरूप्रति नकारात्मक सोचाइहरू होस्। अनि परमेश्वरसँग यस्ता भावहरूलाई परिवर्तन गर्न नम्र हृदयको बरदान माग्नु होस् जसले गर्दा तपाईंको बैरीप्रति पनि ठीक  र सकारात्मक धारणाले अभिप्रेरित हुनसकुन्।

## ४. मौन सम्मति लक्ष्यणम्

अत्यन्त कठोर परिस्थितिमा नम्र स्वभावको प्रदर्शन गर्नेमा येशू उत्कृष्ट प्रभावशाली अनुकरणीय उदाहरण भएर देखाउनु भएको थियो। उहाँले एक पटक भन्नु भएको थियो, "म कहाँ आउ, मबाट शिक्षा सिक, किनभने म विनम्र र कोमल हृदयको छु।" (मत्ती ११:२९)। उहाँले यो आह्वान गर्दा कुन परिस्थितिमा पनि उहाँबाट शिक्षा लिनु पर्दछ भन्ने कुरा अकल्पनिय नै हुनसक्दछ।

१ पत्रुस २:१८-२५ पढ्नुहोस्। यहाँ मालिकहरूको हातबाट दुःख भोगिरहेका दासहरूलाई अचम्म लाग्दो सल्लाह पत्रुसले दिइरहेको पाउँछौं। उनले तिनीहरूलाई येशूको वर्णन गरेर भन्छन्, उहाँले अन्याय र अत्यन्त कष्ट भोगेर अनुकरणीय उदाहरण तिनीहरूको लागि छोडेर जानुभएको छ र सल्लाह दिँदै भन्छ, "उहाँ नमूना हुनु भएकोले तिमीहरू पनि उहाँको कदमहरूमा हिँड्नु पर्दछ।" (१ पत्रुस २:२१)। यहाँ पत्रुसले व्यक्त गरेका मूल सिद्धान्तहरू कुन हुन् जसले येशूको उदाहरणबाट कष्टमा पनि नम्र हुन र अपमान सहन सिक्दछौं?

"अन्याय गर्नु पाप हो र अन्याय सहनु महापाप हो" भन्ने प्रचलित भनाईको परिप्रेक्ष्यमा अन्याय र अत्याचारको अगाडि मुक दर्शक भएर बस्नु ज्यादै नराम्रो हो। त्यसमा पनि हामी आफैलाई त्यस्तो भिषण दुर्व्यवहार र अपमान सहनु अत्यन्त घातक हुन सक्दछ। किनभने हामी सबैलाई न्याय गर्नु पर्छ भन्ने स्वभाव भएकोले कसैलाई अन्याय वा अत्याचार भएको छ भने त्यसलाई ठीक गर्नुपर्छ भन्नुमा अग्रसरता देखाउँछौं। न्यायको नाउँमा अन्याय गर्दा हामी भन्छौं, "यो धार्मिक न्यायको फल हो र यसरी क्रोध देखाउनु उचित छ।"

येशूको स्वभाव लिएर जीउनु त्यति सहज छैन। यो संकटपूर्ण धारणालाई त्यसबेलामा मात्रै अंगाल्न सक्दछौं जब हामी विश्वास गर्दछौं सबै अन्याय र अत्याचार सङ्क्रमणकाल परमेश्वरलाई जानकारी छ र जे भएतापनि उहाँकै नियन्त्रणमा छन्। उहाँले त्यसलाई हाम्रो लागि कसरी तह लगाउनुहुन्छ उहाँकै इच्छा र आफ्नै समयमा गर्नुहुन्छ। यसको मतलब यो हो येशूले जस्तै जुनसुकै परिस्थिति पनि हामी सामना गर्न खुलम् खुला तयार हुनुपर्दछ र हामीलाई अन्याय र अत्याचारबाट तत्काल यस संसारमा राहत हुन्छ भन्नुमा विश्वस्त हुनुहुन्दैन। तर स्वर्गमा रहनु हुने हाम्रो परमपिता परमेश्वर हाम्रो साथमा हुनुहुन्छ र सबै थोक उहाँकै हातमा छ भन्ने आस्थाबाट कहिल्यै पनि चुक्नुहुन्दैन।

येशूको जीवनबाट अनुकरणीय उदाहरण देखाएर पत्रुसले हामीलाई अचम्म पारेका छन् किनभने उनको भनाईको तात्पर्यमा यो लुकेको छ अन्याय, अत्याचार र अपमानको पराकाष्टा सहन्दा मौन रूपमा परमेश्वरको महिमाको लागि महान् गवाही सिद्ध हुन्छ। यो मानिसलाई ठीक पार्नु पर्छ भन्ने भनाईको विपरित हो। जब यहुदी मतका मुख्य पुजाहारी वा अध्यक्ष र रोमी बडा हाकिम पिलातुसले येशूलाई केरकार गरेका थिए, त्यसबेला येशूले धेरै जवाफहरू दिन सक्नुहुन्थ्यो जसले गर्दा उनीहरूको मनोस्थिति ठीक मा राख्न सकिन्थ्यो र आफु सत्य सावित गर्न सक्नु हुन्थ्यो, तर उहाँले त्यसो गर्नु भएन। उहाँको मौनत नै उहाँको नम्रता र महानताको साछी थियो।

के तपाईं यस्तो परिस्थितिमा पर्नु भएको छ जब साथीभाई, सँगठन वा परिवारकै सदस्यहरूले तपाईंलाई अन्यायपुर्वक व्यवहार गरेका छन्? यस अंशमा हेरेका मूल तर्कहरूलाई तपाईंको जीवनमा कसरी परिचालन गर्न सक्नुहुन्छ वा के येशूको भक्त भएको नाताले तपाईं उहाँको कदममा हिंड्ने चुनौती स्विकार्य छ?

## ५. हाम्रो चट्टान र हाम्रो शरणस्थान

प्रायजसो अहम् भावना भएका, घमण्डी, शेखीवाज र अग्रगामी मानिसहरू हिनताबोधले ग्रस्त भएका हुन्छन्। तिनीहरूको शेखीपना र अहंकार र तिनीहरूमा हुनुपर्ने नम्रता र दिनदयालुको अत्यन्त कमीले तिनीहरूमा भएको कमीकमजोरलाई छोपेको हुन्छ।यो उनीहरूलाई याद पनि हुन्दैनन्। ती सबैको आवश्यकताहरू हाम्रो पनि होः म सुरक्षित छु, म सक्षम र योग्य छु, संसारमा मेरो जीवनको उपादेयता छ र अरूले मेरो कदर गर्छ भन्ने आत्म सम्मानको भावनाले लपेट्न चाहना। विषेश गरी दु.ख, कष्ट र संकष्टको समयमा उपरोक्त भावनाहरू सहायक सिद्ध हुनसक्दछ। तर ती गुणहरू परमेश्वरद्वारामात्र हामी पाउन सक्दछौं। संक्षेपमा भन्ने हो भने नम्रता र नरम स्वभाव हुनु भनेको कमजोर र दुर्वलताको गुण नभएर परमेश्वर चट्टानमा गाडिएको जीवनको प्रभावशाली स्पष्ट चरित्रको फल हो।

भजन ६२:१-८ पढ्नुहोस्। यस भजनको पृष्टभूमि के थियो होला? दाऊदले के तर्क प्रस्तुत गर्न खोजिएको छ? उसले अभिव्यक्त गरेका भावनाहरूमा के आत्मिक तत्वहरू तपाँईले सिक्न सक्नुहुन्छ? प्रमुख कुरा त, उसले भनेका उच्च विचारहरूलाई तपाँईको जीवनमा कसरी परिचालन गर्न सक्नुहुन्छ?

“हामीले थाहै नपाइकन मानिसहरू त्यतिकैमा हामीप्रति बैरी वा रीस, रोष प्रकट गर्न सक्दछ। परमेश्वरका जनहरूको अभिप्रायलाई मानिसले अनर्थ सम्झन सक्दछ, यो गैर विश्वासीहरूमा मात्र सिमित नरहेर आफ्नै विश्वासी भाईवहिनीहरूमा पनि हुन्छन्। परमेश्वरको उपासक वा भक्तहरूलाई असमञ्ज अवस्था र कठिन पासोमा पर्न सक्दछ। चर्चमा होस् वा अन्त होस् एउटा सानो भूललाई पहाड बनाएर स्वार्थी र अधर्म भएकाहरूले परमेश्वरका सिधासाधा मानिसलाई धरापमा पार्न सक्दछ। यस्ता बेइमानको लुगा ओडेर दुर्गती ल्याउने मानिसहरूले गर्दा परमेश्वरका भक्तहरूलाई अन्यौलमा पार्न सक्दछ र त्यस्तो परिस्थितिबाट उमक्न पनि जटिलताको सामना गर्न सक्नुपर्ने हुन्छ। यस्ता परमेश्वरका भक्तहरूलाई भरोसा राख्न हुन्दैन, विश्वास गर्नु हुँदैन भनेर औंल्याउन पनि सक्दछ। यो गती आफ्नै चर्चकै सदस्यहरूले पनि ल्याउन सक्दछ। परमेश्वरका सेवकहरूले येशूका मनस्थितिलाई हतियार बनाएर भिर्न सक्नु पर्दछ। तिनीहरूले अन्याय र बेइज्जत हुनुबाट छुटकारा नपाउने अपेक्षा गर्नु पर्दछ। ती भक्तहरूलाई अतिबादी, जोशिलो, अग्रगामी, कट्टर धर्मान्ध भएको भनेर दोष पनि दिन सक्दछ। तर तिनीहरू निराश नहोस्। परमेश्वरको महिमाको लागि उहाँको हातहरूले मानिसको जीवन चक्रलाई सम्हालेको हुन्छ।-एलेन जि ह्वाईट इन *स्पाल्डिङ्ग एण्ड मेगान कलेक्सन,* पृ. ३७०।

आफ्नै चर्चका विश्वासी मित्रहरूको र अरूको निर्दयी व्यवहार, तिरस्कार, अपमान र काँडाको घोचबाट तपाईं कति सुरक्षित हुनुहुन्छ? प्राय जसो त्यसबाट उम्केर स्वस्थ मनोस्थिति राख्न त्यति सहज छैन, होइन त? मानिसको व्यवहारलाई ध्यान नदिइ परमेश्वरमा वढी गुणात्मकरूपमा टाँसीरहन के गर्नु पर्दछ? मानिसले भन्दा परमेश्वरले तपाईंको मुल्यलाई अति उँचाईमा राखेर तपाईंलाई प्रेम गरेर तपाईंको निम्ति मर्नुभयो भन्ने विश्वासलाई आत्मसात् गरेर परमेश्वरमा भर पर्दा तपाईं अरूको तुच्छ व्यवहारबाट सुरक्षित हुनुको विकल्प अरू छैन। तपाईं येशूको उपासक हुन चाहनु हुन्छ र अरूको अग्नि वाणबाट वचन चाहनुहुन्छ भने उहाँलाई नै हेरेर मात्र अघि बढ्न सफल हुन्छ नत्र तपाईंको आत्मिक जीवनलाई धरातलमा पुऱ्याउन शैतान र उसका मानवीय दुतहरूले भरमग्दुर प्रयत्नको चक्रव्युहमा तपाईं सजिलैसँग पर्न सक्नुहुन्छ।

**उपसंहारः-**

अरू जानकारीको लागि पढ्नुहोस्ः एलेन जि ह्वाइट, *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. ४५३,४५४, *द डिजायर अभ एजेज्,* पृ. २९८-३१४, इभान्जलिजम्, पृ. ६३०।

“यदि हामी येशूको नम्रतामा लुक्न सक्यौं भने हामीले सामना गर्नु परेका धेरै तकलिफहरू झीनो भएर जानसक्दछ। यदि हाम्रो प्रभुको नरम आचरणलाई ग्रहण गर्न सक्यौं भने दैनिक जीवनमा सामना गरिरहेका विभिन्न मानिसको हेपाई, मिच्याई, निर्दयी व्यवहार, प्रतिघात, कष्ट आदिबाट माथी उचालिएर बस्न सक्दछौं र हाम्रो अनुहारलाई बादलले ढाक्न सक्दैनन्। येशूका उपासक भनेर दावि गर्नेको महान् लक्ष्यण नै आत्मसंयम हो। जो मानिसले निर्दय र दुर्व्यवहारलाई शान्त र परमेश्वरमा भरोसा राखेर सामना गर्न सक्दैन, उसले परमेश्वरको आफ्नै सिद्ध चरित्रलाई उजागर गर्ने अधिकारबाट वञ्चित गराउँछ। नम्र हृदय, येशूका उपासकहरूलाई विजय दिलाउने शक्ति हो। यो गुणले विश्वासीले स्वर्गस्थानमा कतिको सम्वन्ध राखेको रहेछ भनेर प्रदर्शन गर्दछ। एलेन जि ह्वाइट, *द डिजायर अभ एजेज्,*, पृ. ३०१।

**चिन्तनमननः**

क. हामीलाई पीडा र चोट पुर्‍याउनेबाट नम्रतालाई ग्रहण गरेर कसरी माथी बस्न सक्दछौं? नम्रताको सबभन्दा मूल गुण के हो जसले गर्दा अरूको दुर्व्यवहारलाई आँखा चिम्लन सक्दछौं?

ख. तपाईंको आफ्नै समाजमा नम्र हुने, वा असह्यमा पनि सहनसक्ने गुणलाई कुन दृष्टिकोणले हेर्दछ? के त्यसलाई सम्मानजनक हेर्दछ वा तुच्छ ठान्दछ? तपाईंको संस्कार वा संस्कृतिमा यस्ता गुणहरूलाई चरितार्थ गर्न खोज्दा कस्तो कठिनाई भएको महसुस गर्नु भएको छ वा त्यस अनुसार नचल्न कस्तो दवाव पाई रहनु भएको छ?

ग. आज यस्ता कुनै यस्ता अनुकरणीय उदाहरणहरू जीवित छन् जसले नम्रता, सदाशयता र शिष्टतालाई आत्मसात् गरेर बसेका छन्? यदि छन् भने, ती के को हुन् र तिनीहरूको यी गुणहरूबाट के शिक्षा लिन सक्नुहुन्छ?

घ. किन हामी प्रायजसो सोझो हुनु, नरम हुनु र नम्र हुनुलाई कमजोरीपनाको संज्ञा दिएको पाउँछौं?

ङ. हामीले हेर्‍यौं कसरी दाऊद, परमेश्वरको शरणमा परेको थियो। तर बर्तमान समयमा यो कसरी सत्य सावित हुन सक्दछ र परमेश्वरलाई हाम्रो शरणस्थान बनाएका छौं भनेर कसरी देखाउन सक्दछौं? अर्थात चर्चलाई शरण चाहनेको लागि कसरी शरणस्थान बनाउन सकिन्छ? तपाईंको स्थानिय चर्चमा मानिसहरूले कस्तो शरण पाएको प्रत्याभूति भएको छ? आवश्यक परेकोलाई तपाईको चर्च कसरी शरणस्थान बनाउन सहायता गर्न सक्नुहुन्छ?

## अध्याय ११

# अग्निपरीक्षामा धैर्यता

यस अध्यायको लागि पढ्नुहोस्: १ सामुयल २६, २६:१२-२५, भजन ३७:१-११, रोमी ५:३-५, १५:४,५

**स्मरण गर्नु पर्ने पदः "तर आत्माको फल.....धैर्यता हो" गलाती ५:२२।**

बैज्ञानिकहरूले ४ बर्षको बालकहरू र मार्शमेलो भन्ने मिठाइको बीचमा कस्तो सम्बन्ध हुन सक्दो रहेछ भनेर परिक्षण गरेको थियो।, उनीहरूले मार्शमेलो पाउने छ प्रत्येक बालकलाई भनिएको थियो, तर बैज्ञानिकहरू कामबाट फर्केर नआउँजेल तिनीहरू पर्खन सक्यो भने दुइवटा मार्शमेलो पाउने छन्। कुनै बालकहरू बैज्ञानिकहरू जाने बित्तिकै उनीहरूको मुखमा मार्शमेलो हसुर्न थाले अरू चाहिँ पर्खेर बसे। यी दुई समुहको बीचमा केही न केही अन्तर भएको देखे।

ती बैज्ञानिकहरूले ती बालकहरू युवाअवस्था नहुन्जेल उनीहरूको पछी लागेर तिनिहरूको तालिका राखे। जो बालकहरू बैज्ञानिकहरूलाई पर्खेर बसेका थिए, तिनीहरू राम्रोसँग समायोजन गर्न सक्षम भए, पढ्नमा पनि तेजिलो भए र आत्मगर्व वा आत्मविश्वासमा दरिलो भए तर अरूमा चाहिँ उनीहरूको दाँजोमा ती गुणहरूको कमी देखियो। यसले यो देखायो, धैर्य हुनु भनेको मानिसको चरित्रमा आफैले प्रादुर्भाव गर्ने गुण हो र यो कुनै महानतालाई आत्मसात् गर्ने स्वइच्छा हो। त्यसैकारण यस गुणलाई संवर्धन र प्रवर्द्धन गर्न अभ्यास गर्नु पर्दछ भनेर परमेश्वरले बाइबलमा बारम्बार देखाउन खोजेको पाउँछौ।

मानिसहरू कठोर परीक्षा अर्थात अग्निपरीक्षामा पर्दा कसरी चम्मिलो भएर उम्कन सक्यो भनेर यस अध्यायमा हेर्ने छौं। अग्निपथमा धैर्यतालाई काखी च्याप्नु भनेको के हो ? हेरौं।

यस अध्यायको झलकः कुनै कार्य सम्पादन गर्न कति पटक हामी किन धेरै समयसम्म पर्खिरहनु पर्दछ? कठोर कष्ट वा परीक्षामा धैर्यधारणको गुणले सम्पन्न हुनुपर्दछ भनेको के हो?

### १. धिरजको परमेश्वर

रोमी १५:४,५ पढ्नुहोस्। यी पदहरूमा हाम्रो लागि के शिक्षाप्रद सावित हुन सक्दछ?

हामीले चाहेको चिज वा प्रतिज्ञा गरिएको चिजलाई प्राप्त गर्न स्वाभाविकै रूपमा हतार मान्दछौं। जब ती प्राप्त हुन्छ हामी प्रायजसो संतुष्ट हुन्छौं। र हामीले चाहेको चिजहरू बीरलै पाउने भएकोले हामी क्रोध र वेचैनले प्रायजसो ब्याकुल हुन्छौं। अनि यस्तो दयनीय अवस्थामा मनमा शान्त हुन र परमेश्वरमा भरोसा राख्न असम्भव नै हुनसक्दछ।

प्रतीक्षा गर्नु, धैर्य धारण गर्नु वा पर्खेर बस्नु प्रायजसो कष्टकर नै हुन्छ। "धैर्य पूर्वक प्रतिक्षामा बस्नु" (भजन ३७:७) भन्ने वाक्य हिब्रु भाषामा विभिन्न शव्दहरूबाट अनुदित मध्ये एक हो। ती शव्दहरूलाई यसरी अनुवाद गर्द सकिन्छः कष्टमा रहनु, कंपमान हुनु, आघातमा पर्नु, घायल हुनु, वा शोकाउनु। त्यसकारण धैर्य धारण गर्नु त्यती सजिलो छैन। कहिलेकहिँ अग्निपरीक्षामा अत्यावश्यक गुण नै धैर्य धारण गरेर बस्नु हुन आउँछ।

भजन २७:१४, ३७:७ र रोमी ५:३-५ पढ्नुहोस्। यी पदहरूले हामीलाई के भनीरहेको छ? धैर्य धारणले कुन स्थानमा पुऱ्याउँछ?

जब हामी पर्खन्छौं हाम्रो ध्यान दुई कुरामा केन्द्रित गर्न सक्दछौं। हामीले केको लागि पर्खिरहेका छौं त्यसमा केन्द्रित हुनसक्दछौं वा त्यस परमेश्वर जस्को हातमा सबै थोक छन्, उहाँमा केन्द्रित हुन सक्दछौं। हामी के को लागि धेरै समयको पर्खाईमा छौं भन्दा पनि जब हामी धैर्यसाथ पर्खिन्छौ त्यस समय हाम्रो मनस्थिति कस्तो छ त्यो गहन र महत्व विषय हो। यदि हामीले परमेश्वरमाथि भरोसा राख्यौं भने, हाम्रो जीवन उहाँको हातमा राख्दछौं, यदि हाम्रो ईच्छा र चाहना परमेश्वरमा समर्पण गऱ्यौं भने हामीले उहाँमा भरोसा राख्न सक्दछौं र हामीलाई कुन उचित समयमा  के उत्तम छ त्यो उहाँले नै हेरेर त्यसलाई परिचालन गर्नुहुन्छ। यो मनस्थितिलाई हामीले बोक्न सक्यौं भने जुनसुकै कठोर वा अग्निपथमा हामी हिंडनु परेतापनि हाम्रो हृदयलाई विथोल्न सक्दैनन्।

तपाईं के को लागि हताश र निराश भएर पर्खनु भएको छ? उहाँको समयमा काम फत्ते होस् भनेर तपाईं कसरी सबै थोक उहाँमा सुम्पनु हुन्छ? जीवनको सबै कदमलाई परमेश्वरमा पूर्ण समर्पण गर्न र उहाँ कै भरोसामा छोड्न सामर्थित हुन परमेश्वरसँग नित्य विन्ती गर्नुहोस्।

## २. परमेश्वरको आफ्नै समयमा

रोमी ५:६ र गलाती ४:४ पढ्नुहोस्। यी पदहरूले परमेश्वरको समयको बारेमा के भन्दछ?

यी पदहरूले यो भन्दछ, येशू निर्दिष्ट समयमा उहाँ आउनु भयो र हाम्रो लागि मर्नु भयो। यी  पदहरू सरलरूपमा बुझ्न सक्दछौं र यो कुरामा अचम्म पनि मान्न सक्दछौ, यस संसारमा आएर पापसँग सामना गर्न येशू किन हजारौं बर्ष किन कुर्नु भयो- के सारा जगत्ले येशू आउनु भन्दा हजारौं बर्ष बुझेको थिएन र, पाप कस्तो खराब रहेछ भनेर? यसै सन्दर्भमा हामी यो पनि सोध्न सक्दछौं, यतिका बर्षसम्म येशू दोश्रो पल्ट आउन किन पर्खिरहनु भएको छ? हाम्रो प्रार्थना सुन्न परमेश्वर किन ढिलाई गर्नुहुन्छ?

दानियल ९:२४-२७ मा उल्लेख गरिएको ७० हप्ताको भविष्यबाणीलाई पुनरावलोकन गर्नुहोस्। यस भविष्यबाणीले येशू मसिहलाई लक्षित गर्दछ। यो समय कति सम्मको हो? हाम्रो लागि जतिसुकै ढिलो देखिए पनि, परमेश्वरको समयमा पर्खनु भनेको कुरालाई यसले कसरी पुष्टी गर्दछ?

धैर्य धारण गर्नु वा पर्खाईमा रहनु यथार्थबाट हामीले धेरै महत्वपुर्ण आत्मिक ज्ञानहरू बुझ्न सक्दछौं। प्रथमतः हाम्रो पर्खाइले यस संसारको चिजको ध्यानबाट परमेश्वरमा केन्द्रित गराउन सक्दछ। दोश्रो, यदि हामीमा पर्खने बानी छ भने हाम्रो मनशाय र चाहनाको स्पष्ट चित्रलाई मौलाउन सक्दछ।  तेश्रो धैर्यताले आत्मिक सतलाई मजबुत पार्न सत प्रयास गराउँछ। चौथो, धैर्यतासाथ पर्खने बानीले गर्दा विश्वास, आस्था र भरोसा जस्ता गुणहरूलाई फस्ताउन ढोका खोल्न सक्दछ। पाँचौं, हाम्रो धिरज धारणले गर्दा परमेश्वरले हाम्रा जीवनका टुक्राहरूलाई उहाँको महान मान चित्रमा सजाउन मौका दिन्छौं। छैठौं, हामी किन पर्खनु पर्छ त्यसको कारण अनभिज्ञ पनि हुन सक्दछ जसले गर्दा हामी विश्वासमा जीउन सिक्दछौं। हाम्रो धिरज धारणले गर्दा अरू के कुराहरू सिक्न सक्दछौं, के तपाईं सोच्न सक्नुहुन्छ?
बाइबलमा धेरै यस्ता उदाहरणहरू छन् जसले गर्दा परमेश्वरले आफ्नै समय लिएर काम सम्पादन् गर्नुभएको थियो। यी उदाहरणहरूले गर्दा परमेश्वरले आफ्नै समयमा हाम्रो भलाईको लागि काम गर्नुहुन्छ भन्ने कुरामा विश्वस्त हुनसक्दछौं। के ती उदाहरणहरू तपाईंलाई थाहा छ? (उदाहरणमा अब्राहम र सारालाई पुत्रलाभ हुन्छ भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो) फेरि आत्मआलोचना गर्नुहोस् र सोच्नुहोस्, “मैले के गरिरहेको छु होला जसले गर्दा धेरै समय अघि प्रार्थनाको जवाफ पाउनु पर्नेमा ढिलाइ भइरहेको छ?"

## ३. दाऊदः धैर्यताको प्रतिक

१ सामुयल १६:१-१३ मा भैंडाहरू चराइरहेका भर्खरको केटालाई राजा हुन अभिषेक गरिएको थियो। तर आफ्नो बाबुको खेतबारी वाट राजा हुन ऊ धेरै लामो यात्रा गर्नु परेको थियो। निःसन्देह, यो जीवनको यात्रामा कति पटक आफु अग्निपथमा हिंड्नु परेको आभास गरिएको थियो।

प्रथमतः त्यस केटालाई राजा सावलको अशान्ति मनलाई स्थिर गराउन संगीत बजाउन उसलाई बोलाइएको थियो (१ सामुयल १६)। पछि जब उसले राक्षस जस्तो गोलायथलाई मारे पछि ऊ इस्रायलको बीर भएको थियो (१ सामुयल १७)। पछि राजाले दाऊदलाई आतंककारी घोषणा गरेकोले आफ्नो ज्यान बचाउन ऊ धेरै बर्ष भुमिगतको जीवन बिताएर एक ठाँउबाट अर्को ठाँउमा लुकीछिपी भाग्नु परेको थियो। राजा सावल र उसका राजकुमार जोनाथानलाई दाऊद दोश्रो राजा हुन्छ भनेर यकिन भइसकेको थियो (१ सामुयल २३:१७, २४:२०)। यद्यपि दाऊदले यो थाहा पाए पनि राजा हुन आफु कहिले पनि हतार गरेन। साँच्चै भनौं भने परमेश्वरले निर्दिष्ट गरेको जीवनलाई आफ्नो हातमा लिएर राज्य शक्तिको विरूद्धमा आफुलाई परिचालन गराएन। उसले आफ्नो जीवनलाई परमेश्वरमा न्योछावर गरेको थियो। एक दिन राजा सावल दाऊदलाई पिछा गर्दै दाऊद लुकेको गुफामा मस्त निन्द्रामा सुतिरहेको थियो। दाऊदका साथीहरूले यही मौका छोपेर राजालाई सिध्याउन सल्लाह दिएका थिए। तर दाऊदले सावलको लुगाको टुप्पोलाईमात्र काटिलिए र त्यसमा पनि ऊ यो कामलाई पछुताएको थियो (१ सामुयल २४:५-७)। फेरि राजा सावलले दाऊदलाई मार्न खोज्दा उसैलाई मार्न मौका पाएको थियो तर राजाको बिरूद्धमा प्रतिकार गरेर मार्न इन्कार गरे (१ सामुयल २६:७-११)।

१ सामुयल २६:१-११ पढ्नुहोस्। दाऊदले सावललाई किन मार्न इन्कार गरे? दाऊदको यस घट्नाबाट हामी के सिक्न सक्दछौं जसले गर्दा परमेश्वरले आफ्नै समयमा हाम्रो जीवनको योजनलाई कार्यान्वन गर्नुहुन्छ भनेर हामी ढुक्क हुनसक्दछौं?

अब १ सामुयल २६:१२-२५ पढ्नुहोस्। दाऊदले मौकामा पनि राजालाई नमार्दा ऊ कसरी प्रभावित भएको थियो? परमेश्वरमा धैर्यधारण गरेर बस्दा नै हाम्रो लागि श्रेय हुन्छ भनेर यस बृतान्तले कसरी देखाउँछ?

दाऊदको गोठबाट दरवारसम्मको यात्रालाई हेर्दा उसको जीवनलाई छोटो बाक्यमा भन्न सक्दछौंः परमेश्वरले दिन्छु भन्नु भएको चिजलाई पनि उहाँको समय नआउँञ्जेल हत्तरपत्त नहडप्नु। परमेश्वरले दिनुहुने बरदानहरू वा उपहारहरू उहाँकै हातबाट उहाँकै समयमा लिनु अति उत्तम हुन्छ। यस्को लागि धेरै समय पर्खनु पर्ने पनि हुन्छ। सिमीको बोट छिट्टै उम्रन्छ भने आँपको बोट उम्रन धेरै बर्ष लाग्न सक्दछ। तर जब हुरीबतास आउँछ, त्यो रूख हत्तरपत्त उखेलिन्दैनन्।

दाऊदले राजालाई मौका छोपेर मार्दा न्यायोचित नै गरेको छु भन्ने आभास पाउन कति सजिलो थियो होला, सो सोच्नुहोस्। ("मलाई राजगद्दीको प्रतिज्ञा पाएकै छु र राजा सावल निरंड्कुस थिएन र?") यद्यपि दाऊदको कामले परमेश्वरमा उस्को विश्वास र भरोसा सतमुचरूपमा कस्तो थियो भनेर देखाउँछ। तपाईंले जे को पर्खाइमा बस्नु भएतापनि दाऊदको यस जीवन घट्नाले तपाईंले के महत्वपूर्ण मूल पाठ सिक्न सक्नुहुन्छ?

## ४. एलियाः हडबडमा उत्पन्न हुने समस्या

कार्मेलको पहाडमा बाल देवताका पुजाहारीहरू, इस्रायली जनताहरू र राजा एकातिर भेला भएका थिए भने, एक्लो एलिया जो सनातन सृष्टिकर्ता परम पिता परमेश्वरका उपासक, सन्देशवाहक अर्को तिर खडा भएका थिए। तिनीहरूको बीच दुइ वटा ढुँगाका बेदीहरू खडा गरेका थिए-एउटा स्थानिय देवता बालको लागि र अर्को जीवित महान् परमेश्वरको लागि। ती बेदीहरू माथी होम बलीको लागि जनावरहरूलाई मारेर राखेका थिए। सारा जनसमूहको अगाडि एलियाले चुनौती दिंदै भनेका थिए जुन परमेश्वरले स्वर्गबाट आगो पठाएर ती होमबलीलाई स्वतः नष्ट गर्छ त्यहि नै परमेश्वर हो भनी मान। कहिले स्थानिय मुर्तीहरूलाई देवता मान्ने कहिले अदृष्य सनातन परमेश्वर पिता सृष्टिकर्तालाई मानेर दोधारोमा नपर। मानव मनस्थितिका उपज देवता वा धर्मका वहकाउमा लागेर आफ्नो अमूल्य जीवनलाई खेर नफाल।

उपरोक्त चुनौतीलाई स्विकार गर्दै बाल देवताका दर्जनौं पुजाहारीहरू तन्त्र मन्त्र गर्दै उफ्रेर आफ्ना देवतालाई पुकारे। हुन सक्छ ढ्याँग्रो ठटाएर, घण्टा बजाएर ती पुजाहारीहरूले आकासबाट आगो पठाएर आफ्ना बलीलाई

नष्ट गरून् भनी बाल देवतालाई उच्च स्वरमा चिच्याएर बिन्ती गरे। दिनभरी पुकार्दा पनि केही शिप लागेन र उनीहरूका बाल देवताले आगो पठाएर ती बलीलाई ग्रहण गरेन। अनि साँझ पख, एलियाले आफुले तयार पारेका बेदीमा मानिसहरूलाई गाग्रो का गाग्रो पानी खन्याइ निथ्रुक्क भिजाउनु भनी निर्देशन दिए। त्यसपछि उपरोक्त बेदीको अगाडि आगो पठाएर आफ्नो शक्तिको प्रदर्शन गर्नुहोस् भनी विनम्रसाथ विन्ती गरे। उसले प्रार्थना गर्न नसिध्याएको बेलामा नै परमेश्वरले स्वर्गबाट आगो पठाएर ती बलीलाई नष्ट पारी भिजेको बेदीलाई सुक्खा बनाइदिनु भयो। यस शक्ति प्रदर्शनमा  सत् परमेश्वर को थियो भनेर उजागर गरियो। सारा जनसमुदायले परम प्रभु परमेश्वर नै सत्य हुनुहुन्छ भनेर स्विकारे र मानिसलाई बहकाएर मानव रचित देवतालाई पुजा गर्न लगाएकोमा बाल देवताका झुठा पुजाहारीहरू मृत्युको पासोमा पर्नु पर्‍यो  (१ राजा १८)। परमेश्वर नै सत्य हुनुहुन्छ भनेर प्रमाणित गर्न पाएकोमा एलिया आत्मिक बलमा मजबुत हुनुपर्ने थियो तर उसले यस्तो समाचार सुन्यो जसले गर्दा ऊ सातोपुत्लो गयो र मर्नु पाए पनि हुन्थ्यो भनेर आभास गरे। आफ्नो पुजाहारीहरू नष्ट भएकोमा रिसले चुर भएर रानीले एलियालाई मार्छु भनेर किरिया खाए जस्को फलस्वरूप एलिया मरुभुमीमा भुमिगत भए। त्यहाँ ऊ विरक्त भएर परमेश्वरसँग पुकारा गरे, “मलाई मार्नुहोस।" पछि ऊ गुफा भित्र लुकिरहेका थिए, त्यस बेला परमेश्वरले सोध्नुभयो, “एलिया, यहाँ तिमी यहाँ के गरिरहेको?" १ राजा १९:१-९)। डरले गरेर एलिया गलत स्थानमा आफुलाई पारिएको थियो।

परमेश्वरले प्रभावशाली रूपमा हस्तक्षेप गरे पछि एलिया विश्वास र भरोसाले भरिपूर हुनुपर्दथ्यो तर आफ्नो जीवन जोगाउन ऊ भाग्दछ। यो अनुचित उदाहरणबाट हामी के सिक्न सक्दछौं?

यस कथाले एउटा अत्यन्त महत्वपूर्ण पाठ हामीलाई सिकाउँछः जब हामी हतार गर्दछौं हामी गलत ठाउँमा पुग्न सक्दछौं। एलियाको सन्दर्भमा, डरले गर्दा ऊ भौंतारिएर गलत स्थानमा पुगेर कहिलै पनि नजन्मेको भए हुन्थ्यो भनेर पश्चाताप गरेको थियो। यदि हामी परमेश्वरको योजना भन्दा बाहिरिएर भाग्न खोज्यौं भने यी बाहेक अरू पनि हुन सक्दछ।

निम्नलिखित पदहरू पढ्नुहोस्। यहाँ उल्लेखित पात्रहरूमा कुन कुन कारणले गर्दा परमेश्वरको योजनाभन्दा बाहिरिएको थियो? उत्पति १६:१-३, गन्ती २०:१०-१२, न्यायकर्ता १४:१-३, मत्ती २०:२०,२१, लुका ९:५२-५६, प्रेरित ९:१।

महत्वाकांक्षा, रीस, कामुकता, विश्वासमा कमजोर र परमेश्वरको लागि जोश देखाउने खोजेको जस्ता तत्वहरूले गर्दा  हतारिएर हामी गलत स्थानमा जाकिन सक्दछौं। यो खतराबाट कोहि पनि मुक्त छैन। परमेश्वरको करूणा, भलाई र उहाँमाथी भरोसालाई हाम्रो जीवनमा अभिवृद्धि नै मुख्य साँचो हुन्। परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो लागि के उत्तम छ सो गर्नुहुन्छ भन्ने भावनामा हामी यकिन हुनुपर्दछ। यो स्वतः आउँदैनन्। परमेश्वरमा भरोसा र विश्वास उहाँको बरदान हुन् तर यी बरदानको उन्नती, संवर्द्धन र अभिवृद्धि हामीले गर्नुपर्दछ र साथै तिनीहरूलाई सतर्कतासाथ सुरक्षित गर्नुपर्दछ।

## ५. बर्तमान अवस्थामा नै परमेश्वरमा सन्तुष्ट र आनन्दमयको ज्ञानोपार्जन गर्नु

“परमप्रभुमा आनन्दित होऊ, र उहाँले तिम्रो मनोरथ पूरा गर्नुहुनेछ।" भजन ३७:४।

भजन ३७:४ अचम्मको प्रतिज्ञा हो। तपाईंको सबै मनोरथ पूरा हुनु भनेको अकल्पनिय नै हुन आउँछ। तर हाम्रो मनोरथ पूरा त्यसबेला हुन्छ जब हामी परमेश्वरमा आनन्दित हुन्छौं। तब परमेश्वरमा आनन्दित हुनु भनेको के हो त?

भजन ३७:१-११ पढ्नुहोस्। यी पदहरू हेर्दा पद ४ अनौठो मान्नु पर्ने जस्तो देखिन्दैनन्। दाऊदले यस्ता मानिसहरूको बारेमा लेखिरहेका छन् जो उसको र परमेश्वरको खिलाफमा वरिपरि रहेका थिए। जब मानिसहरू हाम्रो विरुद्धमा काम गर्दछन्, तिनीहरूप्रति क्रोध देखाएर तिनीहरूको प्रतिकार गर्नु हाम्रो मानव स्वभाव हो।

न्यायको नाउँमा आफुलाई न्यायोचित सावित गर्न अन्याय गर्नु मानव चरित्र हो। तर दाऊदले हामीलाई त्यसको विपरित सल्लाह दिन्दछन्।

तलका पदहरूले परमेश्वरका भक्तहरूलाई प्रतिकूल परिस्थितिमा कस्तो मनस्थितीको सृजना गर्नु पर्दछ भनेर अर्ती दिन्दछन्ः-

पद १ः

पद ५ः

पद ७ः

पद ८ः

पद ४ फेरि पढ्नुहोस्। माथिका पदहरूमा आफुले व्यक्त गरेका टिका-टिप्पणीहरूलाई हेर्दा परमेश्वरमा आनन्दित हुनु भनेको के हो भनेर बुझ्नु भएको छ?

दाऊदले बारम्बार परमेश्वरमा भर पर्नु भनेर विभिन्न किसिमले जनाउन खोजेको पाउँछौं। जे काममा पनि उहाँमा भरोसा राख्नु। जे भएतापनि बीचलित नहुनु किनभने परमप्रभू तपाईंको परमेश्वर हुनुहुन्छ र यसै समय तपाईंको खातिर कार्यरत हुनुहुन्छ। आफ्नो जीवनलाई आफ्नै हातमा लिएर जीवनको समस्याहरू सुल्झाउन आवश्यकता छैन किनभने स्वर्गमा हुनुहुने परमपिता परमेश्वर तपाईंको रेखदेख गर्नुहुन्छ र तपाईंलाई सम्हाल्नुहुन्छ। उहाँमा विश्वासमात्र होइन पूरा भरोसा राख्नुहोस्। (हबकुक ३ः१७-१९ ले भन्दछ मेरो सारा संसार धरासय भएतापनि परमेश्वरमा रमाहत गर्न छोड्ने छैन)।

त्यहि परिवेशमा लिएर दाऊदले परमेश्वरमा रमाहत वा आनन्द हुनु भनेको के हो सो उल्लेख गरिएको पाउँछौं। परमेश्वरमा आनन्द वा सच्चिदानन्दको प्रत्यभूति प्राप्त गर्नु भनेको हामीहरूको मनस्थितिलाई उहाँमाथि भरोसामा ढाल्नु हो। कसैले पनि हाम्रो शान्तिलाई खलबल्याउन सक्दैनन् किनभने परमेश्वर हाम्रै साथमा हुनुहुन्छ र हामीसँग कार्यरत हुनुहुन्छ (२ कोरन्थी ६ः१)। हामी उहाँको प्रशसा गर्न सक्दछौं र चेहरा मुस्काएर बस्न सक्दछौं किनभने कसैले पनि परमेश्वरको निर्दिष्टकार्यलाई पराजित गर्न सक्दैनन्। यदि यस ज्ञानलाई प्राप्त गर्न सक्यौं भने, हाम्रो हृदयले चाहना गरेका कुराहरू परमेश्वरले पूरा गर्नुहुनेछ किनभने हाम्रो दयालु र मायालु परमेश्वरले जे दिनुहुन्छ हाम्रो उच्च हितको लागि दिनुहुन्छ। आफ्नो उपयुक्त समयमा हाम्रो मनोरथ पूरा गरिदिनु हुन्छ जसले उहाँको राज्यमा रहन हामीलाई सुयोग्य बनाउँछ।

कसरी परमेश्वरमा रमाहत हुन वा आनन्द हुन ज्ञान पाउनु सक्नुहुन्छ? कसरी यस्लाई जीवनको यथार्थतामा परिणत गर्न केही समय प्रार्थनामा बिताउनुहोस् र परमेश्वरसँग अगुवाईको विन्ती चढाउनुहोस्।

## उपसंहारः-

अरू जानकारीको लागि पढ्नुहोस्ः एलेन जि ह्वाईट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. ६३७-६८२।

"परमेश्वरको योजनामा समाविष्ट हुन हामीलाई धिरजताको धेरै खाँचो हुनसक्दछ। यो स्थितिमा रहनु पर्दा हामी अग्निपथमा हिंडि रहेको आभास पनि पाउन सक्दछौं। यस्तो असहज परिस्थितिमा धिरज धारणको अभिवृद्धि गर्न हाम्रो निर्दिष्ट आँखा परमेश्वरमा नै हुनुपर्दछ र उहाँले हाम्रो भलाईको लागि कार्यरत हुनुहुन्छ भनेर विश्वास गरि उहाँ माथि नै पूर्ण भरोसा राख्नु पर्दछ। पर्खनु पर्ने धेरै कारणहरू हुन सक्दछ। तर सबै थोक, जे भएतापनि हाम्रो भलाईको लागि नै भईरहेको छ र परमेश्वरको राज्यमा सहभागी गराउन उहाँले आफ्नो योजना पूरा गराउन खोज्दै हुनुहुन्छ भन्ने विश्वासमा डगमग हुन दिनुहुन्न। परमेश्वरको ईच्छा विपरित हतारमा दुगुर्नु हुन्न। यसले गर्दा हामीलाई धेरै बेफाइदा हुनसक्दछ तर परमेश्वरमा विश्वास, भरोसा र आनन्दको मनस्थितिलाई दिगो राखे हाम्रै हित हुनेछ।

हरेक परीक्षा, दुःख र कष्ट प्रभु येशूले नापजोख गर्नुहुन्छ र तिनिहरूलाई खेप्न उहाँले यस्तो अनुग्रह दिनुहुन्छ जुन मानिसको सामर्थ भन्दा बाहिरिएको हुन्दैनन्।"-एलेन जि ह्वाईट, मानुस्क्रिप्स रिलिजेज, ठेली १२, पृ. ८१।

निश्चय छ जुन कुरा त्यस दिनसम्म मैले उहाँलाई सुम्पेको छु, त्यो सुरक्षित राख्न सक्ने उहाँ सक्षम हुनुहुन्छ।' (१ तिमोथी १:१२)। बढी विश्वास र माया, धेरै धिरज र परमेश्वर पितामा विशुद्ध भरोसा राख्नलाई आफुलाई शिक्षित बनाउन सक्यौं भने, मलाई यो विश्वास छ, हाम्रो दैनिक जीवनको संघर्षमा अझ बढी शान्ति र सुखको प्रत्याभूति प्राप्त गर्न सक्दछौं।

चिचाएको अनुसार भएन भने हामी गलत बाटोमा छौं र कुनै निश्चित चिन्हको प्रतिक्षामा पनि हामी रहन सक्दछौं। याद गर्नुहोस् परमेश्वरबाट हुनु पर्ने कार्य हाम्रो भावनामा आधारित होइन तर विश्वास र भरोसामा हुन्छन्।"-*सेलेक्टेड मेशेजेज्,* बुक २, पृ. २४२।

**चिन्तनमननः-**

क. हरेक दुःख र परीक्षालाई येशूले जोख्नु हुन्छ भनेको तात्पर्य के हो? यी कुराको ज्ञानले हामीलाई कसरी प्रोत्साहन मिल्दछ?

ख. धैर्यता साथ पर्खनु भनेको के हो भनेर विश्वासीहरू बीचछलफल गरेर व्यक्तिगत गवाही बाँड्नुहोस्। यस्तो पर्खाइमा भय र आनन्दको कसरी अनुभूति भयो? यस्तो अवस्थामा कसरी शक्तिसंचय गरेर बस्न सक्यो? यसले के पाठ सिकायो? परमेश्वरको कुन प्रतिज्ञामा तिनीहरू अडिग भएर बसे?

ग. तपाईंको चर्चले वा विश्वासी समुहले अग्निपथमा परिरहेको मानिसलाई कसरी सहायता गर्नुहुन्छ किनकि तिनीहरू परमेश्वरको समयलाई पर्खिरहेको हुन्छन्?

घ. धैर्यताको प्रवर्धन गर्न प्रार्थनाको भूमिका कस्तो हुन्छ? के तपाईंले यस्ता मानिसहरूको जानकारी छ वा तिनीहरूको लागि प्रार्थना गर्नुहुन्छ जो धैर्यसाथ परमेश्वरको अगुवाईको लागि पर्खिरहेका छन्? तिनीहरूको जीवनमा परमेश्वरको आत्माको अगुवाईले धैर्य धारण गर्न जानुन् भनेर प्रार्थनामा याद गर्नुहोस्।

## अध्याय १२

# बिउ जस्तै मर्नु

यस अध्यायको लागि पढ्नुहोस्ः १ सामुयल २:१२-३:१८, १३:१-१४, जकरिया ४:१-१४, रोमी १२:१,२, फिलिप्पी २:५-९

**कण्ठस्थ गर्नु पर्ने पदः "साँच्चै, म तिमीहरूलाई भन्दछु, गहुँको दाना माटोमा परेर मरेन भने त्यो एकलो रहन्छ। तर त्यो मऱ्यो भने त्यसले धेरै बिउहरू उत्पादन गर्दछ।" युहन्ना १२:२४।**

परमेश्वर भक्तले उहाँसँग कसरी समर्पित हुनुपर्छ भनेर देखाउन गहुँको दाना जस्तै मर्नु पर्छ भनी येशूले तुलना गर्नुभएको आकर्षित चित्रणले मानिसप्रति परमेश्वरको इच्छालाई जनाउँछ। प्रथमतः झर्नु पर्दछ।गहुँको

बालाबाट दाना झर्दा जहाँ पनि झर्न सक्दछ र कसरी झर्दछ त्यो बोक्ने मानिसलाई थाहा हुन्दैनन्। अनि खसे पछि कस्तो जमीनमा खस्छ र त्यसको वरिपरि कस्तो हुन्छ सो दानाको मातहत भन्दा बाहिर हुन्छ।

दोश्रो, गहुँ जमिनमा परे पछि पर्खनु पर्ने हुन्छ। जब दाना भूमीमा पर्दा उसको भविष्य के हो उसलाई थाहा हुन्दैनन्। भविष्यमा उसको जीवन कस्तो हुन्छ उसले कल्पना पनि गर्न सक्दैनन् किनभने यो केवल गहुँको दाना मात्र हो।

तेश्रो, त्यो दाना मृत्य सयामा परेको हुन्छ। जबसम्म बिउ दानाको सुरक्षित र चैनबाट आफु निक्लिन्दैनन् त्यो गहुँको बाला हुन सक्दैनन्। बिउ मर्नु पर्दछ अर्थात आफु के थियो त्यसलाई आत्मसमर्पण गरेर आफुलाई त्याग्नु पर्दछ अनि मात्र त्यो बिउ फल-दायी भएर बालामा रूपान्तर हुन सक्दछ।

यस अध्यायको झलकः परमेश्वरको इच्छा हाम्रो उत्तम भलोको लागि नै हुन्छ थाहा पाउँदा पाउँदै त्यसलाई ग्रहण गर्न हामीलाई किन मुश्किल हुन्छ? येशूकै जीवनमा आत्मसमर्पण गर्नु भनेको के हो भनेर कस्तो अनुकरणीय उदाहरण हामीलाई छोड्नु भएको छ? तपाईंकै जीवनमा गहुँको दाना मर्नु पर्दछ भन्ने तथ्यलाई कसरी स्विकार्न बाध्य हुनुभएको छ?

## १. सेवामा समर्पित

फिलिप्पी २:५-९ पढ्नुहोस्। यी पदहरूमा के महत्वपूर्ण सन्देश हामीलाई दिन चाहेको छ?

बर्तमान परिप्रेक्ष्यमा अहिलेको समाजले आ-आफ्नो अधिकारको माग तेर्स्याएको हुन्छ। यो असलै हो र सबैले आफ्नो अधिकारको उपभोग गर्न पाउनु पर्दछ। तर जसरी येशूले आफ्नो अधिकार त्याग्नु भयो, परमेश्वरको इच्छा यो पनि हुन सक्दछ, परमेश्वरको राज्यलाई अनन्त रूपमा प्रभावशाली बनाउन हामीले हाम्रो अधिकारलाई त्यागेर उहाँको सेवा गर्नु पर्ने हुन्छ। आफुले उपभोग गरेका अधिकारलाई त्याग्नु पर्दा हामीलाई कठिन र असहजको अनुभव गर्न सक्दछौ, यत्ति मात्र होइन यस्तो परिस्थितिमा सामेल हुनु पर्दा हामीलाई अग्निपथमा लगिएको आभास पनि हुन सक्दछ।

येशूले आफुलाई कस्तो परिस्थितिमा पार्न राजी हुनु भयो फिलिप्पी २:५-८ मा हेर्नुहोस्। यी पदहरूले येशूद्वारा तिन कदमहरू चालेर परमेश्वर पिताको इच्छा पालन गर्न राजी भए भनेर देखाएको छ। सुरूमा पावलले सतर्कतासाथ हामीलाई सम्झाउन खोज्दछः "तिमीहरूको मनस्थिति वा आचरण येशूको जस्तै हुनु पर्दछ।" (पद ५)।

हाम्रो उद्धारको लागि येशूले आफ्नो पिताको समान अधिकारलाई पंछाएर यस संसारमा मानव जीव धारण गरी स्वइच्छाले आफुलाई मानिसकै रूपमा सिमित पार्नुभयो (पद ६,७)।

येशू कुनै महान यश र महिमाको अवतार लिएर आउनु भएन बरू अरू मानिसहरूको सेवक भएर जन्मिनु भयो (पद ७)।

मानव जातीको सेवक भएर उहाँ शान्तमय बातावरणमा दिर्घ जीवन बिताउन पाउनु भएन तर मृत्युसम्मै आज्ञाकारी हुनुभयो। तर उहाँ कुनै इज्जत साथ सबैको अगाडि सम्मान पूर्वक मर्नुभएन। तर रोमी राज्यको निष्ठुर मृतयातना क्रुसको मृत्यु ग्रहण गर्न राजी हुनुभयो (पद ८)।

हाम्रो जीवनमा यस्तो कुनै भाग छन् जसले अनुशरण गर्न हामीलाई उदाहरण भएर येशूले प्रस्तुत गर्नु भएको छ? यदि समानता र अधिकार असल हुन् र त्यसको सुरक्षित गर्नु पर्दछ भने कहिले कहिँ यी अधिकार छोड्न बाध्य हुन्दा त्यसको औचित्य के हो त? अब पद ९ पढ्नुहोस्। परमेश्वरको इच्छा वा योजनामा समर्पित हुनु भनेको कत्तिको हडसम्म रहेछ भनेर यस पदले देखाउँछ?

पवित्र आत्मासँग यो ज्ञान मागेर प्रार्थना गर्नुहोस् "परिवार, मेरो चर्च र मेरा वरिपरि भएकाहरूको सेवा गर्नबाट वँचित हुन मैले के अधिकारलाई समातेर बसेको छु जसले गर्दा येशूमा पनि समर्पित जीवन विताउन बाधा दिन्दछ? अरूको प्रभावकारीरूपमा सेवा गर्न आफुले कत्तिको असुविधा भोग्न तयार हुनुहुन्छ?

## २. परमेश्वरको इच्छाको जानकारी हुनु अघिबाटै मृत्युको अनुभव गरिन्छ

धेरै इसाईहरू उनीहरूको जीवनमा परमेश्वरको ईच्छालाई इमान्दारीपूर्वक जान्न चाहन्छन्। "यदि मेरो जीवनमा परमेश्वरको इच्छा मलाई थाहा पाएको भए म उहाँको लागि सबै थोक त्यागी दिन्थें।" यस्तो भाका राखे तापनि हामीलाई परमेश्वरको इच्छाको बारेमा अन्यौल हुनसक्दछ। यो अन्यौलताको कारण रोमी १२:१,२ मा पाउन सक्दछ। हामीले परमेश्वरको इच्छा कसरी थाहा पाउने भनेर पावलले महत्वपूर्ण सुझाव प्रस्तुत गर्दछः यदि तपाईले तपाईंको जीवनमा परमेश्वरको इच्छा जान्न चाहनु हुन्छ भने, प्रथमतः तपाईंले त्याग गर्न सक्नु पर्दछ।

रोमी १२:१,२ पढ्नुहोस्। पावलले भन्दछ परमेश्वरको इच्छालाई जाँचेर अनुमोदन त्यसबेला गर्न सक्दछौं (पद २) जबः

क. हामीले हामीलाई परमेश्वरको कृपालाई सचमुचरूपमा बुझ्न सक्दछौं (पद १)

ख. हामीले आफुहरूलाई परमेश्वरको लागि जीवित बलिदानको लागि चढाउँछछौं (पद १)

ग. यदि हाम्रो मनस्थितिलाई परमेश्वरको ढाँचामा परिवर्तन गऱ्यौं भने। (पद २)

यदि हाम्रो मनस्थितिलाई परिवर्तन गर्न सक्यौं भने मात्र साँचो रूपमा परमेश्वरको सदिच्छालाई बुझ्न सक्दछौं। तर परमेश्वरको मनस्थितिलाई हामीमा प्रत्यारोपण गर्न हाम्रो अहँताको मृत्यु हुनुपर्दछ। येशू हाम्रो लागि दुःख पाउनु भयो भनेर पुग्दैन-उहाँ हाम्रो लागि मर्नु पनि पर्दछ। हामी नयाँ जीवनको अनुभूति पाउन हाम्रो पुरानो जीवनको मृत्यु हुनु पर्दछ।

तपाईंको जीवनको कुन भाग अझ पुरा मरेको छैन भनेर देखाउन पवित्र आत्मासँग प्रार्थना गर्नु होस्। परमेश्वरको लागि जीवित सहिद हुन पवित्र आत्माले तपाईंलाई के त्याग गर्नुपर्छ भनेर देखाउनु पर्दछ र सहायता गर्नु पर्दछ?

जब हाम्रो जीवनका परमेश्वरको खिलाफमा चल्ने भागहरू पुर्ण रूपमा मर्दैनन् तब ती भागहरूलाई हाम्रो नजरमा ल्याउन परमेश्वरले कठोर परीक्षाहरू आउन दिनु हुन्छ अर्थात् ती आएमा परमेश्वरले रोक्नु हुन्न। यद्यपि हाम्रो दुःख कष्टले हाम्रो पापको सामना गराउँछ तापनि हाम्रो लागि येशूले कसरी समर्पण गर्नु भयो भन्ने अन्तरदृष्टि ज्ञानको बोध गराउँछन्। एलिजाबेथ ईलियतले लेख्दछिन्, "यदि हाम्रो भित्री हृदयको अभिलाषालाई समर्पण गर्न सक्यौं भने क्रुसको बारेमा ज्ञान प्राप्त गर्न सक्दछौं.....हाम्रो आफ्नै क्रुसको अनुभव जुन येशूको भन्दा शुक्ष्म नै छ, त्यसद्वारा उहाँलाई चिन्न मौका पाउँदछौं। उहाँको कष्टमा हामी सहभागी भयौं भने उहाँसँग हाम्रो सँगती पनि फस्ताउन सक्दछ। हाम्रो हरेक प्रकारको अग्नीपथले येशूको कठोर दुःखको सँगतीमा सहभागी हुन उहाँले आह्वान गर्नुहुन्छ।"-ईलिजाबेथ ईलियत, *क्वेष्ट फर लभ,* (ग्राण्ड रापिड, मिशिगनः फ्लेमिङ्ग एच. राभेल, १९९६), पृ. १८२।

रोमी १२:१,२ पढ्नुहोस् र त्यसमा ध्यान गर्नुहोस्, त्यसलाई मनन गरेर प्रार्थना गर्नुहोस्। तपाईं परमेश्वरको लागि जीवित शहिद हुन के कुराको त्याग गर्नु पर्दछ। तपाईंको त्याग र तपस्याले तपाईंको लागि येशूले क्रुसमा पाउनु भएको कठोर कष्टको बारेमा कसरी बोध गराउँछ? उपरोक्त ज्ञानले तपाईंलाई येशूसँग सँगती र उहाँको महा कष्टमा कसरी ऐकताबद्ध हुन सहायता गर्दछ?

## ३. सुन्नलाई राजी

"पहिला जस्तै बोलाउँदै, परमेश्वर आउनुभयो र उभिनु भयो, 'सामुयल, सामुयल !' अनि सामुयलले जवाफ दिए, 'प्रभु बोल्नुहोस्, तपाईंको दासले सुन्दैछ' " १ सामुयल ३:१०।

के तपाईंले पवित्र आत्माको सुरिलो, मधुरो अन्तर आवाज कहिल्यै सुन्न भएको छ तर त्यसलाई उपेक्षा गर्नुभएको छ? जसको फलस्वरूप सबै भताभुङ्ग भयो र पछि पछुताएर आफैलाई धिक्कार्नु भयो, "मैले त्यस आवाजलाई किन सुनिन?"

प्रथमतः सामुयलको कथामा एउटा बृद्ध मानिस र दुई पतित छोराहरूको बारेमा वर्णन गर्दछन्। ति छोराहरूले परमेश्वरको आवाजलाई कुण्ठित पारेको थियो तर साना बालकले ध्यानपूर्वक सुनेको थियो। बालक सामुयलद्वारा परमेश्वरले ती मानिसहरूलाई स्पष्ट चेतावनी दिएको थियो। त्यो चेतावनीमा तिनीहरूलाई आफ्नो बाटो सुधार्नु पर्छ भनेको थियो तर त्यस्को वेवास्ता गरेको पाउँछौं।

१ सामुयल २:१२-३:१८ पढ्नुहोस्। यसमा अन्तरआत्माद्वारा परमेश्वरको मधुरो स्वरलाई ध्यानपूर्वक सुनेको र वेवास्ता गरेको व्यक्तिहरूको बीचमा के अन्तर छ सो देखाएको छ?

पुजाहारी एलीका छोराहरूले परमेश्वरको कुराहरूमा ध्यान दिने फुर्सद थिएन। उनीहरू आफ्नै सुरमा व्यस्त थिए। र सामुयलद्वारा आफ्नो छोराहरूको बारेमा परमेश्वरबाट चेतावनी पाएर एलीले आफ्नो छोराहरूलाई सम्झाउन खोजे तर तिनीहरूलाई सुधार्न केही कदम पनि चालेन। र साथै उसका छोराहरूले आफुहरूको जीवनलाई परमेश्वरको सदिच्छामा ढाल्न तयार थिएनन्। तर बालक सामुयलले भने परमेश्वरको कुरा सुन्न तयार थिए-ती बालक र युवाहरूको बीचमा कस्तो अन्तर थियो !

प्रचारक चार्लस स्टान्लिले परमेश्वरको आवाजलाई खुला दिलले ध्यान दिन अभ्यास गर्नु पर्दछ भनेको छन्। उहाँको आवाज सुनेर ततस्थ नरहनु भनेका छन्। उसले भन्दछः "पवित्र आत्मा केवल हामीलाई सुचनामात्र दिन बोल्नुहुन्न। उहाँले बोलेको कुरामा उहाँले हाम्रो जवाफको अपेक्षा गर्नुहुन्छ। र उहाँलाई यो ज्ञात छ, यदि हाम्रो जीवनमा अरू धेरै कुराहरूले ओगटिरहेको छ र परमेश्वरको आवाजलाई सुन्न फुर्सद छैन भने हाम्रो इच्छा बिपरित उहाँले केही सुझाव पनि दिनु हुन्न। यस परिस्थितिमा उहाँ मौन रहेको हामी पाउँदछौं। अनि जबसम्म हामी ततस्थ अवस्थामा नपुगी उहाँको आवाज सुनेर उहाँलाई ध्यान दिएर उहाँतिर लाग्न राजी हुन्दैनौ त्यसबेलासम्म उहाँ चुपचाप रहनुहुन्छ।"-चार्लस स्टान्ली, *द वन्दरफुल स्पिरिट -फिल्द लाइफ,* (थोमास नेल्सन पब्लिशरस् नेशभिल, टेनस्सिज् १९२२) पृ. १७९,१८०।

स्टानलीले भन्न भएको ततस्थ नहुन्जेले भनेको के हो भनेर सोच्नु भएको छ। तपाईंकै आफ्नै जीवनमा कति पल्ट परमेश्वरले बोल्नु हुन्दा ततस्थ रहि परमेश्वरको आवाजलाई पहिचान गरेर उहाँको आज्ञालाई शिरोपर गर्नुभएको छ? परमेश्वरको आवाजलाई प्रष्टसँग सुन्न र उहाँको निर्देशनलाई निर्णायकपूर्वक पालन गर्न के तपाईंको जीवनमा के सुधार गर्नुपर्दछ?

## ४. आत्मनिर्भर

अदनको बँगैचामा हवाले पाप गर्दा उनले परमेश्वरको वचनमा शङ्का त पक्कै पनि गरेकि थिइन। उनको समस्याको मुटु भनेको उनलाई के ठीक  के बेठीक  त्यो निर्णय आफैले गर्नु सक्छु भन्ने आत्मविश्वास थियो। उनले आफ्नै समझशक्तिमाथि भरोसा राखिन्। हामी आफ्नै बुद्धि विवेकमा मात्र भर परि परमेश्वरको वचनलाई वेवास्ता गर्नु भनेको अनेक प्रकारका समस्याहरूलाई निम्तो दिनु हो।

इस्रायलका प्रथम राजा सावलले विस्तारै आफ्नो गर्वमा भर पर्दै जाँन्दा कसरी ऊ वियोगान्त हुन उन्मुख भयो भनेर बाइबलले वर्णन गर्दछ। सामुयलले सावललाई राजा हुन अभिषेक गरेको थियो (१ सामुयल १०:१)। त्यसपछि उसले सावललाई कुनै खास निर्देशनहरू दिएको थियो (पद ८) तर उसले पालना गरेन।

१ सामुयल १३:१-१४मा  सावलको अर्को कथा पढ्नुहोस्। सावल राजाले के गरे जसले गर्दा पतन हुन आफैलाई अग्रसर गराए?

जब सावललाई राजा बनाइयो तव ऊ अहँतामा उन्मुख भएर आत्मनिर्भरतिर अग्रसर भए, यी हुन तिन कदम चालिएको थियो। यी कुनै पनि कदमहरू आफैमा नराम्रो त थिएन। यद्यपि ती कदमहरूमा करूणका विउहरू

थिए किनकि ती प्रत्येक कदमहरू परमेश्वरबाट स्वतन्त्र भएर आफ्नै बुद्धिले चालेका थिए। याद गर्नुहोस् सावलले कसरी क्रमबद्धरूपमा आफुलाई ढालियो।

१. सावलले भन्छ, "मैले देखें" –सामुयलको अनुपस्थितिमा आफ्ना शैनिकहरू तितरबितर भएको देखेका थिए भनेर दावि गरे (पद ११)। सावल एकदम दबावमा थियो र के भएको थियो त्यसको मुल्याड्कन आफैले गरेका थिए।

२. सावल अब "मैले देखें" बाट "मैले भनें" तिर लाग्दछ-फिलिस्टिनीहरूले उनीहरूलाई आक्रमण गरेर जित्छ भन्ने डर भएको थियो। उसले आफ्नै आँखाले देखेकोमा भर परि आफ्नो विचारलाई त्यसै अनुसार ढाल्न लगाए। परिस्थितिलाई आफ्ने अन्दाज लगाए।

३. सावलले अब "मैले भनें" बाट "मलाई आभास भयो" भन्नेमा पुऱ्यायो-जसले गर्दा रीति बिपरित आफैले पुजाहारीको काम गरेर बलि चढाए (पद १२)। सावलले के तर्क गरेका थिए उसको भावनाहरूलाई त्यसै अनुसार ढाल्न सहायता गरे।

कुनै न कुनै बखतमा हामी सबैले यो कदम चालेकै हुन्छौं: हाम्रो आफ्नो मानविय दृष्टिमा भर पर्ने, जसले गर्दा आफ्नै मानविय बिचारमा भर पर्न अग्रसर हुन्छ र यसबाट हाम्रो मानविय भावना अनुसार चल्न थाल्दछौं। परमेश्वरलाई पन्छाएर आफ्नै तर्क र आभासमा भर परेर त्यसै अनुसार हाम्रा खुड्किलाहरू अगाडि सार्दछौं।

सावललाई परमेश्वरको स्पष्ट निर्देशन थाहा पाउँदा पाउँदै पनि उसले किन आफ्नै बुद्धि अनुसार चल्न सजिलो थाने? हामी निर्धो छौं र कति कुराहरूको अनभिज्ञ छौं भनेर थाहा पाउँदा पाउँदै पनि किन आफ्नै बुद्धिमा हिंड्न पछि पर्दैनौं? आफ्नै बुद्धिमा भर नपरि परमेश्वरमा भरोसा राखी उहाँको आज्ञा अनुसार चल्ने चेतना पाउन हामीले के गर्नपर्दछ?

## ५.वैकल्पित मार्गहरू

यदि हामीले आफ्नै बल र बुद्धिमा हिंड्यौं भने परमेश्वरप्रति समर्पणतामा कुण्ठित हुन सक्छ भनेर अगाडिको बुँदामा हेर्‍यौं। हामी आफैमा मात्र होइन हामीले परमेश्वरलाई पन्छाएर अरू बैकल्पित मार्गहरू अंगालेर तिनीहरूमाथि आस्था वा भरोसा पनि राख्न सक्दछौं। कोहि मानिसहरू उदासिन भयो भने आफ्नो मन बहलाउन र आफुलाई खुशी पार्न बजारमा गएर आफुलाई मन पर्ने चिजहरू किनमेल गर्दछन्। कोहि मानिसहरू आफ्नो कमजोरीपनालाई लुकाउन प्रख्यात हुन पिछा गर्दछन्। जब आफ्नो पति वा पत्नीसँग तालमेल नहुँदा अरूसँग लागेर मनोकाँक्षा पूरा गरी आनन्दको उपभोग गर्दछन्। (कतिले त कुलत आचरण जस्तै लागु पदार्थहरू, रक्सी, जाँड, चुरोठहरूद्वारा आफ्नो मनलाई शान्त गराउन खोज्दछन् )

ती सबै हाम्रो जीवनमा अपनाउने बैकल्पित मार्गहरूले हामीमा आएको दवाबबाट राहत पाउन मात्र हुन तर फेरि प्रतिकूल परिस्थितिमा पर्दा ती मार्गहरूले न त समस्याको समाधान गराउँछ न त कसरी सामना गर्ने भनेर मार्ग निर्देशक हुन्छ। जीवनमा साँच्चो सफलताको प्रत्याभूति पाउन हाम्रोभन्दा बाहिरको शक्ति अर्थात् परमेश्वरले मात्र दिन सक्दछ। तर परमेश्वरलाई इन्कार गरि उहाँको अस्तित्वलाई पन्छाएर हामीले धेरै पटक बैकल्पित मार्गहरू अपनाइ जीवनलाई सार्थक बनाउन खोज्दछौं जसले गर्दा जीवनप्रति तिरस्कारको भावनाले ओतप्रोत भइ त्यसलाई निरर्थक सावित गराउँछौं।

परमेश्वरको सट्टामा मानिसहरूले तीन बैकल्पित बाटोहरू यसरी रोज्दछन्:

१. परमेश्वरको ताजा दर्शनाभिलाषीहुनुको साटो मानिसहरूको तर्क, सिद्धान्तहरूको चाहना र आफ्नो वा अरूको व्यक्तिगत् अनुवभको चाहना ।
२. समस्याहरूलाई हाम्रो दिमागमा ल्याएर अवरोध खडा गर्दछौं जब परमेश्वरबाट पाउने समाधानको आवश्यकताको महसुस हुनुपर्दथ्यो।

३. परमेश्वरको शक्तिको आवश्यकता भएको बेलामा उहाँसँग संवाद नै नगरी उहाँलाई वेवास्ता गरेर जीवनको यथार्थताबाट भाग्न खोज्दछौं।

जब हामीहरूले वैकल्पित मार्गहरू अपनाउन खोज्दछौं त्यसबेला जकरियाले हाम्रो केन्द्रविन्दु कहाँ हुनु पर्दछ र जीवनको यथार्थता के हो भनेर बुझाउन चाहेको आभास हामी पाउँछौं। बेबिलोनबाट (आधुनिक इराक) धेरै वर्षको पलायन पछि इस्रायलीहरू आफ्नो देशमा फर्कन्छन् र तत्काल परमेश्वरको मन्दिर पुनःनिर्माण गर्न थाल्दछन्। तर तिनीहरूले विरोधीहरूद्वारा त्यस कार्यको विरोध अत्यन्त दुःसाहसरूपमा विरोध गरी अवरोधहरू खडा गरेको पाउँछौं (यसको पृष्टभूमी एज्रा ४-६ मा पाउँछौं। त्यसै बेला मन्दिरको पुनःनिर्माण गर्ने अगुवा जेरुबाबेललाई प्रोत्साहन दिन परमेश्वरको प्रवक्ता जकरिया उहाँको सन्देश लिएर आउँदछन्।

जकरियाको सन्देश के थियो जकरिया ४:१-१४ पढ्नुहोस्। पद ६ मा परमेश्वरले के भन्न खोज्नुभएको थियो? पवित्र आत्माको सहायताले मन्दिरको निर्माण सम्पन्न हुन्छ भनेर कसरी देखाउन खोजेको छ? यस बृतान्तले हाम्रो व्यवहारिक जीवन र पवित्र आत्माको बीचमा कस्तो सम्वन्ध हुनुपर्दछ भनेर देखाउन खोजेको पाउँछौ?

याद गर्नुहोस्, परमेश्वरले जेरुबाबेललाई विरोधीहरूको सामना गर्नबाट र तिनीहरूले ल्याउने तनावलाई हटाउनु भएन। र हामीले यो थाहा पाऔं परमेश्वरले सधैं हाम्रो प्रतिद्वन्द्धी र वेइज्जत गर्न खोज्नेहरूबाट सुरक्षित नराख्न सक्छ। तर जब विरोधको सामना गर्दछौं त्यसलाई अग्निपथको रूपमा उपयोग गरेर परमेश्वरमा भरोसा राख्न उहाँ चाहना गर्नुभएको ज्ञानको बोध हामीमा हुनुपर्दछ।

जब तनाव, अवरोध र विषम् परिस्थिति आइपुग्छ, प्रथमतः तपाईंको प्रतिक्रिया कस्तो हुन्छ? त्यसलाई पन्छाउन के तपाईं खानामा भुलेर वा टेलिभिजन आदिलाई रोजेर वैकल्पित मार्ग अपनाउन खोज्नुहुन्छ, वा प्रार्थना गरेर परमेश्वरमा भरोसा राखी उहाँमा समर्पित जीवन अपनाउन चाहनुहुन्छ? तपाईंको आत्म निर्णयको जवाफले तपाईंको आफ्नो पहिचान गराउँछ र के कुरामा परिवर्तन गर्नु पर्दछ र अझ के ज्ञानको आवश्यकताको महसुस गर्नुभएको छ आफै सोच्नुहोस्।

**चिन्तनमननः-**

अरू जानकारीको लागि पढ्नुहोस्: एलेन जि ह्वाईट, पेट्रियार्क एण्ड प्रोफेटस्, पृ. ५७५-५८०, ६१६-६२६।

परमेश्वरको चाहनामा समर्पण गर्न क्षमता प्राप्त गर्न पहिला हाम्रा अभिलाषाहरू र महत्वाकांक्षाहरूलाई मृतरूप दिनुपर्दछ। परमेश्वरको योजनामा समाविष्ट हुन्दा अरूको सत्यरूपमा सेवा गर्न ढोका पनि खुल्दछ। जबसम्म त्याग र परमेश्वरको आवाजलाई सुनेर जीउन निर्णय गर्दैनौं तबसम्म परमेश्वरको लागि हामी जीउन सक्दैनौं। हामीले परमेश्वरको इच्छामा इमान्दारीपुर्वक समर्पित हुन प्रथमतः हाम्रो बुद्धिमामात्र भर पर्दा खतरा हुन्छ भन्ने ज्ञानको पहिचान हुनुपर्दछ र परमेश्वरको वचन र शक्तिलाई पन्छाउँदा हामी शैतानको चक्रव्युहमा सजिलैसँग पर्न सक्दछौं भन्ने आभासको अनुभूति हुनुपर्दछ। जब येशू भक्तले अन्तःकरणदेखी नै परमेश्वरको इच्छामा समर्पणता देखाउन थाल्दछ तब परमेश्वरले उहाँमाथी पूर्ण भरोसा राखोस् भनेर अनेक कठोर परीक्षाहरू आउँदा तिनीहरूलाई उहाँले नरोक्न सक्दछ।

"पुजाहारी एलीले आफ्ना छोराहरूलाई वेवास्ता गरेको र तहलाउन नसकेको कुरो इस्रायलको सबै बाबु र आमाहरूलाई थाहा थियो। एलीले छोराहरूलाई पुलपुल्याई हुर्क्याए। उनीहरूलाई चित्त नदुखाउन बाबुले उनीहरूलाई अनुशासनमा राख्ने आफ्नो कर्तव्य थानेन। यसको फलस्वरूप छोराहरू भ्रष्ट भए, दुराचारी भए, मन्दिरको भेटीलाई दुरूपयोग गरे अनि एलीले आफुले नउखेलेको पापको जरालाई पहलाउन दिएर अशान्ति र सन्तापको फल व्यहोर्नु पऱ्यो। आमाबाबुले यदि आफ्ना छोराछोरीहरूलाई दुष्टयाईंमा लाग्न दियो भने उनीहरू

परमेश्वरको सम्मुख दोषी ठहरिनेछ र ती परमेश्वरबाट तर्केर गएका छोराछोरीहरूको नाउँमा जतिसुकै धर्मकर्म, पुण्य, भाकल गरोस् वा बलि चढाओस्, ती कार्यहरू जीवित परमेश्वरको अगाडि अस्विकार्य नै हुनेछन्।"-एलेन जि ह्वाईट, चाइल्ड गाइडेन्स्, पृ. २७६।

छलफलका विषयहरूः

क. परमेश्वरको पुत्र अद्भुतरूपमा सदाशयता देखाएर मानिसको पापकोलागि झुकेर मानव जीवको रूप लिनु भयो, यस महान् त्यागको बारेमा विश्वासीहरू बीच छलफल गर्नुहोस्। अरूको भलाईको निम्ति कत्तिको त्याग र आफुलाई रित्याउनु पर्दछ भनेर येशूको जीवनले प्रदर्शन गरेको पाउनुहुन्छ? हो हामीले येशूले जस्तो महानता नदेखाउन सकेला तर उहाँको यस सिद्धान्त वा आचरणलाई हाम्रो अगाढि सदासर्वदा खडा गराउनु पर्दछ। येशूले त्याग र तपस्या गरेर देखाएर जसरी परमेश्वरले यस संसारलाई प्रेम गर्नु भयो, त्यसरी नै हामीले हाम्रो आफ्नै संसारमा पनि क्रुसमा येशूले देखाउनु भएको जस्तो त्याग र समर्पणतालाई अंगाल्नु पर्दछ। यो बाटो अपनाउन के उपायहरू सोच्नु सक्नुहुन्छ?

ख. कति मानिसहरूलाई भविश्यको ख्याल नराखी परमेश्वरमा समर्पित हुनु भनेको आहतको आभास भएको हुनसक्दछ। परमेश्वरलाई भन्दा आफ्नै स्वाभिमान र आफ्नै खुट्टामा उभिन सक्छु भनेर फुर्ती गरेको मानिसलाई कस्तो सल्लाह दिन सक्नुहुन्छ? फेरि ती मानिसहरूलाई भविष्यमा के हुन्छ भन्ने डरले सताएको पनि हुन सक्दछ जसले गर्दा राशी फलहरू पढेर आत्म सन्तुष्त गराउन खोजेका हुन्छन्। ज्योतिषकहाँ गएर वा भाकलहरू गरेर जीवनका भयहरूलाई निवारण गर्न खोजेका हुन्छन्। यस्तो व्यक्तिहरूलाई कस्तो सरसल्लाह दिनुहुन्छ?
ग. विश्वासीहरू मिलेर आफुहरूले थाहा पाएको मानिसहरू जो परमेश्वरमा समर्पित हुन मुश्किल भइरहेका छन् वा संघर्ष गरिरहेका छन्, तिनीहरूले परमेश्वरबाट राहत् पाउन भनेर प्रार्थना गर्नुहोस्। तिनीहरूले यो थाहा पाउन् चिर शान्ति भनेको परमेश्वरबाट मात्र प्राप्त गर्न सकिन्छ। यसै बखत् के व्यवहारिक कार्यहरूद्वारा ती मानिसहरूलाई परमेश्वरमा समर्पित गराउन र उहाँका मार्गहरू नै उत्तम छन् भनेर देखाउन तपाईंहरूले अग्रसरता अपनाउनुहुन्छ? स्पष्टरूपमा, अर्को शव्दमा भन्ने हो भने कसरी परमेश्वरले अरूलाई उहाँको प्रेम र करूणा देखाउन तपाईंलाई परिचालन गर्न दिनुहुन्छ?

## अध्याय १३

# अग्निज्वालामा येशू

यस अध्याको लागि पढ्नुहोसः मत्ती २:१-१८, २७:५१,५२, लुका २:७, २२-२४, २२:४१-४४, युहन्ना ८:५८,५९, रोमी ६:२३, तितस १:२

स्मरण गर्नु पर्ने पदः “अपरान्ह तीन बजेतिर येशू यसो भनेर चर्को स्वरले चिच्चयाउनु भयो, ‘इलोई, इलोई, लामा सबखथनी?,’ अर्थात् ‘हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईले मलाई किन त्याग्नुभयो?’" मत्ती २७:४६।

जब जब दुःख कष्टको बारेमा कुरा उठ्छ मानिसहरूमा यी प्रश्नहरू धरोहरको रूपमा खडा भएको हुन्छः पाप र दुःखको प्रादुर्भाव कसरी भयो? परमेश्वरले प्रकट गर्नुभएकोले त्यसको हामीसँग उपयुक्त जवाफ छः ती पाप र दुःखको प्रादुर्भाव परमेश्वरले आत्मनिर्णय र स्वतन्त्रताको अधिकारलाई जीवहरू दुरूपयोग गरेर आएको हो। यसले फेरि अर्को प्रश्नमा दोऱ्याउँछः यी दुर्घट्ना हुन्छ भनेर के परमेश्वरलाई अगावै थाहा थियो? उहाँलाई थाहा थियो, तर प्रसिद्ध इसाई साहित्यकार सि.एस. लिविसले भन्दछ, "जुनसुकै जोखिमको सामना गर्नु परे पनि परमेश्वरले मानिसलाई सृष्टि गर्नु नै उत्तम थान्नु भयो।"

झट्ट हेर्दा यो कस्तो विडम्बना? जुनसुकै जोखिमको सामना गर्नु उत्तम? कसको लागि? हाम्रो लागि? जब परमेश्वर स्वर्गको सिहाँसनमा विराजमान हुनुहुन्छ अनि हामीहरूले दुःख पाइरहने? तर खास त्यसो होइन। परमेश्वरको लागि उहाँका सबै बौद्धिक जीवहरूको आत्मनिर्णय र बैचारिक स्वतन्त्रता अति महत्व, आदरनिय र पूज्य भएकोले उनिहरूले त्यसको दुरूपयोग गरेमा आफुले त्यसको प्रहार भोग्न सहमत हुनुभएको थियो। येशूले जुन मानव जीवन धारण गरेर अग्निपथमा हिँडेर मृत्युको सामना गर्नु भयो त्यो त्यहि मानव जातिले आफ्नो स्वतन्त्र अधिकारको दुरूपयोगको फल थियो। उहाँले सारीरिक, आत्मिक र मानसिक यातना भोगेर स्वर्ग र पृथ्वीको बीचको सम्बन्धलाई जुन जोड्नु भयो त्यो अनन्तसम्म रहिरहने छ।

यस अध्यायको झलकः हाम्रो सट्टामा वा हाम्रो निमित्त येशूले के यातना भोग्नु भयो? येशूको महान् कष्टबाट हामीले के ज्ञान प्राप्त गर्न सक्दछौं?

## १. प्रारम्भिक दिनहरू

येशूका बालककालको बारेमा धेरै कम बयान गरेको पाउँछौं। केही पदहरूले येशू उद्धारकर्ता यस विश्वमा प्रवेश गर्नु हुँदा संसारको अवस्था कस्तो थियो थियो सो बताउँछन्।

लुका २:७, २२-२४ (लैव्य १२:६-८ पनि पढ्नुहोस्) र मत्ती २:१-१८ पढ्नुहोस्। येशूको जीवनको सुरूमै कस्तो परिस्थितिको सामना गर्नु परेको थियो यी पदहरूले केही हदसम्म बताउँछन्।

जन्मने समयमा गरिवी जीवन बिताउनु पर्ने र काखैमा मानिसहरूले हत्या गर्न चाहने जस्ता घट्नाहरू खास असाधारण थिएन। तर उहाँको जन्मको विषेश कारण र प्रारम्भिकदेखि नै दुःख भोग्नु पर्ने कारण अरूको मानव जातको जन्म भन्दा मूल कारणमा बिशेष फरक थियो।

युहन्ना १:४६ पढ्नुहोस्। युवाअवस्थादेखि नै मानिसले येशूलाई किन खेदो गर्नुको मूल तत्व के थियो, यी पदले बुझाउन खोजेको हामीले पाउँछौं।

आदम र हवाको पाप गर्नु अघिको अवस्था बाहेक, यस संसारमा येशू मात्र पापरहित व्यक्ति हुनुहुन्थ्यो। आफ्नो पवित्र, शुद्ध र पापरहित जीवन लिएर, पापमय संसारमा चुर्लुम्म डुब्नुभएको थियो। बालककाल देखि नै उहाँको शुद्ध र पवित्र मनलाई पापको सम्पर्कमा ल्याउनु पर्दा उहाँलाई कस्तो सङ्कष्ट भएको थियो होला। हाम्रो पापको कठोरतामा पनि अधर्म, पाप र दुष्टताको सामना गर्नु पर्दा तिनीहरू घृणित देखिएकोले हामी कति पटक खुम्चिएको हुन्छौं। चोखो र शुद्ध हृदय भएको र पापको अलिकति पनि दागले नछर्किएको येशूलाई पापै पापको सभ्यतामा आफुलाई पाउँदा उहाँलाई कस्तो लाग्या होला, हामीले कल्पना नै गर्न सक्दैनौं। उहाँ र उहाँको वरिपरि भएका हरूको बीचमा कस्तो तीव्र अन्तर थियो होला सो सोच्नुहोस्। अधर्म, पाप र मानिसको राक्षसी चरित्रको सामना गर्नु पर्दा उहाँलाई अत्यन्त कष्टकर भएको हुनुपर्दछ।

तपाईंले आफैलाई सोच्नुहोस्: "हाम्रा वरिपरि भएका नृशंस पाप, अधर्म आदिले हामीलाई कत्तिको संवेदनशिल बनाउँछ? यदि त्यसको वेवास्ता गरि मनलाई कठोर बनाउनु भएको छ भने शायद तपाईले नराम्रो किताव वा छापाहरू पढेर, अस्वस्थ कार्यक्रमहरू टेलिभिजन वा अन्त हेरेर वा छलकपट र दुष्ट गतिविधिमा लाग्नु भएकोको कारणले हुनसक्दछ। आत्मालोचना गर्नुहोस्।

## २. मानिसहरूबाट तिरस्कृत र बहिष्कृत

तल दिएका पदहरू पढ्नु होस्। तर ती पढिरहेको समयमा यो ख्याल गरी राख्नुहोस्ः येशू सर्वगुण सम्पन्न दैव हुनुहुन्छ तर सृष्टि गरिएका होइन बरू स्वर्ग र पृथ्वीका सृष्टिकर्ता, सनातनका परमेश्वर,सारा सृष्टिका सार्वभौमिक मालिक, सारा जगतका केन्द्रविन्दु। उहाँ कुनै ऋषीमुनीहरूको ध्यानबाट उपज भएका दैविय व्यक्ति होइन। उहाँ कुनै महान् र सिद्ध काम गरेर महात्मा वा भगवानको मर्यादा वा ओहदा ओगेटेको होइन तर परमेश्वर आफै मानिसको दर्जामा ओर्लिहिएर सारा संसारको पापको लागि बलि हुनुभयो। उहाँले तपस्या गरेर उद्धारकर्ताको सफल भूमिका निभाउनु भएको होइन बरू त्याग गरेर हाम्रो मुक्तिदाता हुनुभयो। यी थोरै पदहरूले जब येशू संसारमा मानव चोला लिएर आउनु भयो, उहाँले कस्ता यातनाको सामना गर्नु पर्‍यो भनेर दर्शाउँछ।

मत्ती १२:२२-२४, लुका ४:२१-३०, युहन्ना ७, युहन्ना ८:५८, ५९। अरू पदहरूको पनि याद आउँछ की?

चाहे अगुवाहरू होस् वा सर्वसाधारणहरूले होस्, येशूको जीवन, काम र शिक्षादिक्षालाई मानिसहरूले बारंबार भ्रमात्मक रूपमा लिएका थिए। यसको फलस्वरूप जसको उद्धार गर्न आउनु भयो ती मानिसहरूको अपेक्षा, घृणा, बेइज्जत र तिरस्कार सहनु पर्‍यो। यथार्थतामा भन्ने हो भने उहाँ यस्ता आमाबाबुको प्रतिबिम्व गर्दछ जो बाटो बिराएका छोराछोरीको आवश्यकताको महसुस गरी सारा श्रीसम्पती र आफ्नो जीवन पनि दिन्दछन् ताकी तिनीहरू ठीक मार्गमा आउन्, तर तिनीहरूले आफ्ना आमाबाबुको स्नेह, करूणा, सदाशयतालाई हेप्दछन्, गालीगज्जोज र दुर्वचन बोल्दछन् र उनीहरूमाथी अनेक लांच्छना लगाएर उनीहरूको मायालाई अस्विकार गर्दछन्। आफ्ना छोराछोरीहरूलाई राहत दिन र सर्वनाशबाट उम्काउन उनीहरू बाहेक कोहि हुँदैनन्, यद्यपि उनीहरूको त्यो अथक प्रयासलाई ठुक्राइदिन्छन्। यस संसारमा येशूले यही अनुवभको सामना गर्नभएको थियो। यो उहाँको लागि कति वेदनापूर्ण थियो होला? स्पष्टमा भन्ने हो भने उहाँको यो कष्ट दयालु, मायालु र सर्वस्नेहसम्पन्न आमाबाबुलाई मात्र थाहा होला।

मत्ती २३:३७ पढ्नुहोस्। जब मानिसहरूले येशूलाई हेला गरे र तिरस्कार गरे, उहाँको मनमा कस्तो चोट लाग्यो होला? जब यो पढ्नुहुन्छ तपाईं आफैलाई सोध्दै पनि गर्नुहोस्, “के उहाँ आफ्नै लागि चित्त दुखाउनु भएको छ (जब हामीलाई हेला गर्छ र तिरस्कार गर्दछ, कति पटक हामीले निन्याउँरो मुख लगाएर आघाट भएको सन्देश अरूलाई दिइरहेका हुन्छौं) वा अरू कुनै कारणले? अर्कै कारण भए, त्यो के होला?

हामी सबैले हामीलाई हेला गरेको, हेपेको र छिःछि दुरदुर गरेको अनुभव गरेका छौं। हुनसक्छ हाम्रो दर्द येशूको जस्तो निस्वार्थी नहोला। कहिलेकहिँ हामीलाई मानिसले अस्विकार गर्दा वा तिरस्कार गर्दा हाम्रो लागि होइन त्यस व्यक्तिको लागि दुःख लाग्न सक्छ जसले हामीलाई बहिस्कार गर्‍यो किनभने तपाईंको मायालु जनले येशूमा पाउने उद्धारलाई ग्रहण गर्न इन्कार गर्‍यो। तर यो कल्पना गर्नुहोस् येशूलाई कस्तो आभासमा रहनु पर्‍यो होला, किनभने जसलाई उद्धार गर्न उहाँ आउनु भयो उसको लागि कस्तो कठिन परीक्षाको सामना गर्नु पर्छ सो को ज्ञान छ र साथै उहाँले दिने मुक्तिको वरदानलाई अस्विकार गर्दा तिनीहरूको गति के हुन्छ सो पनि पूर्ण रूपमा सजग हुनुभएको छ। “येशूले आफ्नो निर्दोष जीवनमा कसरी शैतानले आक्रामक निति अपनायो त्यसप्रति उहाँ संवेदनशील हुनुभएको थियो।"-एलेन जि ह्वाइट, सेलेक्टेड मेशेजेज्, बुक ३, पृ. १२९।

के तपाईंले आफुलाई इसाई हुँ भनेर दावि गर्नुहुन्छ? यदि गर्नुहुन्छ भने येशूले भोग्नु भएको तिरस्कार, वहिस्कार र बेइज्जत तपाईंको जीवनमा आउँदा के उहाँको उदाहरणलाई हेरेर आफुलाई सम्हाल्ने क्षमताको

प्रदर्शन गर्न सक्नु भएको छ? उहाँको अनुकरणीय उदाहरणले तपाईंलाई के देखाउन खोज्दछ? तपाँईको जीवनमा त्यसलाई कसरी समावेश गर्न सक्नुहुन्छ?

## ३. गेतसमनीमा येशूको वेदना

"उहाँले तिनीहरूलाई भन्नभयो, 'मेरो आत्मा मृत्युसम्मै शोकले व्याकुल भएको छ। तिमीहरू यहिँ बसः र जागा रहो।'" मर्कूस १४:३४।

सबै भन्दा चर्को कष्ट क्रुसमा टाँगिनु भन्दा अन्तिम घडिमा जुन येशूले सामना गर्नुभयो, त्यसको सामुन्ने उहाँको ३३ वर्षको दौरानमा भोगेका कष्टहरू केही पनि थिएन। संसारको पापको लागि युगौंदेखि येशूको बलिदानको योजना तर्जुमा भएको थियो (एफिसी १:१-४, २ तिमोथी १:८,९, तितस १:१,२) अव त्यसको कार्यान्वन हुने बेला भएको थियो।

गेतसमनीको बगैंचामा येशूले अग्नीपथ अंगाल्नुभएर वेदना भोग्नु भएका वर्णन मत्ती २६:३९, मर्कुस १४:३३-३६, लुका २२:४१-४४ मा कसरी उल्लेख गरिएका छन् पढ्नुहोस् ?

"येशू आफ्ना चेलाहरूले देख्ने र सुन्न गरि अलिकति पर जानुभयो र जमिनमा घोप्टो पर्नुभयो। पापले गर्दा उहाँ परमेश्वर पिताबाट अलग भएको आभास पाउनुभयो। उहाँहरूको बीचमा यस्तो गहिरो, अन्धकार र महान् खाडल भयो जसले गर्दा उहाँको आत्मा कम्पमान भएको थियो। आफ्नो दैविय शक्तिलाई उपयोग गरेर उहाँ यस पीडाबाट उम्कन सक्नुहुन्थ्यो तर उहाँ यो कदम नचाल्न सजग हुनुभएको थियो। मानव अवतार लिएर आउनु भएकोले मानिसको पापको फल उहाँले भोग्नु पर्दथ्यो। मानिसै भएर पापप्रति परमेश्वरको क्रोध उहाँले खेप्नु अनिवार्य थियो।

अहिले जुन स्थितिमा येशू उभिनु भएको थियो त्यो कहिल्यै पनि भएको थिएन। सारा जीवनकाल भन्दा भिन्नै मनोस्थितिमा उहाँ हुनुहुन्थ्यो। उहाँको वेदनालाई परमेश्वरको प्रवक्ता वा भविष्यवक्ताले स्पष्टरूमा यसरी बर्णन गरेको पाउँछौं, 'ए तरवार मेरो गोठालोको विरूद्धमा उठ, नजिकको मानिसको विरूद्धमा, जो मेरो सङ्गी हो, सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, गोठालालाई हिर्का र भेंडाहरू तितरबितर हुनेछन्....." जकरिया १३:७। जब येशूले ईस्वरिय न्याय पाएर महा संकष्ट भोग्नु भएको थियो, उहाँ हाम्रो सट्टामा यो विस्मयकर परिस्थिति भोग्नु भएको थियो जसले गर्दा उहाँ हाम्रो जमानत हुनुभयो। मानव चोला लिएर उहाँले न्याय फैसला भनेको के रहेछ भनेर देख्नु भयो। अगाडि उहाँ अरूको लागि पैरवि (मध्यस्थता) गर्ने येशू, अव आफ्नै लागि कसैले प्रार्थना गरि दिउनु भन्ने चाहना गर्नु भयो।"-एलेन जि ह्वाईट, द डिजाएर अभ एजेज्, पृ. ६८६।

तपाईं गेतसमनीको बगैचामा पसेर येशूलाई के भइरहेको छ सो ध्यानपूर्वक नियाल्नुहोस्। सारा संसारको पाप उहाँमाथि खन्याइएको थियो। यो अकल्पनिय परमेश्वरको विधिले उहाँलाई कस्तो भइरहेको होला, चिन्तन् गर्नुहोस्। सृष्टि देखि आजसम्म, न त भोली, कुनै मानवले यस्तो भयङ्कर अनुभूतिको सामना गरेको थियो न त गरि नै छ। यसले परमेश्वरको अद्वितिय प्रेमको बारेमा हामीलाई के सन्देश दिन खोजेको छ? येशूको महासंकष्टले तपाईंको जीवनमा कस्तो आशा पहलाउन सक्दछ?

## ४. क्रुसमा टाँगिएको परमेश्वर

रोमीहरूले प्रयोगमा ल्याएको अति क्रुर सजायँहरूमा अपराधीलाई क्रुसमा टाँगिएर मृत्युदण्ड दिनु यातनामय थियो। यसरी मर्नु जस्तो भयानक सजायँ अरू थिएन भने पनि हुन्छ। अपराधीलाई यस्तो सासना दिएर मार्नु बरबर क्रुरताको पराकाष्टा नै थियो, तर परमेश्वरका पुत्र येशूले यस्तो अग्निज्वालामा होमिनु झन

कस्तो थियो होला? हामीले यो कहिल्यै पनि बिर्सनु हुन्न, येशू हाम्रै जस्तो मानव चोला लिएर आउनु भएको थियो। निष्ठुर र निर्दयी सिपाहीँहरूले उहाँलाई गालीगजोज गरेर पिटेको थियो, कोर्रा लगाएको थियो, मानिसहरूलाई चंगाई पार्ने, माया गर्ने हातहरूमा लामू किलाहरू ठोकेको थियो, इस्रायलको भूमीमा अरूलाई स्नेह देखाउँदै पैदल हिँड्नुभएको पाईतालाहरूमा किलाहरू गाडिएको थियो। उहाँको हृदयविदारक शरीरको वजनले त्यस क्रुसमा झुन्डिन्दा उहाँको घायल हातहरू च्यात्तिएर असह्य भएको थियो। उहाँलाई अवस्य पनि शारीरिक यातना पिडादायी भइरहेको थियो। यो यातना महान् अपराधीलाई पनि नाजायज थियो, तर येशू जो सबै कुरामा निर्दोष हुनुहुन्थ्यो, उहाँ माथि यो लादिन्दा कुन जायज न्याय भएको थियो?

यद्यपि, यथार्थमा के भइरहेको छ त्यस्को सामु येशूको शारीरिक पीडा हल्का नै थियो सो हामीलाई थाहा भएको तथ्य हो। उहाँको शारीरिक कष्ट र मृत्यु केवल अनजान र निर्दोष व्यक्तिको मात्र थिएन।

बिचार गर्नुहोस्, जब येशू क्रुसको यातनामा आफुलाई होमिनु भएको थियो त्यसबेला के के भइरहेको थियो प्रायजसो त्यस युगको मानिसहरूले बुझेका थिएनन्। उहाँले भोगीरहनु भएका प्रत्येक अनुभवहरूमा महत्वपूर्ण अर्थहरू गाभिएको थियो। ती अर्थहरू के हुन् जसले गर्दा परमेश्वरको प्रेम पापी मानिसहरूको लागि कसरी उजागर गरिरहेको रहेछ भनेर देखाउँछ? निम्नलिखित पदहरूले उहाँको वेदनामा के भइरहेको थियो भनेर जनाउँछन्ः

मत्ती २७ः४५, मत्ती २७ः५१,५२, मर्कुस १५ः३८

निर्दोष व्यक्तिको अन्यायपूर्वक मृत्युदण्ड खेप्नु मात्र होइन अरू नै केही भइरहेको थियो भनेर उपरोक्त पदहरूले स्पष्ट बताउँछन्। बाइबलको भनाइ अनुसार पाप, हाम्रोप्रति परमेश्वरको क्रोध येशूमा खनिरहेको थियो। जब क्रुसमा येशू टाँगिनु भएको थियो त्यसबेला पापी मानवको अत्याचारी क्रोध खेपिरहनु भएको थिएन बरू धार्मिक परमेश्वरको क्रोध सारा जगत्को पापको बिरूद्धमा प्रदर्शन गरिएको थियो। यसले गर्दा येशूको कष्ट गहिरो, अन्धकार, रहस्यमय र अत्यन्त पीडादायी थियो जुन विश्व इतिहासमा कुनै व्यक्तिले अनुभव गरेको थिएन न त गर्ने नै छ।

जसरी क्रुस बिना येशूको अर्थ छैन, त्यसरी नै तपाईंको जीवनले पनि अनेक संघर्षको सामना गरिरहनुभएको होला। तर तपाईंको निम्ति येशूले क्रुसमा के भोग्नु भएको थियो, त्यसबाट तपाईले के आशा र सान्त्वनाको प्रत्याभूति पाउनु भएको छ?

## ५. मानव जातीको उत्थानको लागि कष्ट सहने परम त्यागी परमेश्वर

संसारमा हुन्जेल दुःख नपाउनु संयोग हो तर दुःख पाउनु यथार्थता हो भनेर हामीले स्विकार गर्नु अनिवार्य नै छ। पतित संसारमा पतित मानिसहरूले भोग्नु पर्ने यथार्थतालाई बाइबलले नकारेको छैन। यस संसारमा बाइबलले स्वर्गको अनुभव, जहाँ कष्ट, पीडा, वेछोड आदि हुन्दैन, हुन्छ भनेर विश्वासीहरूलाई ललकारेको छैन। बरू त्यसको विपरित परमेश्वरमा आस्था र निष्ठा राख्नेहरूले कस्तो अग्नीपथमा होमिनु पर्दो रहेछ भनेर खुलासा गरिएको पाउँछौ। हेर्नुहोस्ः प्रेरित १४ः२२, फिलिप्पियन १ः२९, २ तिमोथी ३ः१२। अरू पदहरू पनि थप्नु हुन्छ की?

यद्यपि हाम्रो दुःख, कष्टमा दुईता कुराहरूको ख्याल राख्नु पर्दछ।

प्रथमतः हामी कुनैले भन्दा महाकष्ट हाम्रो प्रभु येशूले भोग्नु भएको थियो। क्रुसमा येशूले हाम्रो "व्यथाहरू भोग्यो र हाम्रो दुःखहरू बोक्यो" (यशैयाह ५३:४)। हामी दुःख पाउँछौं हाम्रै व्यक्तिगत जीवनको लागि तर येशूले सामुहिकको लागि कष्ट भोग्नु भयो। हाम्रो सबैको मार उहाँमा थियो। पापरहित येशू हाम्रो लागि पाप हुनुभयो (२ कोरन्थी ५:२१)। उहाँले पाउनुभएको पीडाभिनय, हामी पापी मानिसहरूले बुझ्न पनि सक्दैनौं।

दोश्रो जब हामी दुःखमा सहभागी हुनुपर्दा हामीले येशूको दुःखको नतिजा याद गर्नु पर्दछ। हाम्रो लागि जुन कार्य सिद्ध येशूले गर्नु भयो त्यसले गर्दा हामी पनि अग्नीपथमा जान सामर्थता उहाँले दिनुहुन्छ भन्ने प्रतिज्ञाको सहभागी हुने अवसर पाएका हुन्छौं।

युहन्ना १०:२८, रोमी ६:२३, तितस १:२, र १ युहन्ना २:२५ पढ्नुहोस्। यी पदहरूमा हामीलाई के वाचा दिएको छ?

हामीले जुनसुकै दुःख कष्ट झेल्नु परे पनि येशूलाई धन्यबाद दिनु पर्दछ, हाम्रो पापको सजायँ उहाँले बोक्नु भएकोमा उहाँ प्रति कृतज्ञ हुनुपर्दछ। उहाँ मार्फत महान् सुसमाचारको प्रवन्ध पाएकोमा उहाँ हाम्रो धन्यबादको पात्र हुनुभएको छ। विश्वास र आस्थाद्वारा अव हामी येशूमा सिद्धभएर आज नै उभिन सक्दछौं। उहाँद्वारा अनन्त जीवनको प्रतिज्ञा पाएका छौं। येशूले हाम्रो लागि के गर्नु भयो त्यसले गर्दा अजम्मरी जीवनको प्रतिज्ञा हामीले पाएका छौं।उहाँको भरिपूर्ण र समस्त सिद्ध जीवनले गर्दा, उहाँको सिद्ध वलिदानले गर्दा हाम्रो अस्तित्व सार्थक बनेको छ। अनन्त जीवनको प्रतिक्षामा रहेकोले हाम्रा पीडाभिनयहरू, नैराश्यताहरू र क्षतिहरू केवल क्षणिकमात्र सावित हुन्छ। हामी त्यस स्वर्ग र नयाँ पृथ्वीको अपेक्षा गरिरहेका छौं जहाँ पाप, दुःख र मृत्यु हुन्दैनन्। परमेश्वरले हाम्रो लागि यी उपलव्द गराउने प्रतिज्ञा गर्नुभएको छ किनकि येशूले हाम्रो लागि अग्निपरीक्षामा पर्न राजी हुनुभयो जसले गर्दा एकदिन जब उहाँ आउनु हुन्छ, परमेश्वरले "उहाँको प्राणको वेदना देख्नु हुनेछ, उहाँ सन्तुष्ट हुनेछ।" यशैया ५३:११।

## उपसंहारः

अरू जानकारीको लागि पढ्नुहोस्: एलेन जि ह्वाईट, द डिजाएर अभ एजेज्, पृ. ६८५-६९७, ७४१-७५७।

"तिन पटक येशूले अजर विन्ती गर्नुभयो। तिन पटक अन्तिम उत्कृष्ट वलिदानको लागि मानव चोला खुम्चिए। तर अब मानव जातको इतिहास विश्व उद्धारकर्ताको सामु खडा भएको थियो। पीडादायी येशूले परमेश्वरको आज्ञा उलंघन गर्दा कस्तो भयानक पापको परिणाम भोग्नु पर्ने रहेछ भनेर महसुस गर्नु भयो। यदि उहाँले त्यो कष्ट भोग्नु भएन भने मानव जाती सदाको लागि नष्ट हुनेछ भन्ने यथार्थताको बोध उहाँलाई भयो किनभने मानिस आफै पापी भएकाले कुनै मानवले संसारको लागि पापको बोझ बोक्न समर्थ छैन र सक्षम् वा योग्य छैन। येशूले मानिसको निरीहतालाई अवलोकन गर्नुभयो। उहाँले पापको शक्तिलाई पनि बुझ्नु भयो। उहाँको अगाडि संसारको दुःख र विलाप अकासी रहेको थियो। यस संसारको भविष्य कहाँ झुन्दिरहेको रहेछ सो देख्नु भयो र उहाँले नै निर्णायक भूमिका खेल्नु परेको थियो। जुनसुकै मुल्य चुकाएर भए पनि मानव जातलाई पापको दलदल देखि उतारेर उद्धार दिन उहाँ कस्नु भयो। उहाँले रगतको बप्तिस्मा ग्रहण गर्न स्विकार गर्नु भयो जसले गर्दा उहाँको मृत्युले करौडौं मानिसले अनन्त जीवन पाओस्। उहाँले स्वर्गको वैभव त्याग्नु भयो जहाँ आनन्द, पवित्रता, महिमा र प्रतापले भरिएको थियो किनभने सारा जगत्मा यस पृथ्वीमात्रै एक ग्रह थियो जसले पतितको बाटो अपनायो र त्यस पृथ्वीमा हुनसक्छ केवल एक हराएको भनेर महसुस गर्ने भेंडा

होला जसलाई उहाँले प्रदान गर्न उद्धारलाई ग्रहण गर्न चाहन्छ। यस पूण्यकार्यबाट अब उहाँ बीचलित हुन चाहेन। उहाँ यस संसारमा आउनुको उद्देष्य के थियो त्यहि पूरा गर्न उहाँले अठोट गर्नुभयो। स्वईच्छाले पाप गर्न चाहने मानव जात पापबाट मुक्त पार्नको लागि उहाँ होमिन तयार हुनुभयो जसले गर्दा उहाँ हाम्रो सट्टा प्रायश्चित हुनु भयो। तब उहाँले समर्पित भावले प्रार्थना गर्नु हुन्छः "यदि यो कचौरा मैले नपिइ हुन्दैन भने तपाईंकै इच्छा बमोजिम होस्।"-एलेन जि ह्वाईट, द डिजायर अभ एजेज्, पृ. ६९०, ६९३।

चिन्तनमननः

क. परमेश्वर आफै येशूमा, मानव जातीले भोग्नु नपरेको सबभन्दा महान् दुःख उहाँले भोग्नुभयो भन्ने ज्ञानले हामीलाई परिआउने दुःखलाई कुन दृष्टिकोणले हेर्न येशूको अन्तिम घडिको घट्नाहरूले सिकाउन खोजिरहेको पाउँछौं? हाम्रो लागि येशूले महान् दुःख भोग्नु भयो भन्ने ज्ञानलाई हामीले कसरी पचाउन सक्दछौं? यस अदभूत् सत्यताले हामीलाई कस्तो फाप सिद्ध हुन सक्दछ? जब तपाईंले यी प्रश्नका जवाफहरूलाई ध्यान दिनु हुन्छ, एलेन जि ह्वाईटका बाक्यलाई पनि मनमा राख्नुहोस्ः "पापको कारणले गर्दा भएको सारा परिणाम पापरहित परमेश्वरको पुत्रको पीडादायी काखमा थुपरिएको थियो।"-एलेन जि ह्वाईट, सेलेक्टेड मेशेजेज्, बुक ३, पृ. १२९।

ख. विश्वासीहरूको बीचमा यस अध्यायमा उल्लेखित येशूका दुःख संकष्टको बारेमा विचारविमर्स गर्नुहोस्। येशूले कस्ता अग्निपरीक्षामा पर्नुभएको थियो? उहाँले भोगेका कष्ट जस्तै हामीले पनि कसरी भोगीरहेका हुन्छौं? उहाँको कष्ट हाम्रो भन्दा के भिन्न थिए? उहाँले जुन किसिमले ती महासंकष्टलाई सम्हाल्नु भयो त्यसले हामीलाई पनि त्यस्ता चुनौतीहरूको सामना गर्न सामर्थ पाउन परमेश्वरबाट अपेक्षा हामीले गर्न सक्दछौं?

ग. बाइबलमा परमेश्वरले उच्चारण गर्नु भएको धेरै बाचा र प्रतिज्ञाहरू छन्। तपाईंको दुःख र संकष्टमा ती बाचाहरूमा टाँसीरहन कुन् मनपर्ने पदहरू छन्? तिनीहरूलाई लेख्नुहोस् र आफ्नो लागि दावि गर्नुहोस्। विश्वासीजनहरूसँग यी बाँड्नुहोस्।

घ. यस पुस्तक अध्ययन गरेको आधारमा तपाईंले छोटकरीमा यस्तो सारांस लेख्नुहोस् जसले यस अध्ययनमा उल्लेखित विशिष्ट कुराहरूले तपाईंलाई प्रभाव पारेको छ। के प्रश्नहरूका जवाफ तपाईंले पाउनु भएको छ? अझ के जानकारीको अपेक्षा तपाईंले गरिरहनु भएको छ अर्थात् तपाईंको जिज्ञासा मेट्न बाँकी भइरहेको छ? विश्वासीहरूको बीचमा विचारविमर्स आदि गरे कसरी यस्ता प्रश्नहरू वा अल्लमल्ल पारेका जीवनका घट्नाहरूबाट राहत पाएको महसुस गर्न सकिन्छ?